स्त्रीको सन्तान, भाग १

# धर्महरूको सुरुवात

The Seed of the Woman 1

# The Origin of Religions

The Seed of the Woman 1

# The Origin of Religions (Nepali)

Publisher | Sarah Hae-Ok Cho
Author | Thomas Hwang
Translator | Shyam Shrestha
Editor | Timothy Pun
Editor in Chief | Maria Ryoung-Mi Lee
Design | Gloria Jung-Won Park

Published by AMI Publication
Registration No. 73
187, Dongcheon-dong, Suji-gu, Yongin-si, Gyeonggi-do, Korea
Tel. | +82-31-265-1455, +82-31-266-7451
E-mail | grace.sarah@gmail.com
Home Page | www.amicenter.net

ISBN 979-11-85634-01-2 03230

All rights reserved. No part of this book may be reproduced in any form without written permission from AMI Publication.

Copyright © 2014 by Thomas Hwang

First Edition: 2,000 copies (August 2014, Korea)
Second Edition: 5,000 copies ( October 2014, Nepal)
Third Edition: 5,000 copies (November 2014, Nepal)
Fourth Edition: 5,000 copies (March 2015, Nepal)

Price: NRs 300.00



लेखक

# थोमस ह्वाङ

डा. थोमस ह्वाङ एन्टिओक मिसनस् इन्टरनेशनल (AMI, Antioch Missions International) को संस्थापक अध्यक्ष हुनुहुन्छ। यो संस्था अन्तर्राष्ट्रियरूपमा विश्वको १०/४० झ्यालअन्तर्गत सुसमाचार सुन्न नपाएका मानिसहरू बसोबास गर्ने राष्ट्रहरूमा प्रचार गर्ने कामप्रति समर्पित छ। हाल ए.एम.आइ. कलेज एण्ड सेमिनारीमा (AMI College & Seminary) आवद्ध भएर एसिया र अफ्रिका महादेशका २५ देशहरूका विभिन्न मण्डलीहरूबाट करिब ६,००० पास्टर तथा अगुवाहरूले उहाँबाट बाइबलीय ईश्वरशास्त्रीय तालिम लिइरहेका छन् । अहिलेसम्म डा. थोमस ह्वाङले १५ वटा पुस्तकहरू लेखिसक्नुभयो र ती नेपाली (Nepali), बर्मेली (Burmese), मङ्ग (Hmong), क्याचिन (Kachin), शान (Shan), लिसु (Lisu), अङ्ग्रेजी (English), रुसी (Russian), कम्बोडियाली (Combodian), इण्डोनेसियाली (Indonesian), हिन्दी (Hindi), बङ्गाली (Bengali), लाओसी (Lao), भेतनामी (Vietnamese), चिनिया (Chinese), स्पानिस (Spanish) र जापानी (Japanese) भाषाहरूमा अनुभाद भइसकेका

छन् । मण्डलीका अगुवाहरूलाई ईश्वरशास्त्रीय शिक्षामा सुसज्जित पार्ने अभिप्रायले ६,००,००० भन्दा बढी पुस्तकहरू वितरण भइसकेका छन् । थोमस ह्वाङले कोरियाको सोल नेशनल युनिभर्सिटीबाट (Seoul National University) स्नातक (B.S.) गर्नुभयो। उच्च शिक्षा हासिल गर्न उहाँ इ.सं.१९६८ मा संयुक्त राज्य अमेरिका पुग्नुभयो । त्यहाँ गएर उहाँले मिचिगन स्टेट युनिभर्सिटीमा (Michigan State University) अध्ययन गर्नुभयो। पिटर्सबर्ग स्टेट युनिभर्सिटीबाट (Pittsburg State University) बि.बि.ए. (B.B.A., Bachelor in Business Administration) र एम.बि.ए. (M.B.A., Master in Business Administration) सकाउनुभयो। अमेरिका र क्यानडामा बस्दा व्यापारिक पेशामा सफल हुनुभएपछि उहाँले आफूलाई प्रभुको सेवामा समिर्पित गर्नुभयो । प्रभुको सेवकाइ गर्नुभन्दा पहिले उहाँले क्यानडाको टोरोण्टो सहरको टेण्डल युनिभर्सिटी कलेज एण्ड सेमिनारीबाट (Tyndale University College & Seminary) एम.डिभ. (M.Div., Master in Divinity) अनि संयुक्त राज्य अमेरिकाको सिकागो, डियरफिल्ड, इलिनोइसमा अवस्थित ट्रिनिटी इभाञ्जेलिकल डिभिनिटी स्कुल (TEDS, Trinity Evangelical Divinity School) बाट विद्यावारिधि (Ph.D.) हासिल गर्नुभयो ।

ईश्वरशास्त्रीय अध्ययनमा विद्यावारिधि प्राप्त गरेपछि उहाँले इभाञ्जेलिकल फेलोसिप अफ क्यानडा (EFC, Evangelical Fellowship of Canada) भन्ने संस्थामा परिषद् सदस्य भई सेवा गर्नुभयो साथै टेण्डल युनिभर्सिटी कलेज एण्ड सेमिनारीको (Tyndale University College & Seminary) संचालन समितिको सदस्य भई प्राध्यापन पनि गर्नुभयो । जब उहाँ संयुक्त राज्य अमेरिकाको न्यूयोर्क सहरको एलाइन्स थियोलोजिकल सेमिनारीमा (Alliance Theological Seminary) प्राध्यापकको रूपमा सेवा गर्दैहुनुहुन्थ्यो, तब ग्लोबल कन्सल्टेसन अफ वर्ल्ड इभाञ्जेलाइजेसन-९५ (GCOWE'95, Global Consulation

of World Evangelization'95) को कार्यकारी व्यवस्थापन समितिमा कार्यकारी अधिकृतको पदमा छानिनुभयो र उहाँलाई दक्षिण कोरियामा आयोजना हुन गइरहेको विश्वव्यापी सुसमाचार अभियानसम्बन्धी सम्मेलनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरियो ।

त्यसपछि उहाँ आफैले स्थापना गर्नुभएको ए.एम.आइ. (AMI) भन्ने संस्थाद्वारा प्रभुको सेवकाइ गर्न दक्षिण कोरियामा अवस्थित केन्द्रीय कार्यालयमा जानुभयो । कोरियामा उहाँले ए.एम.आइ. स्याटेलाइट ब्रोडकास्टिङ्ग इङ्ग (AMI Satellite Broadcasting Inc.) भन्ने सञ्चार केन्द्र स्थापना गरी एसिया र अफ्रिकामा सुसमाचार सुन्न नपाएका मानिसहरूका बीचमा रेडियोद्वारा प्रचार गर्ने सेवकाइ सुरु गर्नुभयो । हाल उहाँ ए.एम.आइ. मण्डलीको (AMI Church) वरिष्ठ पास्टरको रूपमा रही आफूलाई प्रभुको सेवामा समर्पित गरी सेवकाइ गर्दैहुनुहुन्छ। त्यसको साथै विभिन्न राष्ट्रहरूमा गई त्यहाँका मण्डलीका अगुवाहरूका निम्ति अगुवापन गोष्ठी, पुस्तक प्रकाशन र सञ्चारको अन्य माध्यमरूहद्वारा परमेश्वरको राज्य विस्तार गर्ने काम पनि गरिरहनुभएको छ ।

# विषय सूची


**मन्तव्य** १०

**प्रस्तावना** १२


## अध्याय एक : बेबिलोनी धर्मको सुरुवात


१. **परिचय** २०

२. **शैतानको पहिचान** २५

क. लुसिफरको पतन २६

ख. लुसिफरको नयाँ नाउँ २७

ग. पतन भएको लुसिफरद्वारा परीक्षा ३१

घ. किन परमेश्वरले शैतानलाई खराबी गर्न अनुमति दिनुभएको छ ? ३४

ङ. किन परमेश्वरले लुसिफरलाई बचाउनु भएन ? ४०

३. **धर्महरूको निर्माण** ४२

क. पहिलो मानवको उद्‌गमस्थल ४२

ख. निम्रोदको उदय ४५

४. **बेबिलोनी धर्म** ५३

क. बेबिलोनी धर्ममा भएका तीन देवताहरू ५३

ख. सेमिरामिस र अर्धचन्द्रको आराधना ५६

ग. देवीको आराधना र यसको विस्तार ५९

घ. तारा-देवताको आराधना ६४

५. **प्राचीन सर्प, अजिङ्गर र शैतान** ६८

क. सांसारिक धर्महरूमा सर्पहरू र अजिङ्गरहरूको अस्तित्व ६८

ख. बाइबल अनि सर्प ७३

६. **निष्कर्ष** ७९

# अध्याय दुई : बेबिलोनी धर्मको विस्तार


१. **परिचय** ८४

२. **ग्रीक साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव** ८७

क. बेबिलोनी धर्मको देवताहरूका स्थानीयकरण ८८

ख. ग्रीस सहरको ओलम्पिक खेल ९२

ग. देवी आराधनाको केन्द्र, एथेन्स ९६

घ. बाइबलमा ग्रीसको स्थान ९७

३. **रोमी साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव** १०२

क. सुरुको इसाई धर्मको स्थानीयकरण र मरियमको मूर्तिपूजा १०४

ख. किन सुरुको इसाई धर्मलाई स्थानीयकरण गरियो ? १०८

ग. रोमन क्याथोलिक मण्डलीमा सूर्य, चन्द्रमा र ताराहरूको स्थान ११२

घ. मध्यकालीन इसाई युगमा सर्प र अजिङ्गरको आराधना ११६

**४. मध्यपूर्वमा बेबिलोनी धर्मको प्रभाव** १२७
क. चन्द्रमा र ताराको आराधना १२७
ख. इस्लाम धर्मको उदय १३२
ग. कालो पत्थरको आराधना १३६
घ. इस्लाम धर्मको विस्तार १४१
**५. एसियामा बेबिलोनी धर्मको प्रभाव** १४६
क. हिन्दु धर्मको पृष्ठभूमि १४७
ख. हिन्दु धर्ममा सर्प र देवीहरूको आराधना १५०
ग. हिन्दु धर्मको विस्तार १५७
घ. बौद्ध धर्मको पृष्ठभूमि १६२
ङ. बौद्ध धर्ममा देवीको आराधना गर्ने अवधारणा १७०
**६. निष्कर्ष** १७५

## अध्याय तीन : आधुनिकता र शैतानी धर्म

**१. परिचय** १८०
**२. नयाँ युग अभियान** १८४
क. नयाँ युगको शैक्षिक अभियान १८६
ख. नयाँ युगको आध्यात्मिक पक्षहरू : ध्यान, योग र नृत्य १९०

**३. बहुधर्मवादको सिद्धान्त** १९९
क. बहुधर्मवादको ऐतिहासिक पृष्ठभूमि २०१
ख. बहुधर्मवादको सिद्धान्त र अवधारणाहरू २०३
ग. बहुधर्मवादको विस्तार २०७
घ. सुसमाचारवादी सम्प्रदायहरूको प्रतिक्रिया : सुसमाचारवादी विश्व सङ्गठन २२२
**४. बेबिलोनी धर्मको उत्थान र पतन** २२६
क. आदमको पतनदेखि बहुधर्मवादसम्म २२८
ख. महा वेश्याको पतन र महान् बेबिलोन २३३
**५. निष्कर्ष** २४३
**उपसंहार** २४६
**सन्धर्भ सामाग्रीहरू** २५०
**अनुक्रमणिका** २५९

# मन्तव्य

डा. थोमस ह्वाङले लेख्नुभएको 'धर्महरूको सुरुवात' भन्ने पुस्तक मैले चार पटक पढिसकेँ र यसबाट मैले ठूलो आशिष् पाएको छु । यो पुस्तक अति प्रभावकारी भएको हुनाले हरेक इसाईले यसलाई जीवनमा एकपटक पढ्नैपर्छ भनी ठान्दछु। म यस पुस्तकलाई प्रेम गर्छु र लेखकलाई धन्यवाद दिन्छु। विभिन्न सांसारिक धर्महरूको अभ्यासमार्फत शैतानले मानिसलाई डर-त्रासमा राखेको छ। यो पुस्तकले शैतानको उक्त छललाई छर्लङ्ग पारिदिने भएकोले गर्दा आत्मिक आँखा खोल्न र साँचो परमेश्वरलाई चिन्न यसले विशेष सहायता गर्छ । कृपया यो पुस्तक आफू पढेर अरूलाई पनि पढ्न दिनुहोस् ।

Dr. Yousuf Tamang
Logos River Church
Pokhara

'धर्महरूको सुरुवात' भन्ने पुस्तक पढ्न पाएकोमा परमेश्वरसाथै यस पुस्तकको लेखक डा. थोमस ह्वाङलाई धन्यवाद छ । एकदमै गहिरो अध्ययनपछि उहाँले यो पुस्तक लेखेको हुनुपर्छ किनभने मैले यसभित्र ईश्वरशास्त्रको गहन रहस्यहरू भेट्टाएँ । यस पुस्तकले मण्डलीका पास्टर-अगुवाहरू, सेवक-सेविकाहरू अनि बाइबल कलेजका शिक्षक-विद्यार्थीहरूलाई सांसारिक धर्महरूबारे जानकारी प्रदान गर्दछ । डा. थोमस ह्वाङ र उहाँका सहकर्मीहरूलाई परमेश्वरले प्रशस्त आशिष् दिनुभएको होस् भनी म परमेश्वरसँग प्रार्थना गर्दछु । आमिन ।

Rev. Dr. Raju Chhetry
Senior Pastor & Professor
Mizpah Church, Lalitpur

डा. थोमस ह्वाङद्वारा लिखित 'धर्महरूको सुरुवात' इसाई जगतमा सर्वाधिक मन पराइएको पृथक पुस्तक हो । तेत्तीस कोटी देवी-देवता र विभिन्न धर्महरूले प्रभाव पारेको नेपाली समुदायमा यो पुस्तक अति प्रभावकारी साबित भएको छ । यो पुस्तक मेरो शिक्षण कार्यको निम्ति पनि सहयोगी बनेको छ । सकेसम्म बढी मानिहरूको हातमा पुऱ्याउने उद्देश्यले यो पुस्तक पुनः छपाइ हुन लागेकोमा लेखक र उहाँका सहयोगीहरूलाई म कृतज्ञसाथ धन्यवाद र बधाइ दिन चाहन्छु ।

विभिन्न मण्डली, सम्प्रदाय र संस्थाहरूको विशेष तालिम तथा सेमिनारहरूमा मैले यस पुस्तकलाई वितरण गर्ने मौका पाएँ । त्यसै क्रममा भारत र भुटानका केही पास्टर तथा अगुवाहरूको हातमा पनि यो पुस्तक पुग्यो । एक जनाले यसो भन्नुभयो, "यो त पढ्नैपर्ने पुस्तक रहेछ । के म पनि यो लिन सक्छु ?"

'धर्महरूको सुरुवात' भन्ने पुस्तकबाट बाइबल स्कुल तथा तालिम केन्द्रहरूमा सिकाउन उचित छ भनी म ठान्दछु । डा. ह्वाङले लामो समयको गहिरो अध्ययन र अनुसन्धानबाट यसलाई तयार पार्नुभएको छ । सांसारिक धर्महरूको निर्माण, विभिन्न क्षेत्रहरूमा त्यसको विस्तार र प्रभाव अनि आधुनिक धर्महरू कसरी सुरुवात भए भन्नेजस्ता कुराहरूलाई यस पुस्तकमा सचित्र व्याख्या गरिएको छ । जीवित परमेश्वरलाई राम्रोसँग जान्न र उहाँप्रतिको हाम्रो विश्वासलाई अझ सशक्त र सुदृढ पार्न यसले अवश्य मद्दत पुऱ्याउनेछ । संसारभरि छरिएर रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई यस पुस्तकले आत्मिकरूपमा जागृत गराउने छ र धेरैले यसबाट आशिष् पाउनुहुनेछ भनी म विश्वास गर्दछु । प्रभुले सबैलाई आशिष् दिऊन् ।

Pastor, Dhan Bahadur Thapa (Amen)
(President of Executive Council)
Evangelical Friends Chruch Nepal

# प्रस्तावना

विगतका बीस वर्षभन्दा लामो समयदेखि मैले मुक्तिको लागि सुसमाचारमा केन्द्रित ईश्वरशास्त्रीय शिक्षा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा सिकाउँदै आएको छु। मैले दिएका शिक्षाहरू समेटिएका पाण्डुलिपिहरू गन्ने हो भने हजारौँ पृष्ठहरू भइसके। ती सबैले मुख्यरूपमा उत्पत्ति ३:१५ मा उल्लिखित 'स्त्रीको सन्तान' भन्ने पदावलीमा आधारित भई बाइबलीय मुक्तिको सिद्धान्तलाई ऐतिहासिक ईश्वरशास्त्र, व्यवस्थित ईश्वरशास्त्र र सुसमाचार प्रचार अभियानको दृष्टिकोणबाट व्याख्या गर्छ।

'स्त्रीको सन्तान' भन्ने पदावली उत्पत्ति ३:१५ बाट लिइएको हो र यसले येशू ख्रीष्टलाई बुझाउँछ। उत्पत्ति ३:१५ मा मुक्तिको महान् योजना उल्लिखित छ र त्यहाँ येशू यस संसारमा मुक्तिदाता अनि प्रभु भएर आउनुहुनेछ र शैतानमाथि विजयी हुनुहुनेछ भनी पक्का भविष्यवाणी गरिएको छ। पुरानो करारको सुरुका अध्यायहरूले येशूको आगमनको बारेमा बताउँछ। वास्तवमा भन्ने हो भने पुरानो करार र नयाँ करार अर्थात् सम्पूर्ण बाइबललाई केलाउने हो भने मुक्तिको महान् योजना पूरा गर्नुहुने येशू ख्रीष्टको बारेमा धेरैपटक चर्चा गरिएको देख्न सकिन्छ।

भर्खरै प्रकाशित भएको ‘धर्महरूको सुरुवात’ भन्ने यस पुस्तकमा केही विशेष तथा आधारभूत विषयहरूलाई समेटिएका छन्, जसलाई बाइबलीय मुक्तिको सिद्धान्त (Biblical Soteriology) अध्ययन गर्नुभन्दा पहिले नै बुझ्नु आवश्यक छ। पौराणिक कालको बेबिलोनी धर्मद्वारा शैतानलाई आराधना गर्ने प्रचलन कसरी सुरु भयो अनि त्यो विकास हुँदै अहिले बहुधर्मवादको सिद्धान्तको जन्म कसरी भयो भन्ने बारेमा यस पुस्तकमा सबिस्तार व्याख्या गरिएको छ। संसारमा इसाई विश्वासको साथमा अन्य धर्महरूको सह-अस्तित्व किन कायम रहेको छ र किन तिनीहरू एक-आपसमा प्रतिस्पर्द्धा गर्छन् ? के यो कुरा बाइबलीयरूपमा पहिले नै पूर्वनिर्धारण गरिएको तथ्य हो ? यदि विभिन्न धर्महरूको उदय हुने कुरा परमेश्वरले पूर्वनिर्धारण गर्नुभएको थियो भने ती धर्महरू कसरी सुरुवात भए र कसरी विकास हुँदैगए त ? यस्ता रोचक प्रश्नहरूबारे यस पुस्तकमा राम्रोसँग चर्चा गरिएको छ।

बहुधर्मवादको माध्यमद्वारा अहिले संसारको सबै धर्महरूलाई एकतामा ल्याउने प्रयास भइरहेको छ। यसको अर्थ मानिसको उद्धारको निम्ति विभिन्न मार्गहरू उपलब्ध छन् भन्ने हो। विभिन्न तर्क-वितर्कहरूद्वारा यस सिद्धान्तलाई सत्य सावित गराउने प्रयासहरू हुँदैछन्। यो सिद्धान्तले संसारका सबै धर्महरू समान हुन र हामीले सबै धर्महरूलाई सम्मान गर्नुपर्छ भनी बताउँछ।

बाहिरबाट हेर्दा बहुधर्मवादको सिद्धान्त मानवतावादी, नैतिकतावादी तथा धार्मिक दृष्टिकोणमा उचित र असल देखिन्छ किनभने संसारमा भएका विभिन्न धर्महरूको सहअस्तित्वलाई यसले स्वीकार गर्छ र तिनीहरूको बीचमा सुमधुर सम्बन्ध बनाउने कोसिस पनि गर्छ। यद्यपि प्रत्येक धर्मको आफ्नै मौलिक मूल्य-मान्यता र

चरित्रहरू हुने भए तापनि सबै धर्महरूले समानरूपमा रहन पाउनु पर्छ भनी यसले दाबी गर्छ। विभिन्न धर्मका मानिसहरू भेला भई एक-आपसमा अन्तरक्रिया र छलफल गरी संसारमा शान्ति स्थापना गर्नुपर्छ र मानवजगतको स्वतन्त्रता, सभ्यता, सामाजिक स्थिरता, विकास र समृद्धि हुने काम गर्दै जानुपर्छ भनी तिनीहरू मीठो कुरा गर्ने गर्छन् ।

इसाई विश्वासले मात्र मानिसलाई उद्धारको बाटोमा डोऱ्याउँछ भन्ने सत्य-तथ्यलाई बहुधर्मवादीहरूले तिरस्कार गर्छन् । तिनीहरूको विचारमा इसाई मत भनेको संसारको ठूला धर्महरूमध्ये एक हो । मानिवजातिलाई मुक्ति दिने ख्रीष्टलाई इसाई धर्मको येशूमा मात्र सीमित पारिनु हुँदैन बरु अरू धर्महरूका संस्थापक र देवी-देवताहरूलाई पनि ख्रीष्टको दर्जामा राख्नुपर्छ भनी तिनीहरू तर्क गर्ने गर्छन् (मत्ती २४:२३) । त्योभन्दा अझ खराब कुरा के हो भने परमेश्वरले दिनुहुने मुक्तिको प्रकाश इसाई धर्ममा मात्र सीमित छैन तर अरू धर्महरूमा पनि त्यो उपलब्ध छ भनी तिनीहरू दाबी गर्छन् । इसाई विश्वासले मात्र मानिसलाई मुक्तिको मार्गमा लैजाने कुरा सत्य होइन किनभने त्यसको विकल्पको रूपमा संसारमा अरू धर्महरू पनि उपलब्ध छन् भन्ने गलत कुरा तिनीहरू घोषणा गर्छन् ।

बहुधर्मवादको अभियान भनेको संसारमा शान्ति स्थापत गर्ने र मानवजातिको निम्ति क्षणिक आशा दिलाउने हो । जब सबै धर्महरू एउटै हुनेछन्, तब विभिन्न धर्महरूका बीचमा विद्यमान तनाव, द्वन्द्व, विरोध र लडाइँ हुनेछैन भन्ने गलत विचारले तिनीहरूलाई धोका दिएको छ । यस किसिमको झूटो आशामाथि भर परेको हुनाले सांसारिक मानिसहरू धर्महरूको एकता, सरकारहरूको एकता र आर्थिक एकता गर्ने काममा अघि बढिरहेका छन् । तिनीहरूले यी सबै कुराहरू मानवीय तर्क-वितर्कद्वारा व्यवहारिक र शान्तिपूर्णरूपमा सम्बोधन गर्ने कोसिस गरिरहेका छन् ।

इसाई जगतमा हेर्ने हो भने उदारवादी समूहहरू मात्र होइन तर केही आफूलाई सुसमाचारवादी भन्न रुचाउनेहरू पनि अबाइबलीय किसिमको यस अभियानमा सक्रियरूपमा सहभागी भएका छन् । तिनीहरू विश्वशान्ति अभियान, इसाई सम्प्रदायहरूका विश्वव्यापी एकता अभियान, संयुक्त राष्ट्र संघको क्रियापलापहरू, गैरसरकारी संस्थाहरूका क्रियाकलापहरूलाई सहायता र समर्थन गर्ने काममा कडा परिश्रम गरिरहेका छन् । विभिन्न राष्ट्रहरू, जातिहरू र धर्महरूको बीचमा विद्यमान पर्खाल तथा वाधा अवरोधहरूलाई हटाएर सारा मानवजगतलाई एकताको सुत्रमा बाँध्न सकियो भने यो संसारलाई साँच्चै स्वर्ग बनाउन सकिन्छ र यहाँ एकले अर्कोलाई प्रेम र आदर गर्दै शान्तिपूर्ण जीवन जिउन सकिन्छ भन्ने कुराहरूमा तिनीहरू विश्वास गर्छन् । यस कुरालाई विचार गर्ने हो भने बहुधर्मवादीहरूको भनाइअनुसार सबै धर्महरूले उही र एउटै परमेश्वरको सेवा गर्छ तर तिनीहरूका तरिकाचाहिँ फरक-फरक हुनसक्छ । वर्तमान समयमा यस गलत सिद्धान्तको माध्यमद्वारा संसारका सबै मानिसहरू बचाइनेछन् भन्ने अवधारणा विस्तारै प्रख्यात हुँदैछ ।

दोस्रो आगमनभन्दा अघि मानवजगतमा बहुधर्मवादको उदय हुनेछ भनी स्वयम् येशूले भविष्यवाणी गरिसक्नु भएकोले गर्दा यस्ता कुराहरूमा हामी अचम्मित हुन आवश्यक छैन (मत्ती २४:४-५, २३-२८; प्रकाश ६:१-२) । दुःखलाग्दो कुरा के हो भने यसप्रकारको अभियानद्वारा धेरै इसाईहरूले धोका पाउनेछन् र त्यसको विरोध गर्ने सानो समूहका इसाईहरूलाई तिनीहरूले सतावट दिनेछन् (मत्ती २४:९-१०) । तर त्यसैबेला सुसमाचार नपुगेका ठाउँहरूमा प्रचारको काम हुनेछ भन्ने बाइबलको भविष्यवाणी पूरा हुनेछ । “अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ” (मत्ती २४:१४) । यही भविष्यवाणीअनुसार सुसमाचार नपुगेका राष्ट्रहरूमा प्रचार गर्ने काम अहिले तीव्र रूपमा अघि बढिरहेको छ ।

स्वयम् प्रभु येशू ख्रीष्टले नै भविष्यवाणी गर्नुभएकोले गर्दा यो अवश्य पूरा हुनेछ। पुरानो समयमा बेबिलोनी धर्मको सुरुवातपछि अन्य सांसारिक धर्महरूको उदय हुन आवश्यक र अनिवार्य नै थियो र त्यसको परिणामस्वरूप अन्तमा अहिले यो बहुधर्मवादको जन्म भएको छ। यस पुस्तकमा बेबिलोनी धर्मबाट उत्पन्न भएका अरू धर्महरूको आत्मिक स्वरूप र चरित्रहरूलाई प्रकट गरिएको छ। सुसमाचार नपुगेका ठाउँहरूमा प्रचार गर्न परिश्रम गर्ने समर्पित इसाईहरूलाई यसले ती स्थानहरूको धार्मिक र ऐतिहासिक पृष्ठभूमिबारे महत्वपूर्ण जानकारी प्रदान गर्नेछ ताकि आत्मिक कटनीको काममा यसले ठूलो सहायता मिल्नेछ।

सबै पाठकहरूले मन पराएर लेखकको प्रशंसा गर्नेछन् भन्ने हेतुले यो पुस्तक लेखिएको होइन। जब मानिसहरूले यसलाई पढ्नेछन्, तब अरू धर्ममा आस्था राख्नेहरूको त कुरै छोडौं बरु धेरै इसाई पाठकहरूले पनि यस पुस्तकको विरोधमा घृणा, सङ्का र आलोचना व्यक्त गर्नेछन्। सुसमाचारवादी समूहमा छौं भन्ने इसाईहरू, पास्टरहरू र ईश्वरशास्त्रीहरूले समेत यस पुस्तकमा भएका विषय-वस्तुहरू पढ्दैजाँदा अप्ठचारो र असजिलो महसुस गर्नेछन्।

जे-जस्तो भए तापनि सम्पूर्ण मानवजगत मुक्तिको महान् योजनाप्रति केन्द्रित छ र परमेश्वरको इच्छा पूरा हुने काम कसैले रोक्न सक्दैन। उत्पत्ति ३:१५ मा स्त्रीको सन्तान भनी कहलाइनुभएको येशू र शैतानको सन्तानको बीचमा युद्ध हुनेछ भनी बाइबलले स्पष्टसँग भविष्यवाणी गरेको छ। यही भविष्यवाणी पूरा हँदै जाने क्रममा शैतानले विभिन्न सांसारिक धर्महरू उत्पन्न गरी येशूमाथि आक्रमण गर्ने प्रयास गर्दैछ। यसलाई अझ स्पष्टसँग भन्ने हो भने दुष्टले इसाई समुदायभित्र नै बहुधर्मवादको शक्ति उत्पन्न गरी मानिसजातिको एक मात्र मुक्तिदाता प्रभु येशू हुनुहुन्छ भन्ने सत्य तथ्यमाथि भ्रम, अन्यौलता र द्विविधा उत्पन्न गर्दैछ। त्यसले इसाईहरूका विश्वासलाई कमजोर पार्ने कोसिस गर्दैछ।

'धर्महरूको सुरुवात' भन्ने यस पुस्तकद्वारा इसाईहरूको परमेश्वरको परिचय, सृष्टिको उद्देश्य, सृष्टि अनि त्यसको पतन, मुक्तिको लागि परमेश्वरको महान् योजना र अन्तिम समयका चिन्हहरूका बारेमा अब म लामो यात्रा सुरु गर्दैछु। यहाँ अल्फा र ओमेगा हुनुहुने येशूको बारेमा चर्चा गरिनेछ (यशैया ४४:६; प्रकाश १:८, १७; २:८; २१:६; २२:१२)। येशूले इतिहासको सुरुवात गर्नुभयो र अब उहाँले नै त्यसको अन्त्य गर्नुहुने भएकोले गर्दा म यहाँ सम्पूर्ण मानवजातिको इतिहासलाई विस्तृतरूपमा चर्चा गर्नेछु र त्यस क्रममा इसाई इतिहासलाई पनि सङ्क्षिप्तरूपमा समेटने कोसिस गर्नेछु। यस क्रममा व्यवस्थित ईश्वरशास्त्र (Systematic Theology), ऐतिहासिक ईश्वरशास्त्र (Historical Theology), साथै बाइबलीय ईश्वरशास्त्र (Biblical Theology) अनि सुसमाचार प्रचारको सिद्धान्त (Missiology) जस्ता विषयहरूको सही अवधारणाहरूलाई म अति कडा तर सुनिश्चित सुसमाचारीय दृष्टिकोणबाट व्याख्या गर्नेछु।

यस पुस्तकको प्रकाशनमा धेरैले परिश्रम गरेका छन्। तिनीहरूको प्रार्थना र सेवकाइप्रति प्रभु येशूले व्यक्तिगतरूपमा सही र सकारात्मक प्रतिक्रिया जनाउनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु। अन्तिम दिनहरू आउँदै गरेको हुनाले अहिलेको आत्मिक भ्रष्ट समयको मानिसहरूलाई प्रभु येशू मात्र सत्य हुनुहुन्छ भन्ने कुरामा विश्वस्त तुल्याउन यस पुस्तकले नून र ज्योतिको रूपमा सहायता पुर्‍याउनेछ भनी मैले ठानेको छु।

June 2013
Thomas Hwang

**उत्पत्ति ३:१५**

*तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र*
*तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।*

# अध्याय एक
## CHAPTER ONE

# बेबिलोनी धर्मको सुरूवात
## THE BEGINNING OF THE BABYLONIAN RELIGION

परिचय

शैतानको पहिचान

धर्महरूको निर्माण

बेबिलोनी धर्म

प्राचीन सर्प, अजिङ्गर र शैतान

निष्कर्ष

**उत्पत्ति ३:१५**

तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म
दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र
तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।

# १. परिचय
## INTRODUCTION

आदमको पतनपछि यहोवा परमेश्वरले (जो वास्तवमा नयाँ करारमा येशू ख्रीष्ट हुनुहुन्छ), सर्पको स्वरूपमा प्रकट भएको शैतानलाई (उत्पत्ति ३:१) हाम्रो मानवीय समझले बुझ्नै नसकिने किसिमको अचम्मको कुरा भन्नुभयो। आदम र हब्बालाई परीक्षा गर्न आउने शैतानलाई उहाँले यस्तो भविष्यवाणी गर्नुभयो : *"तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्"* (उत्पत्ति ३:१५) । उक्त भविष्यवाणीअनुसार भविष्यमा स्त्रीको सन्तान र शैतानको सन्तानको बीचमा आत्मिक युद्ध हुनुपर्ने भयो।

यो भविष्यवाणी सम्पूर्ण बाइबल धर्मशास्त्रको मेरुदण्ड हो । जसरी शरीरमा भएका हाड, नसा र तन्तुहरू मेरुदण्डसँग जोडिएका हुन्छन्; त्यसैगरी इसाई विश्वासको सिद्धान्त र ईश्वरशास्त्रीय शिक्षाहरू उत्पत्ति ३:१५ मा भएको त्यही भविष्यवाणीसँग जोडिएका छन् र तिनीहरू त्यसैबाट निर्माण र विकास भएका हुन् । त्यसैकारण बाइवलमा उल्लिखित 'स्त्रीको सन्तान' र 'शैतानको सन्तान' भन्ने पदावलीहरूलाई हामीले कसरी व्याख्या गर्छौं भन्ने कुरा धेरै नै महत्वपूर्ण छ । साधारणतया उत्पत्ति ३:१५ लाई तीन फरक दृष्टिकोणहरूद्वारा व्याख्या

गरिन्छ- १) उद्धारको दृष्टिकोण (Salvational Perspective), २) सुसमाचार प्रचारको दृष्टिकोण (Mission Perspective), र ३) धार्मिक तथा ऐतिहासिक दृष्टिकोण (Religious-Historical Perspective) । यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने, प्रत्येक दृष्टिकोणले 'स्त्रीको सन्तान' र 'शैतानको सन्तान'को बारेमा फरक किसिमले व्याख्या गर्छ, जसलाई अब हामी क्रमैसँग हेर्नेछौँ ।

हामी उत्पत्ति ३:१५ लाई उद्धारको दृष्टिकोणले हेर्छौं भने, त्यहाँ उल्लिखित भविष्यवाणीमा मानवजातिको मुक्तिको लागि परमेश्वरको महान् योजना छ भनी थाहा पाउँछौँ, जुन कुरा पतन भएको आदम र उसको सन्तानहरू बचाइनेछन् भनी शैतानलाई प्रकट गरिएको थियो । उक्त योजनाअनुसार येशू ख्रीष्टले स्त्रीको सन्तानको रूपमा मानव चोला लिनुभई (यशैया ७:१४; मत्ती १:१८; गलाती ४:४), शैतानको सन्तानको रूपमा प्रकट भएको यहूदा इस्करियोतसँग आत्मिक युद्ध गर्नुहुनेछ भन्ने बुझ्न सकिन्छ । उत्पत्ति ३:१५ मा उल्लिखित भविष्यवाणी पूरा गर्नको निम्ति नै यहूदा इस्करियोतलाई प्रभु येशूले आफ्नो बाह्र चेलाहरूमध्ये एक तुल्याउनु भयो । यहूदा इस्करियोत दुष्ट हो भन्ने कुरा येशूले चेलाहरूलाई भन्नुभयो र पनि त्यो कुरा तिनीहरूले त्यसबेला बुझ्न सकेनन् (यूहन्ना ६:७०-७१) ।

मुक्तिको महान् योजना पूरा गर्नको निम्ति शैतान यहूदा इस्करियोतको हृदयभित्र पस्यो (यहून्ना १३:२७) । तीस वटा चाँदीका सिक्काको लागि यहूदाले येशूलाई धोका दियो (मत्ती २६:१५) र येशूलाई क्रूसमा टाँगियो । निर्दोष येशूलाई क्रूसमा टाँगेको भयङ्कर दृश्य देखेपछि यहूदाले पछुतो गरेर ती चाँदीका सिक्काहरू मन्दिरमा फाली झुन्डिएर मऱ्यो (मत्ती २७:५) । यहूदा इस्करियोतले त्यस्तो काम गर्नेछ भनेर अगमवक्ता जकरियाले इ.पू.५०० तिर नै भविष्यवाणी गरिसकेका थिए (जकरिया ११:१२-१३) र त्यो जस्ताको तस्तै पूरा भयो (मत्ती २७:९-१०) ।

यहूदा इस्करियोतले धोका दिएपछि येशूलाई हात गोडामा किला ठोकेर क्रूसमा झुण्डचाइयो (मत्ती २७:३५) । उक्त घटनाद्वारा 'शैतानले स्त्रीको सन्तानको कुर्कुच्चो डस्नेछ' भन्ने भविष्यवाणी पूरा भयो । अनि येशू मृत्युमाथि विजयी भई पुनरुत्थान हुनुभएको घटनाले चाहिँ 'स्त्रीको सन्तानले शैतानको शिर (अर्थात् महत्वपूर्ण अङ्ग) कुच्च्याइदिनु हुनेछ' भन्ने भविष्यवाणी पूरा भयो (मत्ती २८:६; १ कोरिन्थी १५:४) ।

उत्पत्ति ३:१५ लाई मिसन अथवा सुसमाचार प्रचार अभियानको दृष्टिकोणबाट पनि व्याख्या गर्ने गरिन्छ । यसअनुसार अर्थ लगाउँदा 'स्त्रीको सन्तान' भनेको यशू अनि उहाँका साक्षीहरू अथवा गवाहीहरू हुन् । 'शैतानको सन्तान' भनेको शैतान र त्यसको सेनाहरू हुन् । शैतानको सेवा गर्ने गैरइसाई व्यक्तिहरूलाई पनि यसले सङ्केत गर्छ । यो व्याख्या पुरानो करारमा भएको अब्राहामको करार (The Abrahamic Covenant) (उत्पत्ति १२:१-३) र नयाँ करारमा उल्लिखित येशूको महान्सँगआज्ञा (The Great Commission of Jesus) सम्बन्धित छ (मत्ती २४:१४; २८:१९-२०; प्रेरित १:८) । आदम पतन भएको २,००० वर्षपछि यहोवा परमेश्वरले अब्राहमसँग करार बाँध्नुभयो । वास्तवमा उक्त करारद्वारा प्रतिज्ञा दिनुहुने स्वयम् येशू ख्रीष्ट नै हुनुहुन्छ ।

उत्पत्ति ३:१५ लाई मिसनको दृष्टिकोणबाट व्याख्या गर्दा पृथ्वीको सबै जातिहरूमा सुसमाचार प्रचार भइसकेपछि (मत्ती २४:१४), स्त्रीको सन्तान अर्थात् येशू र उहाँका साक्षीहरू शैतानमाथि विजयी भई नयाँ स्वर्ग र नयाँ पृथ्वीमा प्रवेश गर्नेछन् (प्रकाश २१:१) । त्यसपछि शैतान, त्यसको सेनाहरू र तिनीहरूको सेवा गर्ने गैरइसाईहरूलाई आगोको भट्टीमा फालिनेछ, जसलाई नरक (Hell, Gehenna) भनिन्छ (मत्ती १०:२८, मर्कूस ९:४३,४८; प्रकाश २०:१०, १४;२१:८) ।

उत्पत्ति ३:१५ लाई धार्मिक तथा ऐतिहासिक दृष्टिकोणबाट पनि व्याख्या गर्ने गरिन्छ । यसअनुसार स्त्रीको सन्तान भनेको ख्रीष्ट येशूको सेवा गर्ने 'इसाई मत वा इसाई धर्म' हो र शैतानको सन्तान भनेको चाहिँ शैतान र त्यसको सेनाहरूको

सेवा गर्ने बेबिलोनी धर्म र त्यसबाट निस्किआएका अरू धर्महरू हुन् । यस पुस्तकमा हामी विशेष गरी यही तेस्रो प्रकारको धार्मिक तथा ऐतिहासिक व्याख्याप्रति केन्द्रित भएर विभिन्न धर्महरूको अध्ययन गर्नेछौं । उत्पत्ति ३:१५ मा उल्लिखित 'शैतानको सन्तान' भन्ने वाक्यांश एकवचनमा उल्लिखित भए तापनि त्यसले शैतान र त्यसको सबै सन्तानहरूलाई प्रतिनिधित्व गर्छ ।

बेबिलोनी धर्म एउटा देखिए तापनि यसबाट निस्किआएका सबै सांसारिक धर्महरूलाई यसले बुझाउँछ; जस्तैः ग्रीक पौराणिक धर्म (Greek Mythology), रोमी पौराणिक धर्म (Roman Mythology), इस्लाम धर्म (Islam), हिन्दु धर्म (Hinduism), बौद्ध धर्म (Buddhism), सिख धर्म (Sikhism), जोरास्त्रो धर्म (Zoroastrianisam), सिन्तो धर्म (Shintoism), कन्फुसियस धर्म (Confucianism), ताओ धर्म (Taoism), प्रकृति पुज्ने धर्म (Animism), प्रेतात्मा पुज्ने धर्म (Shamanism), बहाइ धर्म (Baha'ism) र स्थानीय लोक धर्महरू (Folk Religions) आदि । त्यस्तै गरी वर्तमान समयको नयाँ युग अभियान (New Age Movement) र बहुधर्मवादजस्ता (Religious Pluralism) आधुनिक सिद्धान्तहरू पनि बेबिलीनी धर्मबाट प्रभावित भएका छन् र तिनीहरूमा शैतानले प्रभाव पारेको छ । साधारणरूपमा अइसाई धर्महरूलाई समष्टिगतरूपमा यस्ता नाउँहरू दिन सकिन्छ, जस्तै : महान् बेबिलोन (प्रकाश १४:८; १६:१९; १७:१५; १८:२), महा वेश्या (प्रकाश १७:१), पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा (प्रकाश १७:५) र पशु (प्रकाश १३:१, ११) ।

मानव इतिहासलाई राम्रोसँग केलाएर हेर्ने हो भने उत्पत्ति ३:१५ को भविष्यवाणी पूरा हुँदैआएको छ अनि त्यस क्रममा पहिल्यैदेखि मानिसहरूले यस संसारको देव (२ कोरिन्थी ४:४) अथवा यो संसारको शासकको रूपमा (यूहन्ना १२:३१) शैतानको सेवा गर्दैआएका छन् । शैतान, त्यसको सेनाहरू र तिनीहरूको सेवा गर्नेहरूलाई बलिरहेको गन्धकको भट्टीमा फालिनेछ, जसलाई 'नरक' भनिन्छ । त्यहाँ परेपछि सदाको लागि तिनीहरूले भयङ्कर कष्ट र यातना पाइरहनेछन् ।

उत्पत्ति ३:१५ मा उल्लिखित मुक्तिको महान् योजना पक्कै पूरा हुनेछ किनभने परमेश्वरले योजना बनाउनुहुन्छ, र उहाँले त्यसलाई पूरा गर्नुहुन्छ (अय्यूब ४२:२) । अब हामी कसरी मानिसले शैतानको सन्तानको सेवा गर्न सुरु गऱ्यो अनि सांसारिक धर्महरू कसरी अस्तित्वमा आए भन्ने अवधारणाहरू र त्यसको विकासको प्रक्रियाहरूबारे यस पुस्तकको पहिलो अध्यायमा चर्चा गर्नेछौँ । यसबाट शैतानको सन्तानको सेवा गर्ने अभ्यासबाट प्रारम्भ भएको बेबिलोनी धर्मबाट नै संसारको अरू सबै धर्महरू जन्मिएका हुन् भन्ने कुरा छर्लङ्गसित बुझ्दैजानेछौँ ।

# २. शैतानको पहिचान

## SATAN'S IDENTITY

परमेश्वर सर्वज्ञानी हुनुहुन्छ (प्रेरित २:२३; रोमी ८:२९-३०; गलाती ३:८; १ पत्रुस १:२), त्यसकारण शैतानको अस्तित्व र त्यसले गर्ने सबै क्रियाकलापहरूबारे उहाँलाई पहिले नै थाहा थियो । वास्तवमा भन्ने हो भने त्यसको सबै गतिबिधिहरू पहिले नै निर्धारण गरिसकिएको थियो । लुसिफर र आदम पतन हुनुभन्दा अघि नै ती सबै कुराहरू परमेश्वरले पूर्वनिर्धारण गरिसक्नुभएको थियो । यसलाई अझ स्पष्टसँग भन्ने हो भने आदमको पतनपछि येशू ख्रीष्ट मुक्तिदाताको रूपमा यस संसारमा आउनुभएर आफ्ना जनहरूलाई छुटकारा दिनुहुनेछ भन्ने कुरा परमेश्वरको योजनाअनुरूप पूर्वनिर्धारण भइसकेको थियो (२ तिमोथी १:९; १ पत्रुस १:१९-२०) ।

यस्ता ज्ञानका कुराहरू आत्मिकी क्षेत्रमा पर्ने भएकोले मानिसको समझले बुझ्न सक्दैन । शिक्षित र बुद्धिमान् भए तापनि प्रेरित पावलले यसलाई आफ्नो मानवीय ज्ञानद्वारा बुझ्न सकेनन् । यस्ता कुराहरू 'ख्रीष्टको रहस्य' हुन् भनी परमेश्वरले तिनलाई बताउनुभयो (रोमी १६:२५; १ कोरिन्थी २:७; एफिसी ३:४-९; कलस्सी १:२६-२७) । पवित्र आत्माको अभिषेक (यशैया ६१:१; २ कोरिन्थी १:२१ ; १ यूहन्ना २:२०,२७), उहाँको प्रकाश र शिक्षाद्वारा मात्र यस्तो रहस्य बुझ्न सकिन्छ (यूहन्ना १४:२६) ।

## क. लुसिफरको पतन

**The Fall of Lucifer**

परमेश्वरले स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुहुँदा स्वर्गदूतहरूलाई पनि सृष्टि गर्नुभयो (उत्पत्ति १:१) । स्वर्गदूतहरूमध्ये प्रधान स्वर्गदूतको नाउँ लुसिफर (Lucifer) थियो । लुसिफरको अर्थ चम्किलो अर्थात् प्रकाश दिने हो । सृष्टिकर्ता परमेश्वरले प्रेम गर्नुभएको कारणले गर्दा त्यसलाई बिहानको तारा (Morning Star) भन्ने नाउँ पनि दिइयो (यशैया १४:१२) । सृष्टि गरिएका स्वर्गदूतहरूमध्ये त्यो उच्च स्तरको करूबहरूमध्ये अभिषिक्त प्रधान स्वर्गदूत थियो र त्योसँग महिमा, सुन्दरता, बुद्धि र शक्ति थियो (इजकिएल २८:१२-१४) ।

परमेश्वरबाट सित्तैमा पाएका ती कुराहरूमा आनन्दित हुन पाएकोमा लुसिफर घमण्डले फुल्न थाल्यो (यशैया १४:१३-१४; इजकिएल २८:१५-१९) । सृष्टिको उद्देश्यअनुसार त्यसले परमेश्वरलाई धन्यवाद, प्रशंसा र महिमा दिनुको सट्टामा आफूलाई परमेश्वरको दर्जामा पुऱ्याएर अरूबाट आदर र महिमा प्राप्त गर्न खोज्यो ।

त्यो कुरा परमेश्वरको सृष्टिको उद्दश्यको विपरीत (यशैया ४३:७, २१; रोमी ९:५; कलस्सी १:१६) भएको कारणले गर्दा लुसिफरमाथि परमेश्वरको दण्ड पऱ्यो । परमेश्वरले त्यसलाई तेस्रो स्वर्गबाट निकालेर दोस्रो स्वर्ग (अन्तरिक्ष र आकाश) अनि पहिलो स्वर्ग (पृथ्वीको वायुमण्डल) भएको स्थानमा फालिदिनुभयो (यशैया १४:१२; इजकिएल २८:१६-१७; प्रकाश १२:९) । (स्पष्टसँग बुझ्नको निम्ति स्वर्गहरूको बनावट, तालिका १ हेर्नुहोस् ।) लुसिफरलाई तेस्रो स्वर्गबाट फालिँदा करिब एक तिहाइ अरू स्वर्गदूतहरू पनि त्योसँगै तल झरेका थिए (२ पत्रुस २:४; यहूदा १:६; प्रकाश १२:४) ।

अब यस्तो प्रश्न आउन सक्छ : के सर्वज्ञानी परमेश्वरलाई (प्रेरित २:२३; रोमी ८:२९-३०; गलाती ३:८; १ पत्रुस १:२, २०) लुसिफर पतन हुनेछ भन्ने कुरा सृष्टि

हुनुभन्दा पहिल्यै थाहा थियो त ? हो, पक्कै उहाँलाई यो कुरा थाहा थियो । परमेश्वर सर्वशक्तिमान् पनि हुनुहुन्छ (उत्पत्ति १७:१; यर्मिया ३२:१७, २७; प्रकाश १५:३; १९:६), त्यसो हो भने हाम्रो मनमा फेरि यस्ता प्रश्नहरू आउन सक्छन् ।

किन परमेश्वरले लुसिफरलाई पतन हुनबाट बचाउनु भएन ? अथवा किन परमेश्वरले लुसिफरलाई पतन हुन दिनुभयो ? लुसिफर पतन भएपछि किन परमेश्वरले त्यसलाई बचाउनु भएन ? किन परमेश्वरले त्यसलाई तुरुन्तै नरकमा पठाउनु भएन ?

यदि परमेश्वरले लुसिफरलाई त्यतिबेला नै नरकमा पठाउनु भएको भए पापको अस्तित्व नै बाँकी रहँदैनथ्यो अनि पाप नभएपछि आदमको पतन पनि हुँदैनथ्यो । यदि त्यस्तो अवस्था हुँदो हो त येशू यस संसारमा आएर हाम्रो पापको लागि मर्नु नै पर्दैनथ्यो । ओहो !

## ख. लुसिफरको नयाँ नाउँ

### Lucifer's New Name

लुसिफर भन्ने नाउँको मौलिक अर्थ चम्किलो अथवा प्रकाश दिने हो । त्यो महिमित तथा सुन्दर नाउँ हो (यशैया १४:१२; इजकिएल २८:१२-१४) । लुसिफर पतन भएपछि परमेश्वरले उक्त नाउँ मेटाइदिनु भयो र त्यसलाई 'शैतान' भन्ने नयाँ नाउँ दिनुभयो । शैतान भन्ने नाउँ ग्रीक भाषाको सटानास (Satanas) भन्ने शब्दबाट आएको हो, र यसको अर्थ 'परमेश्वरको विरोध गर्ने' हुन्छ । लुसिफरले आफूलाई माथि उचालेर परमेश्वरको स्तरमा पुऱ्याई उहाँका सृष्टिहरूबाट आराधना, प्रशंसा र महिमा लिने कोसिस गऱ्यो, जुन परमेश्वरको इच्छा विपरीतको विद्रोही काम थियो । त्यसैकारणले गर्दा त्यसलाई शैतान भन्ने नाउँ दिइयो ।




**तालिका १ – स्वर्गहरूको बनावट**

---

### टिप्पणी १ – लुसिफरको नाउँ कहाँबाट आयो ?

यशैया १४:१२ मा 'प्रभातको पुत्र' अथवा 'बिहानको तारा' भनेर लेखिएको छ, जसलाई अहिले हामी शुक्र ग्रह भन्छौं । यसलाई बुझाउन हिब्रू भाषाको 'हेयलेल' ('הֵילֵל') भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ 'प्रकाश भएको अथवा उज्यालो ल्याउने' भन्ने हुन्छ । भुल्गेट (Vulgate) बाइबलमा पहिलोपटक यसलाई लुसिफर (Lucifer) भनेर अनुवाद गरियो । भुल्गेट भनेको हिब्रू पुरानो करारलाई ल्याटिन भाषामा चौथो शताब्दीका जेरोम (Jerome, 260-340 A.D.) भन्ने ईश्वरशास्त्रीद्वारा अनुवादित बाइबल हो । इ.सं.१६११ मा पूरा भएको King James Version बाइबलमा पनि लुसिफर भन्ने शब्द चलाइयो किनभने त्यतिबेला यो नाउँ सामान्य प्रचलनमा आइसकेको थियो ।

सुरुमा लुसिफरलाई शैतानको स्वरूपमा सृष्टि गरिएको थिएन । त्यो उच्च तहको महिमित अनि सुन्दर नाउँ भएको स्वर्गदूत थियो (इजकिएल २८:१२-१४) । पतनपछि त्यो लुसिफर भन्ने राम्रो नाउँबाट बञ्चित भयो । त्यसपछि त्यसलाई शैतान भन्ने नाउँ दिइयो, जसको अर्थ 'परमेश्वरसँग विद्रोह गर्ने' हुन्छ । लुसिफरको पतनको बारेमा यशैया १४:१३-१५ र इजकिएल २८:१५-१९ मा चर्चा गरिएको छ ।

परमेश्वरले शैतानलाई 'दुष्ट' भन्ने नाउँ पनि दिनुभयो जुन ग्रीक भाषाको दियाबलस (Diabolos) भन्ने शब्दबाट आएको हो । यसको अर्थ 'नास गर्ने' (Destroyer) अथवा 'अलग गर्ने' (Separator) हुन्छ । पहिले लुसिफर शैतान भयो र त्यो अझ होचिएर दुष्ट भयो र जस्तो नाम उस्तै काम भनेझैँ त्यसले खराब कामहरू गर्न थाल्यो । त्यसले पहिलो र दोस्रो स्वर्गमा भएका सबै सृष्टिहरूलाई नाश गर्न थाल्यो ।

शैतानले सबै सृष्टिलाई परमेश्वरको सृष्टिको उद्देश्यअनुसार जिउने कुरामा वाधा दिन थाल्यो (यशैया ४३:७,२१; रोमी ९:५; कलस्सी १:१६) । त्यसले परमेश्वर र उहाँका सृष्टिहरूका बीचमा फुट र विभाजन ल्याउने काम गरिरहेको छ । सृष्टिले परमेश्वरलाई गर्नुपर्ने सेवा र आराधना रोक्नको निम्ति शैतानले मानिसलाई बहकाएर विभिन्न धर्महरूका मार्फत मूर्तिहरूका सेवा-आराधना गर्न लगाइरहेछ । यस प्रकारको धूर्त कार्यद्वारा शैतानले त्यसको नाउँअनुसार सृष्टिलाई परमेश्वरबाट अलग गर्ने काम गर्दैछ । यहोवा परमेश्वरले (जो नयाँ करारको येशू हुनुहुन्छ) शैतानको बारेमा भविष्यवाणी गर्नुभएअनुसार त्यही दुष्टको सन्तानले बेबिलोनी धर्मको सुरुवात गर्‍यो ।

यही कारणले गर्दा बाइबल धर्मशास्त्रले पतन भएको त्यो लुसिफरलाई शैतान अथवा दुष्ट भनेर सम्बोधन गर्छ (लूका १०:१८; यहूदा १:६; प्रकाश १२:९; २०:२) । यी दुई नाउँहरूले एउटै व्यक्तिलाई सङ्केत गर्छ, जुन पतन भएको लुसिफर हो । तैपनि धर्मशास्त्र पढ्दैजाँदा त्यहाँको अवस्था र सन्धर्भअनुसार 'दुष्ट' भन्ने नाउँले शैतान अथवा त्यसलाई पछ्याउनेहरूलाई बुझाउन सक्छ ।

यसलाई अझ गहिरोरूपमा हेर्ने हो भने त्यो पतन भएको लुसिफरलाई चिनाउनको निम्ति बाइबलमा अरू केही नाउँहरू उल्लेख भएको पाइन्छ, जस्तैः भूतको मालिक बालजिबुल (मत्ती १२:२४), संसारको शासक (यूहन्ना १२:३१), यो संसारको देव (२ कोरिन्थी ४:४), आकाशको शक्तिको मालिक (एफिसी २:२), अतल कुण्डको दूत (प्रकाश ९:११), एबाड्डोन (प्रकाश ९:११), अपोल्लियोन (प्रकाश ९:११), ठूलो रातो अजिङ्गर

(प्रकाश १२:३), दोष लगाउने (प्रकाश १२:१०), अजिङ्गर र प्राचीन सर्प (प्रकाश १२:९; २०:२), बेबिलोनको राजा (यशैया १४:४); टुरोसको राजा (इजकिएल २८:१२) फारसको राजा (दानिएल १०:१३) र सारा संसारलाई बहकाउने व्यक्ति (प्रकाश १२:९) आदि ।

साँचो परमेश्वरलाई नचिनेर मानिसहरूले तिनीहरूका धर्म मार्फत लुसिफर र त्यसका सेनाहरूलाई विभिन्न देवी-देवताहरूको स्वरूपमा आराधना गरिरहेका हुनाले प्रेरित पावलले २ कोरिन्थी ४:४ मा शैतानलाई 'यस संसारको देव' भनेर सम्बोधन गरेका हुन् । सबैभन्दा पहिलो सांसारिक धर्मको नाउँ बेबिलोनी धर्म हो । यही बेबिलोनी धर्मको देवताहरूबाट नै संसारका अन्य सबै धर्महरूका देवी-देवताहरू निस्किआएका हुन्; जस्तैः ग्रीक पौराणिक धर्मको देवी-देवताहरू, रोमी पौराणिक धर्मका देवी-देवताहरू, हिन्दु धर्मका देवी-देवताहरू, बौद्ध धर्मका बुद्ध, इस्लाम धर्मका अल्लाह, सिख धर्मका देवी-देवताहरू, जोरोस्त्रो धर्मका देवी-देवताहरू, सिन्तो धर्मका देवी-देवताहरू, बहाई धर्मका देवी-देवताहरू, प्रेतात्मा मान्ने धर्मका देवी-देवताहरू र स्थानीय लोक धर्महरूका आत्मिक देवी-देवताहरू आदि । त्यतिमात्र होइन नयाँ युग अभियानका देवी-देवताहरू पनि यसअन्तर्गत पर्दछन् ।

साँच्चै भन्ने हो भने यहाँ उल्लिखित सबै देवी-देवताहरू पतन भएका लुसिफर र त्यसका सेनाहरू नै हुन् । पतन भएको त्यो लुसिफरले विभिन्न सांसारिक धर्महरूको माध्यमद्वारा सारा मानवजगतलाई धोका र छलमा राखेको छ र त्यसले सबैलाई आफ्नो सेवा गर्न लगाउनको निम्ति निरन्तर कोसिस गरिरहेको छ । समयको परिवर्तनसँगै बेबिलोनी धर्मका देवताहरूलाई विभिन्न स्थान, सँस्कृति र जातिअनुसार अरू स्वरूपहरूमा हेरफेर गरियो अनि ती देवी-देवताहरूका नाउँहरू र तिनीहरूलाई गरिने आराधनाको शैली र प्रक्रियामा पनि विस्तारै विविधता आउन थाल्यो ।

प्रत्येक धर्मको छुट्टै पहिचान र स्वतन्त्र अस्तित्व हुने भए तापनि प्रभु येशूको दोस्रो आगमनभन्दा अघि सबै धर्महरूलाई एकतामा ल्याउने अभियान सुरु हुनेछ भनी उहाँले भविष्यवाणी गर्नुभयो (मत्ती २४:४-५, २३-२८; प्रकाश ६:१-२) । प्रेरित यूहन्नालाई यस बारेमा भविष्यवाणी दिँइदा ती धर्महरूको पछि हुने एकिकृत अवस्थाबारे यस्ता नाउँहरू दिइयो : पशु (प्रकाश १३:१, ११), महान् बेबिलोन (प्रकाश १४:८; १८:२), महा वेश्या (प्रकाश १७:१), पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा (प्रकाश १७:५) । विभिन्न धर्महरूलाई एकिकृत गर्ने अभियानलाई इसाईहरूले अगुवाइ गर्नेछन् र यसलाई 'बहुधर्मवाद' (Religious Pluralism) भनिन्छ । यो सिद्धान्त जोन हिक (John Hick, 1922–2012 A.D.) भन्ने उदारवादी ईश्वरशास्त्रीले प्रतिपादन गरेका हुन् । येशूको दोस्रो आगमनभन्दा पहिले नै (प्रकाश १९:११-१६) त्यो 'महान् बेबिलोन'को न्याय गरिनेछ र त्यसलाई क्षणभरमा नाश गरिनेछ भन्ने कुरा प्रभु येशूले यूहन्नालाई दर्शन दिएर लेख्न लगाउनुभयो (प्रकाश १८:१०) ।

## ग. पतन भएको लुसिफरद्वारा परीक्षा

**The Temptation of the Fallen Lucifer**

लुसिफरको पतनपछि (उत्पत्ति १:१-२; यशैया १४:१२-२०; इजकिएल २८:११-१९), परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२७; २:७, २२) । सृष्टिको ती प्रथम पुरुष र महिलासँग अनन्त जीवन थियो । तिनीहरूले अदनको बगैँचामा भएको जीवनको रूखको फल र त्यहाँ उपलब्ध अन्य फलफूलहरू खाने गर्थे । तर असल र खराबको ज्ञान दिने रूखको फल खान तिनीहरूलाई अनुमति दिइएको थिएन । यदि तिनीहरूले त्यो खाए भने निश्चय मर्नुपर्नेछ भनी स्पष्टसँग बताइएको थियो (उत्पत्ति २:१७) ।

अदनको बगैँचामा शैतान पनि थियो (उत्पत्ति ३:१)। पतन भएको लुसिफर अथवा शैतानले आदम र हव्वालाई यसरी परीक्षा गऱ्यो : "यदि तिमीहरूले यो मनाही गरिएको रूखको फल खायौ भने तिमीहरू पक्कै परमेश्‍वरजस्तै हुनेछौ" (उत्पत्ति ३:५)। शैतानको परीक्षामा परेर आदम र हव्वाले असल र खराबको ज्ञान दिने रूखको फल खाए (उत्पत्ति ३:६)।

उक्त घटनालाई गहिरिएर विचार गर्ने हो भने आदमले पनि लुसिफरले गरेको जस्तै गल्ती गरेको कुरा थाहा पाउँछौँ। उसले त्यो मनाही गरिएको रूखको फल खाएर परमेश्‍वरजस्तै हुने चाहना गऱ्यो (उत्पत्ति ३:५-६)। सृष्टिले परमेश्‍वरजस्तै हुने चाहना गर्नु अनि अरूबाट आराधना र महिमा प्राप्त गर्न खोज्नु भनेको सृष्टिको उद्देश्य विपरीत हो (यशैया ४३:७, २१; रोमी ९:५; कलस्सी १:१६)। शैतानको परीक्षामा परेर आदम र हव्वाले सृष्टिको उद्देश्यलाई उलङ्घन गरे, जसको परिणामस्वरूप तिनीहरूले अति ठूलो मूल्य चुकाउनु पऱ्यो।

पतन भएपछि आदम र हव्वालाई अदनको बगैँचाबाट धपाइयो। त्यसपछि तिनीहरू अनन्तको आयामबाट तल झरेर समयको आयाममा सीमित हुन पुगे अर्थात् तिनीहरू अनन्त जीवनबाट बञ्चित भए (उत्पत्ति २:७)। सुरुमा आदम अनन्तसम्म बाँच्ने प्राणी थियो तर पतनपछि ऊ समयको परिधिमा बाँधिन पुग्यो, उसको जीवनमा उमेरको सुरुवात भयो, ऊ बिस्तारै बुढो हुन थाल्यो र अन्तमा ९३० वर्षको उमेरमा आदमको मृत्यु भयो (उत्पत्ति ५:५)। पतन भएर समयको आयामभित्र सीमित हुन पुग्नु भनेको दण्डको चिन्ह हो। समयको आयामभित्र परेपछि आदमले जीवन धान्नको निम्ति निधारबाट पसिना बगाउँदै श्रापित भूमिमा काम गरेर खानेकुरा उब्जाउनुपर्ने अवस्था आयो। त्यसैगरी परमेश्‍वरले स्त्रीको सुत्केरी-बेदना ज्यादै गरी बढाइदिनुभयो। त्यसैकारण सबै मानिसहरू श्रापित भई र अन्तमा माटोमा फर्किजानुपर्ने भयो (उत्पत्ति ३:१६-१९)।

पतन भएपछि परमेश्वरले आदमलाई अदनको बगैँचामा गएर जीवनको रूखको फल खान  दिनुभएन । उहाँले आदमलाई अदनको बगैँचाबाट बाहिर निकालिदिनु भयो । जीवनको रूखको फल खाएर त्यो सधैँको निम्ति जीवित हुन नपाओस् भन्ने हेतुले परमेश्वरले त्यस ठाउँको सुरक्षा गर्न चारैतिर घुमिरहने ज्वालामय तरवारको साथमा पहरा दिन करूबहरूलाई खटाउनुभयो (उत्पत्ति ३:२२-२४) । पतनपछि समयको आयामभित्र परेको आदमलाई तत्कालै बचाउने परमेश्वरको योजना नभएकोले गर्दा उहाँले त्यसलाई अदनको बगैँचामा प्रवेश गरी जीवनको रूखको फल खाने अनुमति दिनुभएन ।

त्यस समयदेखि पतन भएको लुसिफरले विभिन्न धर्महरू निर्माण गरेर मानिसहरूलाई उसको सेवा-आराधना गर्न लगाउनको निम्ति छलपूर्ण क्रियापलापहरूद्वारा निरन्तर धोका दिइरहेको छ । किन लुसिफरले सृष्टिकर्ता परमेश्वरको विरुद्धमा यस्ता विद्रोही काम गरिरहेको छ ? पतन भएपछि लुसिफरलाई तेस्रो स्वर्गबाट तल फालियो (यशैया १४:१२; इजकिएल २८:१६; २ पत्रुस २:४; प्रकाश १२:४), र त्यो परमेश्वरको प्रेमबाट बञ्चित हुन पुग्यो । सुरुमा त्यो सुन्दर, ज्ञान-बुद्धिले भरिपूर्ण र अरूभन्दा उच्च स्तरको सिद्ध स्वर्गदूत थियो (इजकिएल २८:१२-१४) । पतनपछि परमेश्वरले प्रेम गर्नुहुने अरू सृष्टिहरूप्रति त्यो अति नै डाही हुन थाल्यो (डाह शैतानको मुख्य चरित्र हो) । त्यसकारण सारा सृष्टिले परमेश्वरको सट्टामा त्यसको सेवा-आराधना र महिमा गरोस् भन्ने अभिप्रायले सकेसम्म सबैलाई शैतानले धोका दिइरहेछ ।

यदि शैतानलाई अदनको बगैँचामा आउन नदिएको भए यस्तो डरलाग्दो दुर्घटना हुन पाउँदैनथ्यो । त्यहाँ त्यसको अस्तित्व नभएको भए मानवजातिको मुक्तिको लागि परमेश्वरको महान् योजना (उत्पत्ति ३:१५) आवश्यक पर्ने थिएन र येशू यस संसारमा आएर क्रूसमा मर्नु पनि पर्दैनथ्यो । तर परमेश्वरले शैतानलाई अदनको बगैँचामा बस्न दिनुभयो (उत्पत्ति ३:१) र त्यसलाई भयानक पाप गर्न अनुमति

दिनुभयो । यी सबै घटनाहरूलाई परमेश्वरले सृष्टिको काम गर्नुभन्दा अगाडि नै पूर्वनिर्धारण गरिसक्नुभएको थियो (२ तिमोथी १:९; हिब्रू ४:३; १ पत्रुस १:१९-२०) । यस प्रकारको ख्रीष्टको रहस्यलाई मानवीय ज्ञान-बुद्धि र तर्क शक्तिले बुझ्न र व्याख्या गर्न सकिँदैन; केवल परमेश्वरको अनुग्रहबाट मात्र यो सम्भव छ (रोमी १६:२५; १ कोरिन्थी २:७; एफिसी ३:४-९; कलस्सी १:२६-२७) ।

## घ. किन परमेश्वरले शैतानलाई खराबी गर्न अनुमति दिनुभएको छ ?

**Why has God Allowed Satan to Act Evil?**

कसैले यस्तो प्रश्न गर्न सक्छ : परमेश्वर सर्वज्ञानी हुनुहुन्छ भने (प्रेरित २:२३; रोमी ८:२९-३०; गलाती ३:८; १ पत्रुस १:२, २०), किन उहाँले त्यस्तो खराब कुरा पूर्वनिर्धारण गर्नुभयो ? परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भने (उत्पत्ति १७:१; १८:१४; यर्मिया ३२:१७; मत्ती १९:२६; प्रकाश १५:३), के लुसिफरलाई पतन हुनबाट उहाँले सजिलै रोक्न सक्नुहुन्नथ्यो ? पक्कै पनि उहाँ त्यसो गर्न सक्षम हुनुहुन्थ्यो । त्यसो भए किन उहाँले त्यस्तो कुरा हुन दिनुभयो त ?

फेरि कसैले यस्तो प्रश्न गर्न सक्छ : पतन भएको लुसिफरलाई परमेश्वरले किन तुरुन्तै आगोको भट्टीमा फालिदिनु भएन ? यदि पतन हुनेबित्तिकै लुसिफर र त्यसलाई पछ्याउनेहरूलाई आगोको भट्टीमा हालिएको भए पहिलो र दोस्रो स्वर्ग भएको क्षेत्रहरू भ्रष्ट अनि नास हुन पाउँदैनथ्यो । यदि त्यसो गरिएको भए आदम पतन हुँदैनथ्यो अनि आदम र उसको सन्तानहरूलाई बचाउनको निम्ति येशू यस संसारमा आउनै पर्दैनथ्यो ।

परमेश्वरले यी सबै घटनाहरू हुन अनुमति दिनुको पछाडि स्पष्ट कारण र उद्देश्य छ । त्यो के हो भने सृष्टिको उद्देश्य (Purpose of Creation) अनुसार परमेश्वरले आफ्ना चुनिएका जनहरूलाई शिक्षा र तालिम दिन चाहनुहुन्थ्यो र उक्त शिक्षा र

तालिमको निम्ति पतन भएको लुसिफरलाई औजारको रूपमा प्रयोग गर्नु उहाँको पूर्वनिर्धारित ईश्वरीय योजना (Divine Plan) थियो। सृष्टिको उद्देश्य भनेको सृष्टिकर्ता परमेश्वरलाई महिमा दिनु हो ।

सृष्टिको कामभन्दा अघि नै यो शिक्षण तालिम पूर्वनिर्धारण गरिएको थियो । परमेश्वरको उक्त शिक्षण तालिमले यस्ता कुराहरूलाई समेट्छ- १) लुसिफरको पतन हुनैपर्छ, २) आदमको पतन हुनैपर्छ, ३) पतन भएको लुसिफरले यो संसारको देवको शक्ति पाउनैपर्छ (२ कोरिन्थी ४:४), ४) पतन भएको लुसिफर सांसारिक धर्महरूका शिर हुनैपर्छ, र ५) पतन भएको लुसिफरलाई नाश गर्न येशू मानव चोला लिई यस संसारमा आउनैपर्छ । यस प्रकारको शिक्षण तालिम पूरा गर्नको निम्ति पतन भएको लुसिफरको चरित्रमा डाह उत्पन्न हुन परमेश्वरले अनुमति दिनुभयो ।

यसरी परमेश्वरले तयार पार्नुभएको शिक्षण तालिम पूरा हुनको निम्ति ७,००० वर्षको समय लाग्नेछ (यो समय भनेको आदमको पतनदेखि लिएर भविष्यमा हुने न्यायको दिनसम्म हो) । यो कुरा हामीले मानवीय ज्ञान र बुद्धिद्वारा बुझ्न सक्दैनौँ, त्यसैले यसको लागि हामीलाई पवित्र आत्माको सहायता चाहिन्छ ।

### १. **सृष्टिको उद्देश्यको पुनर्स्थापना** (The Restoration of The Purpose of Creation)

(यशैया ४३:७, २१; रोमी ९:५; कलस्सी १:१६)

लुसिफर पतन हुनेछ भन्ने कुरा सर्वज्ञानी परमेश्वरलाई त्यसको सृष्टि हुनुभन्दा पहिले नै थाहा थियो र त्यस घटनालाई उहाँले पूर्वनिर्धारण गरिसक्नुभएको थियो । लुसिफर पतन हुनेछ र त्यसले आदमलाई परीक्षामा पार्नेछ भन्ने कुरा थाहा हुँदाहुँदै पनि उहाँले सर्पको स्वरूपमा शैतानलाई अदनको बगैँचामा बस्न दिनुभयो (उत्पत्ति ३:१) र सृष्टिको उद्देश्य उलङ्घन हुने गरी आदमलाई भयानक पाप गर्न अनुमति दिनुभयो। यसलाई छोटकरीमा भन्ने हो भने लुसिफर पतन हुनुपर्ने थियो र त्यसको परीक्षामा परेर आदम पनि पतन हुनुपर्ने थियो ।

आफ्नो सृष्टिको कमजोरी र सीमितपना परमेश्वर जान्नुहुन्छ । जब सृष्टिहरूलाई अनन्त जीवन, सबै किसिमको महिमा, उच्च पदहरू, आराम र सख-सुविधाहरू सित्तैमा दिइन्छ, तब परमेश्वरलाई उच्च आदर, श्रद्धा, भक्ति, धन्यवाद र आराधना दिन चुकेर तिनीहरूले सृष्टिको उद्देश्य बिर्सन्छन् । यही नै मानवीय कमजोरी र सीमितपना हो । त्यसैगरी परमेश्वरले सित्तैमा दिनुभएको हावा, पानी र सूर्यको प्रकाशजस्ता प्राकृतिक उपहारहरूको निम्ति हामी उहाँलाई धन्यवाद दिन सजिलै बिर्सन्छौं । जब सृष्टिले परमेश्वरबाट सित्तैमा सबै प्रकारका फाइदाहरू उपभोग गरेर त्यसमा आनन्दित हुन थाल्छ, तब त्यसले घमण्डी भएर उहाँलाई महिमा दिन अनि तिनीहरूलाई किन सृष्टि गरिएको हो भन्ने उद्देश्यलाई बिर्सन्छ ।

उद्धारको प्रक्रिया र पापबाट पुनर्स्थापना गर्ने कामद्वारा परमेश्वरले मानवजातिलाई सृष्टिको उद्देश्यको महत्व सिकाउने निर्यण गर्नुभयो । आदमको पापले गर्दा सबै मानिसहरू पापी भएका छन् (रोमी ३:२३), र तिनीहरूले सृष्टिकर्ता परमेश्वरबाट टाढा रही आशाविहिनको निरुत्साहित जीवन जिइरहेका छन् । जब तिनीहरू प्रायश्चितको निम्ति येशूले बहाउनुभएको बहुमूल्य रगतद्वारा (१ पत्रुस १:१८-१९) पुनर्स्थापित हुँदै पापको क्षमा पाउने प्रक्रियामा अघि बढ्न थाल्छन्, तब तिनीहरूले बिस्तारै सृष्टिकर्ता परमेश्वरको प्रेम (१ यूहन्ना ४:८, १६), उहाँको महानता (रोमी ११:३३) अनि सृष्टिको उद्देश्यलाई (यशैया ४३:७, २१; रोमी ९:५; कलस्सी १:१६) ठीक प्रकारले बुझ्न थाल्छन् । सबैले उहाँको सृष्टिको उद्देश्यअनुसार जिऊन् भन्ने परमेश्वरको इच्छा हो र यसले उहाँलाई आनन्दित तुल्याउँछ । जब सृष्टिहरूले यसो गर्न थाल्छन्, तब तिनीहरूले साँचो खुसी र आनन्दको अनुभव गर्न पाउँछन् । यसलाई महसुस गर्ने परमेश्वरका जनहरूले सृष्टिको उद्देश्यलाई हलुकारूपमा लिनेछैनन् र अनन्तको राज्यमा तिनीहरू सृष्टिको उद्देश्यअनुसार जिउने कुरामा कहिल्यै असफल हुनेछैनन् । त्यसपछि परमेश्वरले मानिसजातिलाई दिनुभएको विशेष र महत्वपूर्ण भूमिका (उत्पत्ति १:२८) निभाउन तिनीहरू पूर्णरूपमा सक्षम हुनेछन् ।

परमेश्वरले सबै सृष्टिहरूमध्ये मानिसलाई विशेष हक र अधिकार दिनुभएको छ । मानिसलाई सृष्टि गर्नुहुँदा उहाँले आफ्नै प्रतिरूपमा बनाउनु भयो । वास्तवमा भन्ने हो भने परमेश्वर मानिसजातिसँग सङ्गति गर्न चाहनु हुन्थ्यो । तसर्थ मानिसलाई आफ्नो साझेदारको रूपमा स्थापित गरी उसलाई सारा सृष्टिमाथि व्यवस्थितरूपमा शासन गर्ने अधिकार दिनुभयो (उत्पत्ति १:२६-२८) । त्यसकारणले गर्दा अरू सृष्टिहरूभन्दा मानिसले अझ बढीरूपमा परमेश्वरको सृष्टिको उद्देश्यअनुसार जिउनुपर्दथ्यो । मानिसजातिलाई अधिकतम पूर्णतामा ल्याउन परमेश्वरले शैतानलाई प्रयोग गर्ने विशेष योजना तय गर्नुभयो । उक्त विशेष ईश्वरीय योजना उत्पत्ति ३:१५ मा उल्लिखित गरिएको छ ।

## २. **परमेश्वरको रहस्यमय योजना** (The God's Plan of Mystery)

आदमको पतनपछि परमेश्वरले उत्पत्ति ३:१५ द्वारा मानिसजातिको मुक्तिको महान् योजना घोषणा गर्नुभयो । यहाँ उल्लिखित भविष्यवाणीअनुसार येशू स्त्रीको सन्तानको रूपमा देहधारण भई उक्त योजना पूरा गर्नुपर्ने भयो र शैतानले चाहिँ त्यस योजनमा शैतानको सन्तानको भूमिका निभाउनुपर्ने भयो ।

उक्त योजना 'परमेश्वरको रहस्य' भएको कारणले गर्दा त्यसलाई मानवीय ज्ञानद्वारा बुझ्न सकिँदैन । वास्तवमा भन्ने हो भने यो कुरा परमेश्वरको सार्वभौम क्षेत्रअन्तर्गत पर्दछ । आफ्नो सार्वभौमिकताबारे चेलाहरूलाई स्पष्ट पार्न येशूले यसो भन्नुभयो : *"मेरो जति छ, त्यो म आफूले चाहेजस्तो गर्न सक्दिनँ र ?"* (मत्ती २०:१५) । त्यसै गरी उक्त सार्वभौम शक्ति र अधिकारको बारेमा येशूले कुमालेको उदाहरणद्वारा सन्त पावललाई भन्नुभयो : *"के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँडो (कृपाको भाँडो), र अर्कोचाहिँ तुच्छ कामको लागि (क्रोधको भाँडो) बनाउने माटोमाथि कुमालेको अधिकार छैन र* (रोमी ९:२१-२३) *?"* यस रहस्यलाई बुझेर पावलले सार्वभौमसम्पन्न परमेश्वरको सामु घुँडा टेक्नुपरेको थियो ।

बाइबल धर्मशास्त्रले सम्पूर्ण मानवजगतलाई दुई समूहमा विभाजन गर्छ : परमेश्वरको सन्तान (यूहन्ना १:१२; प्रेरित १८:१०; रोमी ९:२३; १ यूहन्ना ३:१०; प्रकाश २०:१२) र शैतानको सन्तान (रोमी ९:२२; २ पत्रुस २:१२, १४, १९; १ यूहन्ना ३:१०; प्रकाश २०:१२; २१:८) । आत्मिक दृष्टिकोणले हेर्ने हो भने अधिकांश मानिसहरू शैतानको सन्तानअन्तर्गत पर्दछन् र परमेश्वरले चुन्नुभएको थोरै मानिसहरूले मात्र उद्धार पाउनेछन् (जकरिया १३:८; लूका १३:२३-२४; प्रकाश २०:१२) । पावलको ईश्वरशास्त्रीय शिक्षा र क्याल्भिनवादको अवधारणाअनुसार बाइबलले हामीलाई यही शिक्षा दिँदछ (Benjamin B. Warfield. *Perfectionism in Biblical Doctrines*, Baker: Grand Rapids, MI, 1962. pp. 62-64) ।

परमेश्वरको सार्वभौम योजनाअनुसार आदम र उसको सन्तानहरूलाई बचाउन प्रभु येशू यस संसारमा आउनुभयो । अनि परमेश्वरले चुन्नुभएका सबै उहाँका सन्तानहरू प्रभु येशूद्वारा नबचाइएसम्म (यूहन्ना ६:३९; १७:२; रोमी ८:३०; २ तिमोथी २:१०) शैतानलाई 'यस संसारको देवको रूपमा' (२ कोरिन्थी ४:४) काम गर्न दिने उहाँले योजना बनाउनुभयो । जब तोकिएको समय आउँछ (प्रकाश १२:१२), तब शैतान र त्यसको सन्तानहरूको काम सकिन्छ र तिनीहरूलाई ईश्वरीय योजनाअनुसार नरकमा फालिनेछ (प्रकाश २०:१०) ।

मानवीय दृष्टिकोणअनुसार विचार गर्दा परमेश्वरको उक्त महान् योजना पूरा हुन् करिब ७००० वर्ष लाग्नेजस्तो देखिन्छ । त्यस योजनाको सुरुवात आदमको पतन (इ.पू.४०००) बाट भएको थियो । त्यसपछि नोआको समय (इ.पू.३०००), अब्राहामको समय (इ.पू.२०००), दाऊदको समय (इ.पू.१०००) हुँदै येशूको जन्मसम्म (इ.पू.४) आइपुग्यो । त्यसपछि इ.सं.१००० मा पूर्वेली र पश्चिमेली मण्डलीहरूको विभाजन भयो । अहिले हामी इ.सं.२००० को सेरोफेरोमा जिइरहेका छौँ । बाइबल विद्वान् तथा ईश्वरशास्त्रीहरूको भनाइअनुसार अब चाँडै १००० वर्षको राज्य (Millennium Kingdom) सुरु हुनेछ । यी सबैलाई जोड्ने हो भने ७००० वर्ष हुन

आउँछ । ७००० वर्षपछि परमेश्‍वरद्वारा बचाइएका उहाँका सन्तानहरू नयाँ स्वर्ग र नयाँ पृथ्वीमा प्रवेश गर्नेछन् (प्रकाश २१:१) । अनि त्यसबेला पुरानो अदनलाई पुनर्स्थापना गरी नयाँ पारिनेछ । पहिलो अदनको बगैँचामा शैतान उपस्थित थियो (उत्पत्ति ३:१) तर भविष्यमा हुने नयाँ अदनको बगैँचामा शैतानको अस्तित्व रहनेछैन (प्रकाश २२:१-५) । त्यसबेला त्यसले निभाउनुपर्ने भूमिका अथवा त्यसको काम सकिसकेको हुनेछ र त्यसलाई नरकमा पठाइनेछ (प्रकाश २०:१०) ।

बाइबलमा उल्लिखित सङ्ख्या ७ लाई परमेश्‍वरको सिद्ध सङ्ख्या मानिन्छ । आफ्ना सन्तानहरूलाई नयाँ अदनको बगैँचा अथवा नयाँ स्वर्ग र नयाँ पृथ्वीमा सदाको निम्ति लैजानको निम्ति (प्रकाश २१:१) तयार पार्न र त्यसको निम्ति आवश्यक शिक्षा दिन परमेश्‍वरले ७००० वर्ष लामो ऐतिहासिक योजना बनाउनु भयो ताकि उनीहरूले सृष्टिको उद्देश्यलाई हलुको रूपमा नलिऊन् तर विभिन्‍न अनुभवहरूद्वारा त्यसको महत्वलाई पूर्णरूपमा बुझेर राम्रोसँग पालना गर्न सकून् । पुत्र परमेश्‍वर येशूको महान् बलिदानद्वारा उक्त योजनालाई पूरा गरियो । मानिसजातिले परमेश्‍वरको सृष्टिको उद्देश्यलाई पालाना र प्रेम गरून् भन्‍ने उहाँको साँचो आशालाई यही योजनाले निरन्तर प्रतिबिम्बित गर्छ ।

मानवीय दृष्टिकोणमा ७००० वर्ष भनेको धेरै लामो समय हो तर अनन्त ईश्‍वरीय दृष्टिकोणमा यो अति छोटो अर्थात् एउटा अदृश्य बिन्दुजस्तो हो (भजन ९०:४; २ पत्रुस ३:८) ।

## ङ. किन परमेश्वरले लुसिफरलाई बचाउनु भएन ?

**Why Didn't God Save Lucifer ?**

परमेश्वरले पतन भएको मानिसजातिलाई बचाउनुभयो तर किन उहाँले पतन भएको लुसिफरलाई बचाउनु भएन त ? यो प्रश्नको उत्तर दिनुभन्दा पहिले हामीले स्वर्गदूतहरू र मानिसहरूका काम, गुण र योग्यतालाई तुलना गर्नुपर्छ ।

पहिले हामीले आदम र उसको सन्तानहरूको भूमिका स्वर्गदूतहरूका भन्दा फरक छ भन्ने कुरा बुझ्नुपर्छ । स्वर्गदूत सेवा गर्ने आत्माहरू हुन् । तिनीहरूको काम मुक्तिको उत्तराधिकारीहरू अर्थात् परमेश्वरका सन्तानहरूको सेवा र सुरक्षा गर्नु हो (हिब्रू १:१४, प्रकाश २२:८-९) । स्वर्गदूतहरूलाई भन्दा मानिसलाई फरक किसिमले सृष्टि गरिएको थियो । त्रिएक परमेश्वरले स्वर्गदूतहरूलाई आफ्नै प्रतिरूपमा बनाउनु भएन । उहाँले तिनीहरूलाई जीवनको सास फुकिदिनुभयो भनी बाइबलमा लेखिएको छैन । उहाँले आफ्ना सन्तानहरूलाई जस्तै गरी स्वर्गदूतहरूलाई उत्तराधिकार प्रदान गर्नुभएन । त्यसकारण जब लुसिफर घमण्डले फुल्यो, तब परमेश्वरले त्यसलाई स्वर्गको राज्यबाट तल फालिदिनुभयो । यो घटनालाई सरलरूपमा यसरी बुझ्नसक्छौं : यदि खेतमा काम गर्ने ज्यामीले मालिकको विरुद्धमा विद्रोह गर्‍यो भने मालिकले त्यसलाई त्यहाँबाट बाहिर निकालिदिन्छ ।

परमेश्वरसँग सुमधुर सम्बन्धमा रहिरहनको निम्ति आदमलाई विशेषरूपमा सृष्टि गरिएको थियो । परमेश्वरले आदमलाई उहाँको आफ्नै प्रतिरूपमा बनाउनु भयो (उत्पत्ति १:२६-२७), उहाँले आदमलाई जीवनको सास फुकिदिनुभयो (उत्पत्ति २:७), उहाँले आदमको लागि सुहाउँदो जोडी बनाइदिनुभयो (उत्पत्ति २:२३), र उसलाई परमेश्वरको पुत्र हुने उत्तराधिकार प्रदान गर्नुभयो (यूहन्ना १:१२; रोमी ८:१५-१७) । परमेश्वरलाई प्रेम गर्ने र उहाँबाट प्रेम पाउने किसिमले आदमले परमेश्वरको साझेदार हुने विशेष मौका पाएको थियो । परमेश्वरको साझेदार अनि सृष्टिको

उद्देश्यअनुरूप सबै सृष्टिहरूलाई आफ्नो वशमा राखी तिनीहरूलाई उचित किसिमले व्यवस्थापन गर्ने, शिक्षा दिने र अगुवाइ गर्ने महत्वपूर्ण जिम्मेवारी आदमलाई दिइएको थियो (उत्पत्ति १:२८) ।

आदमलाई सृष्टि गर्नुको उद्देश्य त्यस प्रकारको भएकोले गर्दा परमेश्वरले उसलाई बनाउनुहुँदा 'त्यो साह्रै असल थियो' भन्नुभयो (उत्पत्ति १:३१) । त्यसै कारणले गर्दा आदमको पतनपछि भङ्ग भएको प्रेमिलो सम्बन्धलाई पुनर्स्थापना गरी आदम र उसको सन्तानहरूलाई सृष्टिको उद्देश्यको बारेमा शिक्षा दिनको निम्ति परमेश्वरले 'स्त्रीको सन्तान' र 'शैतानको सन्तान' भन्ने यस किसिमको ईश्वरीय नाटक रच्नुभयो । आदम र उसको सन्तानहरूले सृष्टिको उद्देश्यअनुसार जिउन सकून् भन्ने हेतुले शैतानलाई परमेश्वरले औजारको रूपमा प्रयोग गरेर उक्त नाटकमा सहायक भूमिका निभाउन दिने योजना बनाउनुभयो ।

# ३. धर्महरूको निर्माण

## THE FORMATION OF RELIGIONS

परमेश्वरले मानिसहरूलाई पतन भएको लुसिफर अनि त्यसका सेनाहरूलाई यो संसारको देवताहरूका रूपमा सेवा गर्ने अनुमति दिनुभयो (२ कोरिन्थी ४:४) । त्यहीँबाट सांसारिक धर्महरू निर्माण हुँदैगए। धर्महरूका सुरुवातको बारेमा बुझ्नको निम्ति हामीले अदनको बगैँचाको बारेमा अझ धेरै कुराहरू सिक्नुपर्छ (उत्पत्ति २:८) किनभने त्यही ठाउँ नै मानबजातिको उद्गमस्थल हो । अनि नोआको समयको महान् जलप्रलयपछि (इ.पू.२५४८; उत्पत्ति ७:१-२४), मानिसहरूले कसरी विभिन्न धर्महरूको सुरुवात गरी त्यसलाई विकास गर्दैगए भनेर चर्चा गर्नेछौँ ।

### क. प्रथम मानवको उद्गमस्थल

**The Birth Place of The First Humans**

*"बगैँचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो, र त्यहाँबाट छुट्टिएर त्यो चार शाखा भएको थियो । पहिलो नदीको नाउँ पीशोन हो । यो त्यही नदी हो, जुन हवीलाको समस्त मुलुकमा बहन्छ, जहाँ सुन पाइन्छ । त्यस देशको सुन असल हुन्छ । त्यहाँ खोटो र आनिक्सहरू छन् । दोस्रो नदीको नाउँ गीहोन हो । कूशको*

*समस्त देशमा बहने नदी यही हो । तेस्रो नदीको नाउँ टाइग्रिस हो । यो त्यही नदी हो, जो अश्शूरको पूर्वतिर बहन्छ । चौथो नदी यूफ्रेटिस हो । परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैँचामा त्यसको गोडगाड र हेरचाहा गर्न राख्नुभयो"* (उत्पति २:१०-१५) ।

यहाँ उल्लिखित दुई नदीहरू- यूफ्रेटिस र टाइग्रिस अझै पनि अस्तित्वमा छन् । अरू दुई नदीहरू नोआको समयमा भएको ठूलो जलप्रलयपछि भएको भौगोलिक परिवर्तनद्वारा (Diastrophism) लोप भएको हुनसक्छ भन्ने विद्वान्‌हरूको अनुमान छ (इ.पू. २४५८; उत्पत्ति ७:१-२४) । अदनको बगैँचा कहाँ पर्छ भन्ने विषयमा दुईवटा सिद्धान्तहरू छन् । पहिलो सिद्धान्तलाई 'उत्तरी सिद्धान्त' (Northern Theory) भनिन्छ । केही ईश्वरशास्त्रीहरूले यसअनुसार अदनको बगैँचा टर्की देशको आसपास आरारत पहाडको नजिकै थियो होला भनी दाबी गर्छन् । अदनबाट निस्केको नदीले बगैँचालाई भिजाउँथ्यो भनी उत्पत्ति २:१० ले बताउँछ । यस सिद्धान्तलाई पछ्याउने विद्वान्‌हरूले उक्त नदीको श्रोत भनेको अदनको बगैँचाको उत्तरपट्टि पर्ने आरारात पर्वत हो भनी भन्छन् ।

दोस्रो सिद्धान्तलाई 'दक्षिणी सिद्धान्त' (Southern Theory) भनिन्छ । यस सिद्धान्तअनुसार यूफ्रेटिस नदी र टाइग्रिस नदी एकआपसमा मिलेको दोभान क्षेत्र नै अदनको बगैँचा भएको ठाउँ हो । त्यहाँ अहिले इराक देशको फारसको खाडी (Persian Gulf) पर्छ । त्यस क्षेत्रलाई मेसोपोटामिया वा बेबिलोन भनिन्थ्यो । अब्राहामको घर भएको ऊरको कल्दी सहर र बाबेलको धरहरा निर्माण गरिएको स्थानहरू त्यही क्षेत्रमा पर्दछन् । मानव सभ्यताको विकास मेसोपोटामिया क्षेत्रबाट नै भएको थियो भनी इतिहासको पुस्तकले बताउँछ ।

अदनबाट चारवटा नदीहरू निस्किएका थिए । यहाँ 'निस्कनु' भन्ने शब्दलाई हिब्रू भाषामा 'यात्सा' (yatsa) भनिन्छ, जसको अर्थ 'पानी निस्किआउनु' अथवा 'पानी एकै ठाउँमा मिलेको' भन्ने हुन्छ । त्यसकारण ती चारवटा नदीहरू मिसिएको

ठाउँमा अदनको बगैंचा थियो होला भनी अनुमान लगाउन सकिन्छ अनि युफ्रेटिस नदी र टाइग्रिस नदीको मिलन भएको दक्षिणी दोभानको क्षेत्रमा नै अदनको बगैंचा हुनुपर्छ भनी हामी तर्क गर्न सक्छौं (कृपया नक्सा १ हेर्नुहोस्) ।

यस दक्षिणी सिद्धान्तलाई पुष्टि गर्ने अर्को आधार त्यस क्षेत्रमा भएका तेलको विशाल भण्डारहरू हुन् । हजारौं वर्षपहिले अदनको बगैंचा भएको क्षेत्र वरिपरि थुप्रै सङ्ख्यामा मानिसहरू, पशुहरू, पहाड र रूखहरू थिए । नोआको समयमा भएको भयानक जलप्रलयमा ठूला-ठूला अगाधका मूलहरू फूटे अनि ठूलो भूकम्प आयो र त्यसको कारण त्यस क्षेत्रका सबै प्राणी र वनस्पतिहरू जमिनमुनि पुरिए (उत्पत्ति ७:११) । प्राणी र वनस्पतिहरूलाई लामो समयसम्म जमिनमुनि ठूलो दबाबमा राखियो भने त्यसबाट तेल निस्कन्छ भनी विद्वान्हरू भन्छन् । वर्तमान सर्वेक्षणअनुसार साउदी अरबलाई संसारको सबैभन्दा बढी तेल भण्डार भएको देश




**नक्सा १ – अदनको बगैंचा भएको स्थानसम्बन्धी दुई सिद्धान्तहरू**

भनेर चिनिन्छ । अरू ठाउँभन्दा फारसको खाडी भएको क्षेत्र वरिपरिको जमिनमुनि विशाल तेलको भण्डार छ । इराक उक्त खाडी क्षेत्रको नजिक पर्ने भएकोले त्यहाँ पनि तेलको ठूलो भण्डार छ । यी सबै कुराहरूलाई विचार गर्ने हो भने दक्षिणी सिद्धान्तले बताएअनुसार अदनको बगैँचा फारसको खाडी क्षेत्रमा नै पर्थ्यो भन्ने तथ्य बढी विश्वसनीय ठहर्छ ।

## ख. निम्रोदको उदय

### The Emergence of Nimrod

नोआको समयको जलप्रलयपछि (इ.पू.२४५८; उत्पत्ति ७:१-२४) विभिन्न धर्महरू उत्पन्न भई ठोस प्रकारले निर्माण हुन थाले । उत्पत्ति १० अध्यायमा हेर्दा नोआबाट करिब ७० जना सन्तानहरू निस्किएको देखिन्छ । नोआका तीन जना छोराहरू थिए- शेम, हाम र येपेत । शेम एसियाका मानिसहरूका पुर्खा भए (उत्पत्ति १०:२१-३१), हाम अफ्रिकाका मानिसहरूका पुर्खा भए (उत्पत्ति १०:६-२०), र येपेत युरोपका मानिहरूका पुर्खा भए (उत्पत्ति १०:२-५) । नोआका यी तीन जना छोराहरूबाट जन्मेका सत्तरी जना मानिसहरूले विभिन्न जातिहरू बनाएर मध्यपूर्वको भूभागहरूमा बसोबास गरेको देखिन्छ (उत्पत्ति १०:३२) ।

यदी हामीले उत्पत्ति १० अध्यायलाई केलाउने हो भने निम्रोदको चरित्रलाई विशेष अनि विस्तृतरूपमा चर्चा गरेको देख्दछौँ (उत्पत्ति १०:८-१२) । किन हामको पहिलो पुत्र कूशको छैठौँ पुत्र निम्रोदको बारेमा परमेश्वरले धर्मशास्त्रद्वारा हामीलाई यति धेरै जानकारी दिन चाहनुहुन्छ त ? किनभने हामको नाति निम्रोद नै बेबिलोनी धर्मको प्रतिपादक हुन् । यो धर्म मानव इतिहासको पहिलो सङ्गठित धर्म हो ।

हामको पहिलो पुत्र कूशको छ जना छोराहरू थिए (उत्पत्ति १०:७-८) । तिनीहरूमध्ये पाँचजना अरबी र अफ्रिकी क्षेत्रहरूमा छरिएर बसोबास गर्न थाले तर

निम्रोदचाहिँ यूफ्रेटिस र टाइग्रिस नदी भएको क्षेत्रमा नै बसे, जसलाई अहिले इराक भनिन्छ । पौराणिक आख्यानअनुसार निम्रोद र तिनको कान्छा काका कनानको बीचमा नजिक अनि मैत्रीपूर्ण सम्बन्ध थियो । नोआ दाखमद्यले मातिएर पालभित्र नाङ्गै सुतिरहेको बेलामा कनान र उसको पिता हामले त्यो नग्नतालाई ढाकिदिएन बरु कनानले त्यो कुरा शेम र येपेतलाई बताइदिने गल्ती गरे । त्यही कारणले गर्दा हामको छोरा कानानले आफ्नो बाजे नोआबाट सराप पाए (उत्पत्ति ९:२५) ।

उक्त घटनापछि हाम र नोआबीचको सम्बन्ध बिग्रन थाल्यो । विशेष गरी जब हामको छोरा कूशले निम्रोदलाई जन्माए (निम्रोद कूशको कान्छा छोरा हुन्), तब नोआको विरुद्धमा तिनको छोरा हामको नकारात्मक विचार चरमसीमामा पुग्यो । त्यसैकारण हामले भर्खरै जन्मिएको आफ्नो नातिको नाम 'निम्रोद' राखे, जसको अर्थ 'हामी विद्रोह गरौँ' भन्ने हुन्छ । 'निम्रोद' विद्रोही र झगडालु शब्द हो (E.A. Speiser. *In Serach of Nimrod*, Eretz Israel 5, 1958. pp. 32-36) । जस्तो नाम उस्तै काम भनेझैँ कलिलो उमेरदेखि नै निम्रोदमा विद्रोही र लडाइँ-झगडा गर्ने स्वभाव थियो । ऊ लडाइँ गर्नसक्ने बहादुर व्यक्ति थियो, र त्यो क्षेत्रमा कोही पनि उसको विरुद्धमा खडा हुन सक्दैनथे । त्यसैकारण बाइबलले उसको विषयमा यसो भन्छ : *"... यिनी नै वीर पुरुष भए । यिनी परमप्रभुको सामु शक्तिशाली सिकारी थिए ..."* (उत्पत्ति १०:८-९) ।

जलप्रयको प्रभावको कारणले गर्दा निम्रोदको समयकालका मानिसहरूलाई गाँस, बास र कपासको ठूलो खाँचो थियो । सुरुमा मानिसको आहारा बीउ भएको फलफूलहरू थिए । परमेश्वरले मानिसलाई सृष्टि गर्नुहुँदा यसो भन्नुभयो : *"हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु । ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्"* (उत्पत्ति १:२९) । आदमको पतनपछि परमेश्वरले उसलाई भूमिमा उम्रेका बोटबिरूवा तथा वनस्पतिहरू खान अनुमति दिनभयो (उत्पत्ति ३:१८) ।




**तालिका २ – नोआको वंशावली** (उत्पत्ति १० अध्याय)

तर जलप्रलयपछि मानिसको आहारामा परिवर्तन भयो र उहाँले मासु खान अनुमति दिनुभयो । उहाँले भन्नुभयो : *“जीवित-जीवात सबै तिमीहरूका निम्ति आहारा हुनेछन् । मैले हरिया वनस्पति तिमीहरूलाई दिएझैँ सबै थोक म तिमीहरूलाई दिन्छु”* (उत्पत्ति ९:३) । चाखलाग्दो कुरा के भयो भने जलप्रलयपछि वनस्पतिजन्य खानेकुरा अभाव हुन थालेकोले जनावरहरूले पनि मासु खान सुरु गरे । बाघ, भालु र सिंहजस्ता जनावरहरू सुरुमा शाकाहारी थिए तर जलप्रलयपछि तिनीहरू मांशाहारी भए । आहाराको निम्ति तिनीहरूले शिकार खोज्न थाले । कहिलेकाहीँ तिनीहरूले मानिसलाई पनि आफ्नो शिकार बनाउँथे । त्यसकारण त्यतिबेलाका मानिसहरूलाई ती बलिया हिंसक जनावरमाथि विजय गर्न सक्ने ‘वीर शिकारी’को खाँचो थियो ।

निम्रोद ‘शक्तिशाली शिकारी’ थिए भनी उत्पत्ति १०:८-९ ले उनको परिचय दिँदछ । साँच्चै, तिनी वीर र शक्तिशाली थिए । निम्रोदले जनावरहरू शिकार गरेर मानिसहरूको निम्ति खानेकुरा उपलब्ध गराइदिन्थे (निम्रोदले मानिसहरूलाई खानेकुरा, लगाउने कुरा र सुरक्षित बस्ने ठाउँको प्रवन्ध मिलाउने गर्थे) । उनले हिंसक जनावरहरूको आक्रमणबाट मानिसहरूलाई सुरक्षा दिन्थे, जसको कारणले उनी तिनीहरूका जीवनरक्षक बनेका थिए । त्यसको परिणामस्वरूप तत्कालीन मानिसहरूले निम्रोदलाई आदर-इज्जत गर्नथाले । बिस्तारै तिनी मानिसहरूका नजरमा देवताजस्तै उच्च हुन थाले ।

उत्पत्ति १०:१०-१२ लाई हेर्दा निम्रोदको अधिकार क्षेत्र शिनार भन्ने ठाउँबाट सुरु भयो (अहिलेको इराक र पर्सियन खाडी भएको क्षेत्र) र त्यो अश्शूरसम्म (अहिलेका सिरिया देशसम्म) पुग्यो। तिनले आफ्नो राज्यको राजधानी यूफ्रिटिस नदीको नजिक बेबिलोन भन्ने ठाउँमा बनाए । निम्रोद ‘वीर’ र ‘शक्तिशाली शिकारी’ भएकोले गर्दा आफू प्रख्यात भई संसारभरि प्रभाव जमाउनको लागि उनले ती क्षेत्रहरूलाई

| | | | |
|---|---|---|---|
| अनन्त | आदिमा | येशूको अनन्त अस्तित्व (यूहन्ना १:१) | |
| | आदिमा | सृष्टिको सुरुवात (उत्पत्ति १:१) | |
| | | स्वर्गदूतहरूको सृष्टि (अय्यूब ३८:४-७) | |
| | | स्वर्गदूतहरूको पतन (उत्पति १:२; यशैया १४:१२-२०; इजकिएल २८:१२-१८; २ पत्रूस २:४) | |
| | | आदमको सृष्टि (उत्पत्ति १:२६-२७, २:७) | |
| इ .पू. | ४११४ | आदमको पतन (समयको आयामभित्र, उत्पत्ति ३:६) | दश पुस्ताहरू (आदम - नोआ) उत्पत्ति ५:१-३२ |
| | ३०९२ | हनोक (उत्पत्ति ५:२१) | |
| | ३०५८ | नोआ (उत्पत्ति ५:२८-२९) | |
| | २४५८ | जलप्रलय ( उत्पत्ति ७:६, ११) | दश पुस्ताहरू (शेम - अब्राहाम) उत्पत्ति ११:१०-२६ |
| | | निम्रोद (उत्पत्ति १०:६-१२) | |
| | | बाबेलको धरहरा (उत्पत्ति ११:१-९) | |
| | २१६६ | अब्राहाम (उत्पत्ति ११:२६) | |

**तालिका ३ – आदिदेखि अब्राहामसम्मको समय तालिका**



**चित्र १ – बाबेलको धरहरा**
**"The Tower of Babel" by Pieter Bruegel (1525–1569 A.D.), a Dutch artist**
Pieter Bruegel the Elder. 1563 A.D.; Kunsthistorisches Museum, Vienna, Austria.

**टिप्पणी २ – बेबिलोनी धर्मको संस्थापक को हुन् ?**

बेबिलोनी धर्मको संस्थापक निम्रोद हुन् कि तिनकी पत्नी सेमिरामिस हुन् भन्ने विषयमा बाइबल विद्वान्हरूका फरक-फरक अवधारणाहरू छन् । अलेक्जेण्डर हिस्लप (Alexander Hislop, 1807-1865 A.D.) भन्ने व्यक्तिले आफ्नो पुस्तक, The Two Babylons, (1919) मा बाबेलको धरहरा निर्माण गर्ने सेमिरामिस हुन् भनेर लेखेका छन् । प्रेसबेटेरियन पृष्टभूमिका हिस्लप Free Church of Scotland को पास्टर हुन् । तिनले रोमन क्याथोलिक मण्डली बेबिलोनी धर्मजस्तै झूटो शिक्षा हो भनी आलोचना गरेका छन् । निम्रोदकी पत्नी सेमिरामिसले नै बाबेलको धरहरा बनाएकी थिइन् भनी उनले आफ्नो पुस्तकमा दाबी गरेका छन् र केही ईश्वरशास्त्रीहरूले त्यसलाई समर्थन गर्छन् ।

अर्कोतिर हेर्ने हो भने धेरै सुसमाचारवादी ईश्वरशास्त्री र पास्टरहरूले बेबिलोनी धर्मको संस्थापक निम्रोद नै हुन् भन्ने सिद्धान्तलाई समर्थन गर्छन् । यस सिद्धान्तलाई स्वीकार गर्नेहरूमध्ये ह्यारी आइरनसाइड (Harry Ironside, 1876-1951 A.D.) भन्ने ईश्वरशास्त्री एक हुन् (Harry A. Ironside. Babylonian Religion, Wikipedia, the free encyclopedia) । आइरनसाइड Moody Bible Institute का प्राध्यापक हुन् र उनी नयाँ विचारधारा बोक्ने अन्तर्राष्ट्रिय स्तरका प्रचारक र Africa Inland Mission भन्ने संस्थाको अध्यक्ष पनि हुन् । उनले Wheaton College र Bob Jones University बाट विद्यावारिधिको प्रमाणपत्र हासिल गरे । उनी विश्व सुसमाचार प्रचार अभियान World Mission Movement को मुख्य अगुवा हुन् ।

हामीले बाइबललाई आधार मानेर बेबिलोनी धर्मको संस्थापक को हुन सक्छ भन्ने बारेमा अनुमान मात्र लगाउन सक्छौँ । उत्पत्ति १० अध्यायमा भएको नोआको सन्तानहरूका वंशावलीमा निम्रोदलाई विशेषरूपमा जोड दिएर प्रस्तुत गरिएको छ । म यस पुस्तकको लेखक भएको हैसियतले बाइबलीय आधारमा (उत्पत्ति १०:७-११:९) बेबिलोनी धर्मको संस्थापक निम्रोद नै हुन् भनी समर्थन गर्छु ।

एकतामा राख्न चाहन्थे । त्यही उद्देश्य प्राप्तिको निम्ति निम्रोदले बाबेलको धरहरा बनाउन सुरु गरे र उक्त धरहराबाट स्वर्ग पुग्न सकिन्छ भन्ने तिनको विचार थियो (उत्पत्ति ११:४) (चित्र १ हेर्नुहोस्) ।

बाबेल (Babel) भन्ने शब्दको अर्थ 'परमेश्‍वरकहाँ जाने ढोका' (The gate way to god) हुन्छ । यसबारे विचार गर्दा निम्रोद त्यो धरहराको टुप्पामा बस्न चाहन्थे र मानिसहरूले उसलाई ईश्‍वरजस्तै गरी प्रशंसा गरोस् भन्ने तिनको अपेक्षा थियो । निम्रोद ईश्‍वर हुन चाहन्थे र उसको शक्ति, सामर्थ्य अनि प्रभाव देखेर मानिसहरू जम्मा भएर तिनको पूजा गर्न थाले । यसप्रकार बेबिलोनी धर्मको सुरुवात भयो । (टिप्पणी २ हेर्नुहोस् - बेबिलोनी धर्मको संस्थापक को हुन् ?)

निम्रोदको क्रियाकलापप्रति यहोवा परमेश्‍वर अप्रसन्न हुनुभयो (उत्पत्ति ११:४-६) । त्यतिबेला नोआको तीन छोराहरूबाट उत्पन्न भएका सत्तरी कुलका मानिसहरू मध्यपूर्वमा बसोबास गर्दथे र पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थियो (उत्पत्ति ११:१) । आफूसँग भएको राजनैतिक तथा सैनिक शक्तिद्वारा निम्रोदले ती मानिसहरूमाथि शासन गर्दथे । तर जब यहोवा परमेश्‍वरले ती सत्तरी कुलका मानिसहरूका भाषा खलबल पारिदिनुभयो, तब तिनीहरूबीचको सञ्चार र सम्बन्ध बिग्रियो र त्यसको परिणामस्वरूप तिनीहरू पृथ्वीको चारैतिर छरपस्ट हुन थाले । विभिन्न स्थानहरूमा बसोवास गर्ने क्रममा तिनीहरूले सुरुमा विश्‍वास गरेको बेबिलोनी धर्मलाई आधार बनाएर अरू धर्महरू निर्माण गरेर विभिन्न प्रकारका देवी-देवताहरूको सेवा गर्न थाले । हजारौँ वर्षअघि आरम्भ भएको उक्त प्रक्रियाले आजसम्म पनि निरन्तरता पाइरहेको छ ।

यहाँसम्म चर्चा गरेको कुराहरूलाई यहाँ राखिएको समय तालिकाले सङ्‌क्षिप्त जानकारी दिन्छ । यसले आदिदेखि (ख्रीष्टको अनन्त अस्तित्वदेखि) इ.पू.२१६६ अर्थात् अब्राहामको समयसम्म घटेका मुख्य घटनाहरूबारे जानकारी दिन्छ । यस तालिकाले पाठकहरूलाई यी कुराहरू बुझ्न अवश्य सहायता गर्नेछ ।

# ४. बेबिलोनी धर्म

## THE BABYLONIAN RELIGION

निम्रोदको उदयपछि उत्पत्ति ३:१५ मा उल्लिखित भविष्यवाणीले ठोस रूप लिन थाल्यो । त्यहीँबाट शैतानको आराधना गर्ने धर्मको सुरुवात भयो । मानिसहरूले निम्रोदलाई 'गाँस, बास र कपासको प्रवन्ध मिलाइदिने' र 'मान्छेको जीवन रक्षा गरिदिने' व्यक्तिको रूपमा स्वीकार गरी बेबिलोनको सबैभन्दा ठूलो देवताको रूपपा सेवा गर्न थाले (Henry M. Morris. *The Genesis Record*, Baker: Grand Rapids, MI, 1993. p. 265) । 'संसारको देवको रूपमा' (२ कोरिन्थी ४:४) निम्रोदको आराधना गर्ने यस बेबिलोनी धर्मलाई मानिसद्वारा निर्मित पहिलो सङ्गठित तथा व्यवस्थित धर्म मान्न सकिन्छ ।

### क. बेबिलोनी धर्मका तीन देवताहरू

### The Three Gods of The Babylonian Religion

बेबिलोनी धर्ममा मुख्य तीन वटा देवी-देवताहरूको आराधना गर्ने गरिन्छ । तिनीहरूका नाउँ यसप्रकारका छन् : निम्रोद (Nimrod), सेमिरामिस (Semiramis) र तम्मूज (Tammuz) । यी तीन जना एउटै परिवारका सदस्यहरू हुन् (पति, पत्नी र पुत्र) । आफ्नो पति निम्रोदको मृत्युपछि सेमिरामिसले तम्मूजलाई जन्माइन् । तम्मूज

निम्रोदको अवतार हो भनी सेमिरामिसले दाबी गरिन् र त्यही समयमा तिनले आफू (सेमिरामिस), आफ्नो पति (निम्रोद) र छोरा (तम्मूज) लाई ईश्वरको स्थानमा स्पापित गरिन् । त्यसप्रकारले तिनीहरू तीनै जना बेबिलोनी धर्मको देवी-देवताहरू भए (Alexander Hislop. *The Two Babylons*, 1919) ।

मानिसहरूलाई धोका दिन शैतानले परमेश्वरको राज्यको नक्कल गर्छ । बेबिलोनी धर्मले इसाई धर्मको त्रिएक परमेश्वरको ढाँचा नक्कल गर्दै निम्रोदलाई पिता परमेश्वर, सेमिरामिसलाई पवित्र आत्मा परमेश्वर र तम्मूजलाई पुत्र परमेश्वरको ढाँचामा प्रस्तुत गऱ्यो । तर बेबिलोनी धर्मले इसाई धर्मको सङ्ख्या ३ लाई प्रयोग गरी त्रिएकको सिद्धान्त नक्कल गर्न खोजे तापनि वास्तवमा त्यस धर्मको सुरुवात, अस्तित्व र त्यसको स्वभावलाई हेर्ने हो भने त्यो इसाई धर्मभन्दा पूर्णरूपमा फरक छ ।

बेबिलोनी धर्ममा निम्रोदलाई सूर्य देवता (Sun god), सेमिरामिसलाई चन्द्र देवता (Moon god) र तम्मूजलाई तारा देवता (Star god) मानिन्छ । बेबिलोनका राजाहरूले आफ्ना राज्यको साँध सीमाना छुट्टयाउन प्रयोग गरेका कुडुरु (Kudurru) भनिने ढुङ्गाको स्तम्भहरू मेसोपोटामियाका ऐतिहासिक क्षेत्रहरूमा पाइन्छन् (चित्र २ हेर्नुहोस्) । ती ढुङ्गाहरूमा मुख्य देवहरूका रूपमा सूर्य, चन्द्र र ताराहरू कुँदिएका हुन्छन् । सूर्य देवता, चन्द्र देवता र तारा देवताहरू शक्तिशाली छन् भनी तिनीहरूको सार्वभौमिकतालाई प्रदर्शन गर्न बेबिलोनीहरूले त्यस प्रकारका स्तम्भहरू प्रयोग गरेका हुनाले त्यतिबेला ती तीन देवी-देवताहरूको प्रभाव र शक्ति निकै ठूलो थियो होला भन्ने कुरामा हामी निश्चित हुन सक्छौं ।

पुरानो करारको समयमा बेबिलोनी धर्मको प्रभाव यति शक्तिशाली थियो कि परमेश्वरले चुन्नुभएको जाति भनेर चिनिने इस्राएलीहरूले पनि त्यस धर्मका देवी-देवताहरूको सेवा-आराधना गरे । तिनीहरूले निम्रोदलाई बाल (Baal) अथवा बार (Baar) देवताको रूपमा पूजा गरे (न्यायकर्ता २:१३; २ राजा १७:१६; २१:३;

यर्मिया ११:१७) । पूर्वको सूर्यको रूपमा (इजकिएल ८:१६) र सूर्य देवताको रूपमा (२ राजा १७:१६; २१:३; २३:४-५) पनि तिनीहरूले निम्रोदको सेवा गरे । सेमिरामिसलाई तिनीहरूले बारती (Baarti) अथवा बाल्ती (Baalti) र अशेरादेवीको (Asherah) रूपमा सेवा गरे (न्यायकर्ता ६:२५; १ राजा १४:१५; २ राजा १७:१०, १६; २१:३; यशैया १७:८) । तिनलाई अश्तोरेत देवीको (Ashtoreth) रूपमा (न्यायकर्ता २:१३; १०:६; १ शमूएल १२:१०), चन्द्र देवता (moon god) को रूपमा (२ राजा १७:१६; २१:३; २३:४-५) र स्वर्गकी रानीको (queen of heaven) रूपमा (यर्मिया ७:१८; ४४:१७-१८) पनि पूजा गरियो । त्यसैगरी निम्रोदको छोरा तम्मूजलाई तारा देवताको रूपमा सेवा गरे (२ राजा १७:१६; २१:३; २३:४-५; इजकिएल ८:१४) । त्यस्ता मूर्तिपूजाहरूमा सहभागी भएका हुनाले सृष्टिकर्ता परमेश्वरले इस्राएलीहरूलाई बेस्सरी हप्काउनु भयो ।



**चित्र २ – बेबिलोनको सूर्य देवता, चन्द्र देवता र तारा देवता**

यो राजा मेलिशिपाक- दोस्रोको पालामा कुडुरु क्षेत्रको सीमानामा पाइएको पत्थर हो ।

The 12th century B.C., Susa, Iran; Musee du Louvre, Paris, France.

## ख. सेमिरामिस र अर्धचन्द्रको आराधना

**Semiranmis And The Crescent Moon Worship**

निम्रोदको मृत्युपछि बेबिलोनी धर्मको अनुयायीहरूका विश्वासको संरचना झन् बलियो हुन थाल्यो । बेबिलोनीहरूले सेमिरामिसको शक्तिद्वारा तिनको छोरा तम्मूजलाई पहिले ईश्वरको रूपमा आराधना गर्ने गरेका निम्रोदको अवतार हो भनी विश्वास गर्थे । तिनीहरूले उक्त किम्वदन्ती चारैतिर फैलाएर सेमिरामिसको शक्तिलाई आदर गर्न थाले ।

सेमिरामिस बिस्तारै शक्तिशाली हुन थालिन् । पछि गएर निम्रोद, सेमिरामिस र तम्मूजमध्ये मानिसहरूले सेमिरामिसलाई बढी आदर गरेर तिनको आराधना गर्न थाले । तम्मूजलाई निम्रोदको अवतारको रूपमा जन्माउने सेमिरामिस नै हुन् भनी मानिसहरूले तिनलाई महान् देवीको रूपमा स्वीकार गरे । तिनीहरूले सेमिरामिसलाई निम्रोद र तम्मूजभन्दा उच्च स्थानमा राखे । मानिसहरूले सेमिरामिसको प्रतिमा बनाउँदा तम्मूजलाई तिनको काखमा राखिदिए । त्यसकारण छोरा तम्मूजलाई काखमा च्यापेको सेमिरामिस देवीको मूर्ति बेबिलोनी धर्मको परिचय दिने विशेष प्रतिमा बन्यो ।

संसारका विभिन्न भागहरूमा फैलिएको सेमिरामिसको चित्रहरूलाई हेर्ने हो भने धेरैमा तिनको थुप्रै स्तनहरू भएको देख्न सकिन्छ । उदाहरणको लागि प्रेरित १९:२-२८ मा चर्चा गरिएको घटनालाई लिन सकिन्छ । एफिससका मानिसहरूले सेमिरामिसलाई आर्तेमिस देवी भनेर पुकार्थे । त्यो आर्तेमिसको मूर्तिमा १८ देखि २४ वटा स्तनहरू छन्, जसको अर्थ सेमिरामिस देवीले मानिसलाई सन्तान, सुस्वास्थ्य र प्रचुर मात्रामा आशिष्हरू दिन्छिन् भन्ने हो । समयको बहावसँगै सेमिरामिसको प्रभाव बढ्दैगयो, जसको परिणामस्वरूप तिनको चरित्रहरू पनि वृद्धि हुँदैगयो, जस्तै : तिनले बाँझी स्त्रीलाई सन्तान दिन्छिन्, गरिबलाई खानेकुरा र धन सम्पत्ति दिन्छिन्, किसानलाई खेतीपातीमा बढी उब्जनी




### चित्र ३ – सेमिरामिस र तम्मूज

*Kitto's Illustrated Commentary*, Vol. 4, p. 31; Alexander Hislop. *The Two Babylons*, Antioch, 1997. p. 29.

### चित्र ४ – एफिससको आर्तेमिस देवी

सेमिरामिसलाई ग्रीक सँस्कृतिमा आर्तिमिस भनिन्थ्यो । विशेषगरी एफिससमा भएको आर्तिमिसको मूर्तिमा धेरै स्तनहरू थिए । त्यसको घाटीमा चन्द्रहार थियो । रोमी साम्राज्यमा त्यो फैलिँदै गयो र धेरै मानिसहरूले त्यसको आराधना गर्न थाले ।

A reproduction, the 2nd century A.D., Villa Adriana, Italy;
Vatican Museums. Licensor: Wknight94 (CC BY-SA 3.0).

### चित्र ५ – बेबिलोनको इश्तार

सेमिरामिसको यो मूर्तिको शिरमा अर्धचन्द्र छ, आँखा रुबीले बनाइएको छ अनि कान र घाटीमा सुनका गहनाहरू छन् । ईसापूर्व पहिलो शताब्दीतिर बेबिलोनमा यस्ता मूर्तिहरू बनाइन्थे ।

The 2nd century B.C.–the 2nd century A.D., Hillah, Iraq;
Musee du Louvre, Paris, France.






दिन्छिन्, व्यापारीको कारोबार बढाइदिन्छिन्, भाग्य राम्रो बनाइदिन्छिन् र त्यसको आराधना गर्नेहरूले मनले चिताएको कुरा प्राप्त गर्छन् आदि । अनि त्यही सेमिरामिस देवीले मानिसलाई मुक्ति पनि दिन्छिन् भन्ने अवधारणाहरू प्रचलित हुँदैगयो । यस्ता कुराहरूद्वारा सेमिरामिस देवीको प्रभाव बढ्दैगयो र बेबीलोनी धर्ममा तिनको आराधना गर्ने अभ्यासको निम्ति आधारभूत विश्वास सुरु भयो ।

मरुभूमिले भरिएका मध्यपूर्वको क्षेत्रहरूमा अत्याधिक गरम हुन्छ । त्यहाँ सूर्यको ताप सहनै नसक्ने हुन्छ । त्यहाँका मानिसहरूले दिउँसो देखापर्ने सूर्यलाई भन्दा रातमा देखापर्ने चन्द्रमालाई बढी रुचाउँछन् । मधुरो प्रकाश, शितलता र शान्ति दिने भएकोले गर्दा बेबिलोनका मानिसहरूले चन्द्रमालाई पूजा गर्न थाले । विशेष गरी विभिन्न आकारमा दिनदिनै परिवतर्न हुने अनि अन्धकार हटाएर उज्यालो दिने चन्द्रमाको रहस्यमय स्वरूपले तिनीहरूलाई आश्चर्यमा पारेको थियो । उक्त कुरामा अलमल्ल परेका बेबिलोनी क्षेत्रका मानिसहरूले चन्द्रमा नै सेमिरामिस देवी हुन् भनी विचार गर्न थाले । रातको अन्धकारलाई हटाएर उज्यालो प्रकाश दिने अर्धचन्द्रको स्वरूप नै सेमिरामिस देवीको प्रतिक हुन थाल्यो र त्यसले मानिसको भाग्य राम्रो बनाइदिन्छ, असल खबर ल्याउँछ र जीवनमा नयाँ आशा अनि आशिष् ल्याउँछ भनी त्यहाँका मानिसहरूले विश्वास गर्न थाले ।

पुरानो करार बाइबलमा हेर्ने हो भने परमेश्वरका सन्तान हौं भनी दाबी गर्ने इस्राएलीहरूले समेत त्यस्ता नक्षत्रहरूको पूजा गरेका खराब कुरा देख्न सकिन्छ (सपन्याह १:५) । इस्राएलीहरू र तिनीहरूका वरिपरि बस्ने मानिसहरूले अर्धचन्द्रको स्वरूपमा निर्माण गरिएका विभिन्न प्रकारका गरगहनाहरू लगाउँथे (न्यायकर्ता ८:२१-२६; यशैया ३:१८) । अर्को कुरा के हो भने औंसीपछिको रातदेखि (प्रतिपदादेखि) आकाशमा अर्धचन्द्र देखिने भएकोले उक्त दिनलाई महिनाको पहिलो दिन मानेर इस्राएलीहरूले महत्वसाथ त्यस विशेष दिनमा औंसीको चाड (The New Moon Festival) मनाउन थाले (१ शमूएल २०:५, १८; यशैया ४७:१३; आमोस ८:५;

कलस्सी २:१६) । औँसीको चाँड इस्राएलीहरूको निम्ति महत्वपूर्ण हुन्थ्यो र त्यसदिन तिनीहरूले चन्द्रहार र अरू गहनाहरू पहिरिने गर्थे । यी तथ्यहरूलाई गहिरिएर विचार गर्ने हो भने तिनीहरूमा बेबिलोनीहरूको चन्द्र देवी सेमिरामिसलाई पुज्ने सँस्कृतिले गहिरो जरा गाडेको थियो भन्ने कुरामा हामी निश्चित हुनसक्छौँ ।

## ग. देवीको आराधना गर्ने प्रथा र त्यसको विस्तार

### Goddess Worship And Its Expansion

जब बेबिलोनी धर्म मध्यपूर्व अनि त्यस वरिपरिका भूभागहरूमा फैलिँदै गयो, तब देवीलाई पुज्ने प्रचलन पनि त्योसँगै फैलिन थाल्यो । विशेषगरी विभिन्न स्थानका मानिसहरूले सेमिरामिसलाई आ-आफ्नै स्थानीय भाषाद्वारा पुकार्न थाले, जसको फलस्वरूप तिनको थुप्रै नाउँहरू भए । बेबिलोनीहरूले तिनलाई इनान्ना (Inanna) भन्छन्, र यसको अर्थ स्वर्गकी रानी (queen of heaven) हुन्छ । तिनीहरूले त्यसलाई इश्तार (Ishtar) पनि भन्थे । फोनिसिया (Phoenicia) अर्थात् अहिलेको लेबानन र पूर्वी सिरियाका मानिसहरूले त्यो देवीलाई आस्टार्ती (Astarte) भनेर सम्बोधन गर्दथे । आस्टार्तीलाई हिब्रू भाषामा अशेरादेवी (Asherah) भनेर अनुवाद गरियो (प्रस्थान ३४:११-१३; व्यवस्था ७:५) । त्यसलाई कनान र त्यसको छिमेकी भूभागहरूमा अश्तोरेत देवी (Ashtoreth) भनिन्थ्यो (न्यायकर्ता २:१२-१३; १ राजा ११:५; २ राजा २३:१३) । पर्सियाका मानिसहरूले उक्त सेमिरामिस देवीलाई अनाहिता (Anahita) भन्दथे र मिश्रीहरूले चाहिँ त्यसलाई आइसिस (Isis) भन्दथे ।

जब बेबिलोनी धर्म युरोपमा पुग्यो, तब त्यहाँ ग्रीकहरूले सेमिरामिसको चरित्रहरूमा आधारित थुप्रै नयाँ देवीहरूको आविस्कार गरे । तिनीहरूका केही नमुनाहरू यस प्रकारका छन् : हेरा (Hera) - यसलाई जियुसको पत्नी (wife of Zeus) भनिन्छ, अथेना (Athena) - यसलाई बुद्धि र रणनीतिकी देवी (goddess of

wisdom and strategy) भनिन्छ, अफ्रोडाइट (Aprodite) - यसलाई प्रेम र सुन्दरताकी देवी (goddess of love and beauty) भनिन्छ, डेमेटर (Demeter) - यसलाई कृषिकी देवी (goddess of agriculture) भनिन्छ; यस्तै अरू नाउँहरू पनि छन् । विशेष गरी चन्द्रमासँग सम्बन्धित देवीचाहिँ आर्तेमिस (Artemis) हुन् । एफिससका मानिसहरूले आर्तेमिसलाई आराधना गर्ने स्थललाई 'महान् आर्तेमिस देवीको मन्दिर' भन्दथे (प्रेरित १९:२४-२८) ।

(पृष्ठ ९१ मा भएको तालिका ५ - पौराणिक ग्रीक र रोमी धर्मका देवी-देवताहरू हेर्नुहोस् ।)



**चित्र ६ – यहूदियाको अशेरा देवी**

कनान क्षेत्रमा अशेरा देवीको यस्ता हजारौँ मूर्तिहरू पाइएका छन् । ती मूर्तिहरू छोटो कदका र त्यसको हात स्तनमा राखिएको छ अनि कपाल घुँगुरिएको छ ।

Judean Pillar-figurine, Iron Age.

रोमीहरूले उक्त देवीलाई डायना (Diana) भन्दथे र ल्याटिनहरूले मिआ डोमिना (Mea Domina) भन्दथे, जसको अर्थ मेरी माता (My Lady) हुन्छ। इटालियनहरूले तिनलाई म्याडोना (Madona) भन्दथे; त्यस्तैगरी जर्मनीहरूले हेर्था (Hertha) र स्काण्डनेभिएनका मानिसहरूले (Scandinavians) डिसा (Disa) भनेर सम्बोधन गर्दथे ।

विगतका मानिसहरूले उक्त देवीलाई विभिन्न नाउँहरूद्वारा यति धेरै मात्रामा आराधना गरे कि त्यसको जरा आजको आधुनिक समयमा पनि देख्न सकिन्छ । ग्रीकहरूले फसल कटनीको समयमा आर्तेमिस देवीलाई पुज्ने ठूलो चाड मनाउने गर्दथे । त्यही चाडको अवसर पारेर तिनीहरूले ओलम्पिक खेलको सुरुवात गरे,



**चित्र ७ – मिश्रदेशको आइसिस**

आइसिसले आफ्नो छोरा होरुसलाई बोकेको छ । तिनले कोब्रा सर्प भएएको मुकुट लगाएकी छिन् ।

The 7th century B.C., Egypt; Walter's Art Museum, Baltimore, U.S.A.. Licensor: Jeff Kubina (CC BY-SA 2.0).



**चित्र ८ – रोमको डायना**

डायनाको टाउकोमा अर्धचन्द्ररूपी गहना छ । तिनलाई चन्द्रमा र सिकारको देवी भनेर चिनिन्छ । जर्मनको Amalienburg of Nymphenburg भन्ने ठाउँमा भएको विशाल दरवारमा यो मूर्ति राखिएको छ ।

Amalienburg, Nymphenburger Park, Germany. Licensor: Usien (CC BY-SA 3.0).



**चित्र ९ – ओलम्पिक ज्योति (ग्रीसको ओलम्पिया)**

Singapore 2010 Summer Youth Olympics, the torch-relay, Olympia, Greece. Licensor: Rosso Robot (CC BY-SA 3.0).



**चित्र १० – ओलम्पिक ज्योति (कोरियाको सोल)**

Seoul 1988 Summer Olympics, the ceremonial torch, Korea.

जुन अहिले संसारभरि प्रसिद्ध छ । उक्त खेलको उद्‌घाटन गरिँदा ओलम्पिक ज्योति (Olympic Torch) प्रज्वलन गरिन्छ, जुन देवीको आराधना गर्ने अभ्यासको उच्चतम प्रस्तुति हो (चित्र ९, १०) । जब ओलम्पिक ज्योति प्रज्वलनद्वारा खेलको आरम्भ गरिन्छ, तब प्रत्यक्षदर्शी तथा सञ्चारका माध्यमहरूद्वारा संसारभरिका खेलप्रमी मानिसहरूले त्यसलाई हेरेर खुसीसाथ ठूलो स्वरमा चिच्याएर ताली बजाउँछन्, तब त्यसबेला हामीले चाहिँ हजारौँ वर्षअघि सुरु भएको बेबिलोनी धर्मको जराले अहिलेसम्म निरन्तरता पाइरहेको कुरामा गम्भीर भएर सोच्नु पर्छ ।

संयुक्त राज्य अमेरिकाको न्यूयोर्क शहरमा स्थापित स्वतन्त्रता देवीको मूर्तिलाई अबलोकन गर्ने हो भने त्यसमा पनि हामी यसै विषयसँग सम्बन्धित देवीलाई आराधना गर्ने पुरानो धर्मको प्रतीक भेट्टाउन सक्छौँ (चित्र १२) । उक्त स्वतन्त्रताको विशाल प्रतिमाले ग्रीक दर्शनशास्त्रले जन्माएको मानवतावादलाई प्रतिविम्वित गर्छ । स्वतन्त्रता देवीको मूर्तिलाई हेर्दा, त्यो ग्रीसमा भएको अथेना दवीको मूर्तिसँग मिल्दो-जुल्दो देखिन्छ । ती दुई देवीहरूको शिरमा भएको मुकुट र तिनीहरूले लगाएको वस्त्रहरूको ढाँचा उस्तै देखिन्छ । यी दुई ठूला प्रतिमाहरूले महिलाको शक्ति र बौद्धिक क्षमतालाई प्रतिबिम्बित गर्छ । अथेना देवीलाई बुद्धि दिने र युद्धमा विजय गराउने भनिन्छ र त्यसले ग्रीसको एथेन्स सहरलाई सुरक्षा दिन्छ भन्ने तिनीहरूको विश्वास छ । ग्रीक दर्शनशास्त्र र त्यहाँको अवधारणाअनुसार उक्त देवीले तिनीहरूका जीवनमा महत्वपूर्ण भूमिका खेलेकी छिन् (चित्र ११) । न्यूयोर्कमा भएको स्वतन्त्रता देवीको मूर्तिले अथेना देवीलाई फेरि जीवित पार्ने काम गरेको छ । तिनको दाहिने हातमा भएको प्रज्वलित ज्योतिले ज्ञानवाद र तर्कवादलाई प्रतिविम्वित गर्छ भने देब्रे हातमा भएको पुस्तकले मानवीय स्वतन्त्रताको घोषणा गर्छ ।

## घ. तारा–देवताको आराधना

**The Star-god Worship**

बेबिलोनी धर्मबाट प्रभावित भएका सांसारिक धर्महरूले सेमिरामिसको मात्र सेवा-आराधना गरेन तर तिनीहरूले तारा देवताको रूपमा तम्मूजको पनि सेवा गऱ्यो । ज्योतिषशास्त्र (Astrology) अर्थात् राशिफल (Horoscopy) हेर्ने प्रचलन बेबिलोनबाट सुरु भयो । त्यतिबेला बेबिलोनी क्षेत्रलाई कल्दीहरूले शासन गर्थे (कल्दीया भन्ने ठाउँमा अब्राहमको घर थियो) । बेबिलोनी ज्योतिषशास्त्रको प्रभाव यति ठूलो थियो, कि करिब २,००० वर्षपश्चात् पनि त्यो ग्रीस, रोमलगायत अन्य ठाउँहरूमा फैलिएर गयो र कल्दी (Chaldean) भन्ने शब्द ज्योतिषीहरूलाई बुझाउने पर्यायवाची शब्दको रूपमा प्रचलित हुन थाल्यो ।



**चित्र ११ – ग्रीसको अथेनादेवी**

A reproduction, Parthenon, Athens, Greece.
Licensor: William Neuheisel (CC BY 2.0).



**चित्र १२ – स्वतन्त्रताकी देवी (न्युयोर्क)**

स्वतन्त्रताकी देवी अथेनादेवीको नक्कल हो ।

1886 A.D., Liberty Island, New York, U.S.A..
Licensor: Elcobbola (CC BY-SA 3.0).

| ठाउँ / क्षेत्र | सेमिरामिसको विभिन्न नाउँहरू |
|---|---|
| **बेबिलोन** | इनान्ना (स्वर्गकी रानी), इश्तार |
| **फोनेसिया** | आस्टार्ती |
| **कनान र त्यसको छिमेकी ठाउँहरू** | अशेरादेवी (प्रस्थान ३४:११-१३; व्यवस्था ७:५);<br>अश्तोरेतदेवी (न्यायकर्ता २:१२-१३; १ राजा ११:५; २ राजा २३:१३) |
| **मिश्र** | आइसिस |
| **पर्सिया** | अनाहिता |
| **ग्रीस** | आर्तेमिस, हेरा, अथेनादेवी आदि |
| **रोम** | डायना, मिआ डोमिना, म्याडोना |
| **जर्मन** | हेर्था |
| **स्काण्डनेभिया** | डिसा |

**तालिका ४ – क्षेत्रगत रूपमा सेमिरामिसको स्थानीय विभिन्न नाउँहरू**

बाइबलमा दानिएलको पुस्तकमा कल्दीहरूको बारेमा चर्चा गरिएको छ, र त्यहाँ तिनीहरूलाई बुझाउन नेपाली बाइबलमा 'ज्योतिषहरू' भनी लेखिएको छ (दानिएल २:४-५, १०; ४:७; ५:७, ११) । दानिएलको पुस्तकमा अगमवक्ता दानिएललाई बेबिलोनी साम्राज्यद्वारा कब्जा गरी लगिएको बेलाको घटनाहरू समेटिएका छन् । इ.पू.५८६ देखि ५१६ सम्म मध्यपूर्व क्षेत्रमा बेबिलोनी साम्राज्यले अधिन गरेको समयमा ज्योतिषीहरूलाई सम्बोधन गर्न 'कल्दी' भन्ने शब्द प्रयोग गरिन्थ्यो भन्ने कुरा दानिएलको लेखाइबाट प्रमाणित गर्न सकिन्छ ।

ज्योतिषशास्त्रको माध्यमद्वारा राष्ट्र, समाज र व्यक्तिको भविष्य र भाग्य बताइने गरिन्छ । त्यसो गर्नको निम्ति ज्योतिषीहरूले ग्रह, तारा र नक्षत्रहरूको अवस्था र चाललाई अवलोकन गर्ने गर्छन् । वास्तवमा भन्ने हो भने ज्योतिषशास्त्र मूर्तिपूजासँग सम्बन्धित छ किनभने ज्योतिषहरूका क्रियाकलाप अवलोकन गर्दा तिनीहरूले सृष्टिकर्ता परमेश्वरमाथि विश्वास नगरी उहाँले सृष्टि गर्नुभएका आकाशका विभिन्न ग्रह, तारा र नक्षत्रहरूमा भर पर्ने गरेका देखिन्छ । त्यतिबेला मानव सभ्यताको केन्द्रबिन्दु कल्दीहरूको क्षेत्र थियो । त्यहीँबाट नै मानवीय विज्ञान र गणित शास्त्रको विकास हुन थाल्यो अनि मानिसहरूले दुष्टबाट आएको ज्ञान-बुद्धि प्रयोग गरेर ज्योतिशास्त्रको विकास गरे ।


ARIES (March 21-April 19):
TAURUS (April 20-May 20):
GEMINI (May 21-June 20):
SCORPIO (Oct. 23-Nov. 21):
SAGITTARIUS (Nov. 22-Dec. 21):
CAPRICORN (Dec. 22-Jan. 19):

**चित्र १३ – अमेरिकाको** Chicago Sun-Times **भन्ने पत्रिकामा छापिएको राशिफलको एक झलक**

जन्ममितिको आधारमा नक्षत्र हेरी राशि पत्ता लगाएर मानिसको भाग्य बताउने गरिन्छ ।

Chicago Sun-Times, U.S.A., April 30, 2011, p. 32.

ज्योतिषशास्त्रको प्रभाव यति बढ्नथाल्यो कि परमेश्वरले चुन्नुभएको इस्राएलीहरूले पनि ताराहरूलाई पुज्नथाले, जसले गर्दा परमेश्वर रिसाउनु भई तिनीहरूलाई दोषी ठहऱ्याउनुभएको र गाली गर्नुभएको हामी बाइबलमा धेरै पटक पढ्छौं (व्यवस्था १७:३; २ राजा १७:१६; २१:३; २३: ४-५; २ इतिहास ३३:३-५; यर्मिया १९:१३; सपन्यह १:५) । इस्राएलीहरूले तम्मूजको निम्ति शोक गरे अनि त्यसको सेवा-आराधना पनि गरे (इजकिएल ८:१४) । त्यसकारणले गर्दा परमेश्वरले तिनीहरूलाई कडासित हप्काउनु भयो ।

हजारौं वर्षअघि बेबिलोनमा सुरु भएको ज्योतिषशास्त्र र राशिफल हेर्ने प्रचलन आज संसारको पूर्वेली तथा पश्चिमेली जगतमा प्रख्यात छ । विशेष गरी पश्चिमी संसारको अमेरिका, क्यानडा र युरोपेली मुलुकहरूबाट दैनिक निस्किने खबर-कागजहरूमा प्रत्येक दिन मानिसहरूको भाग्य बताउनको लागि राशिफल छापिने गर्छ । त्यतिमात्र होइन पूर्वेली संसारका मुलुकहरूबाट निस्किने खबर-कागजहरूमा पनि राशिफललाई प्राथमिकता दिएर छापिने गरिन्छ । तम्मूजलाई आराधना गर्ने पुरानो प्रचलनले अहिलेको आधुनिक संसारका मानिसहरूका जीवनशैलीलाई प्रत्यक्षरूपमा कब्जामा पारेको यसले स्पष्ट पार्दछ ।

# ९. प्राचीन सर्प, अजिङ्गर र शैतान

## The Old Serpent, The Dragon And Satan

बेबिलोनी धर्ममा विद्यमान निम्रोद, सेमिरामिस र तम्मूजको त्रिकोणात्मक सम्बन्धद्वारा प्रादुर्भाव भएको ज्यातिषशास्त्रीय अवधारणा अनि सूर्य, चन्द्रमा र ताराहरूलाई पुज्ने तथा देवीलाई आराधना गर्ने प्रचलन चारैतिर फैलिन थाल्यो । त्यसको साथै यस धर्मको केन्द्रमा रहेको शैतानको प्रतिनिधित्व गर्ने सर्प र अजिङ्गरको स्वरूप पनि संसारभरि फैलियो । आदम र हव्वालाई परीक्षामा पार्ने शैतान अथवा दुष्ट त्यही प्राचीन सर्प हो भनी प्रकाश २०:२ ले बताउँछ । 'यस संसारको देव' भएर मानिसको चाहनाहरू पूरा गरेर त्यसबाट आधारना पाउनको लागि शैतानले आफूलाई धेरै रूपहरूमा प्रकट गरेको छ ।

### क. सांसारिक धर्महरूमा सर्पहरू र अजिङ्गरहरूको अस्तित्व

**Serpents And Dragons in World Religions**

आत्मिक आयामको गहिराइमा रहेका सांसारिक धर्महरू बिना अपवात सर्प र अजिङ्गरसँग सम्बन्धित छ । बेबिलोनमा भएको मर्दुक देवता निम्रोदको विकसित रूप थियो (यर्मिया ५०:२) र त्यसको स्वरूपलाई अजिङ्गरले प्रतिनिधित्व गर्थ्यो (चित्र १४, १५) । प्राचीन मिश्र तथा रोमी साम्राज्यमा मिथ्रा

(Mithra) भन्ने देवतालाई पुज्ने गरिन्थ्यो (चित्र १७) र त्यसको शरीरलाई सर्पले बेह्रेको हुन्थ्यो । अमेरिकाको केन्द्रीय भागमा बस्ने इण्डियनहरूले कुकुल्कन (Kukulcan) भनिने मायान सर्पलाई (Mayan Snake) उद्धारकर्ता हो भनी विश्वास गर्छन् (चित्र १८) । स्काण्डभेनियनहरूले मिडगार्ड (Midgard) भन्ने अर्को सर्प देवतालाई आराधना गर्ने गर्छन्। संसारका विभिन्न स्थानका मानिसहरूले अझै पनि सर्प र अजिङ्गरलाई मुक्ति दिने देवताको रूपमा स्वीकार गरी तिनीहरूका सेवा-आराधना गर्ने गर्छन् ।

यसबारेमा थप अध्ययन गर्दैजाने हो भने ग्रीकहरूको पुरानो मन्दिरहरूमा सर्पहरू कुँदिएको पाइन्छ । पौराणिक ग्रीक आख्यानअनुसार अर्फियसको अण्डाले (Orphic Egg) पृथ्वीलाई बुझाउँछ र त्यो अण्डालाई सर्पले बेह्रेको हुन्छ (चित्र १६) । यसको

**चित्र १४ – बेबिलोनको मर्दुक देवता अजिङ्गरमाथि बसेको**

A drawing on a Babylonian cylinder seal.



**चित्र १५ – अजिङ्गरको रूप भएको मर्दुक**

नबुकदनेसर राजाले बनाएको इस्तार ढोकामा कुँदिएको चित्र । यो अजिङ्गरले मर्दुकलाई सङ्केत गर्छ ।

Istanbul Archaeological Museum, Turkey.
Licensor: Lostinafrica (CC BY-SA 3.0).



अर्थ के हो भने त्यस अण्डा अर्थात् पृथ्वीलाई वरिपरि घेर्ने सर्प यो संसारको सम्पूर्ण मानवजातिको उद्धारकर्ता हो ।

ग्रीक तथा रोमी पौराणिक कथनअनुसार एस्कुलेपियस (Aesculapius) भन्ने देवता मानिसको उद्धारकर्ता हो । यसलाई औषधि विज्ञानको देवता मानिन्छ र यसको प्रतीक सर्पले बेह्रेको छडी हो (चित्र १९) । त्यसैगरी कडुसियस (Caduceus) भन्ने हर्मेस देवताको छडीले शान्ति र चिकित्साशास्त्रलाई बुझाउँछ । ग्रीक र रोमी कथनअनुसार यसलाई ईश्वरको सन्देशबाहक मानिन्छ (चित्र २०) । यो छडी जैतुनको काठबाट बनाइएको हुन्छ र त्यसलाई दुई वटा सर्पहरूले बेह्रेको हुन्छ अनि त्यसको माथिपट्टि टुप्पामा स्वर्गदूतको जस्तै दुइवटा पखेँटाहरू राखिएका हुन्छन् ।

यस प्रकारको सर्प बेह्रिएको छडीलाई शान्ति र उद्धारको प्रतीकको रूपमा प्रयोग गरिन्छ । हालसालै यसप्रकारका सर्प भएको चित्रहरूलाई विश्व स्वास्थ्य सङ्गठन (WHO, World Health Organization), विश्व चिकित्सक सङ्घ (WMA, World Medical Association), अनि कोरियाली चिकित्सक सङ्घ (KMA, Korean Medical Association), र यस्तै अरू सङ्घ-संस्थाहरूले आफ्नो प्रतीक मानी औपचारिक छापको रूपमा प्रयोग गरेका छन् । बिरामीहरू ओसार-पसार गर्ने गाडीहरूमा पनि हामी यस्ता चित्रहरू देख्न सक्छौं ।

आजभोलि मेडिकल कलेजबाट पढाइ सकाएर डाक्टरी पेशा अपनाउने व्यक्तिहरूले दिक्षान्त समारोहमा सबैका सामु स्वर मिलाएर यस्तो कपटपूर्ण सपथ खान्छन् (Hippocrates, 460-377 B.C.) : "म चङ्गाइ गर्ने देवाताहरू अपोलो, एस्कुलेपियस, हाइगिया र पानासियाको नाउँमा सपथ खान्छु, र म सबै देवी-देवताहरूलाई यसको साछी राख्छु ..." (I swear by Apollo, the healer, Aesculapius, Hygieia, and Panacea, and I take to witness all the gods all the goddess ... ) । यसरी चिकित्साशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूले बिरामीहरूको शारीरिक रोग निको पार्नको निम्ति सर्प देवताहरूका नाउँमा कसम खाने गर्छन् ।



चित्र १६ - यहाँ सर्पले अण्डालाई बेह्रेको छ र यो अण्डाले पृथ्वीलाई सङ्केत गर्छ।

Jacob Bryant. 1774 A.D.; Alexander Hislop. *The Two Babylons,* Antioch, 1997. p. 148.

चित्र १७ - मिथ्राको प्रतिमा

Licensor: justin wilson – solidariat (CC BY 2.0).



**चित्र १८ – माया सभ्यताको सर्प–देवता : कुकुल्कन**

A drawing of the vision serpent - Lintel 15, Yaxchilan, Mexico; Herbert Spinden. *A Study of Maya Art*, 1913.



१९



२०



२१



२२



२३




**चित्र १९ – एस्कुलेपियसको छडी**

Licensor: Ddcfnc (CC BY-SA 3.0).

**चित्र २० – हर्मेसको छडी : कडुसियस**

Pearson Scott Foresman.

**चित्र २१ – विश्व स्वस्थ्य सङ्गठन (WHO)**

**चित्र २२ – विश्व चिकित्सक सङ्घ (WMA)**

**चित्र २३ – कोरियन चिकित्सक सङ्घ (KMA)**

बेबिलोनी धर्मको देवीलाई आराधना गर्ने प्रचलन फैलिँदैजाँदा देवीको मूर्तिहरूमा सर्प देखिन थाल्यो । मिश्रदेशको हाथोर (Hathor) देवीको शिरमा सर्प बसेको स्पष्ट देखिन्छ (चित्र २४) । क्रेटका मानिसहरूले सर्पलाई देवीको रूपमा आराधना गर्दथे (चित्र २५) । अफ्रिकामा नदीको मुख्य देवी भनेर चिनिने माम्मी वाटाको (Mammy Watta) शरीरभरि सर्पले बेह्रेको हुन्छ (चित्र २६) । त्यसलाई पुज्ने प्रचलन कङ्गो नदीबाट (Congo River) सुरु भएर अफ्रिकाको पश्चिमी र केन्द्रीय भागसम्म फैलिएको थियो ।

## ख. बाइबल अनि सर्प

**The Bible And The Serpent**

सर्पसँग सम्बन्धित बाइबलको केही खण्डहरूको अर्थ खोल्न निकै गाह्रो छ । येशूले सर्पको बारेमा भन्नुभएको केही कुराहरू हेरौँ ।

"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ" (यूहन्ना ३:१४) ।

"यसकारण तिमीहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष होओ" (मत्ती १०:१६) ।

यदि यी खण्डहरूभित्र लुकिएको आत्मिक अर्थ राम्रोसँग बुझ्न सकिएन भने त्यसलाई गलत प्रकारले व्याख्या गरिने डर हुन्छ, र त्यसको कारणले गर्दा मानिसहरू अलमल्लमा परेर गलत बाटोतिर जानेछन् ।



२४

## चित्र २४ – मिश्रदेशको हाथोर देवी

हाथोर प्रेम र सुन्दरताकी देवी हुन्। तिनको कपालमा सूर्य आकारको गहना छ, जहाँ गाईको दुई सिङहरू र कोब्रा सर्प राखिएको छ।

Licensor: Jeff Dahl (CC BY-SA 3.0) – reference: Richard H. Wilkinson. *The complete gods and goddesses of ancient Egypt*, London: Thames & Hudson, 2003.

## चित्र २५ – क्रेटको सर्प देवी

मिनोअनको ऐतिहासिक साँस्कृतिक क्षेत्रमा पाइएको देवीको मूर्ति, जसले दुवै हातमा सर्प लिएकी छिन्।

The 16th century B.C., Minoan culture, The Palace of Knossos, Crete. Licensor: Chris 73 (CC BY-SA 3.0).

## चित्र २६ – अफ्रिकाको माम्मी वाटा

माम्मी वाटालाई पानीमा बस्ने सात वटा सर्पको टाउकोहरूले घेरेको मत्स्यकन्याको रूपमा प्रस्तुत गरिन्छ।

A Samoan snake charmer, around 1880 A.D., The common image of Mammy Watta, goddess of Africa.



२५



२६

## १. **मोशाले बनाएको काँसाको सर्प के थियो ?**(What Was The Bronze Serpent That Moses Made?)

आउनुहोस्, अब हामी पुरानो करारमा उल्लिखित काँसाको सर्पको बारेमा चर्चा गरौँ (गन्ती २१:४-९) । परमेश्वरले इस्राएलीहरूलाई मिश्रदेशबाट निकालेर मरुभूमिको बाटो हुँदै दूध र मह बग्ने देशतिर लाँदैहुनुहुन्थ्यो । त्यसको निम्ति यहोवा परमेश्वरलाई धन्यवाद दिनुको सट्टामा तिनीहरूले उहाँको विरुद्धमा गनगन गरे । त्यसकारणले गर्दा परमप्रभुले अति विषालु सर्पहरू पठाउनुभयो, र सर्पको डसाइले धेरै इस्राएलीहरू मरे । त्यो देखेर मोशाले परमेश्वरसँग ती सर्पहरू हटाइदिनुहोस् भनी बिन्ती गरे । त्यसपछि यहोवा परमेश्वरले (जो नयाँ करारमा येशू हुनुहुन्छ) मोशालाई काँसाको सर्पको प्रतिमा बनाएर खामामा झुण्ड्याउने आज्ञा दिनुभयो । उहाँले मोशालाई भन्नुभयो, *"सर्पले डसेकाहरूले त्यसलाई हेरून् अनि तिनीहरू बाँच्नेछन्"* (गन्ती २१:४-९) । मोशाले परमेश्वरले भन्नुभएअनुसार गरे । अनि विषालु सर्पले डसेका मानिसहरूले आफ्ना आँखा उठाएर त्यो काँसाको सर्पलाई हेरे, र तिनीहरू बाँचे । उक्त काँसाको सर्पले के कुरालाई बुझाउछ त ? काँसाको सर्पलाई बाइबलीय आधारमा अर्थ लगाउने दुइवटा सिद्धान्तहरू छन् ।

पहिलो सिद्धान्तले उक्त काँसाको सर्पले स्वयम् येशूलाई प्रतिनिधित्व गर्छ भनी भन्छ । यो सिद्धान्त यूहन्ना ३:१४-१५ मा आधारित छ, जहाँ येशूले यसो भन्नुभयो : *"जसरी मोशाले उजाडस्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनु पर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।"* केही बाइबल विद्वान्हरूले यस खण्डलाई यसरी व्याख्या गर्छन् : काँसाको सर्प भनेको येशू हो र त्यसको रातो रङ्ग भनेको येशू ख्रीष्टको रगत हो । यस व्याख्याले समस्या समाधान नगरी उल्टो यस्तो प्रश्न उब्जाउँछ : किन येशू शैतानलाई प्रतिनिधित्व गर्ने सर्पको रूपमा प्रस्तुत हुनुभयो ? यो सिद्धान्तले यस प्रश्नको स्पष्ट जवाफ दिन सक्दैन ।

दोस्रो सिद्धान्तले मोशाले बनाएको उक्त काँसाको सर्पले शैतानको सन्तानलाई बुझाउँछ भनी भन्छ । यो सिद्धान्तअनुसार त्यो काँसाको सर्पले उत्पत्ति ३:१५ मा उल्लिखित शैतानको सन्तानलाई सङ्केत गर्छ । उक्त पदमा भएको भविष्यवाणीले 'स्त्रीको सन्तान' र 'शैतानको सन्तान'को बीचमा क्रूसमा हुने द्वन्द्वलाई बुझाउँछ । यस दोस्रो सिद्धान्तको व्याख्याअनुसार मोशाले काँसाको सर्पलाई (शैतानको सन्तानलाई) खामामा झुण्डयाउँदा, त्यो काठको खामामा येशू (स्त्रीको सन्तान) काँसाको सर्पको पछाडि हुनुहुन्थ्यो । सर्पले डसेका इस्राएलीहरू काँसाको सर्पलाई हेरे को कारणले होइन तर त्यसको पछाडिपट्टि हुनुभएको येशू अर्थात् स्त्रीको सन्तानलाई हेरेको कारणले बाँचेका थिए ।

निष्कर्षमा भन्नुपर्दा मोशाले बनाएको काँसाको सर्प येशू होइन तर शैतानको सन्तान हो । ती इस्राएलीहरूका आत्मिक आँखालाई अन्धकारले ढाकेको हुनाले उक्त घटनाको आत्मिक अर्थ बुझ्न सकेनन् । परिणामस्वरूप तिनीहरूले काँसाको सर्पलाई मूर्तिको रूपमा स्वीकार गरे । मोशाले बनाएको नहूश्तान भन्ने काँसाको सर्पको प्रतिमालाई तिनीहरूले धूप बाल्ने गर्थे । वास्तवमा त्यो तामा र अन्य धातु मिसाएर बनाइएको मूर्ति मात्र थियो । राजा हिजकियाले (King Hezekiah, 715-686 B.C.) त्यो काँसाको सर्पको घृणित मूर्तिलाई टुक्रा-टुक्रा पारिदिए (२ राजा १८:४) । उक्त महत्वपूर्ण ऐतिहासिक घटनाको आधारमा त्यो काँसाको सर्पले येशूलाई होइन तर शैतानको सन्तानलाई बुझाउँछ ।

त्यसकारण म यस पुस्तकको लेखकको हैसियतले यही दोस्रो सिद्धान्तलाई स्वीकार गर्छु, किनभने यसको बाइबलीय आधार बलियो छ । इस्राएलीहरूले वास्तवमा काँसाको सर्पको पछाडिपट्टि उपस्थित हुनुभएको स्त्रीको सन्तान अर्थात् येशूलाई हेरेर बाँचे (गन्ती २१:९) । येशूले यहून्ना ३:१४ मा 'जसरी मोशाले उजाड स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनु पर्छ' भन्नुभयो । मोशाले काँसाको सर्पलाई माथि उचालेर खाँमामा झुण्डयाउँदा, स्त्रीको सन्तानको रूपमा

त्यहाँ उपस्थित हुनुभएको येशूलाई पनि माथि उचालेका थिए । विषालु सर्पको डसाइले मर्न लागेका इस्राएलीहरूले जब उक्त काँसाको सर्पको पछाडि हुनुभएको येशूलाई हेरे, तिनीहरू बाँचे अनि फेरि जीवन पाए । त्यही कारणले यूहन्ना ३:१४-१५ मा येशूले भन्नुभयो, *"जसरी मोशाले उजाडस्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनु पर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।"*

उत्पत्ति ३:१५ मा भविष्यवाणी भएअनुसार कलबरी डाँडाको क्रूसमा प्रभु येशू र शैतानको सन्तानको बीचमा पक्कै आत्मिक युद्ध हुनुपर्ने थियो । त्यसबेला शैतानको सन्तानले येशूको कुर्कुच्चो डस्यो र येशूले त्यसको शिर कुच्च्याउनु भयो । अन्तमा शैतानको सन्तानसँगको युद्धमा येशू विजयी हुनुभयो । त्यसैले येशू त्यसबेला क्रूसमा शैतानको सन्तानसँगै हुनुहुन्थ्यो भनी बुझ्न सकिन्छ ।

## २. **'सर्पझैँ चनाखो हुनु अनि ढुकुरझैँ निर्दोष हुनु' भन्ने वाक्यांशको अर्थ** (The Meaning of "Being As Shrewd As Snakes And As Innocent As Doves")

आफ्ना चेलाहरूलाई सुसमाचार प्रचार गर्न पठाउनुभन्दा पहिले येशूले यस्तो आज्ञा दिनुभयो, *"तिमीहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष (सोझो) होओ"* (मत्ती १०:१६) । यहाँ उल्लिखित चनाखो भन्ने शब्द ग्रीक भाषाको फ्रोनिमसबाट (Phronimos) आएको हो, जसको अर्थ बुद्धिमान्, सम्बेदनशील अथवा तीक्ष्ण बुद्धि भन्ने हुन्छ । अब सर्पझैँ चनाखो हुनु भनेको के हो त ? येशूको शिक्षाअनुसार सर्प भनेको शैतानको चिन्ह हो । त्यसो भए किन येशूले आफ्ना चेलाहरूलाई 'सर्पझैँ चनाखो हुनु' भन्नुभएको होला ? यो कुरा बुझ्न हामीलाई गाह्रो छ ।

सर्प अथवा शैतानसँग धूर्त चरित्र मात्र होइन (उत्पत्ति ३:१), तर नकारात्मकरूपमा त्योसँग चलाक, तीक्ष्ण बुद्धि र सम्बेदनशीलजस्ता चरित्रहरू पनि हुन्छन् । येशूले 'सर्पझैँ चनाखो होओ' भन्नुभएको अर्थ नकारात्मकरूपमा बुद्धिमान् र सम्बेदनशील हुनु भन्नुभएको होइन तर ईश्वरीय स्तरमा सकारात्मक अनि आत्मिकरूपमा बुद्धिमान् र सम्बेदनशील हुनु भन्नुभएको हो ।

चेलाहरूका काम भनेको सुसमाचार प्रचार गरेर मानिसहरूलाई शैतानको बन्धनबाट स्वतन्त्र गराउनु हो । शैतानले जकडेका परमेश्वरका जनहरूलाई बचाउन चेलाहरू बुद्धिमान् हुनुपर्छ । त्यही कारणले गर्दा येशूले प्रचारकहरूलाई 'सर्पझैँ चनाखो होओ' भन्नुभयो, जसको अर्थ आत्मिकरूपमा सम्बेदनशील हुनु, तीक्ष्ण बुद्धिको हुनु वा बाठो हुनु हो तर शैतानको बुद्धि र स्वभाव लिनु भनेको होइन ।

त्यसको साथै येशूले प्रचारकहरूको अर्को महत्वपूर्ण सर्तको बारेमा 'ढुकुरझैँ निर्दोष होओ भन्नुभयो । यो निर्दोष भन्ने शब्द ग्रीक भाषको अकेलाइओस्‌बाट (Akelaios) आएको हो, जसको अर्थ सोझो, निष्कपट, शुद्ध हुनु हो । येशूको चेला भएर उहाँको आज्ञाअनुसार प्रचारको काम गर्ने व्यक्तिहरू शुद्ध, पवित्र, निष्कपट र निस्कलङ्क हुनुपर्छ र त्यसको साथै आत्मिकरूपमा सर्पझैँ चनाखो र सम्बेदनशील पनि हुनु जरुरी छ । शैतान चनाखो हुन्छ तर ढुकुरझैँ निर्दोष हुँदैन । त्यो चलाख त हुन्छ तर सोझो हुँदैन किनभने त्योसँग पूर्णरूपमा नाश गर्ने खालको धूर्त र फोहोरी चरित्र हुन्छ । त्यसकारण शैतानमाथि विजय हासिल गर्नको लागि उहाँका चेलाहरू सर्पझैँ चनाखो भएर मात्र पुग्दैन, ढुकुरझैँ निर्दोष हुन पनि आवश्यक छ ।

जब येशूका चेलाहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष हुन्छन्, तब परमेश्वरले तिनीहरूमाथि यस्तो शक्ति खन्याउनुहुन्छ, जसको सहायताले तिनीहरू धूर्त र फोहोरी काम गर्ने शैतानमाथि विजयी हुन सक्छन् । त्यसपछि सुसमाचार प्रचार र अन्य सेवाकाइहरूमा तिनीहरू सफल भई प्रसस्त फल फलाउन सक्नेछन् ।

# ६. निष्कर्ष

## CONCLUSION

सृष्टिको उद्देश्यसम्बन्धी उत्पत्ति ३:१५ को भविष्यवाणीअनुसार परमेश्वरको योजना पूरा गर्नको निम्ति नोआको नाति निम्रोदलाई परमेश्वरले चलाउनुभयो र उसले बेबिलोनी धर्म सुरु गऱ्यो । बेबिलोनी धर्मले तीन वटा ईश्वरहरू : निम्रोद, सेमिरामिस र तम्मूजको सेवा-आराधना गर्छ । यी तीन ईश्वरहरूमध्ये सेमिरामिसलाई आराधना गर्ने प्रचलन संसारभरि फैलियो । यो विकृतिले यस्तो जराको रूप लियो, कि यसैबाट संसारका सबै धर्महरू उत्पन्न भए ।

पतन भएको मानवजातिले विभिन्न सांसारिक धर्महरू स्थापना गरेर सृष्टिकर्ता परमेश्वरको सट्टामा उहाँका सृष्टिहरूलाई सेवा-आराधना गर्न थाले । मानिसहरूले खानेकुरा, बस्ने ठाउँ र लगाउने लुगाजस्ता भौतिक आवश्यक्ताहरूको प्रबन्ध मिलाइदिने अनि तिनीहरूका जीवन-रक्षा गरिदिने ईश्वरको खोजी गरे । त्यसको निम्ति तिनीहरूले विभिन्न सांसारिक धर्महरूमा भर परी त्यसअन्तर्गतका देवी-देवताहरूको सेवा गर्न थाले । त्यसो गर्नु भनेको मानिसले सृष्टिको उद्देश्यलाई पूर्णरूपमा उलङ्घन गर्नु हो (यशैया ४३:७; रोमी ९:५; कलस्सी १:१६) ।

मानिसले सृष्टिहरूको होइन तर उहाँको मात्र सेवा-आराधना र महिमा गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ, र यही उहाँको सृष्टिको उद्देश्य हो । मानिसहरूलाई यो कुरा बुझाउन अनि आज्ञापालन गर्न लगाउनको लागि यहोवा परमेश्वरले, (नयाँ करारको येशूले) मोशाद्वारा दश आज्ञा दिनुभयो (प्रस्थान २०:१-१७) । ती आज्ञाहरूमध्ये अघिल्लो चारवटालाई विशेष जोडका साथ महत्व दिँदै येशूले यसो भन्नुभयो, *"तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञा यही हो"* (मत्ती २२:३७-३८) । यसलाई ठाडो आज्ञा (Vertical Commandment) भनिन्छ । यो परमेश्वरले दिनुभएको प्रथम र अति ठूलो आज्ञा हो । त्यसकारण यदि उहाँको सन्तानहरूले सृष्टिकर्ता परमेश्वरलाई भुलेर विभिन्न प्रकारका मूर्तिपूजाहरूमा लागे भने उहाँले तिनीहरू र तिनीहरूका तेस्रो अनि चौथो पुस्ताका सन्तानहरूलाई दण्ड दिनेछु भनी कडा चेतावनी दिनुभयो (प्रस्तान २०:५) ।

बेबिलोनी धर्मले निम्रोद, सेमिरामिस र तम्मूजको सेवा गर्छ । त्यस धर्मको सेमिरामिस देवीलाई आराधना गर्ने प्रचलन संसारभरि फैलिएर गयो । त्यो विकृतिले यसरी जरा गाड्यो कि त्यसैलाई आधार मानेर संसारमा विभिन्न धर्महरू उत्पन्न हुन थाले । तम्मूजलाई तारा देवताको रूपमा पुज्ने प्रचलनबाट ज्योतिषशास्त्र र राशिशास्त्रको विकास भयो । अझै भन्ने हो भने बेबिलोनी धर्मले सर्प र अजिङ्गरलाई पुज्ने प्रचलनलाई प्रश्रय दिई त्यसलाई विस्तार गर्न थाल्यो ।

निम्रोदको अगुवाइमा मानिसहरूले गरेका बाबेलको धरहरा बनाउने काम परमेश्वरको सृष्टिको उद्देश्य विपरीत भएको हुनाले त्यसलाई उहाँले भताभुङ्ग पारिदिनुभयो साथै तिनीहरूका भाषा पनि खलबल पारिदिनु भयो । त्यसपछि निम्रोदको प्रभाव घट्न थाल्यो र अचानक ती सत्तरी कुलका मानिसहरूले फरक-फरक भाषाहरू बोल्न थाले । त्यसको परिणामस्वरूप तिनीहरू संसारको विभिन्न भागहरूमा छरपस्ट भए । तिनीहरू जहाँ-जहाँ गए, शैतानलाई पुज्ने

बेबिलोनी धर्म पनि सँगसँगै गयो । तिनीहरू बसोबास गरेका नयाँ ठाउँहरूमा त्यहाँको अवस्थाअनुसार आफ्नै प्रकारले बेबिलोनी धर्म विभिन्न रूपमा पुनर्स्थापित हुन थाल्यो । त्यसैबाट ग्रीक पौराणिक धर्म, रोमी पौराणिक धर्म, इस्लाम धर्म, हिन्दु धर्म, बौद्ध धर्म, सिख धर्म, जोरास्त्रो धर्म, सिन्तो धर्म, कन्फुसियस धर्म, ताओ धर्म, प्रेतात्मा पुज्ने धर्म, बहाइ धर्म र स्थानीय लोक धर्महरूको जन्म भयो ।

अहिले संसारमा मानिसहरूले बोल्ने भाषाहरूका सङ्ख्या ६५०० भन्दा धेरै भइसक्यो र जसै भाषाहरूको सङ्ख्या बढ्दै गइरहेछ, बेबिलोनी धर्मबाट सुरु भएका सांसारिक धर्महरूको सङ्ख्या पनि बढ्दैछ । उत्पत्ति ३:१५ मा उल्लिखित स्त्रीको सन्तान र शैतानको सन्तानबारेको भविष्यवाणी मानव इतिहासमा बिस्तारै साकार हुँदैगएको हामी देख्न सक्छौँ । बेबिलोनी धर्म कसरी पुनर्स्थापित हुँदैगयो र संसारको विभिन्न भागहरूमा त्यसको विस्तार कसरी हुँदैगयो भनेर हामी दोस्रो अध्यायमा चर्चा गर्नेछौँ । यस प्रकारको अध्ययन र विश्लेषणद्वारा सबै सांसारिक धर्महरूमा बेबिलोन धर्मले जरा गाडेको छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

**प्रस्थान २०:३–५**

*मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू ।*
*आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू,*
*माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको*
*कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू ।*
*तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू,*
*किनकि म डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको*
*दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो चौथो पुस्तासम्म दिनेछु ।*

# अध्याय दुई
## CHAPTER TWO

# बेबिलोनी धर्मको विस्तार
## THE EXPANSION OF THE BABYLONIAN RELIGION


परिचय

ग्रीक साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव

रोमी साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव

मध्यपूर्वमा बेबिलोनी धर्मको प्रभाव

एसियामा बेबिलोनी धर्मको प्रभाव

निष्कर्ष

# १. परिचय
## INTRODUCTION

मानव सभ्यताको विकास तथा विभिन्न राज्य तथा साम्राज्यहरू निर्माण हुँदैजाने क्रममा विभन्न प्रकारका सांसारिक धर्महरू र देवी-देवताहरू पनि उत्पन्न हुँदैगए । अश्शूरी साम्राज्य (Assyrian Empire, 860-626 B.C.), बेबिलोनी साम्राज्य (Babylonian Empire, 626-539 B.C.), फारसी साम्राज्य (Persian Empire, 539-330 B.C.), अलेक्जेण्डर महान्को ग्रीक साम्राज्य (Greek Empire, Empire of Alexander the Great, 330-63 B.C.) र रोमी साम्राज्यले (Roman Empire, 63 B.C.-476 A.D.) मध्यपूर्व र युरोपका विभिन्न भूभागहरूमा शासन गर्दा त्यहाँका मानिसहरूले स्थानीय सँस्कृति र प्रचलित रीति-रिवाजअनुसार निम्रोद, सेमिरामिस र तम्मूजलाई विभिन्न नाउँद्वारा पुज्न थाले ।

विभिन्न राष्ट्रहरूका मानिसहरूले बोल्ने भाषाहरू फरक भएकोले गर्दा त्यहाँका मानिसहरूले विश्वास गरेका ईश्वरहरू पनि फरक हुन् कि जस्तो लाग्छ । यदि हामीले देवी-देवताहरूको उत्पत्तिबारे गहिरिएर अनुसन्धान गर्छौं भने तिनीहरू अरू कोही नभएर बेबिलोनी धर्मको निम्रोद, सेमिरामिस र तम्मूजको स्थानअनुसार परिमार्जित अनि परिवर्तित नाउँहरू नै हुन् भनी थाहा पाउँछौं ।

यस विषयमा गहन अध्ययन गर्दैजाँदा संसारका विभिन्न धर्महरूमा सर्प, अजिङ्गर र कोब्रालाई धार्मिक चिन्ह वा प्रतीकको रूपमा प्रयोग गरिएको पाइन्छ। साँच्चै भन्ने हो भने त्यस्ता सर्प र अजिङ्गरले शैतानको प्रतिनिधित्व गर्छ (प्रकाश २०:२)। अहिले पूर्वेली र पश्चिमेली संसारमा प्रचलित धर्महरूलाई हेर्ने हो भने त्यहाँका मानिसहरूले यस्ता विषालु दुष्ट जीवहरूलाई उच्च स्थानमा राखी तिनीहरूको सेवा र आराधना गरिरहेका छन्।

सांसारिक धर्महरू विकास हुँदैजाने क्रममा शैतानको स्वरूपमा पनि विविधता आएको देखिन्छ। विभिन्न धर्ममा यस्ता जीव-जन्तुहरूलाई पुज्ने गरिन्छ; जस्तैः सिंह, हात्ती, गाई, गोरु, सुङ्गुर, बाँदर, मुसा, चरा-चुरुङ्गी, सर्प आदि। त्यसको साथै तिनीहरूले सूर्य, चन्द्रमा, र ताराहरूलाई पनि पूजा गर्छन्। धर्महरू विकास हुँदै गएपछि विशेष प्रकारका देवीहरू थपिए; जस्तै : कृपाकी देवी, सहिष्णुताकी देवी, र मध्यस्थताकी देवी आदि। यसरी सबै धर्महरूमा समानता देखिनुको कारण के हो भने, ती सबै एउटै जराबाट पलाएका हाँगाहरू हुन् र तिनीहरूका मूल जराचाहिँ शैतानको सन्तानको सेवा गर्ने बेबिलोनी धर्म हो। त्यो कुरा उत्पत्ति ३:१५ मा भएको भविष्यवाणीमा प्रकट गरिएको छ।

यस अध्यायमा विश्वको मुख्य धर्महरूबारे चर्चा गर्नेछौं। हामीले ग्रीक पौराणिक धर्म, रोमी पौराणिक धर्म, इस्लाम धर्म, हिन्दु धर्म र बौद्ध धर्मका अनुयायीहरूले आराधना गर्ने वस्तुहरूलाई हेर्ने हो भने, त्यहाँ शैतानको सन्तानलाई सेवा गर्ने बेबिलोनी धर्मले जरा गाडेको प्रत्यक्ष देख्न सक्छौं। यस विषयमा यहोवा परमेश्वर, जो वास्तवमा येशू हुनुहुन्छ, उहाँले उत्पत्ति ३:१५ मा शैतानलाई भविष्यवाणी गरिसक्नुभएको छ।

सुरुका इसाई धर्मको विकास क्रमलाई हेर्ने हो भने तत्कालीन इसाईहरू बेबिलोनी धर्मको प्रभावबाट पूर्णरूपमा मुक्त हुन नसकी केही विशेष कुराहरूमा तिनीहरूले सम्झौता गर्नुपरेको देखिन्छ ।

सुरुका इसाईहरू बेबिलोनी धर्ममा सम्मिलित भएका हुनाले त्यसको परिणामस्वरूप तत्कालीन मण्डली र सुसमाचार भ्रष्ट तथा प्रदुषित हुनपुग्यो । बेबिलोनी धर्मले सम्पूर्ण विश्व मानव इतिहासलाई कसरी प्रभाव पारेको छ भन्ने विषयमा हेर्दैजाँदा उत्पत्ति ३:१५ मा उल्लिखित भविष्यवाणी ठिक प्रकारले पूरा हुँदैआएको देखिन्छ ।

# २. ग्रीक साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव

## THE RELIGIOUS BABYLONIZATION OF THE GREEK EMPIRE

पौराणिक कालको ग्रीसले विकास गरेको ग्रीक सभ्यताले त्यसको मुख्य भूभाग र छिमेकी टापुहरूमा आफ्नो प्रभाव पार्दैगयो (इसापूर्व बाह्रौंदेखि पहिलो शताब्दीसम्म) । विशेष गरी अलेक्जेण्डर महान्को (Alexander the Great, 338-323 B.C.) साम्राज्यकाल र हेलिनवादी युगमा (Hellenistic Age, 323-63 B.C.) ग्रीकहरूले मध्यपूर्वको इस्राएल र मिश्रलगायत वरिपरिका क्षेत्रहरूमा आफ्नो राज्य र प्रभाव फैलाउँदै गए । पछि गएर ग्रीकमाथि रोमी साम्राज्य (Roman Empire, 63 B.C.-476 A.D.) विजयी भयो । त्यसबेलासम्म आइपुग्दा युरोपेली सभ्यताको धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक क्षेत्रलगायत त्यहाँको दर्शनशास्त्र, कला, साहित्य र वास्तुकलामा हेलिनवादी सभ्यताले (Hellenistic Civilization) बलियोरूपमा जरा गाडिसकेको थियो ।

## क. बेबिलोनी धर्मको देवताहरूका स्थानीयकरण

**The Indigenized Gods of The Babylonian Religion**

ग्रीक पौराणिक धर्मले सबै कुरामा ईश्वरको अस्तित्व हुन्छ भन्ने सर्वेश्वरवादको सिद्धान्तलाई (Pantheism) स्वीकार गर्थ्यो । ग्रीकहरूले निम्रोद, सेमिरामिस र तम्मूजलाई त्यहाँको सँस्कृति र रीतिरिवाजअनुसार स्थानीयकरण अर्थात् स्वेदेशीकरण गरी तिनीहरूले गर्ने कामअनुसार विभिन्न देवताहरूका नाउँ दिए । तिनीहरूले ती देवताहरूलाई ईश्वरको रूपमा माथि उचालेर आराधना गर्न थाले । त्यसरी ग्रीक धर्मको सुरुवात अनि विकास भयो ।

पश्चिमी ग्रीसमा अवस्थित रोममा त्योभन्दा पलिहेदेखि नै बेबिलोनी धर्मको प्रभाव परिसकेको थियो । पछि गएर रोमी साम्राज्यले (Roman Empire, 63 B.C. - 476 A.D.) ग्रीसमाथि विजय हासिल गरेपछि तिनीहरू पहिलेदेखि प्रचलित ग्रीक सभ्यताको उत्तराधिकारी भए र तिनीहरूले रोमको प्राचीन देवी-देवताहरू त ग्रीकहरूले मानेका ईश्वरहरू पो रहेछन् भनी थाहा पाए । तल दिइएको तालिका ५ बाट हामी यस कुरालाई पुष्टि गर्न सक्छौं ।

रोमी साम्राज्य फैलिँदै जाँदा ग्रीक धर्म पनि मध्यपूर्व र युरोपमा फैलिँदै गयो र त्यसले ती क्षेत्रहरूमा बस्ने मानिसहरूका जीवनमा ठूलो प्रभाव पार्‍यो । इ.सं.३१३ मा रोमी सम्राट कन्स्टान्टिन प्रथमले (Constantine-I) इसाई धर्मलाई स्वीकार गरी त्यसलाई आधिकारिक मान्यता दिए र इ.सं.३८० मा सम्राट थियोडोसियस प्रथमले (Theodosius-I) त्यसलाई रोमी साम्राज्यभरि राष्ट्रिय धर्मको रूपमा घोषणा गरे । त्यतिबेला युरोपमा रोमन क्याथोलिक मण्डलीले शासन गर्ने भएकोले बिस्तारै ग्रीकका देवी-देवताहरूको प्रभाव कमजोर हुनथाल्यो ।




**नक्सा २ – अलेक्जेण्डर महान्को साम्राज्य** (इ.पू.३३८-३२३) **र**
**प्राचीन ग्रीसको मुख्य धार्मिक सहरहरू**

इश्वी सम्बत् चौधौँदेखि सोह्रौँ शताब्दीसम्मको अवधिलाई पुनर्जागरणको युग (Era of Renaissance) भनिन्छ । युरोपेलीहरूले त्यसबेला पुरानो समयको हेलिनवादलाई पुनर्संरचना गरी पौराणिक ग्रीक र रोमी धर्मलाई एक साथ फेरि अँगाल्न थाले । तर तत्कालीन समयका मानिसहरूले ती देवी-देवताहरूलाई प्राचीन ग्रीकहरूले झैँ स्वीकार गरेनन् किनभने ती कुराहरू मानिसले बनाएका दन्त्यकथा मात्र हुन् भनी तिनीहरूले विचार गरे । अहिलेका मानिसहरूले ग्रीक पौराणिक धर्मलाई प्राचीन सभ्यताको अवशेषको रूपमा स्वीकार गरी विभिन्न धार्मिक अनि साँस्कृतिक रीतिरिवाजहरूद्वारा त्यसलाई जिउँदो राखेका छन् । संसार प्रसिद्ध ओलम्पिक खेल त्यसको एउटा उदाहरण हो, जसको बारेमा अब हामी चर्चा गर्नेछौँ । जे भए तापनि यी कुराहरूद्वारा हामी यो पक्का गरी भन्न सक्छौँ, कि विभिन्न साँस्कृतिक क्रियाकलापहरूका माध्यमद्वारा छद्मभेषमा बेबिलोनी धर्मले संसारमा अझै जरा गाडिरहेको छ ।

| बेबिलोनी धर्मको देवी-देवताहरू | ग्रीक धर्मको देवी-देवताहरू | रोमी धर्मको देवी-देवताहरू | काम/अधिकार | कैफियत |
|---|---|---|---|---|
| **निम्रोद** (पुरुष) | जिउस | बृहस्पती | देवताहरूको राजा र आकाशको देवता | बृहस्पति ग्रह, बिहीवार |
| | एपोलो | एपोलो | सूर्य, कबिता, सङ्गीत, चङ्गाइजस्ता कुराहरूको देवता | सूर्य, आइतबार |
| | डायोनाइसस | बाक्कस | दाखमद्यको देबता | |
| | एस्कुलेपियस | एस्कुलेपियस | औषधिविज्ञानको देवता | वैद्य, चिकित्सक |
| **सेमिरामिस** (महिला) | एथेना | मिनर्भा | बुद्धि, हस्तकला, युद्ध रणनीतिकी देवी | |
| | एफ्रोडाइटी | भेनस (शुक्र) | माया-प्रेम र सुन्दरताकी देवी | शुक्र ग्रह, लुसिफर (यशैया १४:१२), शुक्रवार |
| | आर्तिमिस | डायना | चन्द्रमाकी देवी | चन्द्रमा, सोमवार |
| | देमिटर | सिरिश | कृषि तथा खेतीपातीकी देवी | |
| | हीरा | जुनो | उच्च कुलकी सुन्दर स्त्री | बृहस्पतिकी पत्नी |
| | नाइक | भिक्टोरिया | विजयकी देवी | |
| **तम्मूज** (पुरुष) | हर्मेस | मर्करी (बुध) | व्यापार र भाषणकलाको देवता | बुध ग्रह, बुधवार |
| | शनी | स्याटर्न (शनि) | खेतीपातीको देवता | शनी ग्रह, शनिवार |
| | पोसाइडन | नेप्च्युन (बरुण) | समुद्रहरूको देवता | बरुण ग्रह |
| | एरेस | मार्स (मङ्गल) | युद्धको देवता | मङ्गल ग्रह, मङ्गलवार |
| | इरोस | क्युपिड | प्रेमलिलाको देवता | शुक्रको पुत्र |

**तालिका ५ – पौराणिक ग्रीक र रोमी धर्मका देवी-देवताहरू**

## ख. ग्रीस सहरको ओलम्पिक खेल

### The Olympic Games of Greece

प्राचीन ग्रीसका मानिसहरूले आफ्ना ईश्वरहरूका आराधना गर्ने उद्देश्यले विभिन्न प्रकारका धार्मिक चाड र समारोहहरू आयोजना गर्ने गर्थे। तिनीहरूमध्ये ओलम्पिक खेल मुख्य हो, जसलाई तिनीहरूले 'प्राचीन ओलम्पिया चाड' (Ancient Olympia Festival) भन्ने गर्थे। त्यो खेल इ.पू. ७७६ मा अखैया क्षेत्रमा पर्ने दक्षिणी ग्रीसको ओलम्पिया भन्ने सहरमा सुरु भयो। त्यो खेल आयोजना गरिँदा त्यहाँका मानिसहरूले जिउस देवताको आराधना गर्थे (त्यो देवतालाई रोमी धर्ममा वृहस्पति भनिन्थ्यो; प्रेरित १४:१२)। जिउसलाई ग्रीकहरूले सर्वोच्च देवताको रूपमा सेवा गर्थे। त्यो सहरमा ग्रीकहरूले जिउस देवताको मन्दिर बनाएर प्रत्येक चार-चार वर्षमा भेला भई त्यो मूर्तिअगाडिको वेदीमा बलिदान गरेपछि खेलकुदको कार्यक्रम सुरु गर्ने गर्थे। त्यसो गर्नाले जिउस देवताबाट आशिष्, प्रेम र सुरक्षा पाइन्छ भनी तिनीहरूले विश्वास गर्थे। आकाश र पृथ्वीमा शासन गर्ने सर्वोच्च देवताको नाम जिउस (Zeus) हो भनी तिनीहरू विश्वास गर्थे।

इ.पू. ६७६ मा फारसीहरूले जिउस देवताको उक्त मन्दिरलाई भत्काइदिए। त्यसपछि इ.पू. ६०० मा ग्रीकहरूले त्यही ठाउँमा जिउसकी पत्नी हीराको मन्दिर निर्माण गरे। त्यो देवीको पूजा-आराधना गरी ओलम्पिक खेललाई निरन्तरता दिन थालियो। पछि इ.पू. ४७० मा तिनीहरूले जिउस देवताको मन्दिरको पुनर्निर्माण गरे। त्यसपछि जिउस र तिनकी पत्नी हीराको पूजा गरेर ओलम्पिक खेल आयोजना गर्न थालियो। वास्तवमा ओलम्पिक खेल आयोजना गर्दा तिनीहरूले पुज्ने देवी-देवता अरू कोही नभएर बेबिलोनी धर्मको दुई देवताहरू- निम्रोद र सेमिरामिस नै हुन्।

इ.पू. ७७६ मा सुरु भएको ओलम्पिक खेलको उत्सवले करिब १२०० वर्षसम्म निरन्तरता पायो र २९३औँ खेलपछि इ.सं. ३९३ मा त्यस क्रमको अन्त्य




**चित्र २७ – विजयकी देवी नाइक कुँदिएको ओलम्पिक खेलको पदकहरू**

नाइकलाई पौराणिक ग्रीक र रोमी धर्महरूमा विजयकी देवी मानिन्थ्यो । ओलम्पिकको पदकमा नाइकको चित्र राखिएको हुन्छ । उक्त देवी सेमिरामिसको प्रतीक हो । यो पदकमा जैतुनको झुप्पा बोकेकी नाइकको चित्र कुँदिएको हुन्छ । त्यसको साथमा खेलमञ्च र रथको चित्र पनि त्यहाँ हुन्छ । इ.सं.१९२८ मा ओलम्पिक खेलको निम्ति यो चिन्हलाई सार्वजनिक प्रतिस्पर्द्धाद्वारा छानिएको थियो र यसलाई परम्परागतरूपमा प्रयोग गरिँदैआएको छ ।

Gold medals, Sydney 2000 Summer Olympics;
Atlanta 1996 Summer Olympics.

**चित्र २८ – इ.सं.१९८४ मा अमेरिकाको लस एन्जलसमा भएको ओलम्पिक खेल उद्घाटन समारोहको एक झलक**

Los Angeles 1984 Summer Olympics, the opening ceremony, U.S.A..



भयो । त्यसको कारण के थियो भने रोमी साम्राज्यले (इ.पू.६३-इ.सं.४७६) ग्रीसमाथि अधिकार गऱ्यो । सम्राट कन्स्टान्टिन प्रथमले इ.सं.३०६ देखि ३३७ सम्म रोमी साम्राज्यमा शासन गरे र इ.सं.३१३ मा उनले इसाई धर्मलाई उक्त साम्राज्यमा आधिकारिकरूपमा स्वीकार गरे । पछि सम्राट थियोडोसियस प्रथमले इ.सं.३७९ देखि ३९५ सम्म शासन गरे । तिनले इ.सं.३९४ को ओलम्पिक खेलमाथि प्रतिवन्ध लगाए किनभने त्यो खेलमा अन्यजाति देवी-देवताहरूको पूजा गर्ने मूर्तिपूजासँग सम्बन्धित क्रियाकलापहरू गरिन्थ्यो ।

चौथो शताब्दीमा बन्द भएको प्राचीन ओलम्पिक खेल पुनः सञ्चालन गर्न उन्नाइसौँ शताब्दीमा युरोप र उत्तर अमेरिकाको केही मुलुकहरूले पहल गरे । त्यसको फलस्वरूप करिब १५०० वर्षसम्म प्रतिवन्धित भएको ओलम्पिक खेल फेरि सञ्चालन हुन थाल्यो । इ.सं.१८९६ मा ग्रीसमा आयोजना गरिएको उक्त खेललाई पहिलो ओलम्पिक खेल भनियो । त्यसबेलादेखि फेरि प्रत्येक चार-चार वर्षमा ओलम्पिक खेल आयोजना हुन थाल्यो । तर प्रथम विश्वयुद्धको कारणले गर्दा इ.सं.१९१६ मा ओलम्पिक खेल हुन सकेन । त्यसरी नै दोस्रो विश्वयुद्धको कारणले गर्दा इ.सं.१९४० र १९४४ मा हुनुपर्ने खेलहरू पनि आयोजना गर्न सम्भव भएन । पछि इ.सं. १९४८ मा बेलायतको लण्डनमा ओलम्पिक आयोजना गरियो र आजको दिनसम्म उक्त खेल विश्वको विभिन्न स्थानहरूमा भव्य प्रकारले आयोजना हुँदैआइरहेको छ । यस प्रकार बेबिलोनी धर्मलाई ओलम्पिक खेलको माध्यमद्वारा मध्यपूर्व र युरोपबाट बाहिर निकाली सम्पूर्ण विश्वभरि फैलाउनको निम्ति ग्रीसले ठूलो भूमिका खेलेको छ ।

आधुनिक ओलम्पिक खेलको पुनः सञ्चालनले गम्भीर आत्मिक अर्थ प्रकट गर्छ। यस विषयमा छक्क पार्ने कुरा के हो भने आफूलाई इसाई राष्ट्र भनेर परिचय दिने यूरोप र उत्तरी अमेरिकी राष्ट्रहरूले नै बेबिलोनी धर्मको देवी-देवताहरूको सेवा गर्न लगाउने अभियानलाई अगुवाइ गरिरहेका छन् । प्राचीन ओलम्पिक खेल

ग्रीसमा मात्र सीमित थियो तर आधुनिक ओलम्पिक खेल अन्तर्राष्ट्रियरूपमा फैलिँदै गएर विश्वका प्राय: सबै मानिसहरूलाई प्रभाव पार्न सफल भएको छ । वास्तवमा यस खेलले मानिसहरूलाई अप्रत्यक्षरूपमा बेबिलोनी धर्मको देवी-देवताहरूको सेवा गर्न प्रेरणा दिइरहेको छ ।

अहिले ओलम्पिक खेलमा विजयी हुनेहरूलाई दिइने पदकहरूमा सेमिरामिसको प्रतीक देख्न पाइन्छ । ती स्वर्ण, रजक र कांस्य पदकहरूलाई हेर्ने हो भने, विजय दिने देवीको रूपमा ग्रीक पौराणिक धर्मको नाइक (Nike) र रोमी पौराणिक धर्मको भिक्टोरियाको (Victoria) मूर्ति कुँदिएको हुन्छ । वास्तवमा ती दुवै सेमिरामिसको परिचय दिने वैकल्पिक नाउँहरू हुन् ।

उन्नाइसौँ शताब्दीको उत्तरार्ध अर्थात् ओलम्पिक खेल पुनर्जीवित भएको समयलाई आत्मिक दृष्टिकोणमा विशेष समय मानिन्छ । त्यही समयमा पश्चिमी मुलुकहरू र उत्तरी अमेरिकामा भएका मण्डलीहरूमा पवित्र आत्माको शक्तिशाली कामद्वारा आत्मिकी जागृतिको अभियान चल्यो । उक्त आत्मिकी अभियानको कारणले गर्दा ती देशहरूले सुसमाचार नपुगेका राष्ट्रहरूमा थुप्रै मिसनेरीहरू पठाउन थाले । इ.सं.१८८४ मा प्रेस्बेटेरियन मण्डलीले Horace G. Underwood लाई पहिलो मिसनेरीको रूपमा कोरियामा पठायो र त्यसैबेला Henry G. Apenzeller मेथोडिस्ट मण्डलीको पहिलो मिसनेरी भएर कोरियामा आए । अर्को पक्ष के हो भने त्यही समयदेखि उदारवादी इसाई सिद्धान्तको आँधीबेहरीले यूरोप र उत्तर अमेरिकामा भएका मण्डलीहरूलाई प्रहार गर्न थाल्यो ।

त्यसबेलादेखि 'स्त्रीको सन्तान' र 'शैतानको सन्तान' बीचमा हुनुपर्ने आमने-सामने द्वन्द्व अझ बढ्दै गएको स्पष्टरूपमा देख्न सकिन्छ । तर हामीले बुझ्नुपर्ने कुरा के हो भने उत्पत्ति ३:१५ को भविष्यवाणी दिनुहुने सारा मानव इतिहासको नियन्त्रक सृष्टिकर्ता परमेश्वरको अनुमतिमा नै शैतानको सन्तानले यो संसारमा आफ्नो क्षेत्र र प्रभाव फैलाइरहेको छ ।

## ग. देवीको आराधना गर्ने केन्द्र, एथेन्स

### Athens, A Center of Goddess Worship

प्राचीन ग्रीसको प्रत्येक सहरमा त्यहाँका बासिन्दाहरूले सेवा-आराधना गर्ने देवी-देवताहरू थिए; जस्तै: ओलम्पियामा जिउस, कोरिन्थमा एफ्रोडाइट, एथेन्समा अथेना, डेल्फी र डेलोस टापुमा एपोलो आदि (नक्सा २ हेर्नुहोस्) । त्यहाँको प्रत्येक सहरमा विभिन्न देवी-देवताहरूका मन्दिरहरू थिए तर तिनीहरूमध्ये संरक्षकको रूपमा रहेका देवी-देवतालाई विशेष प्रकारको व्यवहार गरिन्थ्यो ।

ग्रीसमा भएका सहरहरूमध्ये एथेन्स एउटा मुख्य ठाउँ थियो । बुद्धि दिने अथेनादेवीको नाउँबाट त्यो सहरको नाउँ राखिएको थियो (अथेनालाई रोमीहरूले मिनेर्भा भन्छन्) । एथेन्सका मानिसहरूले अथेनालाई संरक्षक देवीको रूपमा आराधना गर्थे । त्यो सहरको एक्रोपोलिस भन्ने अग्लो पहाडमाथि इसापूर्व सातौँ शताब्दीमा नै अथेनादेवीको मन्दिर निर्माण भइसकेको थियो । पछि पार्थेननको मन्दिरको रूपमा त्यसलाई पुनर्निर्माण गरियो (इ.पू. ४४७-४३८; टिप्पणी ३ हेर्नुहोस् - पार्थेनन मन्दिरको इतिहास) । त्यो मन्दिरभित्र अथेना देवीलाई प्राथमिक ईश्वरको रूपमा राखिए तापनि त्यहाँ ग्रीक पौराणिक धर्मका अन्य देवताहरूका मूर्ति र वेदीहरू पनि थिए, जसले सहायकको रूपमा अथेनादेवीको मूर्तिलाई चारैतिरबाट घेरेको थियो ।

वास्तवमा अथेनादेवी भनेको सेमिरामिसको ग्रीक रूपान्तरित वा स्थानीयकरण गरिएको नाउँ हो । एथेन्सका बासिन्दाहरूले उक्त मन्दिरमा गएर सेमिरामिसको आराधना गर्थे । साँच्चै भन्ने हो भने तिनीहरूले उत्पत्ति ३:१५ मा उल्लिखित शैतानको सन्तानलाई नै आराधना गर्थे ।

इसाई धर्मको प्रारम्भिक युगमा ग्रीक अर्थोडक्स मण्डलीले त्यो मन्दिरको ढाँचा र बनावटलाई हेरफेर गरी पाँचौँ शताब्दीतिर त्यसलाई मण्डली भवनको रूपमा

प्रयोग गऱ्यो । ग्रीक अर्थोडक्स मण्डलीले अन्यजातिहरूले पुज्ने बेबिलोनी देवी-देवतालाई मान्दैनन् । तर अचम्मलाग्दो कुरा के भयो भने तिनीहरूले त्यहाँ भएका देवी-देवताका मूर्तिहरू र वेदीहरूलाई त्यत्तिकै छोडिदिए । तिनीहरूले त्यो भवनभित्र अथेनादेवीको मूर्तिलाई प्रतिस्थापित गर्न त्यससँगै कन्या मरियमको मूर्ति बनाए । उत्पत्ति ३:१५ मा लुकिएको आत्मिक रहस्य नबुझेर नै ग्रीक अर्थोडक्स मण्डलीले त्यस्तो मूर्खतापूर्ण काम गरेका थिए ।

## घ. बाइबलमा ग्रीसको स्थान

**Greece in The Bible**

एथेन्स सहरको बारेमा बाइबलले पनि चर्चा गर्छ । दोस्रो सुसमाचार प्रचार यात्राको क्रममा पावल पहिलोपटक एथेन्समा पुगे (इ.सं.५१ तिर) । उत्पत्ति ३:१५ मा भएको रहस्य थाहा भएकोले गर्दा त्यो सहरमा भएका मूर्तिहरू र पार्थेननको मन्दिर देखेर तिनी व्याकुल भए (प्रेरित १७:१६) । मूर्तिहरूले भरिएको एथेन्स सहरको मानिसहरूका आत्मिक अज्ञानताप्रति दु:खित हुँदै पावल प्रत्येक दिन यहूदी सभाघरमा गएर प्रभु येशूको पुनरुत्थानको बारेमा प्रचार गर्थे । तिनले यहूदीहरूलाई मात्र होइन परमेश्वरको भय राख्ने यहूदी धर्ममा विश्वास गर्ने ग्रीकहरूलाई पनि सुसमाचार प्रचार गरे ।

त्यसको साथै आत्मिकरूपमा अनभिज्ञ ग्रीकहरूलाई पनि पावलले सुसमाचार प्रचार गरे । विशेष गरी अरियोपागसको एगोरा (एरेसको पहाडलाई युद्धको देवता मानिन्छ) भन्ने ठाउँमा जम्मा भएका थुप्रै मानिसहरूका बीचमा तिनले इपिक्युरी र स्तोइकी दार्शनिकहरूसँग धर्महरूको तुलनात्मक अवधारणाहरूबारे वाद-विवाद गर्दै तिनीहरूलाई सुसमाचार प्रचार गरे । अरियोपागस भन्ने स्थानमा धार्मिक

तथा नैतिक विषयहरूमा छलफल हुने गर्थ्यो र त्यस ठाउँमा मानिसहरूका मुद्दाको सुनुवाइ हुन्थ्यो । दार्शनिक सुकरातको मुद्दा पनि अरियोपागसमा नै फैसला गरिएको थियो (चित्र २९) ।

पावलले ग्रीकहरूका पौराणिक धर्म र इसाई धर्मको तुलना गर्दै त्यहाँका मानिसहरूलाई प्रचार गरे । त्यसबेला तिनले साँचो परमेश्वरको परिचय दिन छोटकरीमा निम्नलिखित पाँच वटा कुराहरू बताए ।

१. परमेश्वर संसार र यसमा भएका सबै थोकका सृष्टिकर्ता हुनुहुन्छ ।

२. उहाँले सबै सृष्टिलाई जीवन र सास दिनुहुन्छ ।

३. उहाँले सम्पूर्ण मानवजगतमाथि शासन गर्नुहुन्छ ।

४. सबै मानिसहरू उहाँका सृष्टि हुन् ।

५. एक दिन उहाँले यो संसारको न्याय गर्नु हुनेछ ।



**चित्र २९ – अरियोपागस, एरेस पहाड**

यो अरियोपागस युद्धको देवता एरेसको पहाड हो । माथिको चित्रको बीच भागमा पर्ने चुनढुङ्गाको एरेस पहाड हो । उक्त स्थानमा एथेन्सको परिषद् र दर्शनशास्त्रीहरूको छलफल र बहस हुने गर्थ्यो ।

Areopagus, Acropolis, Athens, Greece; 2006. Licensor: ajbear AKA KiltBear (CC BY-SA 2.0).



**चित्र ३० – पार्थेननको मन्दिर**

447–438 B.C., Parthenon, Athens, Greece.

**टिप्पणी ३ – पार्थेननको मन्दिरको इतिहास**

एथेन्स सहरमा अवस्थित अहिलेको पार्थेनन मन्दिर एकैपटकमा निर्माण गरिएको होइन । त्यो सहरको एक्रोपोलिस भन्ने अग्लो स्थानमा बनाइएको उक्त मन्दिरलाई केही पटक भत्काइयो र पुनः निर्माण गरियो । सबैभन्दा पहिलो पार्थेननको मन्दिरलाई अथेनाको मन्दिर (Temple of Athena) भनिन्थ्यो र त्यसलाई इ.पू.४८० मा फारसी साम्राज्यले (इ.पू.५३९-३३०) नष्ट गरिदियो । फारसीहरूद्वारा नष्ट गरिएको ५० वर्षपछि त्यहाँ एथेन्सका मानिसहरूले पहिलेको भन्दा ठूलो आकारमा पार्थेननको मन्दिर निर्माण गरे । उक्त मन्दिरको भवन निर्माण गर्न ९ वर्ष लाग्यो (इ.पू.४४७-४३८), र त्यहाँ विभिन्न देवताहरूका मूर्ति र वेदीहरू बनाउन तथा आन्तरिक सजावट गर्नको लागि अर्को ६ वर्ष लाग्यो र इ.पू.४३२ मा त्यसको निर्माणकार्य पूरा भयो । त्यो मन्दिर पूर्णरूपमा निर्माण हुन १५ वर्ष लाग्यो ।

पछि ग्रीक अर्थोडक्स मण्डलीले उक्त मन्दिरको भित्री वनावटलाई हेरफेर गरी Hagia Sophia भन्ने ग्रीक अर्थोडक्स गिर्जाघरमा परिवर्तन गरे । त्यसको करिब हजार वर्षपछि अट्टोमन तुर्किस साम्राज्यले (Ottoman Turkish Empire, 1299-1922 A.D.) चर्च भएको उक्त भवनलाई परिवर्तन गरी इ.सं.१४६० मा मुस्लिमहरूका निम्ति मस्जिद बनाए । त्यतिबेला रोचक कुरा के भयो भने उक्त भवनभित्र अट्टोमन तुर्किस साम्राज्यवादी सेनाहरूले गोला-बारुदजस्ता सैनिक

सामाग्रीहरू भण्डार गर्न थाले । विस्फोटक पदार्थहरू राखिएको उक्त मन्दिर अथवा मस्जिदमा भेनेटियन (Venetian) सेनाहरूले आगो लगाइदिए । त्यहाँ ठूलो विस्फोटन भयो र त्यो भवनको छाना र भित्ताहरू नष्ट भए । उक्त विस्फोटनले गर्दा त्यहाँभित्र भएका देवताहरूका मूर्तिहरू टुक्रा-टुक्रा भए र त्यो भवनलाई थाम्ने ४६ वटा विशाल खम्बाहरू मात्र बाँकी भए । त्यो मन्दिर अहिले पनि त्यस्तै अवस्थामा छ र पर्यटकहरूका लागि त्यो ठाउँ आकर्षणको केन्द्र भएको छ ।

अट्टोमन तुर्किस साम्राज्यको अनुमतिमा एक जना बेलायती नागरिकले ती टुटे-फुटेका मूर्तिहरू खरिद गरी बेलायतको सङ्ग्राहलयमा ल्याए । इ.सं.१९८३ मा ग्रीक सरकारले बेलायतसँग ती ऐतिहासिक वस्तुहरू फर्काइदिन अनुरोध गऱ्यो तर बेलायती सरकारले त्यसको वास्ता गरेन । त्यसकारण पौराणिक कालको पार्थेनन मन्दिरमा भएका मूर्तिहरूका टुक्राहरू अहिले पनि बेलायतको सङ्ग्राहलयमा नै छन् । यसप्रकार ओलम्पिक खेल र पार्थेनन मन्दिरको ऐतिहासिक सर्वेक्षण गर्दा बेबिलोनी धर्मको देवी-देवताहरूले ग्रीकमा स्थान पाएको अनि तिनीहरू त्यहाँ फैलिँदै अनि स्थानीयकरण हुँदै कसरी संसारको अन्य सँस्कृतिहरूमा प्रभाव पाऱ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

पावलले यी कुराहरू ग्रीकहरूलाई सहास अनि आत्मविश्वासका साथ बताए (प्रेरित १७:२२-३१) । पावलको उक्त प्रचारले धेरै ग्रीकहरूको मन छोयो र तिनीहरू इसाई विश्वासमा परिवर्तन भए (प्रेरित १७:३४) । पावलले गरेको उक्त प्रचारद्वारा एथेन्सका नागरिकहरूले पहिलोपटक सुसमाचार सुनेर इसाई धर्ममा परिवर्तन हुने मौका पाए । पावलको दोस्रो (इ.सं.५०-५२) र तेस्रो (इ.सं.५३-५७) प्रचार यात्राप्रति हामी धन्यवादी हुनैपर्छ किनभने त्यसको कारणले गर्दा नै ग्रीसमा सुसमाचार फैलिँदै गयो ।

भविष्यमा हुने प्रचारको कामको निम्ति ग्रीसमा भएका सहरहरूमा सुसमाचार प्रचार गर्न पावलको निम्ति अति महत्वपूर्ण थियो किनभने तत्कालीन समयमा ती क्षेत्रहरू रोमी साम्राज्यको अधिनमा थियो । त्यतिबेलाका शासक वर्गमा पर्ने मानिसहरूका सँस्कृतिलाई हेलिनवादले गहिरोरूपमा प्रभाव पारेको थियो, र त्यसले ग्रीकहरूको दर्शनशास्त्र, जीवनशैली र भाषामा पनि असर पारेको थियो ।

पावल र तिनका चेलाहरूले स्थापना गरेका कोरिन्थी, थेसलोनिके, फिलिप्पी, कन्स्टान्टिनोपल र रोममा भएका मण्डलीहरूद्वारा युरोपको विभिन्न क्षेत्रहरूमा सुसमाचार प्रचारको काम तीव्ररूपमा वृद्धि हुँदैगयो । पावलले ती मण्डलीहरूका अगुवाहरूलाई सृष्टिको उद्देश्य (यशैया ४३:७, २१) अनि उत्पत्ति ३:१५ मा भएको महत्वपूर्ण भविष्यवाणी स्मरण गराए किनकि त्यो बाइबलको मेरुदण्ड हो । तर दुःखलाग्दो र विडम्बनाको कुरा के हो भने इतिहासमा हेर्दा साधारण मानिसको धार्मिक जीवनलाई अगुवाइ गर्ने धेरै मण्डलीहरूले बाइबलको यी भविष्यवाणीहरूलाई वास्ता नगरी त्यसबाट तर्केर गए ।

# ३. रोमी साम्राज्यमा बेबिलोनी धर्मको प्रभाव

## THE RELIGIOUS BABYLONIZATION OF THE ROMAN EMPIRE

अलेक्जेण्डर महान्‌ले सुरु गरेका ग्रीक साम्राज्यमाथि (इ.पू.३३०-६३) रोमी साम्राज्य (इ.पू.६३-इ.सं.४७६) विजयी भयो । त्यसले जर्मनबाहेक सम्पूर्ण युरोप, मध्यपूर्व र उत्तरी अफ्रिकामाथि करिब पाँच सय वर्षसम्म शासन गऱ्यो (नक्सा ३ हेर्नुहोस्) । ग्रीस र हेलिनवादी सभ्यतामाथि विजयी भएको रोमी साम्राज्यले बेबिलोनी धर्मको परिमार्जित स्वरूपमा ग्रीक धर्मलाई अँगाल्न थाल्यो ।

रोमीहरूले इसाईहरूलाई मन नपराउने भएकोले गर्दा आफ्नो विश्वासलाई बचाएर परमेश्वरको आराधना गर्नको निम्ति त्यसबेलाका इसाईहरू जमिनमुनि भएका गुफा र चिहानहरूमा लुकेर सङ्गति गर्थे । त्यस्तो सङ्गतिलाई भूमिगत मण्डली (Catacomb Church) भनिन्छ । तिनीहरूले रोमी सरकारबाट घृणा, हेला र सतावट पाए । विश्वासलाई जोगाउन तिनीहरूले आफ्नो जीवनलाई ठूलो जोखिममा पारे । तिनीहरू ख्रीष्टको निम्ति मर्न पनि तयार थिए । अन्त्वत्वगत्वा, ती भूमिगत इसाईहरूद्वारा तत्कालीन रोमी सम्राट कन्स्टान्टिनकी आमाले सुसमाचार पाई ख्रीष्टमा विश्वास गरिन् । तिनको प्रभाव र परामर्शद्वारा सम्राट पनि विश्वासी भए अनि इ.सं.३१३ मा




**नक्सा ३ – रोमी साम्राज्यको अधिकांश भूभागहरू** (पहिलो शताब्दी) **र सुरुका पाँच मुख्य मण्डलीहरू**

तिनले इसाई धर्मलाई औपचारिकरूपमा आफ्नो साम्राज्यमा आधिकारिक मान्यता दिए । पछि इ.सं.३८० मा सम्राट थियोडोसियस प्रथमले इसाई धर्मलाई सम्पूर्ण रोमी साम्राज्यभरि राष्ट्रिय धर्म बनाए ।

## क. सुरुको इसाई धर्मको स्थानीयकरण र मरियमको मूर्तिपूजा

**The Indigenization of Early Christianity and**

**The Idolization of Mary**

रोमी साम्राज्यले इसाई धर्मलाई औपचारिकरूपमा राष्ट्रिय धर्म भनी घोषणा गरे तापनि लामो समयदेखि बेबिलोनी धर्मले पारेको गहिरो प्रभाव सजिलै हट्न सकेन । सरकारले उर्दी लगाए पनि रोमी साम्राज्यका मानिसहरू इसाई धर्ममा परिवर्तन हुन नसक्ने केही कारणहरू थिए ।

पहिलो कारण के हो भने बेबिलोनी धर्ममा देवीको पूजा गरिन्छ तर इसाई धर्ममा त्यस किसिमले देवीको सेवा-आराधना गरिँदैन । अर्को कुरा के हो भने बेबिलोनी धर्ममा पुत्र परमेश्वरलाई भन्दा माता परमेश्वरलाई बढी पुज्ने गरिन्छ तर त्यसको विपरीत इसाई धर्ममा चाहिँ पुत्र परमेश्वर येशूको आराधना गर्ने गरिन्छ । त्यसकारण रोमी साम्राज्यका मानिसहरूले लामो समयदेखि अभ्यास गरिरहेको धार्मिक विश्वासलाई परिवतर्न गरी इसाई धर्मलाई स्वीकार्न गाह्रो थियो ।

त्यतिबेला इसाई जगतमा मुख्य पाँच वटा मण्डलीहरू थिए, जुन विश्वको फरक स्थानहरूमा स्थापित भएका थिए ।

(१) रोमको मण्डली (Roman Church)

(२) एन्टिओखिया मण्डली (Antioch Church)

(३) ग्रीसको कन्स्टाण्टिनोपल मण्डली (Constaninople Church)

(४) मिश्रको अलेक्जेण्ड्रिया मण्डली (Alexandrian Church)

(५) यरूशलेमको मण्डली (Jerusalem Church)

यी पाँच मण्डलीहरूमध्ये रोमको मण्डलीले नयाँ अवधारणा प्रस्तुत गऱ्यो । त्यस मण्डलीमा अगस्टिन (इ.सं.३५४-४३०) भन्ने प्रख्यात ईश्वरशास्त्री थिए । उनको अगुवाइमा त्यहाँका ईश्वरशास्त्रीहरूले मरियमको आराधना गर्ने सिद्धान्त आविष्कार गरे । यदि यशूकी आमा मरियमलाई सेमिरामिसको स्थानमा अनि येशूलाई तम्मूजको स्थानमा राख्न सकियो भने धेरै मानिसहरूले इसाई धर्म स्वीकार गर्नेछन् भनी तिनीहरूले विचार गरे (चित्र ३१, ३२) ।



**चित्र ३१ – सेमिरामिस र तम्मूज**

*Kitto's Illustrated Commentary*, Vol. 4, p. 31; Alexander Hislop. *The Two Babylons*, Antioch, 1997. p. 29.



**चित्र ३२ – बालक येशूको साथमा मरियम**

Raffaello Sanzio. Madonna del Granduca, 1505 A.D., Palazzo Pitti, Florence, Italy.

त्यस विषयमा छलफल गर्नको निम्ति तत्कालीन पाँच मण्डलीहरूका अगुवाहरू एकै ठाउँमा भेला भए । इ.सं.४३१ मा एफिसस सहरमा तेस्रो विश्वव्यापी इसाई परिषद् आयोजना गरियो, जहाँ ती मण्डलीहरूबाट आएका २५० जना अगुवाहरू उपस्थित थिए । उक्त परिषद्मा 'मरियम पवित्र माता हुन्' अनि 'मरियम अनन्त कन्या हुन्' भन्ने दुई सिद्धान्तहरूलाई स्वीकार गर्न रोमको मण्डलीले प्रस्ताव गर्‍यो । उक्त सभामा त्यो प्रस्ताव ल्याउने रोमको मण्डलीबाहेक अरू चारैवटा मण्डलीहरूले निरर्थक तथा बाइबलसँग मेल नखाने सिद्धान्तहरूलाई इन्कार गरे । तैपनि रोमको मण्डलीको लगातारको दबाब र प्रलोभनको कारण इ.सं.४५१ मा काल्सेदोन भन्ने स्थानमा आयोजना गरिएको चौथो विश्वव्यापी परिषद्मा विभिन्न मण्डलीहरूबाट आएका ६०० जना अगुवाहरूले ती दुई प्रस्तावहरूलाई औपचारिकरूपमा अनुमोदन गरे ।

उक्त घटनापछि मरियमको आराधना गर्ने प्रचलनले संसारभरिका इसाई समुदायहरूलाई भ्रष्ट बनाउन थाल्यो । जहाँ-जहाँ रोमी साम्राज्यको शक्तिको प्रभाव पुग्यो, ती ठाउँहरूमा रोमन क्याथोलिक मण्डली र मरियमको आराधना गर्ने प्रचलन फैलिँदैगयो । रोमन क्याथोलिक मण्डलीको सिको गरेर ग्रीक अर्थोडक्स मण्डलीले पनि मरियमको आराधना गर्ने प्रचलनलाई अँगाल्न थाल्यो । त्यसको करिब हजार वर्षपछि इ.सं.१५१७ मा सुधारवाद अभियानद्वारा जन्मिएको प्रेटेस्टेण्ट मण्डलीले मरियमको आराधना र अन्य निरर्थक इसाई अवधारणाहरूलाई त्याग्यो । तर रोमन क्याथोलिक मण्डली र अर्थोडक्स मण्डलीहरूले आजको दिनसम्म पनि ती निरर्थक, अप्रासङ्गिक तथा अनावश्यक धार्मिक रीतिरिवाजहरूलाई महत्वका साथ अभ्यास गरिरहेका छन् ।

उन्नाइसौँ शताब्दीमा रोमन क्याथोलिक मण्डलीले मरियमलाई आराधना गर्ने अवधारणालाई अझै विकास गर्दै लग्यो । इ.सं.१८५४ मा रोमन क्याथोलिक पोप पायुस नबौँले (Pope Pius-IX) 'मरियमको दोषरहित पवित्र

गर्भधारण' (Immaculate Conception of Mary) र 'मरियम अनन्त पवित्र हुन्' (Perpetual Immaculacy of Mary) भन्ने अवधारणाहरू प्रस्तुत गरे । इ.सं.१९५० मा पोप पायुस बाह्रौंले (Pope Pius-XII) 'मरियमको स्वर्गारोहणको पुर्वानुमान' (Assumption of Mary) भन्ने अवधारणा प्रस्तुत गरे । अन्तमा, इ.सं. १९६२-१९६५ मा दोस्रो भ्याटिकन परिषद्ले (Second Vatican Council, 1962-1965 A.D.) 'मरियम परमेश्वर पिताको पत्नी हुन्' (Mary the Wife of God the Father) भन्ने अवधारणा प्रस्तुत गऱ्यो । हामीले इतिहासमा भएका ती घटनाहरू अध्ययन र अवलोकन गर्दैजाँदा युरोपेली इसाई जगतमा बेबिलोनी धर्मले कति गहिरो प्रभाव पारेको रहेछ भनेर स्पष्ट देख्न सक्छौं । उत्पत्ति ३:१५ मा भएको रहस्यप्रति रोमन क्याथोलिक मण्डलीको अनभिज्ञता र लापरवाहीको कारण इसाई जगतमा अति डरलाग्दो त्रुटिले स्थान पायो ।

संसारको विभिन्न कुनामा रहेका मानिसहरूका माझमा सुसमाचार फैलाउनको निम्ति त्यसको मूल सन्देश र महत्व विकृत नहुने प्रकारले अनि स्थानीय सँस्कृतिसँग मेल खाने किसिमले नयाँ तथा फरक तरिका अपनाउनु पर्ने हुन्छ । परिस्थितिअनुसार त्यसो गर्नुलाई सन्दर्भ अथवा प्रसङ्ग मिलाउनु (Contextualization) भनिन्छ । कोरियामा सुसमाचार आइपुग्नुभन्दा पहिले त्यहाँका मानिसहरूले मरिसकेका आमा-बुबाको निम्ति पुर्ख्यौली वेदीहरूमा गई मूर्तिहरूसामु बलिदान चढाउने गर्दथे तर जब तिनीहरू सुसमाचार ग्रहण गरी ख्रीष्टमा आए, तब मण्डलीले विश्वासीहरूलाई मरेको आमा-बाबुको निम्ति घुँडा टेकेर मूर्तिसामु निहुरिने प्रचलन त्यागी बरु त्यसको सट्टामा आमा-बाबु मृत्युभएको वार्षिक सम्झनाको दिनमा परमेश्वरको सेवा-आराधना गरी उहाँको राज्य विस्तार र मण्डली स्थापना गर्ने काम गर्न उत्साह दिन थाल्यो । यसलाई सँस्कृति र सन्दर्भअनुसार परमेश्वरको महिमा गर्ने राम्रो उदाहरण मान्न सकिन्छ ।

तर जब फरक सँस्कृतिका मानिसहरूसँग सन्दर्भ मिलाउने कुरा (Contextualization) पराकाष्टामा पुगेर त्यसले सीमा नाघ्छ, तब त्यसले धार्मिक स्थानीयकरण (Indigenization) र मिसावट वा समन्वयवाद (Syncretism) जन्माउँछ । जब परमेश्वरको वचनलाई बङ्ग्याइन्छ, तब त्यस प्रकारको परिस्थिति निस्कन्छ; जस्तै : आफ्नो आमा-बुबाको आदर गर भनी परमेश्वरले आज्ञा दिनुभएको छ, त्यसकारण मरेको आमा-बुबाको निम्ति हामीले गर्दैआएको पुर्ख्यौंली धार्मिक रीतिरिवाजअनुसार उहाँहरूको सम्मानमा मूर्तिलाई ढोग्नु ठिकै हो भनी भन्छौं भने वास्तवमा त्यतिबेला हामीले मूर्तिपूजालाई समर्थन गर्छौं ।

इसाईहरूले आफ्नो विश्वासको सत्यतालाई फैलाउने कोसिस गरे तापनि यदि त्यस्ता क्रियाकलापद्वारा सांसारिक सँस्कृति र रीतिरिवाजहरूलाई बिस्तारै स्वीकार गर्छन् भने तिनीहरूले सुसमाचारको मुख्य अनि महत्वपूर्ण भागलाई गुमाउँछन् । परिणामस्वरूप त्यो धार्मिक स्थानीयकरण (Indigenization) हुँदैजान्छ । रोमको मण्डलीले बेबिलोनी धर्मसँग सम्झौता गरी सेमिरामिस र तम्मूजलाई इसाई धर्ममा रूपान्तरण गरेको घटनालाई अबाइबलीय धार्मिक स्थानीयकरणको रूपमा लिन सकिन्छ । यदि तिनीहरूलाई सृष्टिको उद्देश्य (यशैया ४३:७, २१) अनि उत्पत्ति ३:१५ को रहस्य थाहा भएको भए सायद तिनीहरूले त्यस्तो गल्ती गर्ने थिएनन् ।

## ख. किन सुरुको इसाई धर्म स्थानीयकरण भयो ?

### Why Early Christianity Was Indigenized ?

यदि हामीले रोमको मण्डलीले अगुवाइ गरेको सुरुको इसाई धर्म किन स्थानीकरण भयो भनेर केलाउने हो भने मुख्य दुई कारणहरू पत्ता लगाउन सक्छौं ।

रोमन क्याथोलिक मण्डलीले मरियमको आराधना गर्ने प्रचलन सुरु गर्नुको पहिलो कारण के हो भने सदस्यहरूको सङ्ख्या बढाएर तिनीहरू मण्डलीको प्रभाव, शक्ति र अधिकारलाई बलियो बनाउन चाहन्थे । बेबिलोनी धर्मका अनुयायीहरूलाई समेटी मण्डलीमा सदस्यहरू धेरै बनाउनको निम्ति रोमन क्याथोलिक मण्डलीले इसाई धर्मलाई स्थानीयकरण गरे । जब तिनीहरूले मरियमलाई सेमिरामिस र येशूलाई तम्मूजको रूपमा परिचय दिए, तब बेबिलोनी धर्मका मानिसहरूलाई रोमन क्याथोलिक मण्डलीभित्र आउन सजिलो भयो । त्यसबेलादेखि प्रेम र सहिष्णुता ख्रीष्टको आत्मा हो भन्ने कुरालाई जोड दिएर तिनीहरूले एकपछि अर्को गर्दै अन्यजाति धर्महरूसँग निरन्तर सम्झौता गरिरहेका छन् ।

इतिहासलाई हेर्ने हो भने मण्डली वृद्धिको नाउँमा रोमन क्याथोलिक मण्डलीले विभिन्न प्रकारका अबाइबलीय तरिकाहरूद्वारा सदस्यहरूको सङ्ख्या बढाउने काम गरेको देखिन्छ । आजभोलि पनि त्यस्ता दृश्यहहरू देख्न पाइन्छ । सदस्यहरू बढाउनको लागि तिनीहरूले ठूला-ठूला सुन्दर भवनहरू निर्माण गर्छन् अनि पर्याप्त मात्रामा भेटी सङ्कलन गर्नको निम्ति विभिन्न प्रकारका सेवकाइ र क्रियापलापहरू गर्ने गर्छन् । त्यसो गर्ने क्रममा रुपैयाँ-पैसा र शक्ति तिनीहरूका मूर्ति बनेका छन्, जसको कारणले गर्दा सृष्टिको उद्देश्य अनि प्रभु येशूको मुक्तिको महान् योजनाको रहस्य अदृश्य भई स्त्रीको सन्तान र शैतानको सन्तानबीचको सम्बन्ध फितलो बन्न पुगेको छ ।

सुरुको इसाई धर्म स्थानीयकरण हुनुको अर्को कारण चाहिँ त्यतिबेलाका मण्डलीका अगुवा र इसाईहरूका आत्मिकी अनभिज्ञता हो । तिनीहरूसँग बाइबलको राम्रो ज्ञान थिएन । आफ्ना मानिसहरूलाई सृष्टिको उद्देश्यको बारेमा शिक्षा दिनु बाइबलको मुख्य सन्देश हो भन्ने कुरा मण्डलीका अगुवाहरूलाई थाहा थिएन । अफसोसको कुरा के हो भने अहिले हाम्रो हातमा भएको सम्पूर्ण बाइबल (नयाँ करार र पुरानो करार) तिनीहरूसँग थिएन ।



**चित्र ३३ – सेप्टुआजिण्ट (LXX)**

हिब्रू भाषाको पुरानो करार ईसापूर्व तेस्रो शताब्दीमा ग्रीक भाषामा अनुवाद गरिसकिएको थियो, जसलाई सेप्टुआजिण्ट भनिन्छ । त्यसलाई चौथो शताब्दीमा The Codex Sinaiticus and the Codex Vaticanus भनियो अनि पाँचौं शताब्दीमा आएर The Codex Alexandrinus भनियो र त्यसरी अहिलेसम्म आइपुगेको छ । यो चित्र The Codex Sinaiticus को एक भाग हो । यहाँ एस्तर १:१-१५ उल्लिखित छ । जेरोमको भुल्गेट बाइबल यही सेप्टुआजिण्टबाट अनुवादन गरिएको थियो ।

Sinaiticus, around 330–360 A.D.; 1844, St. Catherine's Monastery, Sinai, Egypt; Germany Leipzig University, Russia National Library, British Library; Esther 1:1h-1:15, folio: xiii_v, www.codex-sinaiticus.net.




**चित्र ३४ – किङ्स जेम्स बाइबलको बाहिरी पाना**

यो चित्रको सबैभन्दा माथि YHWH (Yahweh, The LORD) लेखिएको छ र त्यसको मुनि ढुकुरको चित्र छ, जसले प्रभु येशूका बाह्र चेलाहरूमाथि पवित्र आत्मा आउनुहुन्छ भनी सङ्केत गर्छ । चेलाहरूको बीचमा क्रूस बोकेको थुमा राखिएको छ । अक्षरहरू भएको भागको दुवैतिर मोशा र हारुनलाई चित्रण गरिएको छ अनि चार कुनामा चाहिँ चार सुसमाचारको पुस्तकहरूका लेखकहरूलाई राखिएको छ ।

*The Holy Bible*, London, UK, Robert Barker, 1611; Annenberg Rare Book and Manuscript Library, BS185 1611 .L65, The University of Pennsylvania, U.S.A..

त्यतिबेला नयाँ करारभन्दा पुरानो करार बाइबल अलि राम्रो स्वरूपमा उपलब्ध थियो । पुरानो करार ग्रीक भाषामा अनुवाद भइसकेको भए तापनि साधारण मानिसहरूलाई त्यो पढ्न गाह्रो थियो, त्यसैले विश्वासीहरूले प्रायः त्यसलाई प्रयोग गर्दैनथे । हिब्रू भाषाबाट ग्रीकमा अनुवाद गरिएको उक्त पुरानो करार बाइबललाई सेप्टुआजिण्ट (Septuagint) भनिन्छ । केही समयपछि जेरोम (इ.सं.३४०-३९७) भन्ने व्यक्तिले त्यो सेप्टुअजिण्टलाई ल्याटिन भाषामा अनुवाद गरे, जसलाई भुल्गेट (Vulgate) भनिन्छ । तैपनि सुरुका मण्डलीका इसाईहरूका माझमा त्यो पुरानो करार विश्वव्यापीरूपमा प्रयोग हुन सकेन ।

नयाँ करारको कुरा गर्ने हो भने रोमन क्याथोलिक मण्डलीको निर्माण हुने बेलासम्म त्यसको सबै कागजातहरू एउटै पुस्तकमा सङ्कलन गरिएको थिएन । पहिलो शताब्दीदेखि चौँथो शताब्दीसम्म नयाँ करारको छुट्टा-छुट्टै पुस्तकहरू मात्र उपलब्ध थियो । इ.सं. ३९७ मा आयोजना गरिएको कार्थेजको तेस्रो परिषद् (The Third Council of Carthage) बाट नयाँ करारका पुस्तकहरूलाई प्रमाणीकरण (Canonized) गरेपछि मात्र तिनीहरूलाई एउटै पुस्तकमा गाभियो ।

त्यस्तो अवस्थामा सबैले बाइबल प्रयोग गर्नु प्रायः असम्भव नै थियो । अर्को कुरा के थियो भने तत्कालीन रोमन क्याथोलिक मण्डलीले पूजाहारी र ईश्वरशास्त्रीहरूलाई मात्र बाइबल पढ्न् अनुमति दिन्थ्यो । त्यतिबेला साक्षर व्यक्तिहरू अति न्यून भएको कारणले गर्दा बाइबल उपलब्ध भए तापनि तिनीहरूलाई त्यो पढ्न गाह्रो हुन्थ्यो । त्यतिबेला साधारण व्यक्तिहरूलाई बाइबल राख्न दिइँदैनथ्यो । तत्कालीन समयको अवस्था त्यस्तो भएकोले गर्दा इसाईहरू बाइबलको बारेमा अनभिज्ञ हुने नै भए र त्यसैले 'मरियम परमेश्वर माता हुन्' अथवा 'मरियम अनन्त कन्या हुन्' भन्ने झूटा शिक्षाहरूको विरोधमा तिनीहरू खडा हुन सकेनन् ।

ग्रेगरी-प्रथम (Gregory-I, 590 A.D.) रोमन क्याथोलिक मण्डलीको पहिलो पोप भएको समयदेखि इसाई धर्मको सुधारवादको समय (Religious Reformation, 1517

A.D.) सम्मको करिब हजार वर्षलाई फ्युडलवादको समय (Age of Feudalism) भनिन्छ र उक्त अवधिलाई इसाई इतिहासकारहरूले अन्धकारको युग (Dark Age of Christianity) भन्छन् । तत्कालीन इसाईहरू आत्मिकरूपमा अन्धा भएका हुनाले सृष्टिको उद्देश्यको महत्व बुझ्न सकेनन् । तत्कालीन मण्डलीका अगुवाहरूले परमेश्वरको खोजी गर्नुभन्दा बढी आफ्नै महिमा, रुपैयाँ-पैसा र शक्तिको खोजी गरे ।

इ.सं.१५१७ मा भएको सुधारवादको आन्दोलनपछि मात्र सर्वसाधारण मानिसहरूले बाइबल पढ्ने मौका पाए । जब इ.सं.१६११ मा पूर्णरूपमा अङ्ग्रेजी भाषामा अनुवाद भएको किङ्ग जेम्स बाइबल (King James Version) प्रकाशित भयो, तब मानिसहरूले त्यो पढ्न थाले र तिनीहरूका आत्मिक आँखा बिस्तारै खुल्न थाल्यो ।

परमेश्वरको सृष्टिको उद्देश्यबारे इसाईहरू अनभिज्ञ भएको कारणले गर्दा सुरुको इसाई धर्म स्थानीयकरण हुनपुग्यो अनि त्यसको नतिजास्वरूप रोमन क्याथोलिक मण्डलीले उठाएको गलत कदमले इसाईहरू लामो समयसम्म आत्मिक अन्धकारमा रही गलत कुराहरूलाई पछ्याउनु पर्‍यो । त्यतिबेला भएका ती दुःखद घटनाहरू थाहा पाएर हामीले पाठ सिकी इसाई धर्मको स्थानीयकरणले कस्तो डरलाग्दो परिणाम निम्त्याउन सक्छ भन्ने कुराप्रति हामी सचेत हुनुपर्छ ।

## ग. रोमन क्याथोलिक मण्डलीमा सूर्य, चन्द्रमा र ताराहरूका स्थान

## The Sun, Moon And Stars of The Roman Catholic Church

रोमी साम्राज्यको मानिसहरूमा इसाई धर्म फैलाउने कुरा राम्रो थियो । तर त्यसको निम्ति मरियमको आराधना गर्ने अवधारणा ल्याउनु भनेको इसाई धर्मलाई बेबिलोनी धर्मको वस्त्र पहिराउनु हो, जसलाई राम्रो भन्न सकिँदैन ।

वास्तवमा त्यसो गर्नु भनेको सँस्कृतिअनुसार सन्दर्भ अथवा प्रसङ्ग मिलाउनु होइन तर धार्मिक स्थानीयकरण गर्नु हो । त्यस किसिमको स्थानीयकरणले गर्दा बेबिलोनी धर्मको मूल सिद्धान्तले रोमन क्याथोलिक मण्डली र त्यसबाट अलग भएको ग्रीक अर्थोडक्स मण्डलीमाथि नराम्रो प्रभाव पार्‍यो ।

विशेष गरी सूर्य, चन्द्रमा र ताराहरूजस्ता बेबिलोनी धर्मको चिन्हहरूले सजिएको मरियमको मूर्तिहरूले उक्त धार्मिक स्थानीयकरणको नमुनालाई प्रतिनिधित्व गर्छ । अब त्यससम्बन्धी केही उदाहरणहरूलाई हेरौँ ।

चेक गणतन्त्रको अलोमाउच (Olomouc) भन्ने ठाउँमा भयानकरूपले फैलिएको डरलाग्दो प्लेग रोगमाथि विजय प्राप्त गरेको स्मरणमा रोमन क्याथोलिकहरूले मरियमको मूर्ति भएको ठूलो स्तम्भ खडा गरे (चित्र ३५) । त्यस मूर्तिलाई नियालेर हेर्ने हो भने मरियमले दाहिने बाहुलीमा बालक येशूलाई लिएको देख्न सकिन्छ । बालक येशूको शिरमा सूर्य भएको गहना पहिराइएको छ भने मरियमचाहिँ ताराहरू जडिएको मुकुट पहिरिएर अर्ध-चन्द्रमाथि खडा भएकी छिन् । दुष्टलाई प्रतिनिधित्व गर्ने सर्पलाई तिनले कुल्चेकी छिन् । त्यसको अर्थ के हो भने मानिसलाई सताउने रोग र महामारीजस्ता विपत्तिहरू अनि श्रापहरूलाई मरियमले पराजित गर्नुहुन्छ भन्ने हो । सदस्यहरू बढाउनको लागि रोमन क्याथोलिक मण्डलीले बेबिलोनी धर्मको मूल सिद्धान्तलाई अँगालेको कारणले मूर्तिपूजालाई अभिप्रेरित गर्ने यस प्रकारका प्रतिमाहरू व्यापकरूपमा निर्माण गरिएका हुन् ।

आउनुहोस्, यससँग सम्बन्धित अझै केही रोचक उदाहरणहरूलाई हेरौँ । चेक गणतन्त्रको प्राग (Prague, Czech) भन्ने स्थानमा सुनले सिङ्गारिएको मरियमको प्रतिमा भएको गिर्जाघर छ; जसलाई Kostel Panny Marie Pred Tynem (The Church of Our Lady before Tynin) भनिन्छ (चित्र ३६) । प्रज्वलित सूर्यको किरणहरूका माझमा त्यो मूर्ति स्थापित गरिएको छ र त्यसको शरीरभरि ताराहरू



**चित्र ३५ – मरियमको प्लेग स्तम्भ**

यो स्तम्भ चेक गणतन्त्रको अलोमाउच भन्ने स्थानमा छ । मरियमको यो मूर्तिलाई हेर्ने हो भने तिनले तारा जडिएको मुकुट लगाएर अर्धचन्द्रमाथि उभिएकी छिन् । यो स्तम्भले घिस्रिरहेको अजिङ्गरलाई प्रदर्शन गर्छ ।

1716 - 1723 A.D., Dolni namesti (Lower square), Olomouc, Czech.
Licensor: Michal Maňas (CC BY–SA 2.5).



जडिएका छन् । अन्य मूर्तिहरूमा भएका विशेष ढाँचाझैँ यसमा पनि मरियम अर्ध-चन्द्रमाथि खडा भएकी छिन् ।

युरोप अनि संसारको अरू स्थानहरूमा पनि यस्तै किसिमका मरियमको प्रतिमाहरू देख्न सकिन्छ; जस्तैः जर्मनको म्युनिक सहरको मरिनप्लाजमा भएको Mariensaule भन्ने मरियमको स्तम्भ (चित्र ३७), स्लोभाकियाको कोसिचेमा (Kosice, Slovakia) भएको The Immaculata भन्ने प्रतिमा (चित्र ३८), इटालीको रोमको Basilica Di Santa maria Maggiore गिर्जाघरमा भएको Ave Regina Pacis भन्ने मरियमको मूर्ति (चित्र ३९) आदि । ती सबै मरियमको प्रतिमाहरूमा सूर्य, चन्द्रमा र ताराहरूलाई बेबिलोनी धर्मको प्रतीकको रूपमा स्पष्टसँग जडिएका छन्। चेक, जर्मन, स्लोभाकिया र युरोपका अन्य मुलुकहरूमा यस प्रकारका मरियमको प्रतिमाहरू थुप्रै



**चित्र ३६ – कोस्टेल पान्नी मारी प्रेड टाइनेम (Kostel Panny Marie Pred Tynem)**

चेक गणतन्त्रको प्राग ताइनन भन्ने स्थानमा भएको मण्डली भवनको टुप्पामा मरियमको यस्तो प्रतिमा राखिएको छ । यहाँ जडिएका सूर्य, चन्द्र र ताराहरू बनाउन सुनका भाँडाहरू गालिएका थिए ।

The 14th century A.D., Prague, Czech. Licensor: W.Rebel (CC BY 3.0).

छन् र तिनीहरूलाई युनेस्कोले (UNESCO, United Nations Educational Science and Cultural Organization) विश्वव्यापी पौराणिक सम्पदाको रूपमा संरक्षण गरिरहेको छ ।

मरियमको प्रतिमाहरू मात्र होइन, विश्वप्रसिद्ध रोमन क्याथोलिक गिर्जाघरहरू पनि सूर्य, चन्द्रमा र ताराहरूका चित्रहरूले सिङ्गारिएको पाइन्छ । The San Pietro Basilica भन्ने प्रख्यात रोमन क्याथोलिक गिर्जाघरको भवनको भित्रपट्टि छतको मध्य भागमा Michelangelo भन्ने कलाकारले बनाएको गुम्बज छ । पान्थियोन (Pantheon) भन्ने अन्यजाति देवताको मन्दिरबाट अभिप्रेरित भई तिनले त्यो गुम्बज बनाएका थिए । पान्थियोन मन्दिर इ.सं.२७ मा रोममा निर्माण गरिएको थियो, र ग्रीक र रोमीहरूका किम्वदन्तीअनुसार त्यहाँ ओलम्पस पहाडको देवताहरूलाई बलिदान चढाइन्थ्यो । उक्त गुम्बजको बीच भागमा सूर्यको चिन्ह छ । सान पियट्रो गिर्जाघरले त्यही मन्दिरको नक्कल गर्दै त्यसको गुम्बजको भित्री छतमा सूर्य र ताराहरूका चित्रहरू बनाएको छ ।

उक्त गुम्बजको तल चारवटा खम्बाहरू छन् र त्यसमा सूर्यको चित्र भएको चँदुवा राखिएको छ; जसलाई Baldacchino भनिन्छ (चित्र ४१, ४२) । त्यो चँदुवाले पोपको वेदीलाई ढाकेको छ र त्यो वेदी पत्रुसको चिहानमाथि निर्माण गरिएको थियो भनिन्छ । त्यस दृश्यले पोपको शक्ति सूर्य समान छ भनी देखाउन खोजेको हो तर सूर्यको आराधना गर्ने अन्यजातिहरूको त्यस्तो परम्परालाई अँगाल्नु हुँदैन भन्ने विवेक तिनीहरूमा थिएन ।

त्यतिमात्र होइन त्यो चँदुवालाई थाम्ने खम्बाहरूमा अजिङ्गर बेह्रिएको बुट्टा कुँदिएको छ । सान पियट्रो गिर्जाघरको खम्बाहरूमा मात्र अजिङ्गर कुँदिएको छैन, अन्य गिर्जाघरहरूमा पनि त्यस्तै दृश्यहरू प्रशस्त देख्न सकिन्छ । रोमन क्याथोलिकहरूले अजिङ्गरको आराधना गर्ने त्यस्तो अवधारणा विश्वको पूर्वी क्षेत्रहरूका अन्यजाति धर्महरूबाट अनुकरण गरेका हुन् । ती ठाउँहरूमा अजिङ्गरलाई शक्ति र अधिकारको प्रतीक मानिन्छ ।

**चित्र ३७ – मरियमको स्तम्भ** (Mariensäule)

११ मिटर अग्लो मरियमको यो स्तम्भ जर्मनको म्युनिक, मारिन्प्लाज भन्ने स्थानमा छ । इ.सं.१६३८ मा स्वेडेन जर्मनसँग पराजित भएको सम्झनामा यो भव्य स्तम्भ निर्माण गरिएको हो । यहाँ मरियम अर्धचन्द्रमाथि उभिएकी छिन् ।

1638 A.D., Munich, Germany. Licensor: CavinB (CC BY-ND 2.0).

**चित्र ३८ – इम्माकुलाटा, प्लेग स्तम्भ** (The Immaculata, the Plague Pillar)

१४ मिटर अग्लो मरियमको यो स्तम्भ स्लोभाकियाको कोसिचे भन्ने स्थानमा छ । यहाँ मरियमको एउटा खुट्टाले सर्पलाई टेकेको छ भने अर्को खुट्टा अर्धचन्द्रमाथि छ । तिनको शिरमा ताराहरू जडिएको गहना छ ।

1723 A.D., Hlavná ulica (Main Street), Košice, Slovakia.
Licensor: Marian Gladis (CC BY-SA 3.0).

**चित्र ३९ – मरियमको स्तम्भ** (Ave Regina Pacis)

मरियमको यो स्तम्भ इटालीको रोमको Basilica Di Santa Maria Maggiore भन्ने ठाउँमा छ । यहाँ तिनले ताराहरू जगिएको मुकुट लगाई बालक येशूलाई बोकेकी छिन् ।

Guido Galli. the 20th century A.D., Basilica Di Santa Maria Maggiore, Rome, Italy. Licensor: Fernando Nunes – xiquinhosilva (CC BY 2.0).











**चित्र ४० – आसिसी गिर्जाघर (Assisi Cathedral) मरियम र येशू**

यो चित्र आसिसी गिर्जाघरको अगाडिपट्टि कुँदिएको छ। उक्त स्तम्भमा चन्द्रमा, ताराहरू र घस्रिरहेको अजिङ्गर राखिएका छन्।

The 11th century A.D., Duomo di San Rufino (Assisi Cathedral), Assisi, Italy.

**चित्र ४१ – सान पेट्रो बासिलिकाको भित्री छतमा राखिएको चँदुवा**

यहाँ सूर्यलाई सङ्केत गर्ने चित्र कोरिएको छ।

The 16th century A.D., San Pietro Basilica, Vatican. Licensor: Sarah Sampsel (CC BY-ND 2.0).



**चित्र ४२ – सान पेट्रो बासिलिकाको चँदुवा**

उक्त गिर्जाघरको छतको मध्य भागमा यस्तो चँदुवा राखिएको छ। त्यहाँका चार खम्बाहरूमा अजिङ्गर कुँदिएको छ र छतसम्मै पुगेका खम्बाहरूमा सूर्य राखिएको छ।

Gian Lorenzo Bernini. 1624–1633 A.D., San Pietro Basilica, Vatican. Licensor: Ricardo André Frantz (CC BY-SA 2.5).



## घ. मध्यकालीन इसाई युगमा सर्प र अजिङ्गरको आराधना

**Sepent And Dragon Worship in The Middle Age Christianity**

मध्यकालीन युगतिर इसाई धर्मले सर्प, अजिङ्गर तथा अन्य फोहोरी जीव-जन्तुहरूको विरोध गर्दथ्यो । त्यसबेलाका इसाईहरूले बाइबलमार्फत सर्प र अजिङ्गर शैतानको प्रतिरूप हुन् भन्ने कुरा थाहा पाएका थिए । त्यसकारण त्यतिबेला निर्माण गरिएका मूर्तिकला र चित्रकलाहरूमा सन्तहरूले सर्प र अजिङ्गरलाई भालाले घोचेर मारेको दृश्यहरू देखिन्छन् । यसै विषयमा सन्त जर्जले (St. George) अत्याचारी अजिङ्गर लाई मारेर लिबियाको सिलेना (Silena, Lybia) भन्ने ठाउँका मानिसहरूलाई इसाई धर्ममा परिवर्तन गराए भन्ने आख्यान छ र त्यही कामको लागि तिनलाई सन्त घोषणा गरी पुण्यस्मरण गरिन्छ । युरोपको धेरै क्षेत्रहरूमा उहाँलाई प्रख्यात सन्तको रूपमा चिनिन्छ । त्यस्तै किसिमले अजिङ्गरलाई मारेर दुष्टमाथि विजयी भएका थुप्रै सन्तहरूका कथा सुन्न अनि पढ्न पाइन्छ । मरियमले सर्पलाई कुल्चेको प्रतिमाहरूको अर्थ इसाई धर्मले दुष्टको विरोध गरी त्यसमाथि विजयी भएको हो भन्ने कुरा हामीले योभन्दा अगाडि नै चर्चा गरिसक्यौं ।

मध्यकालीन युगमा निर्माण भएका रोमन क्याथोलिक र अर्थोडक्स मण्डलीका गिर्जाघरहरू अवलोकन गर्छौं भने त्यहाँ सर्प र अजिङ्गरका प्रतिरूपहरू भेट्टाउँछौं । ती मण्डलीहरूलाई सर्प र अजिङ्गरले दुष्टको प्रतिनिधित्व गर्छ भन्ने कुरा स्पष्टसँग थाहा थियो तैपनि तिनीहरूका गिर्जाघरहरूभित्र सर्प, अजिङ्गर र अन्य यस्तै फोहोरी अनि घिनलाग्दा जीव-जन्तुहरूका थुप्रै मूर्ति र चित्रहरू पाइन्छन् । अब हामी त्यसबारे केही उदाहरणहरू हेरौं ।

मध्यकालीन युगमा निर्माण भएका मण्डली भवनहरूलाई नियाल्ने हो भने त्यसको बाहिरी भित्ताहरूमा अजिङ्गरलगायत अन्य जीव-जन्तुहरूका मूर्तिहरू सजाइएको देख्न सकिन्छ । पहिले-पहिले मिश्र, ग्रीस, रोम र पोम्पेयीजस्ता स्थानहरूमा भएका मन्दिरको बाहिरी भित्तामा वर्षादको पानी तर्काउनको निम्ति त्यसको छतमा तेर्सो

नलीहरू राखिन्थे । ती नलीहरूका उद्देश्य माथिबाट झरेको पानीलाई भवनको भित्ताभन्दा केही पर तर्काउनु थियो । आजभोलि भवनको छतमा पानी जम्मा नहोस् भनी एक छेउमा ठाडो पाइप राखिएको हुन्छ तर पुरानो समयमा निर्माण गरिएका भवनहरूको बाहिरी भित्तामा चाहिँ लामो-लामो तेर्सो पाइपहरू राखिने गरिन्थ्यो । पाइप जति लामो हुन्थ्यो, त्यति नै पानीले भवनलाई हानी पुऱ्याउने सम्भावना कम हुन्छ भन्ने मान्यता थियो । मध्यकालीन युगमा निर्माण भएका मण्डली भवनहरूमा वास्तुकलाको त्यही सिद्धान्तले स्थान पायो र मण्डली भवनका बाहिरी भित्ताहरूमा विभिन्न दुष्ट जीव र राक्षसहरूको मूर्तिहरू निर्माण गरिए (चित्र ४३) ।

तत्कालीन गिर्जाघरका बाहिरी भित्तामा राखिने त्यस्ता कलाकृतिहरूको उद्देश्य वर्षादको पानी तर्काउने मात्र होइन, त्यसको अर्को महत्वपूर्ण उद्देश्य भनेको बाहिरी सजावट गर्नु थियो (चित्र ४४) । मध्यकालीन रोमन क्याथोलिक मण्डलीहरूले 'परमेश्वरको विश्वव्यापी प्रेम' (God's Universal Love) प्रकट गर्ने बहानामा दुष्ट कुराहरूलाई अँगालेका थिए । तिनीहरूले यस्तो तर्क दिन्थे : "इसाई धर्म दुष्टमाथि विजयी भइसकेको छ; त्यसकारण विजेताको दृष्टिकोणबाट हामी इसाई मण्डलीले दुष्टहरूलाई परमेश्वरको राज्यबाट बहिस्कार गर्नु हुँदैन ।"

फ्रान्सको पेरिस सहरमा भएको नोर्टे डेम गिर्जाघर (Norte Dame Cathedral) यसको विशिष्ट उदाहरण हो । उक्त गिर्जाघरको बाहिरी भित्ता र चौकुनामा राखिएका दुष्टका त्यस्ता मूर्तिहरूले पानी तर्काउने मात्र होइन सुरक्षा दिने काम पनि गर्छ भनिन्थ्यो (चित्र ४५, ४६) । दुष्टको प्रतिनिधित्व गर्ने जीवहरू शत्रु होइनन् तर सेवकहरू हुन् भनी रोमन क्याथोलिकहरूले विश्वास गरेका हुनाले तिनीहरूले विभिन्न अबाइबलीय कुराहरूसँग सम्झौता गर्दै घृणित क्रियाकलापहरूमा सहभागी भई परमेश्वरको आराधना गर्ने स्थानमा दुष्टको प्रतिमाहरू राखे ।

त्यस्ता फोहोरी कुराहरूले मण्डलीमा सुरक्षा दिनको लागि सांसारिक देव र भूतप्रेतले स्थान पायो र ती दुष्ट प्रतिमाहरूले गिर्जाघरलाई प्राकृतिक विपत्ति, अशुभ कार्य र खराबीबाट बचाउँछ भन्ने अन्धविश्वास जन्मियो। बौद्ध गुम्बाहरूका प्रवेशद्धारमा दैत्यको विशाल मूर्तिहरू राखिएका हुन्छन् र त्यसले त्यो गुम्बा अनि त्यहाँ बस्ने भिक्षुहरूलाई सुरक्षा दिन्छ भनी तिनीहरूले विश्वास गर्छन् । त्यही कुरालाई मध्यकालीन रोमन क्याथोलिकहरूले नक्कल गरे । परमेश्वरले सबैलाई प्रेम गर्नुहुन्छ भन्ने अवधारणालाई जोड दिएर तिनीहरूले अन्यजाति धर्मको विभिन्न प्रकारका फोहोरी प्रतिमाहरूलाई परमेश्वरको आराधना गर्ने पवित्र स्थानमा राखेर ठूलो गल्ती गरे ।

यस विषयमा अझै चर्चा गर्ने हो भने सान पेट्रो गिर्जाघरको (San Pietro Basilica) अगाडिको मोहोडा र भित्री छतमा अजिङ्गरको मूर्तिहरू कुदिँएका छन् (चित्र ४८) र त्यस भवनको भूइँमा पनि अजिङ्गरको ठूलो चित्र कोरिएको छ (चित्र ४७) । उक्त गिर्जाघरको भूइँमा कोरिएको अजिङ्गरको आकृति इ.सं.१५७२ देखि १५८५ सम्म शासन गर्ने पोप ग्रेगरियस- तेह्रौंको (Pope Gregorious-XIII) सेनाहरूले लगाउने पोशाकमा राखिन्थ्यो । त्यस्तै गरी पोप पौलस पाँचौं (Pope Paulus-V) र अन्य पोप तथा आर्च-विशपहरूको पोशाकमा पनि अजिङ्गर, चिल,



**चित्र ४३ – बाहिरी भित्ताको पानी तर्काउने नली**

यो इटालीको मिलान भन्ने ठाउँमा भएको पुरानो गिर्जाघरको एक भाग हो । त्यसमा १३५ वटा चुचुराहरू र थुप्रै मूर्तिहरू छन् । पानी तर्काउने नलीको टुप्पामा जनावरको टाउको र फेदमा सर्पको पुच्छर राखिएको छ ।

The 14th–19th centuries A.D., Duomo di Milano, Lombardy, Italy. Licensor: John Picken (CC BY 2.0).




**चित्र ४४ – Chiesa di Santa Croce को पानी तर्काउने नलीको ढाँचा**

इटालीको फिरिन्ज भन्ने ठाउँको गिर्जाघरमा अजिङ्गरका यस्तो मूर्ति सजाइएको छ ।

The 15th century A.D., Chiesa di Santa Croce, Firenze, Italy. Licensor: Gabriele – Yellow.Cat (CC BY 2.0).

**चित्र ४५ – Notre Dame Cathedral को पानी तर्काउने नलीको ढाँचा**

फ्रान्सको पेरिसमा भएको नोर्टे डेम गिर्जाघरको बाहिरी भित्तामा यस्तो मूर्ति भएका पानी तर्काउने नलीहरू राखिएका छन् ।

The 12th–18th centuries A.D., Cathédrale Notre-Dame de Paris, France. Licensor: Robin Zebrowski – firepile (CC BY 2.0).




**चित्र ४६ – Notre Dame Cathedral को पानी तर्काउने नली**

यो गिर्जाघरको छानामा राखिएको पानी तर्काउने ठाडो नली हो ।

The 12th–18th centuries A.D., Cathédrale Notre-Dame de Paris, France. Licensor: Sharon Mollerus – clairity (CC BY 2.0).



बोकालगायत अन्य जीव-जन्तुहरूको चित्र अङ्कित हुन्छन् । त्यस्ता चित्रहरूले तिनीहरूका ठूलो शक्ति र अधिकारलाई प्रतिनिधित्व गर्छ । त्यस्ता जीव-जन्तुहरूका बारेमा बाइबलमा नकरात्मक किसिमले व्याख्या गरिएको भए तापनि आत्मिकी आँखा बन्द भएको रोमन क्याथोलिकहरूले अन्यजाति धर्महरूका आकृतिहरूलाई विवेकहीन भई पवित्र ठाउँहरूमा प्रयोग गरे । यहोवा परपमेश्वरले उत्पत्ति ३:१५ मा शैतानलाई गर्नुभएको भविष्यवाणीको बारेमा अनभिज्ञ भएको कारणले नै तिनीहरूले त्यस्ता काम गरेका हुन् ।

आफ्नो मण्डलीमा सदस्यहरू बढाउनको निम्ति रोमन क्याथोलिक र अर्थोडक्स मण्डलीले विभिन्न प्रकारका मूर्तिहरूको प्रयोग गरे । त्यस्तो क्रियाकलापद्वारा तिनीहरूले अरू धर्मका मानिसहरूलाई 'इसाई धर्म र अन्यजाति धर्महरू उस्तै-उस्तै हुन्' भन्ने सन्देश दिन चाहन्थे । त्यसकारण कुनै अवरोधविना अरू धर्मका मानिसहरूलाई इसाई धर्ममा परिवर्तन गर्नको निम्ति तिनीहरूले आफ्नो मण्डलीको ढोका खुला गरे ।

माथि उल्लिखित अवधारणाहरूले गर्दा नै रोमन क्याथोलिक र अर्थोडक्स मण्डलीको आराधना स्थलहरूमा सर्प र अजिङ्गरको विभिन्न मूर्तिकला, चित्रकला र हस्तकलाहरू देखिने कुरा सामान्य हुन थाल्यो । तिनीहरूले भऱ्याङको रेलिङ, खम्बा अथवा स्तम्भ, मेच-टेबुल, अनि चित्र ५१ मा भएको धार्मिक समारोहमा पादरीले बोक्ने टुप्पा घुमाउरो भएको लौरो (Crosier) तथा अन्य सजावटका सामाग्रीहरूमा सर्प र अजिङ्गरको चित्रहरू बनाउन थाले । यहाँसम्म कि क्रूसमा पनि तिनीहरूले अजिङ्गरको प्रतिरूप प्रयोग गरे (चित्र ५२) । यी कुराहरू देख्दा अनि पढ्दा त्यतिबेला आफूलाई इसाई भनेर दाबी गर्ने इसाईहरू आत्मिकरूपमा यस विषयमा कति असम्बेदनशील र अनभिज्ञ रहेछन् भन्ने कुरा हामी अनुमान लगाउन सक्छौँ ।

वर्तमान युगको गम्भीर विषय के हो भने यस्ता मुद्दाहरूप्रति अहिलेका केही इसाईहरूले त्यति चासो देखाउँदैनन् । बहुधर्मवादको सिद्धान्तलाई अँगाल्ने इसाईहरू यसो भन्छन् : "अरू धर्महरूमा फरक नाउँहरूमा येशूको उपस्थिति हुन्छ ।" यो अवधारणा इसाई जगतमा प्रचलित हुँदैगइरहेको देखिन्छ । तिनीहरू यसो पनि भन्छन् : सूर्य, चन्द्रमा, तारा, अजिङ्गर र सर्पको मूर्तिहरूबारे चर्चा गर्ने कुरा पुराना भइसके । त्यसकारण अहिले यस्ता कुराहरूमाथि ध्यान दिइराख्नु आवश्यक छैन ।" इसाई धर्मलाई फैलाउँदै लैजानको निम्ति रोमन क्याथोलिक मण्डलीले स्थानीय अवस्थाअनुसार आफ्नो विश्वास, सिद्धान्त र मूल्य-मान्यतालाई परिवर्तन गरी सांसारिक कुराहरूसँग सम्झौता गरे । त्यस विषयमा तिनीहरूले यसरी तर्क गर्छन् : "परमेश्वर प्रेमिलो हुनुहुन्छ अनि ख्रीष्टले संसारको सबैलाई प्रेम गर्नुहुन्छ ।" तर त्यसको परिणामस्वरूप इसाई धर्ममा आत्मिक अन्धकार फैलिन थाल्यो । इसाई इतिहासमा भएका स्थानीयकारणसम्बन्धी त्यस्ता सम्झौताहरूले कस्तो भयानक परिणामहरू ल्याउँछ भन्ने कुरा यस पाठद्वारा हामीले राम्रोसँग बुझ्न सक्छौँ ।



**चित्र ४७ – सान पेट्रो गिर्जाघरको प्रवेशद्वारको भित्रपट्टिको भुइँमा कोरिएको अजिङ्गरको चित्र**

पोप ग्रेगोरियस- तेह्रौँको कोटमा यस्तो चित्र राखिन्थ्यो ।

The 4th century A.D.; the 16th century, San Pietro Basilica, Vatican.
Licensor: Tomohisa Hashimoto (CC BY-SA 2.0).



**चित्र ४८ – सान पेट्रो गिर्जाघरको मोहोडामा राखिएको अजिङ्गर**

यो चौथो शताब्दीमा बनाइएको ठूलो गिर्जाघरको अंश हो । सोह्रौँ शताब्दीमा यसलाई पुनर्निर्माण गरियो र त्यसबेला Michelangelo भन्ने वास्तुकलाको विद्वान् पनि समावेश थिए । त्यो भवनको मोहोडामा चील र अजिङ्गर कुँदिएका छन् ।

The 4th century A.D.; the 16th century, San Pietro Basilica, Vatican.





**चित्र ४९ – पोप ग्रेगोरियस– तेह्रौँको कोटको चिन्ह**

तिनले इ.सं.१५७२-१५८५ सम्म शासन गरे ।

Coat of arms of Pope Gregorius XIII.
Licensor: Odejea (CC BY-SA 3.0).



**चित्र ५० – पोप पौलस– पाँचौँको कोटको चिन्ह**

तिनले इ.सं.१६०५-१६२१ सम्म शासन गरे ।

Reigned 1605–1621 A.D..

Coat of arms of Pope Paulus V.
Licensor: Odejea (CC BY-SA 3.0).

**चित्र ५१ – सर्प र सिंह राखिएको लौरो**

यो बिशपले प्रयोग गर्ने टुप्पा घुमेको लौरो हो ।

Around 1200 A.D., Limoges, France; Musée du Louvre, Paris, France.



**चित्र ५२ – ग्रीक अर्थोडक्स विहारको क्रूसमा अजिङ्गर**

The 5th–6th centuries A.D., Greek Orthodox monastery.



# ४. मध्यपूर्वमा बेबिलोनी धर्मको प्रभाव

## THE RELIGIOUS BABYLONIZATION OF THE MIDDLE EAST

बेबिलोनी धर्म मध्यपूर्वबाट सुरु भयो । त्यस क्षेत्रको सम्पूर्ण भूभागमा सेमिरामिसको प्रत्यक्ष प्रभाव परेको थियो । तीनवटा देवताहरू- सूर्य देवता, चन्द्र देवता र तारा देवताको आराधना गर्ने प्रचलन त्यो क्षेत्रमा व्यापकरूपमा फैलिएको थियो । मेसोपोटामियाबाट त्यो प्रचलन सबैतिर फैलिँदै गयो; जस्तैः उत्तरी भाग सिरिया र टर्की, पूर्वी भाग कनान देश, र दक्षिणी भाग साउदी अरब आदि । ती ठाउँहरूको स्थानीय परिस्थितिअनुसार उक्त तीन देवी-देवताहरूलाई विभिन्न नाउँले पुकारिन्थ्यो अर्थात् नयाँ ठाउँहरूमा तिनीहरूका नाम र कामहरू फरक-फरक थिए ।

### क. चन्द्रमा र ताराको आराधना

**The Moon And Star Worship**

मध्यपूर्वी क्षेत्रहरूमा चन्द्र देवताको रूपमा स्थापित सेमिरामिसको स्थान प्रमुख थियो । त्यसको कारण के हो भने मरुभूमिले ढाकेको हुनाले त्यहाँ दिउँसो

सूर्यको रापले गर्दा निकै गरम हुन्थ्यो । त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले पशुहरू पाल्ने गर्दथे र तिनीहरूलाई दिउँसो चराउन धेरै गाह्रो हुन्थ्यो । त्यसैले तिनीहरूले सूर्यलाई रुचाउँदैनथे बरु साँझको समयमा उदाउने चन्द्रमा शितल हुने भएकोले गर्दा त्यसलाई रुचाउँथे । चन्द्रमा आकाशमा देखा परेपछि सूर्यको प्रचण्ड ताप हटेर जाने भएकोले त्यहाँका मानिसहरूले पक्कै पनि चन्द्रमासँग जीवन दिने रहस्यमय शक्ति छ भनी विचार गर्न थाले । अन्धकार औँसीको रातपछि शुक्लपक्ष सुरु हुन्छ र राति आकाशमा हँसिया आकारको चन्द्रमा (Crescent Moon) देखा पर्दछ । त्यो अर्धचन्द्रले रातमा उज्यालो र शितलता दिने गर्छ अनि बिस्तारै त्यसको आकार बढ्दैगएर दुई हप्तापछि पूर्णिमा आउँछ र चन्द्रमा गोलो देखिन्छ। मध्यपूर्वका मानिसहरूले चन्द्रमालाई विभिन्न प्रकारले बुझ्ने गर्दथे; जस्तैः जीवनको श्रोत, शुभ खबर वाहक, समृद्धि, सम्पन्नता, राम्रो भाग्य, आशा र आशिष्‌हरूको श्रोत आदि। चन्द्रमाको बारेमा प्रचलित यस्ता अवधारणाहरूले गर्दा सेमिरामिसको शक्ति र प्रभाव बिस्तारै बढ्न थाल्यो ।

इ.सं.६१० मा इस्लाम धर्मको उदय भयो । त्योभन्दा पहिले मध्यपूर्वमा बेबिलोनी धर्मका देवी-देवताहरूका थुप्रै मूर्तिहरू थिए। अब त्यहाँ भएका मूर्तिहरूका बारेमा चर्चा गरौँ । चित्र ५४ बाल्सामिनको प्रतिमा (Sculpture of Baalshamin) हो । यो चौथो शताब्दीसम्म अस्तित्वमा रहेको पाल्माइरा भन्ने सिरियाको पुरानो सहरमा भेट्टाइएको थियो । वास्तवमा त्यो सहर इ.पू.९५० तिर राजा सलोमनले निर्माण गरेका थिए । त्यो प्रतिमामा भएको तीन वटा देवताहरूमध्ये बीचको देवताको नाउँ बाल्सामिन (Baalshamin) हो। त्यो देवताले वर्षा, समृद्धि र सन्तान दिन्छ भन्ने त्यतिबेलाका स्थानीय बासिन्दाहरूको विश्वास थियो । बाल्सामिनको दायाँपट्टि सूर्य देवता र बाँयापट्टि चन्द्र देवताको मूर्ति देख्न सकिन्छ। तत्कालीन समयमा मध्यपूर्वमा प्रचलित पुरुष प्रधान सँस्कृतिको प्रभावअनुसार ती देवी-देवताहरूलाई पुरुषको स्वरूपमा प्रस्तुत गरियो । तिनीहरूलाई बाहिरबाट हेर्दा पुरुषजस्तो देखिए तापनि तिनीहरूको आन्तरिक विशेषता सेमिरामिस अर्थात् महिलाको थियो ।



**चित्र ५३ – चन्द्रमा र तारा कुँदिएका फारसी सिक्काहरू**

यी सस्सानिड साम्राज्यका सिक्काहरू हुन् (इ.सं.२२६-६५१, फारस)। राजाको चित्रको साथमा चन्द्रमा र तारा कुँदिएका थुप्रै सिक्काहरू त्यसबेला प्रचलित थिए।

Silver coin (1 drachma) of Khosrau II (reigned 590–628 A.D.) Shiraz, Iran; Personal collection. Licensor: dynamosquito (CC BY-SA 2.0).

**चित्र ५४ – सिरियाको प्राचीन सहर पाल्माइरा भन्ने ठाउँको तीन देवताहरू**

पाल्माइरा सहरलाई तदमोर पनि भनिन्थ्यो, र यसलाई राजा सलोमनले निर्माण गरेका थिए (१ राजा ९:१८; २ इतिहास ८:१४)। तलको चित्रमा बीचमा भएको बाल्सामिन देवता हो, जसले समृद्धि र सन्तान दिन्छ भनी विश्वास गरिन्थ्यो। त्यसको बायाँपट्टि चन्द्र देवता अग्लिबोल र दायाँपट्टि सूर्य देवता यारिबोल छ। यस मूर्तिले मध्यपूर्वमा प्रचलित पुरुष प्रधान सँस्कृतिमा सेमिरामिसलाई प्रदर्शन गर्छ।

The 1st century A.D., Palmyra, Syria; Musée du Louvre, Paris, France. Licensor: World Imaging (CC BY-SA 3.0).





**चित्र ५५ – अल–उज्जाहको मूर्ति**

यो अल-उज्जाहको मूर्ति जोर्डनमा पाइएको तारादेवता (शुक्र) हो (अरबको नाबातियनहरूको देवता)।

Nabatean Idol, the 7th–2nd centuries B.C., Amman, Jordan. Licensor: Ken and Nyetta (CC BY 2.0).

**चित्र ५६ – अल–मन्नत र अल–लत**

यो चित्रमा बायाँपट्टिको अल-मन्नत (भाग्यकी देवी) हुन्, बीचको सूर्यदेवी अल-लत हुन् र दायाँपट्टिको तिनकी नोकर्नी हुन् । यो मूर्ति पाल्माइरा भन्ने ठाउँमा पाइएको हो ।

The 2nd–3rd centuries A.D., Palmyra, Syria; Museum of Fine Arts of Lyon, France. Licensor: Rama (CC BY-SA 2.0).



पौराणिक पर्सिया क्षेत्रबाट उत्खनन् गरिएका सिक्काहरूमा चन्द्रमा र ताराको चित्र कुँदिएको पाइन्छ (चित्र ५३) । त्यो क्षेत्र अहिलेको इरान देश भएको ठाउँमा पर्थ्यो । त्यस्ता सिक्काहरू तेस्रो शताब्दीदेखि सातौं शताब्दीसम्म शासन गर्ने सस्सानिड साम्राज्यमा (Sassanid Empire) प्रयोग हुने मुद्रा थिए। एक ड्राच्माको (One Drachma) सिक्कामा भएको राजा खोसरो- द्धितीय (Khosrow-II) को मुहार वरिपरि चन्द्रमा र ताराहरू सजिएको छ । तिनले इ.सं.५९० देखि ६२८ सम्म राज्य गरेका थिए । यसले त्यतिबेला ती ठाउँहरूमा तारा र चन्द्रमाको आराधना गर्ने प्रचलन थियो भन्ने कुरा स्पष्टसँग देखाउँछ ।

बेबिलोनको तीन देवताहरू मेसोपोटामिया हुँदै बिस्तारै मध्यपूर्वको केन्द्र साउदी अरबमा आइपुग्यो । मध्यपूर्व क्षेत्रका मरुभूमिमा बस्ने मानिसहरूले पुज्ने सूर्य देवता, चन्द्र देवता र तारा देवतामध्ये सबैभन्दा बढी चन्द्र देवतालाई ठूलो ईश्वरको रूपमा आराधना गर्न रुचाउँथे भन्ने कुरा हामीले पहिले नै चर्चा गरिसक्यौं । तर त्यहाँ पुरुष प्रधान सँस्कृति भएकोले गर्दा मानिसहरूले ईश्वरलाई पनि पुरुषको स्वरूपमा देख्न चाहन्थे। त्यही कारणले गर्दा तिनीहरूले चन्द्र देवतालाई महिलाको स्वरूपमा स्वीकार गर्न सकेनन् । त्यसैले तिनीहरूले चन्द्र देवतालाई बाल (Baal) भन्ने पुरुषको नाउँ दिए । त्यो बाल देवतालाई अरबी भाषामा हुबाल (Hubal) भन्ने नाउँ दिए र उक्त नाउँद्वारा चन्द्र देवता त्यस क्षेत्रमा सबैभन्दा ठूलो भयो ।

अरबी क्षेत्रमा भएको त्यो हुबाल देवतालाई पुकार्न अल-लाह (All–llah) भन्ने नयाँ नाउँ प्रयोग भयो; जसको अर्थ परमेश्वर हुन्छ । त्यसको केही समयपछि तिनीहरूले त्यसलाई परिवर्तन गरी स्थायीरूपमा अल्लाह (Allah) बनाए, जुन आजसम्म पनि प्रयोग भइरहेछ । मुस्लिमहरूले अल्लाहलाई एक मात्र परमेश्वर भनेर दाबी गरे पनि वास्तवमा त्यो साँचो होइन । अल्लाह भनेको साउदी अरबको मक्का भन्ने ठाउँमा अवस्थित काबा मन्दिरमा (Kaaba Temple of Mecca) भएको

करिब ३६० देवताहरूमध्ये प्रमुख देवता हो, र यसले चन्द्र देवतालाई प्रतिनिधित्व गर्छ । इस्लाम धर्मको जग बलियो हुनुभन्दा अगाडि मध्यपूर्वका मानिसहरूले त्यही चन्द्र देवतालाई लामो समयसम्म पूजा गरे । मुस्लिमहरूले मान्ने चन्द्र देवताको (अल्लाहको) तीन जना छोरीहरू थिए भनी तिनीहरूले विश्वास गर्थे, जसको नाउँहरू यसप्रकारका छन् ।

१. अल-लत (Al-Lat)

२. अल-उज्जाह (Al-Uzzah)

३. अल-मनत (Al-Manat)

अल-लत भनेको देवी (Goddess) हो, अल-उज्जाह भनेको शक्तिशाली (The mighty) हो र अल-मनत भनेको समय (Time) हो । यी तीन जनालाई देवीको रूपमा आराधना गर्न थालियो (चित्र ५५, ५६) । यी तीनमध्ये अल-लतले सूर्य देवीको रूप लियो, जुन चन्द्र देवता अर्थात् अल्लाहभन्दा विपरीत थियो । अल-उज्जाहले तारा देवी अर्थात् शुक्रको (Venus) रूप लियो र अल-मनतले भाग्य बनाइदिने देवीको रूप लियो । त्यही अल-उज्जाह देवीको प्रभावद्वारा अरबी मुलुकहरूमा अर्ध-चन्द्र र ताराको प्रतिमा प्रयोग गर्ने प्रचलन प्रख्यात हुँदैगयो ।

## ख. इस्लाम धर्मको उदय

### The Beginning of Islam

अहिले काबा भन्ने स्थान इस्लामहरूको मुख्य पवित्र भूमि भएको छ । इ.सं.६१० मा इस्लाम धर्मको उदय भयो । त्योभन्दा पहिला साउदी अरबको मक्का भन्ने ठाउँमा थुप्रै देवी-देवताहरू राखिएको मन्दिर थियो । त्यतिबेला मक्का सहर व्यापार-व्यवसायको रूपमा विकसित भइसकेकोले विभिन्न ठाउँका व्यापारीहरू त्यहाँ आवत-जावत गर्ने गर्थे । तिनीहरूले ल्याएका मूर्तिहरूले त्यो मन्दिर

**चित्र ५७ – काबा मन्दिर**

(करिब इ.सं. १९१० तिरको तस्वीर)

साउदी अरबको यो मन्दिर मुस्लिमहरूको पवित्र सहर मक्कामा छ । यहाँ देब्रेपट्टिका मानिसहरू कालो पत्थरलाई स्पर्श गर्न जम्मा भएका हुन् ।

Around 1910 A.D., Mecca, Saudi Arabia.



**टिप्पणी नं. ४ : चन्द्र देवता र मोहमदको कुल**

David Hunt भन्ने लेखकले In Defense of the Faith भन्ने पुस्तकमा मोहमदको जन्म हुनुभन्दा धेरै अघिदेखि अल्लाहको पूजा गर्ने प्रचलन थियो भनी ठोकुवा गरेका छन् । अल्लाह (Allah) भन्ने नाम अल-लाहको (Al-llah) संक्षिप्त रूप हो । त्यो नाउँ भएको चन्द्र देवतालाई स्थानीय कुराइस (Kuraish) जातिको मोहमदको पुर्खाहरूले इस्लाम धर्म उत्पन्न हुनुभन्दा सयौं वर्ष अघिदेखि नै पुज्ने गर्थे र जनावर अनि मानिसको बलि चढाउँथे । मोहमदको बाजेले एक जना छोरालाई झण्डै अल्लाहको लागि बलिदान गरेका थिए भनी Ibn Ishaq भन्ने मोहमदको पहिलो जीवनी लेखकले बताएका छन् । त्यो व्यक्तिको नाम अब्दुल्लाह (Abdullah) थियो, जो अगमवक्ता मोहमदको पिता हुन् । जादुगरहरूले तिनलाई छोराको सट्टामा ऊँट बलिदान गर्न लगाए ।

अब्दुल्लाह तीन वटा शब्दहरू मिलेर बनेको छ : अब्द-उल-अल्लाह (Abdullah = Abd-ul-Allah) । अब्दुल्ला भन्ने नाउँको अर्थ अल्लाहको सेवक (Servant of Allah) भन्ने हुन्छ । त्यहाँका मानिसहरूले अल्लाहलाई पहिलेदेखि नै पुज्ने गर्थे भन्ने ऐतिहासिक तथ्य यसबाट प्रमाणित हुन्छ । मोहमदले बहुईश्वरवादको सिद्धान्तलाई (Polytheism) इन्कार गरेपछि इस्लाम धर्मको एक मात्र ईश्वरको नाम राख्न उसले चन्द्र देवतालाई बुझाउने आफ्नै पुर्खाको अल्लाह भन्ने नाम प्रयोग गरे । (David Hunt, In Defense of the Faith, Harvest House Publishers: Eugene, OR, 1996, pp. 37-38)

भरिँदैगयो। त्यो मन्दिरमा ३६० भन्दा बढी मूर्तिहरू थिए। मानिसहरूले अन्यजाति धर्मका देवी-देवताहरू र विभिन्न आत्माहरूको आराधना गर्न थाले । मानिसहरूले ती ३६० मूर्तिहरूमध्ये अल्लाह भन्ने चन्द्र देवता र उसका तीन छोरीहरूको (अल-लत, अल-उज्जाह र अल-मनत) मूर्तिलाई उच्च स्थानमा राखे । वास्तवमा भन्ने हो भने बेबिलोनी धर्मको प्रभावले गर्दा नै तिनीहरूले ती तीन देवतालाई अर्थात् सूर्य देवता, चन्द्र देवता र तारा देवतालाई अरूभन्दा बढी महत्व दिएर माथि उचाले ।

छैठौँ शताब्दीतिर काबा मन्दिरको कारणले गर्दा मक्का सहरले प्रशस्त धन-सम्पत्ति आर्जन गऱ्यो । त्यही शताब्दीमा कुराइस जाति (Kuraish Tribe) अन्तर्गत हासिमको घरानाबाट (House of Hashim) मोहमद (Muhammad, 570-632 A.D.) भन्ने व्यक्तिको जन्म भयो । मोहमदको पिता-पुर्खाहरूले त्यो मन्दिरको सुरक्षा र साथै रुपैयाँ-पैसा पनि संकलन गर्ने काम गर्थे । मोहमदको पिताको नाम अब्दुल्लाह (Abdulla) थियो र त्यो नाउँमा अल्लाह नाउँ समावेश भएको छ (Abdulla=Abd+ul+Allah, अब्दुल्ला=अब्द+उल+अल्लाह; यसको अर्थ अल्लाहको सेवक हो) । त्यो मन्दिरमा भएका करिब ३६० देवताहरूमध्ये अल्लाह देवता महान् थियो र कुराइस जातिका मानिसहरूले इस्लाम धर्मको उदय हुनुभन्दा पहिलेदेखि नै त्यसको सेवा गरिरहेका थिए (टिप्पणी ४ हेर्नुहोस् - चन्द्र देवता अल्लाह र मोहमदको जाति) ।

इ.सं.६१० मा मोहमदको उमेर ४० वर्षका भयो र त्यहीबेला तिनले इस्लाम धर्मको प्रतिपादन गरे । त्यसको निम्ति तिनले गब्रिएल स्वर्गदूतबाट प्रकाश पाएका थिए भनिन्छ । दर्शनमा स्वर्गदूतले मोहमदलाई यसो भने: "तिमी सबैभन्दा ठूलो अगमवक्ता हौ । आदम, नोआ, अब्राहाम, मोशा, येशू र मोहमद गरी छ जना अगमवक्ताहरू छन् र यी छ जनामध्ये तिमी सबैभन्दा महान् हौ ।" त्यसको साथै त्यसले यसो भन्यो : "येशू परमेश्वरका पुत्र होइन तर अगमवक्ता मात्र हो र तिमी उभन्दा महान् हौ । परमेश्वर एउटै हुनुहुन्छ; र उहाँको नाउँ अल्लाह अर्थात् चन्द्र देवता हो, आदि इत्यादि ।"

त्यस समयमा मध्यपूर्व क्षेत्रमा व्यापकरूपमा फैलिएको यहूदी धर्म र इसाई धर्मबाट मोहमदले एक ईश्वरवादको अवधारणा (Concept of Monotheism) सिकेका थिए र त्यही सिद्धान्त चन्द्र देवता अल्लाहमा लागू गरे । उसले अल्लाहलाई आफ्नो क्षेत्रको एक मात्र सर्वोच्च देवताको रूपमा स्वीकार गरे र त्यस ठाउँमा भएका अरू करिब ३६० देवी-देवताहरूका मूर्तिहरूलाई नष्ट गरे । त्यसको परिणामस्वरूप मोहमदलाई स्थानीय मानिसहरूले ठूलो विरोध गरे, जसको कारणले तिनले मक्का सहर छोडी मदिना भन्ने ठाउँमा बसाइँ सर्नुपऱ्यो । केही समयपछि इस्लामको सैनिक शक्तिद्वारा तिनले मक्कालाई आफ्नो कब्जामा लिए । ती घटनाहरूलाई क्रमैसँग अवलोकन गर्ने हो भने इस्लाम धर्मको अल्लाह देवता भनेको मोहमदको जन्म हुनुभन्दा धेरै अघिदेखि अरबी क्षेत्रका मानिसहरूले सेवा-आराधना गर्ने गरेका थुप्रै मूर्तिहरूमध्ये एक हो भन्ने कुरा बुझ्न सकिन्छ ।

मुस्लिमहरूले अल्लाहलाई पुरुष देवताको रूपमा विश्वास गरे तापनि गहिराइमा गएर त्यसको मूल जरालाई खोज्ने हो भने चन्द्र देवता अर्थात् सेमिरामिसको गुण पाउन सकिन्छ। मुस्लिमहरूले मनाउने रामादानको उपवासलाई

**चित्र ५८ – इस्लाम धर्मको अल–बुराक भन्ने पौराणिक काल्पनिक घोडा र चन्द्रमाको तस्वीर**

गब्रिएल स्वर्गदूतलाई भेटेको रातमा मोहम्मदले यही पखेटा भएको ज्योतिर्मय अल-बुराक घोडमा उडेर यरूशलेम गएका थिए भनी मुस्लिमहरू विश्वास गर्छन् । यस चित्रमा घोडाको साथमा अर्धचन्द्र र ताराहरू राखिएका छन् ।

A reproduction – the 17th century A.D., Indian Mughal miniature painting.



केलाउने हो भने तिनीहरूले चन्द्र देवताको आराधना गरेको स्पष्ट देखिन्छ । तिनीहरूका पाँच वटा धार्मिक क्रियाकलापहरू यी हुन्- रामादानको उपवास (Ramadan Sawm), शहदा अर्थात् अल्लाहप्रतिको विश्वास (Confession of faith in Allah), सलत अर्थात् दिनमा पाँचपटक प्रार्थना गर्नु (Praying five times a day), जकत अर्थात् दान दिनु (Giving to charity) र हज अर्थात् मक्कामा तिर्थयात्रा गर्नु (Pilgrimage to Mecca) ।

यी अनुष्ठानहरूमध्ये रामादानलाई मुस्लिमहरूले विशेष महत्व दिन्छन् । इस्लाम पात्रोअनुसार रामादान नवौँ महिनामा पर्दछ । त्यो औँसीबाट सुरु भएर एक महिनापछि फेरि औँसीमा नै अन्त हुन्छ । त्यो अवधिभरि मुस्लिमहरूले बिहान चन्द्रमा अस्ताएदेखि साँझ आकाशमा चन्द्रमा नदेखुञ्जेलसम्म केही पनि खाँदैनन् । यहाँसम्म कि तिनीहरूले दिनभरि पानी पनि पिउँदैनन् तर राति आकाशमा चन्द्रमा देखेपछि खानपिन गर्ने गर्छन् । दिउँसो सूर्यको कारणले गर्दा चन्द्रमाले आफ्नो शक्ति गुमाउँछ भनी तिनीहरू उपवास बसेर शोक गर्छन् र जब साँझमा चन्द्रमा उदाउँछ, तब त्यो पुनर्जीवित भएकोमा खुसी हुँदै खानेकुरा खान्छन् । रामादानको समयमा मुस्लिमहरूले चन्द्रमालाई र अझ विशेष गरी अर्धचन्द्रलाई गहिरोरूपमा आदर गर्ने गर्छन् ।

## ग. कालो पत्थरको आराधना

### The Black Stone Worship

पत्थरलाई पुज्ने र देवीलाई पुज्ने प्रचलन एक आपसमा सम्बन्धित छ किनभने पत्थरलाई पुज्ने कुरा देवीको आराधना गर्ने प्रचलनको प्रारम्भिक चरण हो । संसारको धेरै ठाउँहरूमा के देखिएको छ भने कुनै देवीले मानवस्वरूप प्राप्त गर्नुभन्दा पहिले त्यहाँका मानिसहरूले गर्भवती र बच्चा जन्माउन लागेको महिलाको

स्वरूपमा विभिन्न आकारका पत्थरहरूलाई पुज्ने गर्दथे । विशेष गरी तिनीहरूले आकाशबाट झरेका उल्कापिण्डहरू र विभिन्न आकार अनि रङ्गका गरगहनाजस्ता पत्थरहरूलाई पुज्ने गर्थे । तिनीहरूले आकर्षक देखिने त्यस्ता विचित्रका पत्थरका टुक्राहरूलाई घरमा राख्ने गर्थे र त्यसको शक्तिले दुष्टलाई भगाउन सकिन्छ भन्ने अन्धविश्वासमा भर पर्थे ।

मध्यपूर्वका बासिन्दाहरूले पत्थरहरू र देवीहरूको आराधना गर्थे भनेर बाइबलले बताउँछ । *"तिनीहरू काठलाई भन्छन्, 'तिमी मेरा पिता हौ, र ढुङ्गालाई, 'तिमीले मलाई जन्म दिएकी हौ ।' तिनीहरूले आफ्ना पीठ मतिर फर्काएका छन्, तर मुख होइन । तापनि दुःखका दिनमा तिनीहरू भन्छन्, 'आएर हामीलाई बचाउनुहोस्'"* (यर्मिया २:२७) । *"बेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी"* (यर्मिया ३:९) । यहाँ मूर्तिपूजा गर्ने इस्राएलीहरूलाई परमेश्वरले हप्काउनुभएको छ । 'तिमीले मलाई जन्म दिएकी हौ' भनेको पत्थरले तिनीहरूलाई जन्माएको भनिएको हो, जसको अर्थ पत्थरको मूर्तिलाई तिनीहरूले देवी मानेको हो । इस्राएलीहरू परमेश्वरद्वारा चुनिएका मानिसहरू थिए, तर छिमेकी मध्यपूर्वी क्षेत्रमा प्रचलित रीतिरिवाजबाट प्रभावित भएर तिनीहरूले पत्थरहरू र देवीहरूका आराधना गरे ।

विशेषगरी त्यसबेला चिल्ला ढुङ्गाहरूलाई मानिसहरूले महत्व दिएर आदर र श्रद्धाको दृष्टिले हेर्ने गर्दथे । यस विषयमा यशैया ५७:६ मा यस्तो लेखिएको छ : *"खोल्साका चिल्ला ढुङ्गामध्ये मूर्तिहरू तिमीहरूका भाग हुन् । तिनीहरू नै तिमीहरूका भाग भए । हो, तिनीहरूकै निम्ति तिमीहरूले अर्घ-बलि र अन्नबलि चढाएका छौ । यस्ता कुराहरू जान्दाजान्दै पनि के मैले आफ्नो मन नरम गर्ने ?"*

यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने चिल्ला ढुङ्गाहरू मध्यपूर्वी क्षेत्रमा पाउन गाह्रो थियो किनभने खोलामा पानीको धारले लामो समयसम्म घोटिएर मात्र ढुङ्गा चिल्ला र सुन्दर हुन्छ, जुन मरुभूमिमा पाउन कठिन छ । त्यहाँका मानिसहरूले

त्यस्ता पत्थरहरूलाई विशेष महत्व दिने भएकोले बढी मूल्यमा किनबेच हुन्थ्यो। व्यापारीहरूले बढी फाइदा लिनको निम्ति त्यस्ता पत्थरलाई पूजा गर्ने प्रचलन फैलाउँदै लगे ।

त्यसप्रकार संसारका धेरै क्षेत्रहरूमा ढुङ्गालाई पुज्ने प्रचलन विकसित हुँदैजाँदा मानवस्वरूपका देवीहरूलाई आराधना गर्ने प्रथा सुरु भयो । तर अचम्मलाग्दो कुरा के छ भने अरबी मुलुकहरूमा चाहिँ देवीलाई पुज्ने प्रचलनले विकसित रूप लिन पाएन र आज पनि इस्लाम धर्मालम्बीहरूले त्यही पत्थरलाई पुज्ने परम्परालाई निरन्तरता दिइरहेका छन् । जब हामी कालो पत्थरलाई पुज्ने धार्मिक समारोहहरूबारे अध्ययन गर्छौं, तब ढुङ्गालाई पूजा गर्ने परम्परासँग मुस्लिमहरू कति निकट छन् भनेर देख्नसक्दछौं ।



**चित्र ५९ – मक्काको काबा मन्दिरमा भएको कालो पत्थरलाई स्पर्श गर्न भेला भएका मुस्लिमहरू**

उक्त कालो पत्थरलाई काबा मन्दिरमा जमिनभन्दा १.५ मिटरमाथि जडिएको छ र त्यसलाई चाँदीको थालीमा सुरक्षित राखिएको छ ।

Kaaba, Mecca, Saudi Arabia; 2009.



**चित्र ६० – मक्काको काबा मन्दिरमा राखिएको कालो पत्थरको प्रतिनिधिक नमुना**

यो चित्रले उक्त कालो पत्थर साना-साना पत्थरहरूद्वारा बनाइएको छ भन्ने तथ्यलाई पुष्टि गर्छ।

William Muir. *The Life of Mohammad*, Smith-Elder & Co., 1858. p. 29.

**चित्र ६१ – चाँदीको थालीमा राखिएको कालो पत्थर**

यसले 'गर्भधारण गरी बच्चा जन्माउन तयार भएको अवस्था'लाई बुझाउँछ। उक्त कालो पत्थरलाई चाँ( दीको थालीमा सुरक्षासाथ राखिएको छ।

Kaaba, Mecca, Saudi Arabia.

**चित्र ६२ – अर्कै काबा मन्दिरमा भएको सुनको थाली**

यो सुनको थाली लाल समुद्रको नजिकै पर्ने जेद्दाह भन्ने सहरको काबा मन्रिमा भेट्टाइएको हो।

Jeddah, Saudi Arabia; Topkapi Palace, Istanbul, Turkey. Licensor: mwanasimba (CC BY-SA 2.0).





मक्का सहरमा भएको काबा मन्दिरको दक्षिणी कुनाको सिढीमा कालो पत्थर (Black Stone) राखिएको छ । लामो समयदेखि अरबीहरूले त्यो पत्थरलाई निरन्तर पुजिरहेका छन् । त्यो पत्थर आकाशबाट खसेको विशेष किसिमको उल्कापिण्ड हो भनी तिनीहरू विश्वास गर्छन् र त्यसलाई तिनीहरूका महान् चन्द्रदेवता, अल्लाहले उपहार दिएका हुन् भनी भन्छन् । त्यसैकारणले गर्दा त्यो कालो पत्थरलाई अल्लाह देवताकै बराबरीमा राखेर तिनीहरूले त्यसको पूजा गर्ने गर्छन् ।

त्यो परम्पराले इस्लाम धर्ममा स्थान पायो र मुस्लिमहरूले उक्त कालो पत्थरलाई आराधना गर्ने कुरालाई आफ्नो विश्वासको महत्वपूर्ण धार्मिक क्रियाकलाप सम्झन्छन् । मक्कामा भएको उक्त कालो पत्थरतिर फर्केर दिनको पाँचपटक प्रार्थना गर्नु मुस्लिमहरूको कर्तव्य हो; जसलाई सलत (Salat) भनिन्छ । जसरी भए पनि जीवनमा एकपटक मक्कामा गएर धार्मिक परम्पराअनुसार हज (Hajj) भन्ने धार्मिक क्रियाकलापमा सहभागी हुनुपर्ने मुस्लिमहरूको वाध्यात्मक परम्परा रही आएको छ । त्यहाँ निश्चित विधिद्वारा तिनीहरूले काबा मन्दिरलाई सातपटक परिक्रमा गर्छन् । त्यसपछि त्यहाँ राखिएको कालो पत्थरलाई स्पर्श गर्छन् । यदि त्यसलाई छुन सम्भव नभएमा हातहरू उठाएर त्यता फर्किदै यस्तो प्रार्थना गर्छन् : "अल्लाहु अकबर, ला इल्लाहा इल अल्लाह ।" यसको अर्थ अल्लाह सबै भन्दा महान् हो र अल्लाहबाहेक अर्को कुनै ईश्वर छैन भन्ने हो (Allah is the greatest; There is no other god except Allah) । जब हामी त्यस प्रकारका क्रियाकलापहरूलाई राम्रोसँग केलाउँछौं; तब मुस्लिमहरूले चन्द्रदेवता अल्लाहलाई उच्च स्थान दिएर त्यसको प्रतिनिधित्व गर्ने उक्त कालो पत्थरलाई आराधना गरेको देख्दछौं (चित्र ५९) ।

वास्तवमा भन्ने हो भने मुस्लिमहरूले अति उत्साहित हुँदै आराधना गर्ने कालो पत्थरले बेबिलोनीहरूको चन्द्रदेवता अर्थात् सेमिरामिसलाई प्रतिनिधित्व गर्छ ।

ईस्लाम धर्मका अधिकारीहरूले काबा मन्दिरको उक्त कालो पत्थरको विषयमा गहन अध्ययन र अनुसन्धान गर्न कसैलाई पनि अनुमति दिँदैनन् तर केही खोजकर्ता विद्वान्‌हरूका भनाइअनुसार उक्त कालो-पत्थर विभिन्न आकारका पन्ध्र वटा ससाना पत्थरहरू मिलेर बनिएको छ (चित्र ६०) । केही मानिसहरू त्यसको बारेमा यस्तो व्याख्या गर्छन् : त्यो प्रतिमाले महिला गर्भवती भई बच्चा जन्माउन तयार भएको अवस्थालाई प्रतिनिधित्व गर्छ (चित्र ६१, ६२) । काबा मन्दिरमा भएको उक्त कालो पत्थर र त्यस क्षेत्रमा पाइने अरू कालो पत्थरहरू अवलोकन गर्ने हो भने प्रायः तिनीहरूको स्वरूप उस्तै देखिन्छ । ती पत्थरहरूलाई अगाडिको भाग देखिने गरी सुन वा चाँदीको पातामा जडिएको हुन्छ । यसले पौराणिक कालमा प्रचलित विश्वास, जस्तैः देवीको मूर्तिलाई पुज्यो भने भौतिक सम्पन्नता, समृद्धि, सन्तान र कृपाजस्ता आशिष्‌हरू पाइन्छ, भन्ने कुरालाई बुझाउँछ । मुस्लिमहरूले अझै पनि यस्ता कुरालाई पछ्याउँदै ढुङ्गालाई पुज्ने परम्परालाई जिउँदो राखेका छन् ।

## घ. इस्लाम धर्मको विस्तार

### The Expansion of Islam

इस्लाम धर्मका प्रवर्तक मोहमद (Muhammad, 570-632 A.D.) हुन् र तिनले इ.सं.६१० मा इस्लाम धर्म सुरु गरेका थिए । तिनले मानिसहरूलाई कालो-पत्थर र अर्धचन्द्रको आराधना गर्न अनुमति दिए । मध्यपूर्वमा बस्ने मानिसहरूले पहिलेदेखि नै चन्द्रदेवतालाई पुज्दैआएका थिए । त्यसकारण उक्त धार्मिक प्रचलनद्वारा इस्लाम धर्म तीव्ररूपमा फैलाउँदै लैजाने मोहमदको चाहना थियो ।

इ.सं.६३२ मा मोहमदको मृत्यु भयो । त्यसपछि मोहमदको उत्तराधिकारी अथवा कालिफ को हुने भन्ने गम्भीर मुद्दा उठ्यो । मोहमदको आकस्मिक मृत्यु



**चित्र ६३ – इस्लाम धर्ममा पवित्र भूमिको तीर्थयात्रा** (हज)

साउदी अरबको मक्का सहरमा अवस्थित सबैभन्दा ठूलो अल-मस्जिद अल-हराममा भेला भएका लाखौं मुस्लिम तिर्थयात्रीहरूको भीड । तिर्थयात्राको क्रममा मुस्लिमहरूले उक्त काबा मन्दिरलाई सातपटक परिक्रमा गर्ने गर्छन् ।

Mecca, Saudi Arabia; 2005.

भएकोले गर्दा उसले आफ्नो जीवनकालमा नयाँ कालिफ नियुक्त गर्न पाएन । त्यस्तो अवस्थामा मोहमदले विश्वास र भरोसा गर्ने गरेका अबु बाकर (Abu Bakr, 632-634 AD) भन्ने व्यक्तिलाई पहिलो कालिफको पदमा चुनियो । ऊ मोहमदको पारिवारिक सदस्यभित्र नपर्ने भएकोले गर्दा मोहमदको परिवार र नातेदारले कडारूपमा विरोध गरे । विशेष गरी मोहमदको ज्वाइँ, अली (Ali) भन्ने व्यक्तिले त्यस निर्णयको ठूलो विरोध गरेका हुनाले अबु बाकरले कालिफको पदबाट राजिनामा दिए । त्यसपछि मोहमदको ससुरा उमार (Umar) भन्ने व्यक्ति दोस्रो कालिफको रूपमा चुनिए ।

मोहमदको नातेदारहरूलाई कालिफ बनाउने निर्णय ठिक भएन भनी मोहमदको चेलाहरूले विरोध गर्न थाले । त्यसकारण मोहमदको परिवारभित्र नपर्ने उमाय्याद (Umayyad) घरानाको उत्थमान (Uthman) भन्ने व्यक्तिलाई तेस्रो कालिफको रूपमा नियुक्त गरियो । फेरि मोहमदको ज्वाइँ अलिले आफ्नो मानिसहरूको साथ लिएर त्यसको घोर विरोध गरे र अन्तमा तिनले आफैलाई चौँथो कालिफको पदमा स्वघोषणा गरे (इ.सं.६५६-६६०) । त्यसको केही समयपछि उसको विरोध गर्ने म्वाविया (Muawiya) भन्ने व्यक्तिद्वारा तिनको हत्या भयो । म्वाविया भन्ने व्यक्ति तेस्रो कालिफ उत्थमानको काकाको छोरा थियो र ऊ त्यसबेला सिररियाको बडा हाकिम थियो ।

मुस्लिम समुदायभित्रको अन्तरद्वन्द्व र अनमेलको कारण इस्लाम धर्म सिआ (Shiites) र सुन्नी (Sunnis) दुई समूहमा विभाजन भयो । मोहमदको रगतको नाता पर्ने अलिलाई पछ्याउने समूहलाई 'सिआ' भनिन्छ र त्यसको विरोध गर्ने म्वावियालाई पछ्याउने समूहलाई 'सुन्नी' भनिन्छ । आज इरान देशमा सिया समूहको मुस्लिमहरूको बलियो पकड रहेको छ र त्यहाँ विश्वभरिको इस्लाम धर्मालम्बीहरूमध्ये १५-२०% बसोबास गर्छन् । साउदी अरबलगायत अन्य अरबी मुलुकहरूमा चाहिँ सुन्नी समुदायका मुस्लिमहरूको बाहुल्यता पाइन्छ ।

ती दुबै समुदायका मुस्लिमहरूमा केही सैद्धान्तिक भिन्नताहरू भए तापनि ती दुबैले चन्द्रदेवता अर्थात् सेमिरामिसलाई आराधना गर्ने परम्परालाई अँगालेका छन् ।

त्यसको साथै पुरानो समयमा अरबीहरूले मान्ने गरेका विभिन्न मूर्तिहरूलाई पनि तिनीहरूले स्वीकारेका छन् । त्यसकारण तिनीहरू अझै पनि अन्यजातिहरूले मान्ने धार्मिक क्रियाकलापहरूमा सहभागी हुन्छन्; जस्तैः सलत (दिनको पाँचपटक प्रार्थना गर्ने), हज (मक्का सहरमा तीर्थयात्रा जाने), काबा मन्दिरलाई परिक्रमा गर्ने, कालो-पत्थरलाई म्वाइँ खाने, दुष्टलाई ढुङ्गा हान्ने, रामादानको समयमा कठिन उपवास बस्ने, कपाल काट्ने, शुक्रबारको दिन अल्लाहको सेवा-आराधना गर्ने आदि । यस्ता परम्पराहरूद्वारा मुस्लिमहरूले विभिन्न मूर्तिहरूलाई ईश्वरको रूपमा आधाधना गर्ने गरेका स्पष्ट देखिन्छ ।

अहिले मुस्लिमहरूको धार्मिक स्थल र मस्जिदहरूलाई हेर्दछौं भने त्यसको टुप्पामा अर्धचन्द्रको प्रतिमा राखिएको हुन्छ । अर्को कुरा के हो भने इस्लामले शासन गरेको र त्यसको प्रभाव परेको मुलुकहरूका राष्ट्रिय झण्डाहरूलाई हेर्ने हो भने त्यहाँ सूर्य, चन्द्रमा र ताराहरू स्पष्ट देख्न सकिन्छ (नोटः मुस्लिम राष्ट्रहरूमा मात्र होइन नेपालको झण्डामा पनि त्यसको प्रभाव परेको देखिन्छ) । यस प्रकारका चिन्हहरूद्वारा इस्लाम धर्मले चन्द्रदेवता, सेमिरामिसलाई मात्र पुज्ने होइन तर सूर्य देवता निम्रोद र तारा देवता तम्मूजलाई पनि पुजेको देखिन्छ । यस तथ्यले इस्लाम धर्म भनेको बेबिलोनी धर्मकै हाँगा हो भन्ने निश्चित हुन्छ । यसरी उत्पत्ति ३:१५ मा भएको भविष्यवाणी पूरा हुँदैजाने क्रममा नै इस्लाम धर्मको उदय र विकास हुँदैआएको हो भन्ने कुरा हामी बुझ्दछौं ।




**चित्र ६४ – नूर उल–इशान मस्जिद**

कम्बोडियामा अवस्थित मुस्लिमहरूको यस मस्जिदको चुचुरामा अर्धचन्द्र राखिएको छ ।

The 19th century A.D., Nur ul-Ihsaan Mosque, Phnom Penh, Cambodia.
Licensor: McKay Savage (CC BY 2.0).




**चित्र ६५ – अब्दूल गाफूर मस्जिद**

सिङ्गापुरमा अवस्थित मुस्लिमहरूको यस मस्जिदमा चन्द्रमा र तारा राखिएको छ ।

The 19th century A.D., Abdul Gaffoor Mosque, Singapore.
Licensor: Akuppa John Wigham (CC BY 2.0).



















**चित्र ६६ – उज्बेकस्तान** **चित्र ६७ – अजरबैजान** **चित्र ६८ – मलेसिया**

**चित्र ६९ – टर्की** **चित्र ७० – पाकिस्तान** **चित्र ७१ – अल्जेरिया**

इस्लाम धर्मलाई प्राथमिकता दिने मुस्लिम देशहरूको राष्ट्रिय झण्डा हेर्ने हो भने चन्द्रमा र तारा राखिएको हुन्छ । यी इस्लाम धर्मको विशेष चिन्हहरू हुन् ।

# ९. एसियामा बेबिलोनी धर्मको प्रभाव

## THE RELIGIOUS BABYLONIZATION OF ASIA

उत्पत्ति १०:१-११:९ मा नोआको सन्तानबाट निस्केका सत्तरी कुलका मानिसहरू संसारको विभिन्न ठाउँमा छरपस्ट भएको कुरा लेखिएको छ । त्यसै प्रक्रियामा तिनीहरूले मान्ने गरेको बेबिलोनी धर्म पनि फैलिँदै गयो र एसियासम्म आइपुग्यो । उत्पत्ति ३:१५ मा उल्लेख भएको भविष्यवाणी एसियामा पनि पूरा हुन थाल्यो ।

बेबिलोनी धर्म एसियामा आइपुग्दा त्यहाँको भौगलिक र अन्य भिन्नताको कारण स्थानीयकरण हुन पुग्यो । बेबिलोनी धर्मको हाँगाको रूपमा भारतमा उत्पन्न भएको हिन्दु धर्मले एसियामा बलियो जरा गाड्न थाल्यो । त्यसको निम्ति सिन्दु नदीको किनारमा विकास भएको सिन्दु उपत्यका सभ्यताले (Indus Valley Civilization) मुख्य भूमिका खेलेको थियो । हिन्दु धर्मले एसियाको विभिन्न क्षेत्र र त्यहाँका अन्य धर्महरूमा निरन्तर प्रभाव पार्न थाल्यो र त्यसैबाट बुद्ध धर्मको उदय भयो ।

## क. हिन्दु धर्मको पृष्ठभूमि

**The Background of Hinduism**

हिन्दु धर्मको सुरुवात भारतबाट भएको हो र यसले बहुईश्वरवादको अस्तित्वलाई स्वीकार गर्छ । हिन्दु धर्मको अनुयायीहरूले करिब तेत्तीस करोड देवी-देवताहरूको सेवा-आराधना गर्ने गर्छन् । इसापूर्व पन्ध्रौँ शताब्दीतिर युरोपबाट आएका आर्यन्हरूले भारतमाथि कब्जा गरेपछि हिन्दु धर्मको सुरुवात भयो (ती आर्यन्हरू फारसी अर्थात् अहिलेका इरानका बासिन्दाहरूका पुर्खा थिए) । तिनीहरूले भारतमाथि आक्रमण गरे र त्यहाँका स्थानीय मूल बासिन्दाहरूलाई कब्जामा लिई दास बनाए । ती स्थानीय मानिसहरूमाथि शासन गर्न तिनीहरूले आफूलाई उच्च अनि स्वतन्त्र वर्गमा राखे ।

तिनीहरूले मूर्तिहरूको सेवा गर्नुभन्दा पहिले सम्पूर्ण ब्रह्माण्डलाई एकतामा ल्याउने ब्रह्मा अर्थात् आत्मा हो भन्ने दर्शनशास्त्रीय अवधारणको विकास गरे । तर समय बित्दैजाँदा तिनीहरूले विभिन्न प्राकृतिक कुराहरूलाई ईश्वरको रूपमा स्वीकार गर्दै ३,००० भन्दा बढी देवताहरूलाई पुज्न थाले; जस्तैः सूर्य, आकाश, पहाड, आँधी, वर्षा, हावा, आगो आदि । आफ्ना खाँचो पूरा गर्न र समस्या समाधान गर्न तिनीहरूले ती विभिन्न देवताहरू पुज्न बलिदानहरू चढाउन थाले । अन्तमा, इसापूर्व तेह्रौँ शताब्दीतिर तिनीहरूले ब्रह्मावादको सिद्धान्त (Brahmanism) स्थापित गरे र त्यसैबाट हिन्दुधर्मको जग निर्माण भयो । बिस्तारै भारतमा मानव समाजको विकास हुन थाल्यो अनि ती स्वतन्त्र अनि उच्च वर्गका मानिसहरू तीन जातिहरूमा वर्गिकरण भए ।

१. ब्राह्मण - पूजाहारी वर्गको उच्च जाति

२. क्षेत्री - राजनीति र सेना सम्हाल्ने ठूलो जाति

३. वैश्य - किसान र व्यापारी वर्गको मध्यम जाति

यी तीन जातिका मानिसहरूले पहिलेदेखि बसोबास गर्ने स्थानीय बासिन्दाहरूलाई दास बनाएर सुद्र भन्ने तल्लो जातिमा राखे । अन्तमा तिनीहरूले दलित भन्ने अर्को अति सानो जात पनि बनाए र त्यस वर्गमा पर्ने मानिसहरूलाई अछुत (Untouchable / Outcasts) भनी समाजमा तुच्छ वर्गमा राखियो । हिन्दु धर्ममा त्यसरी सुरु भएको जातीय प्रणालीले अहिलेको युगमा पनि निरन्तरता पाइरहेको छ। ब्राह्मणहरूले 'कर्म' र 'संसार' भन्ने नयाँ अवधारणाको आविष्कार गरे, र यसले मानिसको जीवन जन्म, मृत्यु र पुनर्जन्मको चक्रमा घुमिरहन्छ भनेर बताउँछ। यो अवधारणाले जातीय प्रणालीलाई समर्थन गर्छ र यस वर्तमान जीवनमा मानिसले गर्ने काम अर्थात् कर्मले अर्को जन्ममा ऊ कुन जातिमा जन्म लिनेछ भन्ने कुरा निर्धारण गर्छ भनी बताउँछ ।

इसापूर्व पाँचौं शताब्दीतिर जातीय प्रणालीको प्रतिकार गर्दै बौद्ध धर्मको प्रादुर्भाव भयो र ब्राह्मणहरूले बनाएको नीति-नियम र शासनलाई त्यसले सङ्कटमा पार्न थाल्यो । त्यसको परिणामस्वरूप तत्कालीन ब्राह्मणहरूले स्थानीय मानिसहरूले मान्ने लोक धर्महरूलाई अँगाल्न थाले । सुरुमा अर्थात् ती आर्यन्हरू भारतको सिन्धु उपत्यकामा आई बसोबास गर्नुभन्दा पहिले त्यहाँका बासिन्दाहरूले देवीको आराधना गर्दथे र त्यति मात्र होइन, तिनीहरूले सर्प र विभिन्न आत्माहरूलाई पनि पुज्ने गर्दथे । ब्राह्मणवादको प्रभाव हुँदाहुँदै पनि त्यसलाई वास्ता नगरी तिनीहरूले आफ्नै स्थानीय लोक धर्महरू निरन्तर अभ्यास गरिरहे। केही समयपछि ब्राह्मणबाद र ती स्थानीय धर्महरूको मिश्रण भयो अनि विष्णु र शिवजस्ता व्यक्तिहरू देवताको रूपमा प्रकट भए । तिनीहरू हिन्दु धर्मको सुरुवातमा देखा परेका थिएनन् । त्यसपछि हिन्दु धर्मको संरचना निर्माण भयो ।

अहिले हिन्दु धर्मको जातीय प्रणालीभित्र करिब ६,४०० जातहरू छन् । यसमा अचम्मलाग्दो कुरा के छ भने यो जीवनमा कुनै पनि व्यक्ति एउटा जातबाट अर्को जातमा जान सक्दैन । तल्लो जातमा पर्ने मानिसहरूले दुःख-कष्ट पाउनु

स्वाभाविकै हो किनभने त्यो तिनीहरूले पूर्व जन्ममा गरेको कर्महरूको परिणाम हो भनी हिन्दुहरूले विचार गर्छन् । त्यसकारण अछुत र दलितहरूलाई दया र सहायता गर्न आवश्यक छैन किनभने तिनीहरू त्यसको लागि योग्य छैनन् भनी तिनीहरू भन्ने गर्छन् । हिन्दु धर्मका ६,४०० जातिहरूमध्ये अहिलेसम्म १०० भन्दा बढी जातिहरूका माझमा सुसमाचार पुगिसकेको छ र तिनीहरू प्रायः तल्लो जातिका मानिसहरू हुन् ।

| | जाति/वर्ग | विवरण | प्रतिसत |
|---|---|---|---|
| १ | **बाहुन वा ब्राह्मण** | उच्च वर्ग अनि पूजाहारी जाति | **५%** |
| २ | **क्षेत्री** | ठूलो जात/राजनैतिक तथा सैनिक अगुवाहरू | **१०%** |
| ३ | **वैश्य** | सामान्य जात/किसान, व्यापारी, कारीगर आदि | **४८%** |
| ४ | **सुद्र** | तल्लो जात/नोकर, दास | **१५%** |
| ५ | **दलित** | अछुतहरू | **२२%** |

**तालिका ५ – हिन्दु धर्मको जातीय प्रणाली**

## ख. हिन्दु धर्ममा सर्प र देवीको आराधना

### The Serpent And Goddess Worship in Hinduism

ब्रह्मा, बिष्णु र शिव हिन्दु धर्मको मुख्य तीन देवताहरूका नाउँ हुन् । ब्रह्मालाई सृष्टिकर्ता (चित्र ७२), विष्णुलाई मुक्तिदाता र पालनकर्ता र शिवलाई आक्रमण गर्ने र नाश गर्ने देवताको रूपमा चिनिन्छ। यी तीन देवताहरू पुरुष हुन् र यिनीहरूको मुनि हजारौँ-लाखौँ ससाना देवी-देवताहरू छन् ।

हिन्दु धर्मअन्तर्गतका देवी-देवताका मूर्ति र तस्वीरहरूलाई हेर्ने हो भने प्रायः सबैमा सर्पको स्वरूप देखिन्छ। उदाहरणको लागि हिन्दुहरूका उद्धारकर्ता विष्णुको मूर्तिलाई हेर्ने हो भने ऊ सातवटा टाउको भएको सर्पमाथि सुतिरहेको देख्न सकिन्छ (चित्र ७३) । त्यसैगरी शिवलाई हेर्ने हो भने उसले सर्पलाई घाँटीमा बेह्रेको हुन्छ र टाउकोमा चाहिँ अर्धचन्द्रको प्रतिमा सजाएको हुन्छ (चित्र ७४) । धर्मशास्त्र बाइबलअनुसार सर्प र अजिङ्गर भनेको दुष्ट र शैतानको प्रतीक हो (प्रकाश २०:२) । हिन्दु धर्ममा देखिने ती स्वरूपहरूले गर्दा त्यो शैतानी धर्म हो भनी स्पष्ट हुन्छ ।



**चित्र ७२ – सृष्टि गर्ने देवता : ब्रह्मा**

ब्रह्मालाई सारा ब्रह्माण्डको मालिक मानिन्छ । यस पुरुष देवताको चारवटा मुख छन् । ठूलो पानी हाँसमाथि बस्ने त्यसको विशेष प्रकारको स्वरूप छ ।

E. A. Rodrigues. *The complete Hindoo Pantheon, comprising the principal deities worshipped by the natives of British India throughout Hindoostan*, Chap. 1, No. 3, 1842.



**चित्र ७३ – उद्धार दिने देवता विष्णु र तिनको पत्नी लक्ष्मी**

विष्णु सातवटा टाउको भएको अनन्त शेष नागमाथि सुतिरहेको छ र उसकी पत्नी लक्ष्मीले उसको पाउ मिचिरहेकी छे। विष्णुको नाभीबाट निस्केको कमलको फूलमाथि चारवटा मुख भएको सृष्टिकर्ता ब्रह्मा बसिरहेको छ।

The 18th century A.D.; Collection of the Kalabhavan Banares Hindu University.

**चित्र ७४ – आक्रमण र नास गर्ने देवता : शिव**

शिवको शिरमा अर्धचन्द्र छ र कोब्रा सर्प त्यसको टाउको, घाटी र पाखुरामा बेह्रिएको छ।

Shiva temple, Bangalore, India. Licensor: Indianhilbilly (CC BY-SA 3.0).



हिन्दु धर्ममा देवीहरूलाई आराधना गर्ने प्रचलनले बलियोसँग जरा गाडेको छ । विशेष गरी शिवकी स्वास्नी महादेवीलाई हिन्दुहरूले सबैभन्दा ठूलो देवीको रूपमा आराधना गर्ने गर्छन् । कामअनुसार फरक-फरक स्थानका मानिसहरूले तिनलाई थुप्रै नाउँहरूद्वारा पुकार्छन्, जस्तैः देवी, सती, पार्वती, अम्बे, अम्बिका (चित्र ७५), दुर्गा, काली आदि इत्यादि । यस्ता नाउँहरूले तिनको फरक-फरक चरित्र र गुणहरूलाई प्रदर्शन गर्छ ।

विष्णुकी स्वास्नीको नाउँ लक्ष्मी हो (चित्र ७६) । तिनलाई भारत र नेपालका हिन्दु समुदायमा प्रख्यात देवी मानेर ठूलो महत्वका साथ पुज्ने गरिन्छ । त्यसै कारणले गर्दा धेरै हिन्दु महिलाहरूको नाउँमा श्री र लक्ष्मी जोडिएको हुन्छ । यो




**चित्र ७५ – शिवकी पत्नी : अम्बिका**

अम्बिकाको अर्थ माता हो । तिनी शिवकी धेरै पत्नीहरूमध्ये एक हुन् । यस चित्रमा तिनले बचचाहरू लिएकी छिन् ।

Padarli, Rajasthan, India.
Licensor: Shanammumbai (CC BY-SA 3.0).

देवीलाई विभिन्न रूपमा हेरिन्छ, जस्तैः सबै सृष्टिका माता, धन-सम्पत्ति दिने माता, बुद्धि दिने माता, मुक्ति दिने माता, दयाकी माता, भाग्य बनाइदिने माता आदि । पूर्वजन्ममा गरेको कर्मअनुसार जन्मिएको मानिसलाई सहायता गर्ने देवीको रूपमा पनि लक्ष्मीलाई हेर्ने गरिन्छ । तिनको सहायताद्वारा जन्म, मृत्यु र पुनर्जन्मको चक्र अथवा संसारिक चक्रबाट मुक्त भई स्वर्गमा जान सकिन्छ भनी हिन्दुहरूले विश्वास गर्छन् ।

आत्मिक दृष्टिकोणले हेर्ने हो भने बेबिलोनी धर्मको सेमिरामिस देवीको गहिरो प्रभावले गर्दा नै हिन्दु धर्ममा देवीको आराधना गर्ने अभ्यास चलेको कुरा बुझ्न सकिन्छ । यस धर्मअन्तर्गतका देवीहरूलाई अध्ययन गर्ने हो भने केही विशेष



**चित्र ७६ – विष्णुकी पत्नी : लक्ष्मी**

लक्ष्मी भाग्य बनाइदिने देवी हुन् । यस चित्रमा तिनको हातबाट धन बर्सिरहेको छ ।

Wall painting, Buleshwar, India.
Licensor: Meena Kadri – Meanest Indian (CC BY 2.0).




**चित्र ७७ – हारती देवी छोराको साथमा**

यो हिन्दुहरूको मुख्य देवीको मूर्ति हो । यसमा सेमिरामिसको प्रत्यक्ष प्रभाव परेको छ ।

The 2nd–3rd centuries A.D., Gandhara, India; British Museum, London, UK.
Licensor: PHGCOM (CC BY-SA 3.0).

**चित्र ७८ – देबकी बालक कृष्णको साथमा**

देवकी देवीले विष्णुको सातौं अवतार मानिने कृष्णलाई जन्म दिएकी हुन् भनिन्छ ।

The 12th century A.D., The Philippe de Montebello Years, The Metropolitan Museum of Art, New York, U.S.A..
Licensor: Julia Manzerova (CC BY-ND 2.0).




**चित्र ७९ – सर्प देवी : मनसा**

(नागराज अनन्तकी बहिनी)

यस देवीको हातमा सर्प छ र तिनको शिर माथि सातवटा टाउको भएको कोब्रा सर्प छ ।

The 20th century A.D., Bengali art, India



देवीहरूले बालकलाई काखमा बोकेको देख्न सकिन्छ; जस्तैः हारती देवी (चित्र ७७) र देवकी (चित्र ७८) । अझ गहिरिएर केलाउने हो भने देवीहरूको मूर्ति र तस्वीरहरूमा सर्पहरू पनि देख्न सकिन्छ । मनसा देवीलाई सातवटा टाउको भएको कोब्रा सर्पले सुरक्षा दिइरहेको हुन्छ (चित्र ७९) । उत्पत्ति ३:१५ को भविष्यवाणी पूरा हुने क्रममा हिन्दु धर्ममा शैतानको सन्तानले अदृश्यरूपमा काम गरेको र यो धर्म बेबिलोनी धर्मबाट नै विकास भएको हो भन्ने कुरामा बालियो बाइबलीय आधार छ ।

| नाम | परिचय | पत्नीको नाम |
|---|---|---|
| **ब्रह्मा**<br>(सृष्टिकर्ता) | कमलको फूलमाथि बस्ने चार वटा अनुहार भएको देवता | सरस्वती |
| **विष्णु**<br>(उद्धारकर्ता) | शेष नागमाथि सुतिरहने देवता | लक्ष्मी / श्री (आशिष् र भाग्य दिने देवी)<br><br>बिष्णुले अवतार फेर्दा उसकी पत्नी लक्ष्मीले पनि पद्मा (कमल), सीता, राधाजस्ता नाउँहरूमा अवतार लिइन्। |
| **विष्णुको दश अवतारहरू** | १. मत्स्यरूप (शरीरको तल्लो भाग माछा)<br>२. कछुवारूप (शरीरको तल्लो भाग कछुवा)<br>३. बराहरूप (बँदेलको टाउको भएको)<br>४. नरसिंहरूप (सिंहको टाउको भएको)<br>५. बामनरूप (पुड्को)<br>६. परशुराम (बञ्चरो बोकेको)<br>७. राम<br>८. कृष्ण<br>९. गौतम बुद्ध<br>१०. कल्कीरूप (सेतो घोडा चढेर आउने भविष्यको उद्धारकर्ता) | |
| **शिव**<br>**(नासकर्ता)** | शिवको सम्पूर्ण शरीर सर्पले बेह्रेको हुन्छ अनि शिरमा अर्धचन्द्र राखेको हुन्छ। | महादेवी, देवी, सती, पार्वती, अम्बा, अम्बिका, दुर्गा, काली आदि । |

**तालिका ७ – हिन्दु धर्मका तीन मुख्य देवताहरू र तिनीहरूका पत्नीहरू**



**चित्र ८० – विष्णुको दश अवतारहरू**

तालिका ७ हेर्नुहोस् ।

Dashavatara, the 19th century A.D., Andhra Pradesh, India.

## ग. हिन्दु धर्मको विस्तार

**The Expansion of Hinduism**

विष्णु देवता विभिन्न स्वरूपहरूमा प्रकट भए भन्ने कुरामा हिन्दुहरूले विश्वास गर्छन् । विष्णु यस संसारमा दश वटा फरक स्वरूपहरूमा प्रकट भए । सबैभन्दा पहिले तिनी शरीरको माथिल्लो भाग मानिस तर तल्लो भागचाहिँ माछाजस्तो अनौठो स्वरूपमा प्रकट भए । त्यसपछि सिंहको अनुहार भएको मानिसको रूपमा प्रकट भए । बिस्तारै तिनको स्वरूप मानिसको जस्तै हुँदैगयो । भगवान विष्णुले विभिन्न स्वरूपमा अवतार लिनुभयो भनी हिन्दुहरू भन्ने गर्छन् । हिन्दु धर्मको भगवान विष्णुले मानिसको रूप धारण गरेर राम, कृष्ण अनि बुद्धको नाउँमा यस संसारमा आए ।



**चित्र ८१ – चौधौँ दलाइ लामा : तेन्जिन ग्यात्सो**

यिनी तिब्बतको ठूलो धार्मिक अगुवा हुन्। तिनलाई जीवित बुद्ध पनि भनिन्छ ।

Licensor: Luca Galuzzi (CC BY-SA 2.5).



**चित्र ८२ – तासिलुन्पो विहार (गुम्बा)**

यो तिब्बतीय बुद्धधर्मको सबैभन्दा ठूलो गुम्बा हो ।

Shigatse, Tibet.

Licensor: Einar Fredriksen (CC BY-SA 2.0).

रामलाई विष्णुको सातौँ र गौतम बुद्धलाई चाहिँ नवौँ मानव अवतार मानिन्छ । तिब्बती बौद्ध धर्मको अगुवा दलाइ लामा र भगवान राम एक अर्कामा सम्बन्धित छन् । यसलाई स्पष्टसँग भन्ने हो भने दलाइ लामालाई भगवान बुद्धको अवतार मानिन्छ अनि बुद्धचाहिँ राम र विष्णुको अवतार भएको हुनाले तिनीहरू एक आपसमा सम्बन्धित छन् ।

कृष्णलाई विष्णु देवताको आठौँ मानव अवतार मानिन्छ । हिन्दुहरूले अति महत्वका साथ पुज्ने देवताहरूमध्ये कृष्ण पनि एक हुन् । बाँसुरी बजाएर मानिसहरूलाई मुग्ध पार्न सक्ने देवता भनेर तिनलाई चिनिन्छ । त्यसकारण कृष्णले बाँसुरी बजाउँदा थुप्रै युवतीहरू तिनीसँग नाँच्दै गरेको तस्वीर हिन्दु समुदायमा प्रसिद्ध छ । कृष्णले सोह्रसय गोपिनीहरूका साथमा मनोरञ्जन गर्थे भन्ने आख्यान हिन्दुहरूबाट सुनिन्छ । कृष्णले साहित्य, चित्रकला र सङ्गीतजस्ता क्षेत्रहरूमा प्रभाव पारेको छ । अहिले नयाँ युग अभियानमा (New Age Movement) आवद्ध छु भन्नेहरूले कृष्णलाई प्रभुको रूपमा स्वीकार गरी तिनको आराधना र प्रशंसा गर्ने गर्छन् । विशेष गरी सङ्गीतको धुनमा ध्यान गर्ने र योगको अभ्यास गर्ने मानिसहरूले कृष्णको नाउँलाई



**चित्र ८३ – ए.सि. भक्तिबेदान्त**

यिनी हरेकृष्ण हरेरामको संस्थापक हुन् ।

A.C. Bhaktivedanta Swami Prabhupada.

**चित्र ८४ – कृष्ण र गोपिनीहरू** (गोठालीहरू)

कृष्ण भगवानको बाँसुरीको धुनमा लट्ठ परेर नाँचिरहेका गोपिनीहरू ।

Indischer Maler. Bhagavata Purana manuscript, 1640 A.D.; The Yorck Project: 10.000 Meisterwerke der Malerei. DVD-ROM, DIRECTMEDIA Publishing GmbH, 2002.




**चित्र ८५ – कृष्ण र गोपिनीहरू**

यो चित्रले तिनीहरूसँग शैतान र दुष्टहरूको स्वभाव छ भनी स्पष्ट पार्छ ।

1880 A.D.; Chore Bagan Art Studio; Christopher Pinney. *Photos of the Gods*, Reaktion Books, 2004. p. 28.




**चित्र ८६ – हरेकृष्ण हरेरामको अनुयायीहरू**

यो चित्र रुसको मस्को सहरमा खिचिएको हो । युरोप र उत्तर अमेरिकाको सडकहरूमा गीत गाउँदै नाँच्दै हिंड्ने यस्ता मानिसहरू देखिन्छन् ।

2009, Moscow, Russia.

Licensor: Centralasian (CC BY 2.0).



मन्त्रजस्तै घरीघरी दोहोऱ्याएर उच्चारण गर्ने गर्छन् । यहाँ दिइएको चित्रलाई नियालेर हेर्ने हो भने कृष्ण सर्पमाथि उभिएर बाँसुरी बजाइरहेका छन् अनि शरीरको तल्लो भाग सर्पजस्तै देखिने केही स्त्रीहरू त्यो धुनमा नाँचिरहेका छन् । तिनीहरू शैतान र दुष्टहरूसँग आवद्ध छन् भन्ने तथ्य यसबाट प्रमाणित हुन्छ ।

A.C. Bhaktivedanta Swami Prabhupada (1896-1977 A.D.) भन्ने व्यक्तिले विष्णुलाई महत्व दिने आधुनिक विद्यालय स्थापना गरी हिन्दु धर्मलाई फैलाउने प्रयास गरे (चित्र ८३) । तिनी भारतीय मूलका व्यक्ति भए तापनि तिनको जन्म अमेरिकाको न्यूयोर्क सहरमा भएको थियो । तिनले 'हरेकृष्ण' भन्ने नयाँ धर्म सुरु गरे, जुन संयुक्त राज्य अमेरिका, क्यानडा र अन्य पश्चिमेली राष्ट्रहरूमा तीव्र गतिमा फैलिँदै गयो । त्यो धर्मका अनुयायीहरूले 'हरेकृष्ण-हरेकृष्ण' भन्दै गीत गाएर नाँच्दै कृष्णको आराधना गरी धर्म प्रचार गर्ने गर्छन् (चित्र ८६) ।



**चित्र ८७ - बुद्धको शिरमाथि सातवट टाउको भएको कोब्रा सर्प**

यो लाओसमा भएको गुम्बाको भित्तामा बनाइएको तस्वीर हो ।

Laos. Licensor: Sacca (CC BY-SA 3.0).



**चित्र ८८ - बुद्धको प्रतिमा**

यो जापानको इबाराकी भन्ने ठाउँमा निर्माण गरिएको बुद्धको सबैभन्दा विशाल मूर्ति हो ।

Ushiku Daibutsu, Ibaraki, Japan. Licensor: aerogoat. (CC BY 2.0).

बुद्धलाई विष्णुको नवौँ मानव अवतार मानिन्छ । बुद्धको अर्थ 'ज्ञानी व्यक्ति' हो । तिनी बौद्ध धर्मको प्रतिपादक हुन् र सुरुमा तिनको नाउँ सिद्धार्थ गौतम (इ.पू.५६६-४८६) थियो । तिनको जन्म नेपालको लुम्बिनी भन्ने ठाउँको राज दरवारमा भएको थियो र त्यो ठाउँ उत्तरी भारतको सीमाना नजिक पर्छ । राजा सुद्धोधन तिनको पिता थिए भने रानी मायादेवी तिनकी माता थिइन् । घर परिवार त्यागेर तिनी भारतको गया भन्ने ठाउँमा गएर ध्यान गरे अनि ३० वर्षको उमेरमा ज्ञान प्राप्त गरेर बुद्ध बने ।

बुद्ध धर्मसँग सम्बन्धित धार्मिक तथा ऐतिहासिक स्थानमा गएर हेऱ्यौँ भने बुद्धको शिरमाथि सातवटा टाउको भएको कोब्रा सर्प देखिन्छ, जसद्वारा हिन्दु धर्मको विष्णुले बौद्ध धर्ममा प्रभाव पारेको प्रमाणित हुन्छ (चित्र ८७) ।




**चित्र ८९ – सर्प देवता : नाग (एङ्कोर वाट्)**

सातवटा टाउकोहरू भएका यस्ता कोब्रा सर्पहरू हिन्दु र बौद्ध धर्ममा पाइन्छन् ।

Angkor Wat, Angkor, Cambodia. Licensor: Robert Young (CC BY 2.0).

**चित्र ९० – क्याम्बोडियाको 'एङ्कोर वाट्'**

The 12th century A.D., Angkor, Cambodia. Licensor: Bjørn Christian Tørrissen (CC BY-SA 3.0).



बाह्रौँ शताब्दीमा कम्बोडियाको राजा सूर्यवर्मन द्वितीयले (King Suryavarman-II) एङ्कोर वाट (Angkor Wat) भन्ने ठूलो प्रतिमा बनाएर सर्प भएको विष्णु देवताको पूजा गर्न थाले (चित्र ८९, ९०) । तिनले सातवटा टाउको भएको कोब्रा सर्प अर्थात् नाग देवताको मूर्ति बनाएर त्यसको आराधना गरे । कम्बोडिया बौद्ध राज्यको रूपमा परिचित भए तापनि त्यहाँका मानिसहरूले हिन्दुहरूको मुख्य देवता विष्णुलाई पुज्छन् । बौद्ध धर्म र हिन्दु धर्म उस्तै देखिन्छ किनभने ती दुवै धर्मका अनुयायीहरूले शैतान र दुष्टहरूलाई पुज्छन् । त्यसप्रकार बेबिलोनी धर्म स्थानीयकरण भई भारतमा जन्मेको हिन्दु धर्मद्वारा उत्पत्ति ३:१५ को भविष्यवाणी पूरा हुँदैगयो ।

## घ. बौद्ध धर्मको पृष्ठभूमि

### The Background of Buddhism

आउनुहोस्, अब बौद्ध धर्मद्वारा उत्पत्ति ३:१५ को भविष्यवाणी कसरी पूरा हुँदैगयो भनेर हेरौँ । बौद्ध धर्मको सुरुवात इसापूर्व छैठौँ शताब्दीमा भारतको मध्य-उत्तर क्षेत्रमा पर्ने गंगा नदीको आसपासको क्षेत्रबाट भएको थियो । बुद्धको मृत्युपश्चात् करिब दुई सय वर्षसम्म उसको चेलाहरू बौद्ध धर्मको सिद्धान्तहरूमा केन्द्रित भई गहन अध्ययनमा बिताए । पछि इसापूर्व तेस्रो शताब्दीमा राजा अशोकले भारतमा शासन गर्न थाले र तिनले बौद्ध धर्मलाई समर्थन गर्दै त्यसको प्रचारमा सहायता पुऱ्याए, जसको परिणामस्वरूप त्यो धर्म भारतको विभिन्न स्थानहरूमा फैलिँदै गयो ।

इसापूर्व पहिलो शताब्दीमा आइपुगेपछि बुद्ध धर्मका अनुयायीहरूले धार्मिक सिद्धान्तमा मात्र केन्द्रित हुने कुरा छोडेर मानिसहरूलाई त्यसबाट कसरी फाइदा र ज्ञान प्राप्त हुन्छ भन्ने विषयमा ध्यान दिन थाले । उक्त जनहितकारी अभियानमा लाग्ने बुद्ध

धर्मका प्रवक्ताहरूले यसो भन्न थाले : "भिक्षुहरूले एकै ठाउँमा जम्मा भएर बुद्धका शिक्षाहरू अध्ययन गर्ने मात्र होइन, तिनीहरूले सर्वसाधारण मानिसहरूको वास्ता र रेखदेख गरी ज्ञान पनि दिनुपर्छ ।" त्यस प्रकारको अवधारणाले गर्दा बौद्ध धर्म मानिसहरूका बीचमा प्रख्यात हुनथाल्यो । यस प्रकारको नयाँ अवधारणाबाट बौद्ध धर्म प्रख्यात हुनथाल्यो र त्यसको फलस्वरूप महायान भन्ने बौद्ध सम्प्रदायको विकास भयो ।

त्यसपछि भारतमा सुरु भएको बौद्ध धर्म दुई हाँगाहरूमा विभाजन भयो । हिनायान (Hinayana) समूहका बौद्ध धर्मालम्बीहरूले बुद्धको सुरुको शिक्षालाई सुरक्षित राख्ने कुरामा केन्द्रित हुँदै प्रचलित धार्मिक क्रियाकलापहरू अभ्यास गर्न थाले अनि महायान (Mahayana) समूहका बौद्ध धर्मालम्बीहरूले चाहिँ ज्ञान र शिक्षा दिँदै सर्वसाधारणलाई सहायता गर्नथाले । ती दुबै समूहका मानिसहरूले भारतलगायत छिमेकी राष्ट्रहरूमा आफ्नो धर्मलाई फैलाउन थाले र परिणामस्वरूप हिनायान बौद्ध धर्म भारतको दक्षिणी क्षेत्रमा पर्ने श्रीलंका, म्यानमार, कम्बोडिया, थाइल्याण्ड, लाओस र मलेसियाजस्ता देशहरूमा फैलिँदै गयो, जसलाई दक्षिणी बौद्ध धर्म (Sauthern Buddhism) भनिन्छ । महायान बौद्ध धर्मचाहिँ भारतको उत्तरतर्फ पर्ने चीनमा फैलियो र पछि ईश्वी सम्वत् पहिलो शताब्दीतिर त्यसको प्रभाव कोरिया र जापानमा पर्न थाल्यो, जसलाई उत्तरी बौद्ध धर्म (Northern Buddhism) भनिन्छ ।

उत्तरी क्षेत्रमा प्रख्यात हुँदै गएको महायान बौद्ध धर्म त्यहाँका स्थानीय लोक धर्महरूसँग मिसिन पुग्यो; जस्तैः कन्फुसियस धर्म (Confucianism) र ताओ धर्म (Taoism)। बौद्ध धर्म ती चीनिया धर्महरूसँग मिसिएर चाँडै नै स्थानीयकरण भयो । विशेष गरी कोरियामा यी तीन राज्यशासन कालमा बौद्ध धर्म फैलियो- गोगुरियो (Gogurio, 372 A.D.), बेक्जे (Baekje, 384 A.D.), शील्ला (Shilla, 418 A.D.) । इ.सं.५२७ मा यिचाडोन (Yichadon) भन्ने व्यक्तिलाई मृत्युदण्ड दिएपछि बौद्ध धर्म शिल्ला राज्यको राष्ट्रिय धर्म भयो ।



**चित्र ९१ – चीनको 'गिसान्मान्बुल्सा'** (旗山万佛寺)

Fuzhou, Fujian, China.
Licensor: Christopher, Tania and Isabelle Luna (CC BY 2.0).

**चित्र ९२ – जापानको 'केनिन्जी'** (建仁寺)

जापानको मन्दिरको छतमा बनाइएको अजिङ्गर हरूको चित्र ।

1202 A.D.; 2002, ceiling painting, Kyoto, Japan.
Licensor: kazuh (CC BY 2.0).



**चित्र ९३ – कोरियाको 'बुल्गुक्सा'** (佛國寺)

The 6th century A.D., Gyeongju, South Korea.
Licensor: parhessiastes (CC BY-SA 3.0).



पाँचौ र छैठौं शताब्दीमा बेक्जेको माध्यमद्वारा बौद्ध धर्म जापान देशमा पुग्यो । त्योभन्दा अघि त्यहाँ सिन्तो धर्म (Shintoism) प्रचलित थियो । त्यो धर्मका अनुयायीहरूले मरिगएका पुर्खाहरू र प्रकृतिलाई ईश्वरको रूपमा पुज्छन् र त्यसको साथै अविभावक देवताहरू र अन्य वस्तुहरूलाई पनि तिनीहरूले पुज्ने गर्छन् । जापानका मानिसहरूले सबैथोकमा ईश्वरको अस्तित्व हुन्छ भन्ने सिद्धान्तमा (Pantheism) विश्वास गर्छन् । कुनै न कुनै कुरालाई देवताको रूपमा पूजा गर्नु जापानीहरूको विशेषता नै हो । त्यसकारण बौद्ध धर्म जापानमा पुगेपछि त्यसलाई त्यहाँका मानिसहरूले धेरै देवताहरूमध्ये एउटा देवताको सेवा गर्ने धर्म हो भनी स्वीकार गरे । आजभोलि जापानमा भएका बौद्ध धर्मका मन्दिरहरूलाई मानिसको मृत्यु-संस्कार गर्ने स्थानहरूको रूपमा मात्र हेरिन्छ ।

विभिन्न राष्ट्रहरूमा निर्माण गरिएका बौद्ध मन्दिरहरूभित्र सर्प र अजिङ्गरको थुप्रै मूर्ति र चित्रहरू देख्न सकिन्छ । केही बौद्ध भिक्षुहरू ध्यान र तन्त्र-मन्त्रद्वारा आत्मिकी क्षेत्रमा प्रवेश गर्छन् । तिनीहरूले त्यसरी आत्मिकी आयामको अनुभव गर्ने क्रममा सर्प र अजिङ्गरहरूसँग भेट गरे र त्यसलाई ईश्वर भनी पूजा गर्न थाले । इसाई दृष्टिकोणले हेर्ने हो भने ध्यान र तपस्याको माध्यमद्वारा तिनीहरू पुगेको स्थान पहिलो स्वर्ग (वायुमण्डल) र दोस्रो स्वर्ग (अन्तरिक्ष) हो, जहाँ शैतान र दुष्टहरू बास गर्छन् (तालिका १ - स्वर्गहरूको बनावट हेर्नुहोस्) ।



**चित्र ९४ – सिङ्गापुरको 'होङ्गसान सी मन्दिर' (Hong San See temple)**

सिङ्गापुरको मन्दिरको खम्बाहरू र छानामा यस्ता अजिङ्गर राखिन्छ ।

1913 A.D., Singapore.
Licensor: Shiny Things (CC BY 2.0).




**चित्र ९५ – थाइल्याण्डको 'फ्रा महा चेदी चाइ मङ्गकोल' (Phra Maha Chedi Chai Mongkol)**

यो थाइल्याण्डको सातवटा टाउको भएको नागको प्रतिमा हो ।

1985 A.D., Wat Pha Nam Thip Thepprasit Wanaram, Roi Et, Thailand.




**चित्र ९६ – अफ्रिकाको 'नान हुवा मन्दिर' (Nan Hua temple)**

यो दक्षिण अफ्रिकाको पहिलो बुद्ध विहार हो ।

1992 A.D., Republic of South Africa. Licensor: Ivan Fourie (CC BY 2.0).

**चित्र ९७ – लाओसको 'वाट् हाव फ्रा काएओ' (Wat Haw Phra Kaew)**

लाओसमा पन्ना मणि जडेर बनाइएको बुद्धको मूर्ति ।

1565 A.D., Vientiane, Laos. Licensor: Alcyon (CC BY-SA 3.0).






**चित्र ९८ – मलेसियाको चेङ्ग हुन तेङ्ग मन्दिर**

**(Cheng Hoon Teng temple)**

यो मलेसियाको भित्तामा पाइएको चित्र हो ।

1646 A.D., Melaka, Malaysia. Licensor: Chang'r (CC BY-ND 2.0).

**चित्र ९९ – भेतनामको प्यागोडा अजिङ्गर**

**(Dragon pagoda)**

प्यागोडा शैलीमा निर्माण गरिने भेतनामको सबै भवनहरूलाई अजिङ्गरको मूर्तिहरूले सजाइन्छ ।

1945 A.D., Dalat, Vietnam. Licensor: Jax H (CC BY-ND 2.0).




**चित्र १०० – ताइवानको लङ्गशान मन्दिर**

**(Longshan temple)**

ताइवानको यो मन्दिर बौद्ध धर्म र ताओ धर्म दुवैको लागि हो ।

1738 A.D., Taipei, Taiwan.
Licensor: Shen Shi'an (CC BY-SA 2.0).



ती भिक्षुहरूले त्यहाँ शैतानसँग भेट गरे । त्यसपछि शैतानले तिनीहरूलाई आफ्नो सिद्धान्त सिकाउन थाल्यो र त्यसलाई तिनीहरूले धार्मिक मापदण्ड बनाएर अभ्यास गर्न थाले । त्यसरी प्राप्त गरेका शैतानको आत्मिक कुराहरूलाई बौद्ध धर्मालम्बीहरूले कलाकारिताद्वारा प्रकट गर्न थाले । त्यसैकारणले गर्दा अहिले संसारभरिका बौद्ध गुम्बा र मन्दिरहरूमा सर्प र अजिङ्गरहरूका चित्र र मूर्तिहरू देखिएको हो ।

केही प्रख्यात बौद्ध भिक्षुहरूले शैतानसँग व्यक्तिगतरूपमा भेट गरेको कुरालाई स्वीकार गरेका छन् । कोरियाको सङ्चोल (Sungchol, 1912-1993) भन्ने भिक्षुले व्यक्तिगतरूपमा शैतानसँग भेट गऱ्यो र प्रवचन दिँदै गर्दा उसले भन्यो, “हे शैतान, आऊ, म तिमीलाई आदर अनि आराधना गर्छु । तिम्रो स्वभाव पवित्र बुद्धको जस्तै छ । यहाँ शैतान र बुद्ध भनेर दुई वटा भुक्याउने नाउँहरू



우리서로 부처로 섬기면 이세상이

**चित्र १०१ – बुद्ध जयन्तीको दिनमा सङ्चुल भन्ने व्यक्तिले दिएको प्रवचन**

Sungchul’s article in, The Chosun Ilbo newspaper in Korea, 1987.

The Chosun Ilbo, Korea, April 23, 1987. p. 7.

छन् । वास्तवमा ती दुईमा कुनै भिन्नता छैन" (Chosun Ilbo, Daily News, April 23, 1987)। यसरी सङ्चुलले शैतान र बुद्ध एकै हुन् भनेर स्वीकारेका छन् (चित्र १०१) । तिनले पुस्तक पनि लेखेका छन्; जसको नाउँ *'Do Not Deceive Yourself'* हो । त्यहाँ तिनले यस्तो लेखेका छन् : "धेरै व्यक्तिहरूलाई मैले नरकको तल्लो भागसम्म पुऱ्याएको हुनाले मेरो हृदय लाखौं टुक्राहरूमा तोडिएको छ" (Yulimwon: Korea, 2005, p.215)।

ध्यान र तन्त्रमन्त्रद्वारा उसले पहिलो र दोस्रो स्वर्गमा सर्प र अजिङ्गरसँग भेट गऱ्यो र त्यो शैतान नै हो भनी महसुस गऱ्यो (प्रकाश २०:२) । धर्मशास्त्रमा त्यसलाई विभिन्न नाउँहरूद्वारा सम्बोधन गरिएको छ; जस्तैः आकाशको शक्तिको मालिक (एफिसी २:२), यस संसारको देव (२ कोरिन्थी ४:४), यस संसारको शासक (यूहन्ना १२:३१) आदि । यद्यपि सङ्चुललाई यी सबै कुरा अवगत भए तापनि शैतानको अन्धकार बन्धनबाट मुक्त हुन सकेको थिएन किनभने प्रभु येशूको अनुग्रह उसलाई दिइएको थिएन ।

तन्त्रमन्त्र र ध्यानद्वारा मानिसले यो जगत र समयभन्दा बाहिरको आधारभूत सत्यलाई बुझ्न सक्छ भनी बौद्ध धर्मले दाबी गर्छ। यसले मानिस आफ्नै प्रयासद्वारा परम सत्यमा पुग्न सक्छ भनी सिकाउँछ । तर वास्तवमा भन्ने हो भने तिनीहरू यो जगतभन्दा माथि उठेर अन्तरिक्षमा भएको पहिलो र दोस्रो स्वर्गसम्म मात्र पुग्न सक्छन्, जहाँ शैतान र त्यसका सेनाहरूको बसोबास छ । बौद्ध धर्मले लोभ-मोह र स्वार्थ त्यागी अहिंसाको मार्गमा हिँड्नुपर्छ भनी सिकाउँछ र त्यसको अनुयायीहरूले त्यसलाई अनुसरण गर्ने कोसिस गर्छन् । तिनीहरू सांसारिक अभिलाषाबाट टाढा रहेर गरिब, दीन-दुःखी र रोगीहरूको सेवा गर्ने काममा चासो देखाउँछन् । देखावटीरूपमा धर्म-कर्म गर्ने, बौद्ध गुम्बा परिक्रमा गरी मूर्तिलाई ढोग्ने, माला जप्ने अनि हातमा घुमाउने माने लिएर 'ओ मने पद्मे हुँ' भन्दै तिनीहरू कराइरहन्छन् । त्यतिमात्र होइन बुद्धको प्रतिमाअघि घिउको बत्ती बालेर

बरदान माग्ने तिनीहरूको प्रचलन रहिआएको छ । जे-जस्तो धार्मिक क्रियाकलाप गरे तापनि तिनीहरू शैतानको दासत्वभित्र नै छन् । निष्कर्षमा भन्ने हो भने तिनीहरूको अन्तिम गन्तव्य आगोको भट्टी हो (प्रकाश २०:१०, १४; २१: १८); र यसलाई नरक भनिन्छ (मत्ती १०:२८; मर्कूस ९:४३, ४८) । शैतान र त्यसलाई पछ्याउनेहरूलाई सदाको निम्ति त्यस ठाउँमा फालिनेछ ।

## ङ. बौद्ध धर्ममा देवीको आराधना गर्ने अवधारणा

### The Idea of Goddess Worship in Buddhism

महायान बौद्ध सम्प्रदायका मानिसहरूले बोधि-सत्वको आराधना गर्छन् । सर्वसाधारणको भलाइको निम्ति बलिदान गर्ने र उच्च स्तरको ज्ञान हासिल गर्ने व्यक्तिलाई 'बोधि-सत्व' भन्ने उपमा दिइन्छ । बौद्ध धर्ममा ग्वानइनलाई (Guanyin) दयाकी देवी भनेर चिनिन्छ। मानिसहरूमाथि दया देखाउने, तिनीहरूलाई स्वीकार गरी आराम र सुखसुबिधा उपलब्ध गराइदिने देवीकी रूपमा तिनी प्रख्यात छिन्। त्यसको साथै तिनले दुःख-कष्टमा परेकाहरूलाई सहायता गर्ने र मानिसको मनको इच्छा पूरा गरिदिन्छिन् पनि भनिन्छ ।

बौद्ध सन्त ग्वानइनलाई महिलाको स्वरूपमा प्रस्तुत गरिन्छ। इतिहास केलाउने हो भने भारतमा बौद्ध धर्म हिन्दु धर्मसँग मिसिएको देखिन्छ र त्यसैको नतिजाअनुसार हिन्दु धर्मको श्री अथवा लक्ष्मी देवीलाई बौद्ध धर्ममा दयाकी देवीको रूपमा स्वीकार गरियो । चीन र कोरियाजस्ता पुरुष प्रधान मुलुकहरूमा यस देवीलाई जुँगा भएको महिलाको रूपमा प्रस्तुत गरियो । तर अहिले बौद्ध धर्मसँग सम्बन्धित आधुकिन कलाकृतिहरूमा त्यस देवीलाई पूर्ण स्त्रीको स्वरूपमा देखिन्छ साथै अजिङ्गरमाथि बसेको चित्र पनि देखिन्छ (चित्र १०२) । यसलाई गहिरिएर हेर्ने हो भने बेबिलोनी धर्मको सेमिरामिस देवीले बौद्ध धर्ममा पनि जरा गाडेको बुझ्न सकिन्छ।

बौद्ध धर्म अँगाल्ने मुलुकहरूमा आमाले बच्चा बोकेको कलाकृतिहरू देख्न पाइन्छ, र ती बौद्ध धर्मको दयाकी देवीसँग सम्बन्धित छ । विशेष गरी नेपाल र भारतमा त्यस्ता मूर्तिहरू देखिन्छन् । तिनीहरू हिन्दु धर्मको बच्चा बोक्ने देवीहरूबाट प्रत्यक्ष्यरूपमा प्रभावित छन् (चित्र १०३) । त्यसैबाट चीनमा बच्चा दिने ग्वानइनको प्रतिमाहरू निर्माण भए (चित्र १०४, १०५) र जापानमा दयालु माता ग्वानइनको मूर्तिहरू बनाइए (चित्र १०६, १०७) । विशेष गरी जापानमा सिन्तो धर्मको सूर्य देवी र ग्वानइनलाई मिलाएर कारितेइमो (Kariteimo) भन्ने बच्चा बोकेको देवीको प्रतिमा निर्माण गरियो ।




**चित्र १०२ – अजिङ्गर चढेर हिँड्ने बुद्ध धर्मको दयाकी देवी**

Avalokitesvara, Guanyin.




**चित्र १०३ – नेपालमा निर्मित आमा र बच्चाको मूर्ति**

The 14th–15th centuries A.D., Nepal; Victoria and Albert Museum, London, UK.
Licensor: Ian – seriykotik1970 (CC BY 2.0).



१०४

**चित्र १०४ – चीनको बच्चा दिने देवी : ग्वानइन**

The 19th century A.D., China; Baba Bling, Quai Branly Museum, Paris, France.

Licensor: Jean-Pierre Dalbéra (CC BY 2.0).



१०५

**चित्र १०५ – चीनको बच्चा दिने देवी : ग्वानइन**

The 18th century A.D., China; National Museum of Asian Art-Guimet, Paris, France.
Licensor: Jean-Pierre Dalbéra (CC BY 2.0).

**चित्र १०६ – जापानको दयालु माता ग्वानइन**

तिनलाई जिबो कान्नोन (Jibo Kannon) पनि भनिन्छ ।

Kyoto, Japan. Licensor: Kimon Berlin (CC BY-SA 2.0).



१०६

**चित्र १०७ – जापानको दयालु माता ग्वानइन**

Nagano, Japan. Licensor: panina.anna (CC BY 2.0).



१०७

एसियाका प्रायः बौद्ध धर्म मान्ने राष्ट्रहरूमा यस्ता बच्चा बोक्ने माताको प्रतिमाहरू पाइन्छन् । तम्मूजलाई बोकेको सेमिरामिसको प्रतिमाबाट नै यिनीहरू निस्किएका हुन् । यसलाई विचार गर्ने हो भने बेबिलोनी धर्मले पहिलेदेखि नै एसियामा गहिरो जरा गाडेको देख्न सकिन्छ ।

जापानमा बौद्ध धर्मको ग्वानइन देवीसँग मिश्रण गरी निर्माण गरिएको कुमारी मरियमको अनौठो प्रतिमा छ (चित्र १०८) । इ.सं.१५४९ मा रोमन क्याथोलिक मण्डलीले जापानमा सुसमाचार प्रचार गर्ने कोसिस गरेको थियो तर इ.सं.१६०० तिर जापानी सरकारले इसाईहरूको विरोध गर्ने नीति अवलम्बन गऱ्यो, र त्यो व्यवस्था करिब ३०० वर्षसम्म लागू भयो । उक्त अवधिमा जापानमा भएका रोमन क्याथोलिकहरूलाई कडा सतावट दिइयो । उक्त सतावटबाट बच्नको निम्ति तिनीहरूले ग्वानइन देवीको जस्तै स्वरूपमा मरियमको मूर्ति बनाए अनि त्यसलाई घरमा लुकाएर कन्या मरियमको आराधना गरे । अनौठो कुरा के हो भने पहिले इसाई धर्म बेबिलोनी धर्मसँग मिसिएर कन्या मरियमको आराधना गर्ने प्रचलन सुरु भयो र यहाँ फेरि बौद्ध धर्मसँग मिसिएर त्यसको स्थानीयकरण भयो ।

धार्मिक मेलमिलापको उद्देश्य लिएर रोमन क्याथोलिकहरूले अरू धर्मसँग मिसिएका प्रतिमाहरू बनाए । दक्षिण कोरियामा किल्साङ्गसा (Kilsang-sa) भन्ने प्रख्यात बौद्ध मन्दिर छ, र त्यहाँ रोमन क्याथोलिकहरूले निर्माण गरेको बौद्ध ग्वानइन देवीको मूर्ति राखिएको छ (चित्र १०९) । कन्या मरियम र ग्वानइनको मिश्रण गरेर निर्माण गरिएको उक्त मूर्तिले रोमन क्याथोलिक र बौद्ध धर्ममा कुनै अन्तर छैन भन्ने कुरातर्फ सङ्केत गर्छ । अहिले बहुधर्मवादलाई (Religious Pluralism) प्रश्रय दिने उद्देश्यले त्यस प्रकारका धार्मिक मिश्रण प्रदर्शन गर्ने थुप्रै कुराहरू जतातत्तै देखिन थालेको छ । यसरी उत्पत्ति ३:१५ मा भविष्यवाणी गरिएअनुसार सर्प र सेमिरामिसलाई आराधना गर्ने बेबिलोनी धर्म संसारभरि फैलिरहेको छ र यसअनुसार अन्तरधार्मिक मेलमिलापको (Inter faith harmony) नारा लिएर विभिन्न सांसारिक धर्महरूलाई एउटै विन्दुमा ल्याउने काम हुँदैछ ।




**चित्र १०८ – जापानको मारिया कान्नोन (Maria Kannon, Japan)**

यो एक ऐतिहासिक स्मृति अवशेष हो । जापानका क्याथोलिकहरूले सतावतबाट बच्नको लागि बौद्ध धर्मको ग्वानइन देवीसँग मिल्दोजुल्दो कन्या मरियमको प्रतिमा बनाए ।

Nantoyoso Collection, Japan. Licensor: Iwanafish (CC BY-SA 3.0).




**चित्र १०९ – कोरियामा रोमन क्याथोलिकहरूले बनाएका ग्वानइनको मूर्ति**

रोमन क्याथोलिकहरूले कोरियामा कन्या मरियम र ग्वानइनको मिश्रणबाट यस्तो मूर्ति बनाए ।

2000, Seoul, Korea.

# ६. निष्कर्ष
## CONCLUSION

यो पक्का हो कि ज-जसले सृष्टिकर्ता परमेश्वरको सेवा गर्दैनन्, तिनीहरूले कि शैतानको सेवा गरिरहेका हुन्छन् अथवा तिनीहरू शैतानको प्रभावमा परेका हुन्छन् । आत्मिक क्षेत्र दुई किसिमको हुन्छ । मानिस या त परमेश्वरको आत्माको अधिनमा हुन्छ होइन भने ऊ शैतानको दुष्ट आत्माको अधिनमा हुन्छ । त्यसकारण, यदि कुनै व्यक्ति शैतानको प्रभावभित्र छ भने उसले दुष्टको आत्मिक संसारलाई गहिरोरूपमा अनुभव गर्छ अनि उसले त्यहाँ सर्प र अजिङ्गरको अस्तित्वलाई पनि देख्छ किनभने त्यस्ता जीवहरू शैतान र दुष्टको प्रतिरूपहरू हुन् (प्रकाश २०:२) ।

त्यसैले मानवनिर्मित सांसारिक धर्महरूले सर्प र अजिङ्गरको आराधना गर्ने गर्छ । ती धर्महरूमार्फत शैतान भेष बदलेर मानिसहरूका बीचमा विभिन्न रूपमा देखा पर्छ । कहिले त्यो उद्धारकर्ताको रूपमा देखा पर्छ भने कहिले दयाकी देवीको रूपमा देखा पर्छ । त्यस्तै गरी आशिष् दिने देवी, दोष लगाउने देवी र अन्य रूपहरूमा पनि त्यो देखा पर्छ । शैतान चलाकीसाथ मानिसहरूको माझमा आउँछ र छल अनि धूर्ततापूर्ण व्यवहारद्वारा त्यसले परमेश्वरले पहिल्यै चुन्नु भइसकेको तर अझसम्म नबचाइएका उहाँका सन्तानहरूलाई र चुनिएका शैतानका सन्तानहरूलाई धोकामा पारेर त्यसको पछि लाग्ने बनाउँछ ।

सांसारिक धर्महरूले दिने शिक्षामा त्यति ठूलो नैतिक समस्याहरू देखिँदैन । तर ती धर्महरूले मानिसलाई सृष्टिकर्ता परमेश्वरको आराधना गर्न निषेध गरी सत्य अनि मानवजातिको उद्धारकर्ता प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्न दिँदैन (यहाँ स्मरणयोग्य कुरा के छ भने शैतानले परमेश्वरले पहिल्यै चुनिसक्नुभएको तर अझसम्म नबचाइएका उहाँका सन्तानहरू र शैतानको सन्तान हुनको निम्ति पहिल्यै नियुक्त भइसकेका यी दुवै समूहका मानिसहरूलाई भ्रममा पारेर धोका दिन सक्छ) । शैतानले धूर्त क्रियाकलाप र साँचो हो कि जस्तो देखिने झूटा कुराहरूद्वारा मानिसलाई धोका दिन्छ र साथै विभिन्न खालको दन्त्यकथा र अन्धविश्वासद्वारा अलमल्याउने शिक्षा दिन्छ । त्यसले मानिसहरूलाई येशू ख्रीष्टले गर्नुभएको प्रायश्चितको सत्यतालाई इन्कार गर्न लगाउँछ । वास्तवमा भन्ने हो भने उहाँले गर्नुभएको प्रायश्चित जीवनको आधार हो । शैतानको छल र धोकामा परी सत्य कुरा देख्न नसक्ने गरी अन्धा भएका मानिसहरू अनन्तको लागि विनाशको बाटोतिर अघि बढिरहेका छन् ।

यो आधुनिक कालमा शैतानले सम्भव भएसम्म त्यसको सबै ताकत लगाएर मानिसहरूलाई पथभ्रष्ट पार्ने काम गरिरहेको छ किनभने त्यसको समय सकिन लागिसक्यो भन्ने कुरा शैतानले थाहा पाइसकेको छ (मत्ती २४:२४; प्रकाश १२:१२) । विशेष गरी विज्ञान र मानववादी शिक्षा हासिल गरेका आधुनिक उदारवादी सांसारिक मानिसहरूलाई शैतानले मुख्य निशाना बनाएको छ । त्यसले धार्मिक क्षेत्रभन्दा अगाडि गएर मानव जीवनको हरेक पक्षलाई आक्रमण गरिरहेको छ, जस्तैः सँस्कृति, समाज, अर्थतन्त्र, राजनीति, कला, साहित्य, सङ्गीत, विज्ञान आदि । परिणामस्वरूप शैतानले यस्ता क्षेत्रहरू आफ्नो कब्जामा पारी मानिसहरूबाट आराधना लिन सुरु गरिसकेको छ । किन यस्तो भइरहेको छ त ? किनभने उत्पत्ति ३:१५ मा उल्लिखित भविष्यवाणी पूरा हुनको निम्ति संसारमा यी सबै कुराहरू हुन आवश्यक नै छ ।

अब हामी अध्याय तीनमा नयाँ युग अभियान (New Age Movement) र बहुधर्मवादको (Religious Pluralism) सिद्धान्तबारे चर्चा गर्नेछौँ । अहिले विकास भइरहेको यो नयाँ युग अभियान एक प्रकारको शैतानी धर्म नै हो । उत्पत्ति ३:१५ को भविष्यवाणी कसरी ठोसरूपमा पूरा हुँदै गइरहेको छ भन्ने रहस्य बुझ्नको निम्ति ती कुराहरू थाहा पाउन अति जरुरी छ ।

**उत्पत्ति ३:४–५**

*सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ ।"*

# अध्याय तीन
## CHAPTER THREE

# आधुनिकवाद र शैतानी धर्म
## MODERNITY AND SATANIC RELIGION

परिचय

नयाँ युग अभियान

बहुधर्मवाद

बेबिलोनी धर्मको उत्थान र पतन

निष्कर्ष

**उत्पत्ति ३:१५**

तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म
दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र
तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।

# १. परिचय

## INTRODUCTION

अहिलेको आधुनिक संसार उत्तर-आधुनिकवादी समाज हो । उत्तर-आधुनिकवाद नयाँ दर्शनशास्त्रसँग सम्बन्धित अभियान हो, जुन इ.सं.१९६० को दशकतिर फ्रान्स र संयुक्त राज्य अमेरिकाबाट सुरु भएको थियो । सापेक्षवाद (Relativism) र बहुधर्मवाद (Pluralism) यसका मुख्य अवधारणाहरू हुन् र यसले परम्परागत अधिकार र मूल्य-मान्यताहरूलाई तिरस्कार गर्छ । यसले ठोसरूपमा कुनै कुरा असल वा खराब छ भन्ने विचारधारालाई समेत इन्कार गर्छ ।

स्वाभाविकरूपमा उत्तर-आधुनिकवादमा विश्वास गर्ने मानिसहरूले शैतानको उपस्थितिमाथि सङ्का गर्न थालेका छन् । 'शैतानको मृत्यु' (The Death of Satan) भन्ने पुस्तकका लेखक, एण्ड्र्यू डेल्बान्कोले (Andrew Delbanco, 1952-) यसो भनेका छन्, "दुष्ट पौराणिक कथाको कलाकारजस्तो भएको छ, जसले आफ्नो प्रस्तुतिकरणको निम्ति दर्शकहरू गुमाउँदैछ ।" बिगतका २०० वर्षदेखि दुष्टको साँचो परिचय र स्वभाव लुकाउने प्रयासहरू भइरहेका छन् भनी डेल्बान्कोले टिप्पणी गरेका छन् । सङ्कालु स्वभाव भएका नयाँ युगवादी रोलिङ स्टोन (Rolling Stone) भन्ने व्यक्तिले दुष्टको अस्तित्वमाथि विश्वास गरेनन् अनि तिनले दुष्टलाई धन-सम्पत्तिवाला र विभिन्न कुरामा अभिरुचि भएका व्यक्तिको रूपमा प्रशंसा गरे ।

यस्ता सामाजिक मिथ्या तथा तर्क-वितर्कहरूमा अल्झिरहेका मानिसहरूले थाहा पाए पनि नपाए पनि शैतानको गतिविधि अहिले पूर्ण गतिमा अघि बढिरहेको छ । अहिले शैतान त्यसका सेनाहरू अर्थात् भूतहरू र दुष्टात्माहरूलाई साथमा लिएर परमेश्वरका सृष्टिहरूलाई नाश पार्न अनि उहाँका सृष्टिहरूलाई परमेश्वरबाट अलग गर्नको निम्ति लागिपरेको छ । शैतान कसलाई नाश पारूँ भनी गर्जने सिंहझैँ खोजिहिँड्छ, र हुन सके त्यसले चुनिएकाहरूलाई पनि धोका दिएर भड्काउने प्रयास गर्छ (मत्ती २४:२४; १ पत्रुस ५:८) । यस प्रकारका शैतानी गतिविधि अन्तको समयको थुप्रै चिन्हहरूमध्ये एक हो भनी येशूले पहिले नै भविष्यवाणी गरिसक्नुभएको छ (मत्ती २४:३-३६) ।

येशू यस पृथ्वीमा आउनुभन्दा ठिक अघि ‘महान् बेबिलोन’को पतन हुनेछ भनी बाइबलमा भविष्यवाणी गरिएको छ (प्रकाश १८:१०) । प्रकाश १३ देखि १८ अध्यायहरूअनुसार ‘महान् बेबिलोन’ भनेको दुई वटा पशुको व्यवस्था हो, र यसले शैतानको सन्तानलाई बुझाउँछ (२ पत्रुस २:१२-२२; यहूदा १:१०; १ यूहन्ना ३:१०) ।

समुद्रबाट निस्किआउने पहिलो पशुले राजनैतिक तथा आर्थिक व्यवस्थालाई बुझाउँछ (प्रकाश १३:१) र पृथ्वीबाट निस्किआउने दोस्रो पशुले धार्मिक व्यवस्थालाई बुझाउँछ (प्रकाश १३:११) । आत्मिक दृष्टिकोणले हेर्ने हो भने बाइबलमा उल्लिखित समुद्र अनि पृथ्वीजस्ता शब्दहरूले यो संसारमा बस्ने मानिसहरूलाई सङ्केत गर्छ र यी दुई पशुहरूले चाहिँ मानवजगतमा निर्माण भएका शैतानी व्यवस्थाहरूलाई बुझाउँछ ।

दोस्रो पशु भनेको धार्मिक व्यवस्था हो, जसले अहिलेको बहुधर्मवादको सिद्धान्तलाई सङ्केत गर्छ । आफूसँग भएको ठूलो शक्ति र प्रभावले गर्दा बहुधर्मवादले संसारको राजनैतिक तथा आर्थिक व्यवस्थामाथि व्यवहारिकरूपमा शासन गर्नेछ (प्रकाश १३:१३-१४) । तसर्थ यस पृथ्वीका राजाहरूले (अर्थात् पहिलो पशुले) उक्त महान् पशुसँग (दोस्रो पशु अर्थात् बहुधर्मवादसँग) व्यभिचार गर्नेछ (अर्थात् शैतानको सेवा

गर्नेछ) । त्यसपछि यो संसारको मानिसहरू (गैरइसाईहरू) उक्त व्यभिचारको मद्यले मातिनेछन्, जसको अर्थ तिनीहरू धार्मिक मिसावट (प्रकाश १८:६) र बहुधर्मवादको शिक्षाबाट (प्रकाश १८:२) विषाक्त हुनेछन् भन्ने हो । पृथ्वीका व्यापारीहरू पनि त्यसको शक्तिको प्रभावमा पर्नेछन् भनी प्रेरित यूहन्नाले भविष्यवाणी गरेका छन् (प्रकाश १७:२; १८:३) ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने बहुधर्मवाद भनेको पौराणिक कालको बेबिलोनी धर्मलाई पुनर्स्थापना गर्ने अभियान हो । यसलाई अर्को शब्दमा भन्ने हो भने बहुधर्मवादले पुरानो बेबिलोनी धर्मबाट उत्पन्न भएका सबै धर्महरूलाई सुदृढ पारी एउटै बनाउनेछ र नयाँ किसिमको बेबिलोनी धर्मको निर्माण गर्नेछ । बेबिलोनी धर्मको पुनर्स्थापना गर्ने यो अभियानलाई यूहन्नाले घृणित दुलही भनेका छन्, जसले भेष बदलेर प्रभु येशूको दुलही हुन खोज्छ । त्यसलाई धर्मशास्त्र बाइबलमा विभिन्न नाउँहरूद्वारा चित्रण गरिएको छ, जस्तैः स्त्री (प्रकाश १७:३, ६, ७, ९, १८), वेश्या (प्रकाश १७:१५-१६), महा वेश्या (प्रकाश १७:१), पृथ्वीका वेश्याहरू र घृणित कुराहरूकी आमा अर्थात् सांसारिक धर्मका देवी-देवताहरू (प्रकाश १७:५), महारानी (प्रकाश १८:७) आदि । त्यस किसिमको अभियानद्वारा अहिले संसारभरिका धर्महरूलाई एकताको सूत्रमा ल्याई तिनीहरूलाई सुदृढ पार्ने काम भइरहेको छ । बहुधर्मवादको सिद्धान्त इसाई धर्मबाट निस्किएको भए तापनि अहिले यसले प्रभु येशू ख्रीष्टको बहुमूल्य रगतको महत्वलाई अरू धर्महरूका शिक्षाहरूसँग मिसाएर सुसमाचारलाई दुषित पारेको छ । अहिले यो शैतानी शिक्षाको रूपमा संसारभरि फैलिरहेको छ । यो अभियानले प्रभु येशू ख्रीष्टको बाइबलीय साँचो परिचयलाई इन्कार गर्छ । बाइबलको भविष्यवाणीअनुसार भविष्यमा यो सुदृढ अनि शक्तिशाली हुँदैजानेछ र सबै धर्महरूमा यसले आफ्नो प्रभाव पार्नेछ । आजभोलि संसारमा प्रचलित नयाँ युग अभियानलाई यही बहुधर्मवादी अभियानको एक भागको रूपमा हेर्न सकिन्छ ।

यस अध्यायमा हामी नयाँ युग अभियान र बहुधर्मवादको सिद्धान्तहरूबारे चर्चा गर्नेछौं । यी शैतानी धर्महरू आफ्नो साँचो उद्देश्य र स्वभाव लुकाएर धूर्तरूपमा सारा मानव समुदायमा व्यापकरूपमा फैलिरहेका छन् । यस अभियानका अनुयायीहरूको उद्देश्यलाई केलाउने हो भने पौराणिक कालमा निम्रोदले स्थापना गरेको बेबिलोनी धर्मबाट निस्किएका सबै सांसारिक धर्महरूलाई फेरि एउटै बनाउन खोजेको जस्तो देखिन्छ । यसले उत्पत्ति ३:१५ मा उल्लिखित भविष्यवाणीको एक भाग पूरा गर्छ । यद्यपि शैतानको सन्तान (बेबिलोनी धर्म अथवा महान् बेबिलोन) केही समयको निम्ति विजयी जस्तो देखिए तापनि अन्तमा स्त्रीको सन्तानले (येशूले) त्यसलाई पक्कै नाश गर्नुहुनेछ (प्रकाश १८ अध्याय) ।

# २. नयाँ युग अभियान

## THE NEW AGE MOVEMENT

अहिलेको नयाँ युग अभियानको समयमा बेबिलोनी धर्मको अस्तित्व निरन्तर रहिरहेको छ। नयाँ युग अभियानले परम्परागतरूपमा रहिआएको अधिकारहरूलाई अस्वीकार गरी राजनीति, समाज, संस्कृति, मानवीय सोचविचार र धर्मलगायत अन्य क्षेत्रहरूमा मानववादप्रति केन्द्रित नयाँ अधिकार र मूल्य-मान्यताहरूको खोजी गर्छ। नयाँ युग अभियान सुरु हुनुभन्दा अघि पश्चिमेली समाजले लामो समयसम्म ख्रीष्टप्रति केन्द्रित बाइबलीय मूल्य-मान्यताहरूलाई सही प्रकारले कायम राख्दै अरू धर्महरूलाई इन्कार गरी सांसारिक कुराहरूलाई अस्वीकार गरेको थियो । यसको विपरीत अहिले नयाँ युग अभियानले विभिन्न मूर्तिहरूलाई पुज्ने धर्महरूको आत्मिकतालाई सकारात्मकरूपमा लिएर त्यस्ता कुराहरूलाई अँगाल्ने काम गरेको छ।

नयाँ युग अभियानमा लाग्नेहरूले सर्वेश्वरवादको सिद्धान्तलाई (Pantheism) स्वीकार्छ, जुन सबै थोक ईश्वर हुन सक्छ भन्ने विश्वास हो । तिनीहरूका भनाइअनुसार ईश्वर कुनै व्यक्तित्वमा सीमित हुँदैन । हामी बसेको ब्रह्माण्ड नै ईश्वर हो भनी तिनीहरू विश्वास गर्छन् । त्यसकारण, संसारका सबै धर्महरूले विश्वास गर्ने ईश्वर एकै हो भनी तिनीहरू दाबी गर्छन् र अन्तरधार्मिक पुनर्मिलाप गर्न सबै धर्महरूलाई एकतामा ल्याउने कुरालाई तिनीहरू समर्थन गर्छन्। त्यतिमात्र

होइन, मानिस ब्रह्माण्डको अंश भएकोले गर्दा, संसारबाट मुक्त भएर निर्वाण (Nirvana) पाउने आध्यात्मिक तालिमद्वारा ईश्वर बन्न सकिन्छ भन्ने कुरामा तिनीहरू विश्वास गर्छन् । यसकारण ईश्वर बन्नका लागि तिनीहरू विभिन्न शैतानी क्रियाकलापहरूमा सहभागी हुन्छन्, जस्तैः बौद्ध धर्मालम्बीहरू ध्यान गर्छन्, हिन्दुहरू योग र तपस्या गर्छन् अनि त्यस्तै प्रकारले तिनीहरू राशिफल, गुप्त-विद्या र तन्त्र-मन्त्रजस्ता शैतानी कुराहरूलाई स्वीकार गर्छन् ।

तिनीहरूले नयाँ युग अभियानलाई कुनै विशेष धर्म ठान्दैनन् । त्यसैले आराधना गर्न र धार्मिक विधि-विधानहरू पालन गर्नको लागि तिनीहरूलाई छुट्टै ठाउँको आवश्यकता पर्दैन । तर जीवनको हरेक क्षेत्रमा तिनीहरू नयाँ युगसम्बन्धी मूल्य-मान्यताहरूलाई स्थान दिएर संसारमा प्रचलित परम्परागत नियम र व्यवस्था परिवर्तन गर्ने लक्ष्य राख्दै त्यस्ता कुराहरूलाई संसारभरि फैलाउँदै छन् ।

संसारभरि धेरै संघ-संस्थाहरू नयाँ युगको अभियानलाई प्रवर्तन गरी अघि बढाउने कार्यहरू गरिरहेका छन् । तिनीहरूमध्ये विशेषगरी अध्यात्मवादलाई पछ्याउने थियोसोफिकल सोसाइटी (Theosophical Society) भन्ने संस्थाले नयाँ युगको अभियानका लागि आवश्यक नीति-नियमसम्बन्धी शिक्षा प्रदान गर्छ । यदि हामीले तिनीहरूका गतिविधि र तिनीहरूले प्रयोग गर्ने चिन्हहरू जाँच्ने हो भने नयाँ युगको अभियानले साँचो शैतानी स्वभाव धारण गरेको प्रमाणहरू भेट्टाउन सक्छौं र बेबिलोनी धर्मले छद्मवेशमा त्यस अभियानद्वारा काम गरिरहेको कुरा बुझ्न सक्छौं ।

## क. नयाँ युगको शैक्षिक अभियान

**The New Age Academic Movement**

थियोसोफिकल समाज इ.सं.१८७५ मा स्थापना भएको थियो र त्यस संस्थालाई हेलेना पेट्रोभ्ना ब्लाभास्की (Helena Petrovna Blavatsky, 1831-1891 A.D.) नाम गरेकी रुसी महिलाले अगुवाइ गरेकी थिइन् । शैक्षिक जगतमा यस समाजलाई नयाँ युग अभियानलाई चारैतिर फैलाउन महत्वपूर्ण भूमिका खेल्ने संस्थाको रूपमा चिनिन्छ ।

अध्यात्मविद्यालाई बुझाउने 'थियोसोफी' (Theosopy) ग्रीक भाषाको दुई शब्दहरू मिलेर बनेको छ । 'थियो' (theo) भनेको ईश्वर हो र 'सोफी' (sophy) भनेको बुद्धि हो । थियोसोफीको नाउँद्वारा यस संस्थाले सबै धर्महरूलाई एकत्रित पार्न खोजेको छ । आधारभूतरूपमा सबै धर्महरू एकै हुन् अर्थात् तिनीहरू एक-अर्कामा फरक छैनन् भनी दाबी गर्दै यसले अन्तर्राष्ट्रिय भाइचाराको सम्बन्धलाई जोड दिएको छ । संसारमा फरक-फरक नाउँका थुप्रै देवी-देवताहरू भए तापनि वास्तवमा ईश्वर एउटै हो भनी थियोसोफिकल समाजले विश्वास गर्छ । व्यक्तिगत तथा साँस्कृतिक भिन्नताले गर्दा मानिसले ईश्वरसँग भेट गर्ने प्रक्रियाहरूमा विविधता आएको हो भनी त्यसले भन्छ ।

थियोसोफिकल समाजले प्रयोग गर्ने छापलाई राम्रोसँग हेर्ने हो भने त्यहाँ बेबिलोनी धर्मले गहिरो जरा गाडेको पत्ता लगाउन सकिन्छ (चित्र ११०) । त्यस संस्थाको छापमा शैतानलाई सङ्केत गर्ने सर्प अनि राशिलाई सङ्केत गर्ने तारा राखिएको छ । गोलाकाररूपमा राखिएको सर्पको टाउको र पुच्छर जोडिएको ठाउँमा स्वस्तिक चिन्ह (卍) छ, जुन हिन्दु र बौद्ध धर्ममा प्रयोग गर्ने गरिन्छ । तिनीहरूले यो चिन्हलाई आशिष् र सौभाग्यको प्रतीक मान्छन् । पहिले जर्मन देशका नाजीहरूले यो चिन्ह प्रयोग गर्थे । त्यस छापको माथिल्लो भागमा 'ॐ' राखिएको छ, जसलाई प्राचीन समयदेखि हिन्दुहरूले मन्त्रका रूपमा प्रयोग गर्दैआएका छन् ।

यस समाजले सञ्चालन गरेको वेबसाइटले त्यस्ता फोहरी चिन्हहरूका बारेमा बनावटी पाराले राम्रो अर्थ दिने प्रयास गरेको छ । हिन्दुहरूले मन्त्रको रूपमा लिने 'ॐ' लाई तिनीहरूले यूहन्ना १:१ अनुसार वचन अर्थात् येशूसँग दाँजेका छन् । तिनीहरूका विचारमा इसाई धर्म संसारका धेरै धर्महरूमध्ये एक हो । तिनीहरूले इसाईहरूका त्रिएक परमेश्वरलाई हिन्दु धर्मका तीन देवताहरू– शिव, विष्णु र ब्रह्माको बराबर तुल्याएका छन् । वास्तवमा भन्ने हो भने त्यो थियोसोफिकल समाज शैतानी मिसावटले पूर्णरूपमा भरिएको छ ।

यो ब्रह्माण्ड स्वयम् ईश्वर भएकोले गर्दा ब्रह्माण्डका सदस्यको रूपमा हरेक मानिससँग ईश्वरीय चरित्र हुन्छ भनी त्यस समाजले विचार गर्छ । तिनीहरूका भनाइअनुसार मानिसमा रहेको उक्त ईश्वरीय चरित्रलाई जगाउनु चुनौतिको विषय हो, र यसो गर्नका लागि यस थियोसोफिकल समाजले पूर्वेली र पश्चिमेली सँस्कृतिका सबै गुप्त-विद्याहरूमाथि विशेष ध्यान दिएको छ । विभिन्न किसिमका मन्त्र-तन्त्र, योग, ध्यान, तपस्या, राशिफल, रसायनविद्या र गुप्त-विद्याजस्ता क्रियाकलापहरू तिनीहरूका प्राथमिकताभित्र परेका छन् । यहाँ दिइएका चित्रहरू हेर्ने हो भने त्यसप्रकारका गुप्त-विद्या र रसायनविद्यासम्बन्धी अवधारणाहरू




**चित्र ११० – थियोसोफिकल सोसाइटीको लोगो**

थियोसोफिकल सोसाइटीको भारतको केन्द्रीय कार्यलयले निर्माण गरेको वेवसाइटमा यस्तो लोगो प्रयोग गरिएको छ ।

ts-adyar.org




### चित्र १११ – अध्यात्मविद्या र रसायनविद्या

**(Theosophy and alchemy)**

Leonhardt Thurneysser zum Thurn. 1574 A.D.; theosophische Darstellung zur Alchemie, Abbildung S. 188, Chem. 23, Sächsische Landesbibliothek - Staats- und Universitätsbibliothek Dresden, Germany; Deutsche Fotothek, 2008.

### चित्र ११२ – अध्यात्मविद्या र रसायनविद्या

Guglielmo Grataroli & Morienus Romanus. 1610 A.D.; theosophische Darstellung zur Alchemie, Abbildung S. 142, Chem. 1235-2, Sächsische Landesbibliothek - Staats- und Universitätsbibliothek Dresden, Germany; Deutsche Fotothek, 2008.




### चित्र ११३ – अध्यात्मविद्या र रसायनविद्या

रसायनविद्या मध्यपूर्वमा सुरु भएको रहस्यमय सिद्धान्त हो, र पछि यो युरोपमा फैलियो । तन्त्र-मन्त्र र ज्योतिषशास्त्रको प्रयोगद्वारा कुनै वस्तुलाई सुनमा परिवर्तन गर्न अनि जीवनमा तेज र शक्ति उत्पन्न गर्न यसको प्रयोग गरिन्छ ।

1678 A.D.; theosophische Darstellung zur Alchemie, Abbildung S. 396, Chem. 360, Sächsische Landesbibliothek - Staats- und Universitätsbibliothek Dresden, Germany; Deutsche Fotothek, 2008.



बेबिलोनी धर्मबाट आएको स्पष्ट देखिन्छ (चित्र १११, ११२, ११३) । तिनीहरूले आफ्नो अभियानमा बेबिलोनी धर्मका दुष्ट आकृतिहरू अनि सूर्य, चन्द्रमा, तारा, अजिङ्गर, सर्प र अरू आकृतिहरूलाई सम्मिलित गरेका छन् । थियोसोफिकल समाजले पूर्वेली तथा पश्चिमेली जगतमा विद्यमान शैतानी गुप्त-विद्यासम्बन्धी सिद्धान्तहरू खोजी गरेर त्यहाँ भएका जप तथा मन्त्र-तन्त्रलाई नयाँ अर्थ दिई मानिसहरूलाई भ्रममा पार्दै शैतानलाई पुज्न प्रेरणा दिइरहेको छ ।

'थियोसोफी' भन्ने शब्द ग्रीक भाषाको 'थियो' अर्थात् 'ईश्वर' (god) र सोफी अर्थात् 'बुद्धि' (wisdom) मिलेर बनेको हो भन्ने कुरा हामीले माथि नै चर्चा गरिसक्यौं । थियोसोफिकल समाजका अनुयायीहरूले यहाँ उल्लिखित ग्रीक भाषाको बुद्धि भनेको १ कोरिन्थी २:६-७ मा उल्लिखित 'परमेश्वरको बुद्धि' हो भनी दाबी गर्छन् ।

तर त्यस दाबीको विपरीत प्रेरित पावलले पहिलो कोरिन्थीमा उल्लेख गरेका 'परमेश्वरको गुप्त अनि लुकेको बुद्धि' भन्ने वाक्यांश उत्पत्ति ३:१५ मा उल्लिखित परमेश्वरको मुक्तिको महान् योजनाको सन्देश र क्रूसमा येशूले गर्नुभएको उद्धारको सेवकाइद्वारा अन्यजातिहरूका बीचमा सुसमाचार प्रचार गर्ने कुरासँग सम्बन्धित छ । तर नयाँ युग अभियानमा लाग्नेहरूले यो गहिरो आत्मिक अर्थलाई बुझ्न नसकेर बाइबलको सन्दर्भ मिल्ने केही पदहरू निकालेर मूर्तिपूजा र झूटा धर्महरूलाई समर्थन गर्नका लागि प्रयोग गरेका छन् । यस्ता क्रियापलापले येशूले बहाउनुभएको प्रायश्चितरूपी बहुमूल्य रगतको सन्देशलाई फिका र विकृत पारेको छ ।

दुर्भाग्यवश यो नयाँ युग अभियानको गलत शिक्षाहरू आधुनिक समाजको मानिसहरूमाझ प्रख्यात हुँदै गइरहेको छ र त्यसले तिनीहरूलाई भ्रम र धोकामा राखेको छ । त्यस्ता कुराहरू अहिले विश्वको प्रायः सबै सँस्कृति र समाजमा तीव्ररूपमा फैलिरहेका छन् । ती सन्देशहरूले अन्तरधार्मिक मेलमिलाप र मानवीय समानताको वकालत गर्ने भएकोले सांसारिक मानिसहरूले त्यसलाई स्वागत र

तारिफ गरिरहेका छन् । आधुनिक समाजमा यसप्रकारको अवधारणा प्रचलित हुँदै गएको कारणले गर्दा यदि समयमै इसाईहरू परमेश्वरको वचनद्वारा आत्मिकरूपमा सुसज्जित भएनन् भने अहिलेको सांसारिक सँस्कृतिहरूमा झाँङ्गिदै गएको नयाँ युग अभियानले ल्याउने भ्रम र यसले दिने धोकालाई बुझ्न र त्यसलाई छुट्टयाउन झन् गाह्रो हुँदैजानेछ ।

## ख. नयाँ युगको आध्यात्मिक पक्षहरू : ध्यान, योग र नृत्य

**The New Age Spirituality : Meditation, Yoga And Dancing**

नयाँ युग अभियानमा लाग्ने मानिसहरूले खोजी गर्ने मुख्य कुरा भनेको विशेष किसिमको रहस्यमय आत्मिक अनुभव र प्रकाश हो । जुनसुकै धर्मको माध्यमद्वारा भए तापनि तिनीहरू त्यस्ता रहस्यमय अनुभवहरू प्राप्त गर्न कोसिस गर्छन् । त्यस्तो कुरा प्राप्त गर्न तिनीहरूले बोक्सी-विद्या, मन्त्र-तन्त्र, जोखना हेर्ने, राशिफल, उत्तेजक सङ्गीत, पृथक यौन अनुभव, सन्यासी जीवन, मद्यपान वा लागु पदार्थको प्रयोग गर्ने गर्छन् । त्यसको लागि तिनीहरूले विज्ञान र आधुनिक प्रविधिको पनि प्रयोग गर्न खोज्छन् । जस्तोसुकै क्रियाकलाप गरे तापनि तिनीहरूको उद्देश्य भनेको ब्रह्माण्डमा विद्यमान दैवी शक्तिसँग एकिकृत भई विभिन्न किसिमका रहस्यमय अनुभवहरूद्वारा आफूभित्र दैवी चरित्र जगाउनु हो । त्यस्ता प्रक्रियाहरूद्वारा भौतिक संसारभन्दा माथि उठेर दैवी शक्ति भएको स्थानमा पुगेपछि मानिस भगवान बन्न सक्छ भनी तिनीहरू विश्वास गर्छन् ।

त्यस किसिमका रहस्यात्मक अनुभव प्राप्त गर्नका लागि नयाँ युग अभियानमा लाग्नेहरूले विशेष प्रकारका विधिहरू अपनाउँछन्, जस्तैः विभिन्न ताल र लयका नृत्यहरू, योग, ध्यान, तपस्या आदि । यस्ता क्रियाकलापको निम्ति तिनीहरूले विभिन्न धर्महरूका विधि-विधानहरूलाई अपनाउने गर्छन् । हिन्दु धर्म, बौद्ध धर्म

र ताओ धर्ममा अभ्यास गरिने आध्यात्मिक तौर-तरिकाहरू पनि तिनीहरूले प्रयोग गर्छन् । इस्लाम धर्म र सिख धर्मको गुप्तविद्याअनुसार आत्मिक अभ्यासहरू पनि तिनीहरूले गर्ने गर्छन् । यहाँ स्मरणयोग्य कुरा के छ भने गुरु नानक भन्ने व्यक्तिले इस्लाम र हिन्दु धर्मलाई मिलाएर सिख धर्मको विकास गरेका हुन् (चित्र ११४) । विशेष गरी सुफी (Sufi) भनिने भीख मागेर जीविका चलाउने पूजाहारीहरूले एकै स्थानमा उभिएर बेहोस नहोउञ्जेल निरन्तर घुम्दै अनि दैविक शक्तिसँग सञ्चार गर्दै रहस्यमय अनुभव गर्छन् (चित्र ११५) । अहिले पर्यटकहरूका निम्ति मध्यपूर्वी राष्ट्रहरूमा परम्परागत नृत्यको रूपमा त्यस्ता सुफी नाँच प्रदर्शन गर्ने गरिन्छ ।

अहिले मानवजगतमा योग अभ्यास निकै प्रख्यात र प्रचलित हुँदै गइरहेको छ । वास्तवमा भन्ने हो भने यो शैतानी आत्मिकतालाई जागृत गराउने धार्मिक क्रियापलाप हो । योगको सबै सिद्धान्तहरू सर्पको शक्तिमा आधारित भएको हुन्छ (चित्र ११६) । उदाहरणको रूपमा हेर्ने हो भने कुण्डलिनी योगलाई लिन



**चित्र ११४ – सिख धर्मको प्रवर्तक : गुरु नानक**

गुरु नानक सिख धर्मको अगुवा हुन् । सानो हुँदा तिनलाई कोब्रा सर्पले सुरक्षा दिन्थ्यो भन्ने पौराणिक किम्बदन्ती छ ।

Around 1900 A.D., Rai Bular Archives.

सकिन्छ । धेरै प्रकारका योगहरूमध्ये यसलाई आधारभूत र आध्यात्मिक योग मानिन्छ (चित्र ११७) । 'कुण्डलिनी' भन्ने शब्दको शाब्दिक अर्थ 'गोलो भई गुँडुल्किएको सर्प' हो । यसलाई हिन्दु धर्ममा शक्तिशाली देवीको रूप धारण गर्ने सर्पिनी भनिन्छ । कुण्डलिनी योगको ध्यानद्वारा मानिसको मेरुदण्डको तल्लो भागमा सुषुप्त अवस्थामा खुम्चिएर बसेको सर्पलाई जगाउने काम गरिन्छ । त्यसपछि त्यो सर्पलाई ब्रह्माण्डमा भएको हिन्दु धर्मको पुरुष देवता शिवसँग एकिकृत गराइन्छ । कुण्डलिनीलाई जागृत पारेपछि मानिस ब्रह्माण्डको दैविक शक्तिसँग




**चित्र ११५ – सुफी : घुम्ने नाँच**

सुफी नाँच गर्ने भिक्षुहरू एकै ठाउँमा उभिएर आफ्नो शरीरलाई निरन्तर घुमाउँछन् । चक्कर लगाउँदा तिनीहरूले दायाँ हात आकाशतिर उचाल्छन् अनि बायाँ हात जमिनतिर झार्छन् । तिनीहरू एक घण्टादेखि तीन घण्टासम्म नाँच्छन् । त्यस किसिमको कठिन अभ्यासद्वारा ईश्वर अल्लाहसँग सञ्चार गर्न सकिन्छ भनी तिनीहरू विश्वास गर्छन् ।

2010, Sema ceremony, Avanos, Turkey. Licensor: Schorle (CC BY-SA 3.0).




**चित्र ११६ – योगमा सर्पको शक्ति**

सुतिरहेको सर्पको शक्तिलाई जगाएर ध्यान गर्ने योग अभ्यासलाई यो चित्रले देखाउँछ । गोलो भएर त्यो सर्प शरीरको माथितिर जान्छ अनि मानिसको इन्द्रियहरूमा दुष्टको आत्मिकता विकास हुन्छ ।

Licensor: Scott Leslie – nessman (CC BY 2.0).




**चित्र ११७ – कुण्डलिनी योग**

मानिसको तल्लो पेटमा गुडल्किएर बसेको सर्पलाई योगमा कुण्डलिनी भनिन्छ र यसको अर्थ दवी हो ।

Licensor : Spirit-Fire (CC BY 2.0).



एकिकृत हुन सक्छ भनी नयाँ युग अभियानका अनुयायीहरूले विश्वास गर्छन् । यसलाई अर्को शब्दमा भन्ने हो भने कुण्डलिनी योग अभ्यासद्वारा मानिस देवता बन्न सक्छ । योग थुप्रै प्रकारका हुन्छन् र तिनीहरूमा केही भिन्नताहरू हुन्छन् तर समष्टिगत रूपमा भन्ने हो भने सबै प्रकारका योग कुण्डलिनी अर्थात् सर्पको शक्तिमा नै केन्द्रित भएको हुन्छ ।

मूलभूतरूपमा भन्ने हो भने योग अभ्यासद्वारा गरिने ध्यान शैतानलाई आराधना गर्ने नमुना हो । शैतान 'यस संसारको देव' हो भनी बाइबलले बताउँछ (२ कोरिन्थी ४:४) । यसले पहिलो स्वर्ग (पृथ्वी र वायुमण्डल) र दोस्रो स्वर्गमा (ब्रह्माण्ड/अन्तरिक्ष) राज्य गर्छ । येशूमा विश्वास नगर्ने मानिसहरूको हृदयमा शैतानको आत्माले वास गरेको हुन्छ (यूहन्ना ८:४४; प्रेरित १३:१०) । वास्तवमा कुण्डलिनी शैतानको आत्मा हो र त्यसलाई जगाउनु भनेको दुष्टको आत्मिकतालाई बढाउनु हो ।

शैतानले अदनको बगैँचामा हव्वालाई परीक्षा गर्दा यसो भन्यो, *"तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ"* (उत्पत्ति ३:४-५) । नयाँ युग अभियानमा लाग्नेहरूले सर्पको उक्त झूटलाई विश्वास गर्छन् र त्यसले भनेअनुसारको कुरा प्राप्त गर्न खोज्छन् । यसलाई सरलरूपमा भन्ने हो भने जन्म, मृत्यु र पुनर्जन्मको चक्रद्वारा मानिसले अवतार लिइरहन्छ र ऊ सधैँको लागि जीवित भइरहन्छ भन्ने कुरामा तिनीहरूले विश्वास गर्छन् । त्यसको साथै कुण्डलिनीलाई जगाएर ज्ञान प्राप्त गर्न सकिन्छ र त्यसद्वारा मानिस ब्रह्माण्डको दैविक शक्ति ब्रह्मासँग एकिकृत भई ईश्वरजस्तै हुन सक्छ भनी तिनीहरू अपेक्षा गर्छन् । जुन उद्देश्यले शैतानले अदनको बगैँचामा हव्वाको परीक्षा गरेको थियो, त्यहीअनुसार अहिलेको नयाँ युग अभियानको क्रियाकलापहरूद्वारा त्यसले सफलता र सिद्धि प्राप्त गर्दैछ ।

नयाँ युग अभियानमा लाग्नेहरूले मानिस कुन धर्मसँग सम्बन्धित छ भन्ने कुराको त्यति वास्ता गर्दैनन् (चित्र ११८ हेर्नुहोस्) । भक्तहरूले आफूलाई सुहाउने र अनुकूल हुने प्रकारको अध्यात्मिक तालिम छनौट गर्नुपर्छ भनेर तिनीहरूले सल्लाह दिन्छन् । त्यस्ता आध्यात्मिक तालिम दिने केन्द्रहरूले आफ्नो मौलिक धार्मिक पहिचानलाई लुकाउँछन् र शारीरिक तथा मानसिकरूपमा स्वस्थ्य हुनको लागि योग अभ्यास र ध्यान अति लाभदायी छ भनी मानिसहरूलाई आकर्षित गर्न पर्चाहरू बाँडेर विज्ञापन गर्छन् । प्रायः मानिसहरूले त्यसलाई अन्य शारीरिक तथा मानिसक व्यायाम अर्थात् एरोबिक (Aerobics) जस्तै हो भनी ठान्छन् तर तिनीहरूले त्यसको भित्री गहिराइमा विद्यमान शैतानी आत्मिकतालाई चिन्दैनन् ।

आत्मिकी क्षेत्रमा पुग्नका लागि तिनीहरूले जस्तोसुकै अध्यात्मिक अभ्यासहरू गरे तापनि वास्तमा तिनीहरूले माथि पुगेर भेट्ने दैविक प्राणी भनेको त्यही प्राचीन सर्प र अजिङ्गर नै हो । त्यस्ता क्रियाकलापहरूलाई गहिरो प्रकारले अभ्यास गर्ने मानिसहरूले आत्मिक अनुभवद्वारा भेट्ने प्राणी अरू कोही नभएर स्वयम् शैतान नै हो, जसलाई सर्प र अजिङ्गर पनि भनिन्छ । नयाँ युग अभियानमा लाग्नेहरूले यो सत्यलाई लुकाउँछन् अनि त्यस प्रकारको आध्यात्मिक अभ्यास गर्नु मानिसको व्यक्तिगत यथार्थलाई बढाउने र यो संसारलाई मानव जीवनको निम्ति असल बनाउने साँस्कृतिक अभियान हो भनी घोषणा गर्छन् । त्यसप्रकार तिनीहरूले मानिसलाई धोका दिई परीक्षामा पारी आफ्नो ईश्वर शैतानलाई सन्तुष्ट पार्दछन् ।

नयाँ युग अभियान भनेको शैतानलाई पुज्ने धार्मिक अभियान हो, जसले मानव इतिहासमा भएको सबै शैतानी धर्महरूका आत्मिकतालाई मिलाएर लैजाने कोसिस गर्छ । यो अभियानमा बेबिलोनी धर्मले जरा गाडेको छ । यस अभियानको उत्पत्ति, वृद्धि र विकासको इतिहासलाई हेर्ने हो भने यसले स्पष्टरूपमा बेबिलोनी धर्मको आत्मिकतालाई अनुसरण गरेको देख्न सकिन्छ । यद्यपि यस अभियानले मानवजगतको मुक्ति, शान्ति र असल अनि आदर्शमय जीवनको प्रतिज्ञा

**चित्र ११८ – योग आश्रम**

यो योग आश्रममा LOTUS (the Light of Truth Universal Shrine भन्ने चित्र राखिएको छ । जुनसुकै धर्मका मानिस त्यहाँ गएर ध्यान अनि प्रार्थना गर्न सक्छ । यसको प्रवेशद्वारमा सबै सांसारिक धर्महरूको चिन्हहरू राखिएका छन् । बायाँबाट हेर्दैजाने हो भने सबैभन्दा पहिलो वृत्त खाली छ, जसले अज्ञात धर्मलाई जनाउँछ; त्यसपछि हिन्दु धर्मको ॐ, यहूदी धर्मको दाऊदको तारा, सिन्तो धर्मको टोरी ढोका, ताओ धर्मको इङ्ग-याङ्ग, बुद्ध धर्मको कर्म-चक्र, इसाई धर्मको क्रूस, इस्लाम धर्मको अर्धचन्द्र र तारा, सिख धर्मको तरवार, अफ्रिकी लोक धर्मको चिन्ह, अमेरिकी राष्ट्रिय धर्मको चिन्ह र अन्य धर्महरूका चिन्हहरू देखिन्छन् ।

1986 A.D., Virginia, U.S.A.. Licensor: Helen – EtterVor (CC BY 2.0).



गरे तापनि वास्तवमा त्यो छल र धोका मात्र हो । साँचोरूपमा भन्ने हो भने यो अभियान शैतानलाई पुज्ने दुष्ट क्रियाकलाप हो ।

संसारको सङ्गीत, चलचित्रहरू, कला र नाटकजस्ता क्षेत्रहरूमा नयाँ युग अभियानको प्रभाव परिसकेको छ र डरलाग्दो कुराचाहिँ त्यसलाई समर्थन गर्ने विचारधारा मण्डलीहरूमा पनि प्रवेश गरिसकेको छ । नयाँ युग अभियानका अनुयायीहरूले ध्यान गर्नको निम्ति प्रयोग गर्ने विशेष सङ्गीत र रक गीतका लय र तालहरूले मण्डलीमा परमेश्वरको स्तुति-प्रशंसा गर्ने सङ्गीतलाई प्रभावित पार्न थालेको छ । यस्ता मण्डलीहरू पनि छन् जसले आफ्नो समुदायभित्र योग-अभ्यासका कार्यक्रमहरू सञ्चालन गर्छन् । केही मण्डलीहरूले चाहिँ यस विषयमा ग्रीक दर्शनशास्त्रबाट आएका मानवीय सोचविचारहरूलाई अँगालेका छन् ।

यदि कुनै मानिस लामो समयसम्म नयाँ युग अभियानको क्रियाकलापहरूमा निरन्तर लागिरह्यो भने उसको आत्मिक आँखा अन्धा हुनेछ । अनि येशूको बहुमूल्य रगतमा केन्द्रित भएर परमेश्वरका वचनप्रति ध्यान दिन उसलाई गाह्रो हुनेछ र सुसमाचार प्रचार अनि मिसनका कामहरूप्रतिको उसको रुचि बिस्तारै कम हुँदै जानेछ । ऊ अझ बढी यस्ता सांसारिक कुराहरूमा लागिरह्यो भने अन्तमा एक दिन उसले येशूलाई इन्कार गर्नेछ र त्यसको परिणामस्वरूप ऊ येशूमा पाएको मुक्ति गुमाउने बिन्दुमा पुग्नेछ (प्रस्थान ३२:३३; गन्ती १६:३३; मत्ती २४:२३-२८; रोमी ९:३; १ कोरिन्थी १०:७-११; हिब्रू ६:४-६; प्रकाश ३:१-६) । त्यसकारण त्यस्ता शैतानी अभियानबाट हामीले आफूलाई सुरक्षित राख्न सधैँ चनाखो हुनुपर्छ ।

यस किसिमको नयाँ युग अभियानलाई हामीले देखावटी क्रियाकलापहरूद्वारा रोक्न र नाश पार्न सक्दैनौँ । त्यसभित्र हाम्रो विश्वाससँग नमिल्ने बेबिलोनी धर्मको स्वभाव लुकिएको हुनाले येशू ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले त्यस्ता

गतिविधिहरू संसारमा हुनु आवश्यक नै छ । त्यसकारण प्रभुको आगमनलाई पर्खिरहेका इसाईहरूले नयाँ युग अभियानको बारेमा सचेत भई त्यसको साँचो स्वभावलाई बुझ्नुपर्छ र परिआएको खण्डमा त्यसको विरोध गर्नको निम्ति आफूलाई तयारी अवस्थामा राख्नुपर्छ । त्यतिमात्र होइन यसबारे आफूले जाने बुझेको कुरा अरूलाई पनि राम्रोसँग बताउनु पर्छ ।

# ३. बहुधर्मवादको सिद्धान्त

## RELIGIOUS PLURALISM

इसाई जगतमा आजभोलि सबै धर्महरूलाई एकिकृत गरी एउटै छातामुनि ल्याउने अभियान निकै तीव्र गतिमा फैलिरहेको छ । यो बहुधर्मवादसम्बन्धी ईश्वरशास्त्रीय अवधारणा हो । यस अवधारणाअनुसार मूलतः सबै धर्महरू एकै हुन् किनभने प्रत्येक धर्ममा येशूको अस्तित्व छ यद्यपि त्यहाँ उहाँलाई फरक-फरक नाउँहरूद्वारा पुकारिन्छ । यही कुरालाई आधार मान्दै बहुधर्मवादले अन्तरधार्मिक वार्तालाप अनि धर्महरूको पुनर्मिलाप र एकिकरण गर्न खोज्छ ।

स्वाभाविकरूपमा भन्ने हो भने बहुधर्मवाद भनेको मानिसहरूलाई बेबिलोनी धर्मतिर फर्काउने अभियान हो । बेबिलोनी धर्ममा आधारित भई जन्मिएका थुप्रै धर्महरू अहिलेसम्म संसारमा अस्तित्वमा रहेका छन्, जस्तैः ग्रीक पौराणिक धर्म, रोमी पौराणिक धर्म, इस्लाम धर्म, हिन्दु धर्म, बौद्ध धर्म, सिख धर्म, जोरास्त्रो धर्म, सिन्तो धर्म, कन्फुसियस धर्म, ताओ धर्म, प्रेतात्मा पुज्ने धर्म, बहाइ धर्म, स्थानीय लोक धर्म आदि । यी सबै सांसारिक धर्महरूका जग बेबिलोनी धर्म हो र अहिले बहुधर्मवाद ती सबैलाई एकिकृत गर्ने अभियानमा लागेको छ ।

इसाई जगतबाट नै बहुधर्मवादको अभियान सुरु भयो र वर्तमान समयमा रोमन क्याथोलिक मण्डलीले यसलाई अगुवाइ गरिरहेको छ (रोमन क्याथोलिक सबै

भन्दा ठूलो इसाई सम्प्रदाय हो र करिब ५२% इसाईहरू यसअन्तर्गत पर्दछन्) । संसारको सबैभन्दा ठूलो इसाई संस्था विश्व मण्डली परिषद्ले (WCC, World Council of Churches) पनि त्यस अभियानलाई समर्थन गरी रोमन क्याथोलिकलाई साथ दिएको छ । तिनीहरूले आफ्नो सङ्गठनमा ५६ करोड सदस्यहरू छन् भनी दाबी गर्छन् ।

ती मण्डली र संस्थाहरूका सक्रिय क्रियाकलापहरूको परिणामस्वरूप अहिले संसारभरि विभिन्न धार्मिक अगुवाहरूले आफ्नो धर्मको सीमा नाघेर अरू धर्मको अगुवाहरूसँग भेटघाट, सङ्गति र हातेमालो गर्ने गर्छन् । खीष्टमसको बेलामा केही बौद्ध गुम्बाहरूमा 'खीष्टमसको शुभकामना' लेखिएका ब्यानरहरू राखिएका हुन्छन् र तिनीहरूले येशूको जन्मदिन मनाउने विषयमा सन्देशहरू बाँड्छन् । त्यस्तै गरी बुद्धको जन्मदिनमा केही इसाई अगुवाहरू बौद्ध मन्दिरहरूमा गएर शुभकामना दिँदै बौद्ध धर्मावलम्बीहरूसँग हात मिलाउँछन् । केही प्रख्यात इसाई ईश्वरशास्त्रीहरूले बौद्ध मन्दिरहरूमा तीर्थयात्रा समेत गरेका छन् । केही पास्टरहरूले चाहिँ मण्डलीभित्र बौद्ध धर्मशास्त्रको सुत्रहरू सिकाउने गर्छन् । हामीले खोजी गर्दै गयौँ भने दुई वा तीन फरक धर्मका अनुयायीहरू अनुकूलमा पर्ने एउटै ठाउँमा बसेर आफ्नो-आफ्नो ईश्वरको वेदीमा पूजा-आराधना गरिरहेका दृश्य पनि देख्न सक्छौँ  र त्यस्ता ठाउँमा क्रूसको साथै बुद्धको मूर्ति पनि राखिएको हुन्छ (चित्र ११९ हेर्नुहोस्) ।

बहुधर्मवादका अनुयायीहरू इसाई धर्मबाट सुरु भएका हुन् तर तिनीहरूले आधारभूतरूपमा अन्यजाति अर्थात् गैरइसाईहरूका आत्मिकतालाई पछ्याउने गर्छन् । तिनीहरूमा आत्मिक समझ नभएकोले गर्दा आँखा चिम्लेर नयाँ युग अभियानको आत्मिकतालाई स्वीकार गर्छन् । अरू धर्मको पूजा-आजा कार्यक्रम र सभाहरूमा सहभागी हुन तिनीहरूलाई कुनै अप्ठ्यारो र आपत्ति हुँदैन । बहुधर्मवादको सिद्धान्त अन्तर्राष्ट्रिय प्रचलनका रूपमा अघि बढिरहेको हुनाले अरूलाई चोट पर्ने गरी त्यसको विरोध गर्नु हुँदैन र त्यसो गर्नु भनेको पुरानो समयको सोचविचार हो भनी तिनीहरू भन्छन् ।

इसाई जगतमा आजभोलि किन यस्तो भइरहेछ भन्ने बारेमा केही ऐतिहासिक तथा बाइबलीय कारणहरू छन् । बहुधर्मवादका पृष्ठभूमि अनि त्यसको गतिविधि र सिद्धान्तहरू हेर्ने हो भने यसमा नयाँ बेबिलोनी धर्मको साँचो स्वभाव रहेको स्पष्टसँग बुझ्नेछौं । यसबाट हामीले आफूलाई अन्तको दिनको निम्ति ठीक प्रकारले तयार पार्नु पर्छ ।

## क. बहुधर्मवादको ऐतिहासिक पृष्ठभूमि

**Historical Background of Religious Pluralism**

नयाँ युग अभियानले झैँ बहुधर्मवादले पनि इ.सं.१९६० को सुरुदेखि नै अन्तर्राष्ट्रिय जगतको ध्यान आकर्षित गर्न थाल्यो । तर त्यो अवधारणा अस्तित्वमा आउनुअघि बहुधर्मवादको आधारभूत विचारधारा इ.सं.१५०० बाट नै सुरु हुन थालेको थियो । विशेषगरी आधुनिक विज्ञानका पिता भनेर चिनिने फ्रान्सिस बेकन (Francis Bacon,




**चित्र ११९ – इसाई र बुद्ध धर्मको एकिकृत वेदी**

हल्याण्डको एक गिर्जाघरमा भएको वेदीमा क्रूस र बुद्धको मूर्ति एकैसाथ राखिएको छ ।

Since 1970 A.D., Tiltenberg, Netherlands.

Licensor: Big Mind Zen Center, Aart Bakker (CC BY 2.0).

1561-1626 A.D., Great Britain) र आधुनिक दर्शनशास्त्रका पिता रेन डेस्कार्टेस (Rene Descartes, 1596-1650 A.D., France) भन्ने विद्वान्हरूले उक्त विचारधाराको जग बसालेका हुन् ।

बेकनले यस्तो प्रयोगात्मक तरिका (Experimental Method) प्रतिपादन गरे जसअनुसार मानवीय परिकल्पनालाई अनुभवसिद्ध तथ्याङ्क र मानवीय कारण वा तर्कद्वारा परिक्षण गरिन्छ र यदि त्यो कुरा निश्चित तथा तर्कसङ्गत परिकल्पनामा आधारित छ भने त्यसको नतिजालाई साँचो ठहराइन्छ। यस तरिकाद्वारा निर्णय गर्ने प्रक्रिया नै कारणवाद र ज्ञानवादको आधार बन्यो। दार्शनिक डेस्कार्टेसले कारणवाद सिद्धान्तको प्रादुर्भाव हुनमा सहयोग पुऱ्याए । उनको एउटा प्रख्यात भनाइ यस्तो छ, "म विचार गर्छु, त्यसैले म छु" (I think, therefore I am - '*Cogito, ergo sum'* in Latin)। विशेषगरी डेस्कार्टेसले तर्कसङ्गत विचार गर्नको निम्ति 'गणित' र 'शङ्का वा सन्देह' दुई मुख्य प्राथमिक तरिकाहरू हुन् भन्ने कुरामा जोड दिए ।

'कारणवाद' (Rationalism) सोह्रौँ र सत्रौँ शताब्दीमा अनि त्यस्तै गरी 'ज्ञानवाद' (Enlightenment) अठारौँ र उन्नाइसौँ शताब्दीमा प्रचलित भयो । उन्नाइसौँ शताब्दीको अन्त्यसम्म ती दुवै सिद्धान्तहरूको विकास हुँदैगए । जोन लक (John Locke, 1632-1704 A.D., Great Britain) भन्ने विद्वान् उक्त दार्शनिक अवधारणाद्वारा प्रभावित भए र त्यो कुरा पछि जर्मनमा पुग्यो। त्यसपछि इम्मानुएल कान्ट (Immanuel Kant, 1724-1804 A.D.), जर्ज हेगल (George Hegel, 1770-1831 A.D.) र फ्रेडरिक स्क्लेयरमेकर (Friedrich Schleiermacher, 1768-1834 A.D.) भन्ने विद्वान्हरूले त्यसलाई अझ विकास गरे। त्यसप्रकारका विचारधाराहरूले बाइबलीय ईश्वरशास्त्रलाई पनि गहिरोसँग प्रभाव पाऱ्यो ।

माथि उल्लिखित अवधारणाहरूबाट प्रभावित भएका ईश्वरशास्त्रीहरूले परमेश्वर, बाइबल र इसाई धर्मको सिद्धान्तहरूलाई सङ्का र सन्देहको दृष्टिकोणद्वारा विश्लेषण गर्न थाले । त्यसप्रकारको मानवीय तरिका अपनाएर बाइबलमा

उल्लिखित कुराहरू साँचो हो वा होइन भनी पत्ता लगाउन तिनीहरूले प्रमाणहरू खोज्न थाले । ईश्वरकेन्द्रित (Theocentric) आधिकारिक तथा निश्चित वचनमा भर नपरी मानवीय तरिकाहरूद्वारा तिनीहरूले बाइबलको विश्लेषण गरे । स्क्लेयरमेकरद्वारा प्रभावित भएका नयाँ पुस्ताका ईश्वरशास्त्रीहरूले मानवीय तर्क-वितर्कद्वारा बाइबलको आलोचना गर्ने कामलाई अझ सक्रिय तुल्याए । अल्बर्ट रिट्स्कल (Albert Ritscl, 1822-1889 A.D.), एडोल्फ हार्नक (Adolf Harnack, 1851-1930 A.D.), वाल्टर रौचनबुस (Walter Rauschenbusch, 1861-1918 A.D.) र पावल टिलिक (Paul Tillich, 1886-1965 A.D.) त्यस्ता काम गर्ने मानिसहरू हुन् ।

त्यस प्रकारको प्रतिक्रियालाई 'बाइबलीय उच्च आलोचना' (Biblical Higher Criticism) भनिन्छ र त्यस्तो काम गर्ने विद्वान्हरूलाई उदारवादी ईश्वरशास्त्री भनिन्छ । माथि उल्लिखित उदारवादी ईश्वरशास्त्रीहरूबाट प्रभावित भएका बेलायतको अक्सफोर्ड विश्वविद्यलयका प्राध्यपक, जोन हिक (John Hick, 1922-2012) भन्ने व्यक्तिले उक्त अभियानलाई पहिलोपटक बहुधर्मवाद (Religious Pluralism) भन्ने संज्ञा दिए । तिनी Cambridge University, Claremont Graduage University र Princeton Seminary जस्ता प्रख्यात विश्वविद्यायहरूका प्राध्यापक थिए ।

## ख. बहुधर्मवादको सिद्धान्त र अवधारणाहरू

### Theories And Ideas of Religious Pluralism

परमेश्वर व्यक्तिगतरूपमा मानिसहरूका माझमा प्रकट हुनुहुन्छ, मानव इतिहासलाई उहाँले हस्तक्षेप गर्नुहुन्छ अनि मानिसको सोचविचार र जीवनमा उहाँको सहभागिता रहेको हुन्छ भन्ने परम्परागत अवधारणाहरू गलत हुन् भनी उदारवादी ईश्वरशास्त्रीहरूले निष्कर्ष निकालेका छन् । तिनीहरूले यस्तो निष्कर्ष निकाल्नुको

कारण के हो भने परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभएको हो (उत्पत्ति १:२७), त्यसकारण मानिसलाई उहाँले आफ्नो विचार र इच्छाशक्ति दिइसक्नुभएको छ । त्यसकारण परमेश्वर यस संसारमा आई व्यक्तिगतरूपमा मानिससामु प्रकट भई सहभागिता जनाउन आवश्यक छैन । परमेश्वरको शक्तिद्वारा नै मानिसले सोचविचार गर्ने शक्ति प्राप्त गरिसकेको हुनाले र त्यसैद्वारा उसले सबै कुराको न्याय गर्न र कुन सही अनि कुन गलत हो भन्ने निर्णय गर्न सक्छ भनी उदारवादी ईश्वरशास्त्रीहरू भन्ने गर्छन् ।

"मैले बुझ्न सक्ने कुरालाई म विश्वास गर्छु" (I believe what I can understand) भन्ने मनोवृत्तिद्वारा तिनीहरूले बाइबललाई विश्लेषण गरेका छन् । त्यसो गर्ने क्रममा बाइबलमा लेखिएका सबै अलौकिक घटनाहरू मानवीय विवेकले स्वीकार गर्न सक्दैन भनी तिनीहरूले भनेका छन् । त्यसकारण मोशाले लाल समुद्र दुई भाग पारेका, कन्याबाट येशूको जन्म, उहाँको पुनरुत्थान र स्वर्गारोहणजस्ता घटनाहरू परमेश्वरलाई माथि उचाल्नको निम्ति मानिसले बनाएका कथाहरू हुन् भनी तिनीहरूले व्याख्या गर्छन् ।

उक्त अवधारणाअनुसार बाइबलमा लेखिएका घटनाहरूलाई व्यवस्थितरूपमा विश्लेषण गरी त्यहाँ उल्लिखित ईश्वरीय आश्चर्यकर्महरूको बाइबलीय मान्यताहरूलाई तिनीहरूले इन्कार गरे । त्यस किसिमले व्याख्या र विश्लेषण गर्ने प्रणालीलाई 'बाइबलीय उच्च आलोचना' (Biblical Higher Criticism) भनिन्छ । अन्ततः तिनीहरूले बाइबलको अचूक मान्यतालाई इन्कार गरे र त्यहाँ उल्लिखित सत्य कुराहरूलाई शाब्दिकरूपमा विश्वास गर्नको साटो प्रतीकात्मक, साङ्केतिक, उपमा, दृष्टान्त र आत्मिकरूपमा अर्थ लगाउनु पर्छ भनी भन्न थाले ।

यसप्रकारको ईश्वरशास्त्रीय जगमा बहुधर्मवादको सिद्धान्तहरू स्थापित भएका छन् । बहुधर्मवादका अनुयायीहरू यसो भन्छन् : "ईश्वरीय पूर्वनिर्धारणको सिद्धान्त (Doctrine of Predestination) अनुसार यदि चुनिएका इसाईहरू मात्र

बचाइने हो भने परमेश्वर पक्षपाती र अन्यायी हुनुहुन्छ।" परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८)। सबै धर्मले प्रेमको बारेमा बताउँछ र प्रेमलाई व्यवहारमा उतार्ने विषयको शिक्षा सबै धर्ममा समान छ। त्यसकारण इसाई धर्मको परमेश्वर मात्र प्रेमिलो होइन अरू धर्महरूका ईश्वरहरू पनि प्रेमिलो छन् र वास्तवमा तिनीहरू एकै ईश्वर हुन् भनी तिनीहरू दाबी गर्छन्।

तिनीहरू यसो पनि भन्छन् कि अरू धर्महरूका बारेमा अझ बढी अध्ययन गर्दैजाने हो भने बाइबलमा उल्लिखित येशूलाई सबै धर्महरूमा भेट्टाउन सकिन्छ। येशूको नम्र जीवनशैली, गरिब र रोगीहरूप्रतिको दया, क्रूसको बलिदान र यस्तै अन्य कुराहरू सबै धर्मका संस्थापकहरूमा पाइन्छ भनी तिनीहरू भन्छन्। येशूका यी सबै चरित्रहरूलाई तिनीहरूले समष्टिगतरूपमा 'ख्रीष्टको आत्मा' (Spirit of Christ) भनेर व्याख्या गरेका छन् र सबै धर्महरूमा ख्रीष्टको अस्तित्व छ भनी बहुधर्मवादीहरू दाबी गर्छन्। ख्रीष्टको आत्माअनुसार यदि कसैले आफ्नो जीवनमा ती कुराहरू अभ्यास गर्छ भने त्यो व्यक्ति पनि येशूजस्तै हुन सक्छ र त्यसको निम्ति कुनै धार्मिक पृष्ठभूमिले रोक्न सक्दैन भनी तिनीहरूले उदारवादी शिक्षा दिन्छन्।

यसप्रकारको विचारधाराबाट 'अज्ञात इसाइ'को (Unknown Christian) अवधारणा प्रकट भएको छ। भारतमा जन्मिएका रेमण्ड पनिक्कार (Raymond Panikkar) भन्ने रोमन क्याथोलिक ईश्वरशास्त्रीले 'हिन्दु धर्ममा अज्ञात ख्रीष्ट' (The Unknown Christ of Hinduism) भन्ने पुस्तक लेखे (इ.सं.१९८१)। त्यस पुस्तकमा उनले यस्तो विचार राखेका छन् कि हिन्दु धर्ममा एक अज्ञात येशू ख्रीष्टको अस्तित्व छ; त्यसलै सबै हिन्दुहरू 'अज्ञात इसाईहरू' हुन्। पनिक्करको उक्त विचारधारासँग सहमत हुने ईश्वरशास्त्रीहरूले गैरइसाईहरूलाई अज्ञात इसाईहरू भन्छन्।

बहुधर्मवादलाई पछ्याउने उदारवादी इसाई सम्प्रदायहरूले परम्परागत सम्प्रदायहरूभन्दा विपरीत तरिकाबाट इसाई मिसनको धारणालाई परिवर्तन

गरे। तिनीहरूले 'मिसियो डेइ' अर्थात् परमेश्वरको मिसन (*Missio Dei* - the mission of God) भन्ने नयाँ विचारधारा अगाडि ल्याए । यस विचारधाराअनुसार अन्तमा सबै गैरइसाइहरू पनि बचाइने हुनाले अहिले इसाईहरूले साहसिलो भएर कडा अनि आक्रामकरूपमा सुसमाचार प्रचार गर्नु हुँदैन अथवा गैरइसाईहरूलाई धर्म परिवर्तन गराउनु हुँदैन किनभने त्यस्तो कामले मानिसको अनादर र अवहेलना हुन्छ ।

त्यसको सट्टामा गैरइसाईहरूका भौतिक र सामाजिक आवश्यकताहरूलाई पूरा गर्ने मिसनको काम गर्नु पर्छ भनी उदारवादीहरूले भन्ने गर्छन् । यस किसिमको मिसनले विभिन्न विषयहरूलाई समेट्छ, जस्तैः अनाथालय, अस्पताल अनि विद्यालयहरू खोल्ने, गैरसरकारी संस्थाहरूको अभियान चलाउने, हरित वातावरण अभियान चलाउने, सभ्य अनि शिक्षित समाज निर्माण गर्ने, विश्व शान्ति अभियान चलाउने, मानव अधिकार कार्यान्वयन गर्ने, भ्रष्टाचार हटाउने, सामाजिक संरचना सुधार गर्ने, धनी र गरिबबीचको अन्तर घटाउने आदि । सामाजिक स्वतन्त्रताप्रति केन्द्रित भएर काम गर्नु नै परमेश्वरको साँचो मिसन हो भनी तिनीहरू दाबी गर्छन् । धर्मशास्त्रको केही खण्डहरूको सहायता लिँदै उनीहरू सुसमाचारवादी अनि कट्टरवादी इसाईहरू पाखण्डीहरू हुन् भनी आलोचना गर्छन् (मत्ती २५:३५-३६; याकूब २:१७) । सही मिसन अर्थात् सामाजिक स्वतन्त्रता प्रदान गर्ने कामहरूमा केही इसाईहरू सक्रिय नहुने भएकोले ती कपटीहरूलाई परमेश्वरले बचाउनु हुन्न भनी तिनीहरू भन्ने गर्छन् ।

बहुधर्मवादीहरूले धर्महरूका बीचमा हुने द्वन्द्व र लडाइँ-झगडालाई हटाउन खोज्नुको कारण के हो भने तिनीहरूले विश्व-शान्ति कायम गरी यही संसारलाई स्वर्ग बनाउन चाहन्छन् । यही विचारधाराअनुसार मानवजगतको असल अनि शान्तिमय जीवनको लागि तिनीहरू विभिन्न धर्महरूका बीचमा भएका पर्खालहरूलाई भत्काउन चाहन्छन् । जब संसारका सबै धर्महरू मिलेर एउटै

हुन्छ, तब मानिसहरूले यही पृथ्वीमा स्वर्गको जस्तो आनन्द पाउनेछन् भनी तिनीहरू विश्वास गर्छन् । त्यसैकारण उक्त उद्देश्य प्राप्तिको लागि तिनीहरू फेरि बेबिलोनी धर्मतिर फर्कने अभियानमा लागेका छन् ।

बहुधर्मवादको यो सिद्धान्त अहिले इसाई धर्मको अति महत्वपूर्ण सुसमाचारीय सन्देशको विपरीत खडा भएको छ । येशू ख्रीष्ट मानिसजातिको एक मात्र प्रभु र मुक्तिदाता हुनुहुन्छ भन्ने सत्यतालाई यस सिद्धान्तले उलङ्घन गर्छ । यसलाई अर्को शब्दमा भन्ने हो भने येशू स्वर्ग जाने एक मात्र बाटो हुनुहुन्छ र उहाँ नै सत्य र जीवन हुनुहुन्छ भन्ने कुरालाई त्यसले प्रत्यक्षरूपमा विरोध गर्छ (यूहन्ना १४:६) । त्यसकारण तिनीहरूको विश्वास झूटो अनि गलत छ भनी हामी भन्न सक्छौं । यदि कुनै मानिस बहुधर्मवादले देखाउने बाटोमा हिँड्छ भने, ऊ पक्कै अनन्त नाशमा पुग्नेछ (प्रकाश २०:१०-१५) ।

## ग. बहुधर्मवादको विस्तार

**The Spreading of Religious Pluralism**

प्रगतिवादको सिद्धान्तमा (Progressivism) आधारित भएर उदारवादी ईश्वरशास्त्र बीसौं शताब्दीमा अझ बलियो बन्न थाल्यो । इ.सं.१९१४-१९१७ को पहिलो विश्व युद्ध, इ.सं.१९२९ को ठूलो व्यापारिक मन्दी र इ.सं.१९३७-१९४५ को दोस्रो विश्व युद्धबाट भएर गएपछि उदारवादी सम्प्रदायअन्तर्गतका ईश्वरशास्त्रीहरूले धार्मिक तथा अन्तर्राष्ट्रिय मेलमिलाप र एकताको खाँचो महसुस गरे। त्यसपछि तिनीहरूले विश्वव्यापी मण्डली एकता अभियान (Ecumenical Movement) सुरु गरे । बहुधर्मवादीहरूले यस अभियानद्वारा येशूको नाउँमा मानिसहरूले आफ्नो मण्डलीको परम्परा, सम्प्रदाय, राष्ट्रिय परिचय, जाति, सँस्कृति र धर्मको सीमा तोडेर एक हुनु पर्छ भन्ने नारा चलाए ।

धेरैपटक अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरेपछि इ.सं.१९४८ मा तिनीहरूले विश्व मण्डली परिषद् (WCC, World Council of Churches) भन्ने सङ्गठन स्थापना गरे । यो सङ्गठनले रोमन क्याथोलिक मण्डलीसँग मिलेर बहुधर्मवादको सिद्धान्तलाई अघि बढाउँदै छ । यसले बहुधर्मवादको सिद्धान्तलाई समर्थन गर्ने सङ्घ-संस्थाहरूसँग सहकार्य गर्दै विभिन्न धर्मका मानिसहरूलाई जम्मा गरी विश्व प्रार्थना दिवस र अन्तरधार्मिक वार्तालापजस्ता कार्यक्रमहरू आयोजना गर्छ । बहुधर्मवादको क्रियाकलाप र विस्तारलाई गहिरिएर अवलोकन गर्न चाहने यस युगका इसाईहरूले आफ्नो आत्मिक इन्द्रियलाई विकास गरी त्यसको साँचो स्वभाव र परिचय पत्ता लगाउनु पर्छ ।

### १. **विश्व मण्डली परिषद्** (WCC, World Council of Churches)

इ.सं.१९४८ मा १४७ वटा उदारवादी मण्डली तथा सम्प्रदायहरूबाट आएका प्रतिनिधिहरू हल्याण्डको आम्स्टरडयाममा भेला भएर विश्व मण्डली परिषद् गठन गरे । इसाई जगतको प्रायजसो परम्परागत सम्प्रदायहरू यस परिषद्अन्तर्गत पर्छन् र यसको सदस्यहरू दिन प्रतिदिन बढिरहेका छन् । अहिलेसम्म विश्व मण्डली परिषद्को सदस्यहरू ५६ करोड पुगिसकेका छन् र ती मानिसहरू विश्वको विभिन्न भागहरूमा अवस्थित ३४९ वटा मण्डली र सम्प्रदायहरूमा आवद्ध रहेका छन् । रोमन क्याथोलिक मण्डली त्यस सङ्गठनको पूर्ण सदस्य नभए तापनि त्यसले साझेदारको रूपमा महत्वपूर्ण भूमिका निभाएको छ ।

अहिले विश्व मण्डली परिषद्ले यस्ता मुख्य विषयहरूमा अभिरूचि देखाएको छ, जस्तैः विश्व शान्ति अभियान, मानव अधिकार अभियान, भ्रष्टाचार विरुद्ध अभियान, धनी-गरीबबीचको अन्तर कम गर्ने अभियान र हरितगृह अभियान आदि । सामाजिक मुक्तिमा केन्द्रित यसप्रकारका गतिविधिहरू 'मिसियो डेइ' (Missio Dei) अर्थात् परमेश्वरको ईश्वरीय अभियान हो भनी तिनीहरूले अभिव्यक्ति

दिन्छन् । त्यसकारण बहुधर्मवादको सिद्धान्तमा आधारित भई अन्तरधार्मिक वार्तालापहरू गर्ने काममा विश्व मण्डली परिषद्ले विशेष ध्यान दिएको छ । अन्तरधार्मिक वार्तालापको नारा लिएर सांसारिक धर्महरूको शक्तिलाई एकिकरण गर्ने उद्देश्य बोकी यस संस्थाले प्रत्येक ६ देखि ८ वर्षमा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गर्ने गर्छ ।

विश्व मण्डली परिषद्ले विगतमा गरेका सभा-सम्मेलनहरू यस प्रकारका छन्– इ.सं.१९४८ मा हल्याण्डको आम्स्टरडयाममा पहिलो सभा आयोजना गरियो । त्यसैगरी इ.सं.१९५४ मा संयुक्त राज्य अमेरिकाको इभान्स्टोन सहरमा दोस्रो, इ.सं.१९६१ मा भारतको नयाँ दिल्लीमा तेस्रो, इ.सं.१९६८ मा स्वेडेनको उप्पसालामा चौथो, इ.सं.१९७५ मा केन्याको नैरोबीमा पाँचौं, इ.सं.१९८३ मा क्यानडाको भ्यान्कभरमा छैठौं, इ.सं.१९९१ मा अस्ट्रेलियाको क्यानबेरामा सातौं, इ.सं.१९९८ मा जिम्बाबेको हरारेमा आठौं र इ.सं.२००६ मा ब्राजिलको पोर्टो एलेग्रेमा नवौं सभा आयोजना गरियो । त्यसै गरी इ.सं.२०१३ मा दक्षिण कोरियाको बुसान सहरमा दशौं सभा आयोजना गरियो ।

विश्व मण्डली परिषद्ले आयजना गरेको यी सभाहरूमध्ये विशेषगरी इ.सं.१९६१ मा भारतको नयाँ दिल्लीमा भएको तेस्रो सभामा अन्तरधार्मिक वार्तालापसम्बन्धी मुद्दा ठोसरूपमा प्रकट भयो । त्यस सभामा तिनीहरूले यस्तो वक्तव्य निकाले : “ख्रीष्ट हामीद्वारा उनीहरूसँग (गैरइसाईहरूसँग) बोल्नुहुन्छ र त्यसैगरी उनीहरूद्वारा हामीसँग (इसाईहरूसँग) पनि बोल्नुहुन्छ; त्यसकारण हामीले उनीहरूसँग ख्रीष्टको बारेमा वार्तालाप गर्नुपर्छ ।” त्यसबेला उनीहरूले आधिकारिकरूपमा यो कुरा पनि दाबी गरे कि पवित्र आत्माले अरू धर्महरूमार्फत पनि काम गर्नु हुन्छ ।

इ.सं.१९६८ मा विश्व मण्डली परिषद्ले स्टनली समार्था (Stanely Samartha) भन्ने भारतीय ईश्वरशास्त्रीलाई अन्तरधार्मिक वार्तालाप विभागको प्रमुख पदमा नियुक्त गऱ्यो । त्यसपछि विश्व मण्डली परिषद् अन्तरधार्मिक वार्तालापको मान्यताप्रति

पूर्णरूपमा विश्वस्त भई रोमन क्याथोलिक मण्डलीसँग हातेमालो गर्दै अघि बढ्न थाल्यो । इ.सं.१९९० जनावरी १५ तारिखका दिन स्विटजरल्याण्डको जुरिच सहरको नजिक पर्ने बाआर भन्ने ठाउँमा तिनीहरूले एउटा वक्तव्य जारी गरी बहुधर्मवादको सिद्धान्तलाई आधिकारिकरूपमा समर्थन गरे । यद्यपि संसारमा विद्यमान धर्म अनि सम्प्रदायहरू एकआपसमा फरक भए तापनि तिनीहरूलाई औपचारिक अनि दृश्यरूपमा एकिकृत गर्नु विश्व मण्डली परिषद्को उद्देश्य हो ।

जब विश्व मण्डली परिषद् विश्व शान्ति र अन्तरधार्मिक वार्तालापप्रति केन्द्रित हुन थाल्यो, तब तिनीहरूले मानववादी इसाई दृष्टिकोणतिर झुकाउ राख्न सुरु गरे । त्यसपछि संसारमा देखिएका युद्ध, अनिकाल, विनाशकारी हातहतियारहरू, महिलामाथिको भेदभाव, समलिङ्गी क्रियाकलाप, अपाङ्गपन, धनी र गरिबबीचको दूरी, जातीय भेदभाव, मानव अधिकारको उल्लङ्घन र वातावरणीय फोहोरमैलाजस्ता सामाजिक समस्याहरू दुष्ट आत्माहरूका काम हुन् र यस्ता कुराहरूले विश्व शान्तिमाथि खतरा र सङ्कट उत्पन्न गर्छ भनी विश्व मण्डली परिषद्ले व्याख्या गर्न थाल्यो। यदि विभिन्न मूर्ति र आत्माहरू पुज्ने धर्महरूले समाजको हित अनि भलाइका कामहरू अभ्यास गर्छन् भने ती कुराहरू पक्कै पवित्र आत्माको काम हुन सक्छ भनी विश्व मण्डली परिषद्को केही समर्थकहरूले गलत प्रकारले घोषणा गर्न थाले ।

अस्ट्रेलियाको क्यानबेरामा आयोजना गरिएको विश्व मण्डली परिषद्को सातौं सभामा कोरियाली महिलावादी चुङ्ग ह्युन-क्युङ्ग (Chung Hyun-Kyung) भन्ने ईश्वरशास्त्रीले प्रेतात्मा खेलाउने धार्मिक विधि (Shamanistic Ritual - *Gut in Korean*) प्रस्तुत गरिन् । 'पवित्र आत्मा आउनुहोस् र ब्रह्माण्डलाई नवीकरण गर्नुहोस्' भन्ने शीर्षकमा प्रवचन दिँदै ती महिलाले दुःख पाएका प्राण र आत्माहरूलाई बोलाएर तिनीहरूलाई शान्त पार्न अनि आराम दिनको निम्ति प्रेतात्मा खेलाउने धार्मिक विधि गरिन् । तल उल्लिखित तिनको भनाइलाई केलाउने हो भने पानी र

वायुको आत्मालाई तिनले येशूको आत्मालाई जस्तै व्यवहार गरेको देख्छौं । तिनले आफूलाई ईश्वरशास्त्री भनेर दाबी गरे तापनि वास्तवमा तिनलाई बाइबलीय सत्यता थाहा छैन अनि तिनी आत्मिकीरूपमा अनभिज्ञ नै छिन् भन्ने कुरा स्पष्ट हुन्छ । तिनले यसो भनिन् :

"हे हाम्रो विश्वासका पुर्खा अब्राहाम र साराद्वारा शोषण गरिएकी र त्यागिएकी मिश्र देशको दासी महिला हागारको आत्मा, आउनुहोस् । आफ्नी पत्नी बेथसेबाप्रतिको राजा दाऊदको लोभको कारण युद्ध मैदानमा पठाइएर मारिएका इमान्दार सिपाही उरियाहको आत्मा, आउनुहोस् । येशूको जन्म हुने समयमा राजा हेरोदका सिपाहीहरूद्वारा मारिएका बालकहरूका आत्मा, आउनुहोस् । जोआन अफ आर्क (Joan of Arc) र मध्यकालीन युगमा बोक्सी विद्याद्वारा जलाइएका स्त्रीहरूका आत्माहरू, आउनुहोस् । धर्मयुद्धको बेलामा मारिएका मानिसहरूको आत्माहरू, आउनुहोस् । पृथ्वीका आदिवासी मानिसहरू, जो उपनिवेशको समयमा संसारमा महान् इसाई मिसनको समयमा जातिहत्यामा मरेका आत्माहरू, आउनुहोस् । इतिहासमा भएको होलोकस्ट (Holocaust) भन्ने घटनामा बन्द कोठामा विषालु ग्याँसद्वारा मारिएका यहूदीहरूका आत्मा, आउनुहोस् । अणु बमहरूद्वारा जापानको हिरोसिमा र नागासाकी सहरमामा मारिएका निर्दोष मानिसहरूको आत्मा, आउनुहोस् । त्यसै गरी पृथ्वी, हावा र पानीको आत्मा, अनि बलत्कारमा परेका, सताइएका र पैसाको लागि मानिसको शोषणमा परेका आत्माहरू, आउनुहोस् । खाडी क्षेत्रमा भइरहेको युद्धमा मरिरहेका सिपाहीहरू, सर्वसाधारणहरू र समुद्री प्राणीहरूका आत्माहरू, आउनुहोस् । भयानकरूपमा सताइएर क्रूसमा मारिएका मुक्तिदाता अर्थात् हाम्रो दाजु येशूको आत्मा, आउनुहोस्" (Marlin Van Elderen. *Introducing the World Council of Chruches Geneva : World Council of Chruches,* 1990) ।

चुङ्गले गरेको उक्त प्रेत्तात्मा खेलाउने धार्मिक विधिलाई सुसमाचारवादी इसाईहरूले मात्र होइन विश्व मण्डली परिषद्मा सहभागी केही सम्प्रदायहरूले समेत कडारूपमा

आलोचना गरे। तथापि विश्व मण्डली परिषद्मा रही अगुवापनको भूमिका निभाउने मुख्य समूहले यस्ता गलत काम, विचार र दर्शनलाई अझै अनुसरण गरिरहेका छन् । यो उदाहरणले बहुधर्मवादलाई पछ्याउने व्यक्तिले अन्त्यमा भोग्नुपर्ने आत्मिक विनाशलाई स्पष्टसँग प्रदर्शन गर्छ।

२. **भ्याटिकन- दोस्रो** (Vatican- II)

बहुधर्मवादको सिद्धान्त अन्तर्राष्ट्रियरूपमा विस्तार हुने क्रममा सबैभन्दा गम्भीर समय भ्याटिकनको दोस्रो परिषद् थियो, जुन इ.सं.१९६२ देखि १९६५ सम्म भएको थियो । त्यो परिषद् पोप जोन- तेइसौँद्वारा (Pope John-XXIII) आयोजना गरिएको थियो तर बीचैमा उनको मृत्यु भएको कारणले गर्दा पोप पावल छैठौँले (Pope Paul-VI) त्यसको अन्त्य गरे। उक्त परिषद्मा कार्डिनलहरू, आर्कविशपहरू, विशपहरू, पूजाहारीहरू र ईश्वरशास्त्रीहरू गरी करिब २५०० रोमन क्याथोलिक मण्डलीका अगुवाहरू प्रत्येक वर्ष सहभागी भए। तीन वर्षसम्म सञ्चालन गरिएको उक्त परिषद्मा इसाई मण्डलीहरू अनि सम्प्रदायहरूको एकता र अरू धर्महरूसँग इसाई मण्डलीको सम्बन्ध कायम गर्ने विषयमा छलफल गरिएको थियो ।

यस परिषद्द्वारा जारी गरिएका वक्तव्यहरूमध्ये 'गैरइसाई अर्थात् अन्यजाति धर्महरूसँग मण्डलीले राख्ने सम्बन्धबारे घोषणा' भन्ने एक वक्तव्य थियो । उक्त घोषणाद्वारा रोमन क्याथोलिक मण्डलीले आधिकारिकरूपमा बहुधर्मवादको सिद्धान्तलाई अँगाल्यो । त्यस वक्तव्यले हिन्दु धर्म, बौद्ध धर्म, इस्लाम धर्म, यहूदी धर्मलगायत अरू सबै धर्मका अनुयायीहरू परमेश्वरमा हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरू हुन् भनी घोषणा गऱ्यो । त्यस घोषणापत्रमा उल्लिखित एउटा वाक्यांश यस्तो छ।

"अरू धर्महरूमा भएका सत्य अनि पवित्र कुरालाई क्याथोलिक मण्डलीले इन्कार गर्दैन । त्यहाँ भएका सदाचार जीवनका मार्गहरू, असल उपदेश र शिक्षाहरू हाम्रो मण्डलीले अपनाएका मार्गहरूभन्दा फरक भए तापनि ती कुराहरूले सबै मानिसहरूलाई ज्ञान दिने सत्यको ज्योति प्रतिबिम्बित गर्छ भने त्यस्ता कुराहरूलाई हामी साँचोरूपमा आदर सम्मान गर्नेछौँ ।"

यहाँ उल्लिखित सत्य ज्योतिले येशूलाई सङ्केत गर्छ । तिनीहरूको घोषणालाई अर्को शब्दमा भन्ने हो भने अरू धर्महरूले दिने शिक्षाहरूले ती अनुयायीहरूलाई अन्तमा सत्य अर्थात् येशू ख्रीष्टतिर डोऱ्याउनेछ । धर्मशास्त्रभन्दा टाढा भएकोले गर्दा बहुधर्मवादीहरू मानवीय तर्क-वितर्कहरूद्वारा धोकामा परेका छन् । परिणामस्वरूप तिनीहरूले इसाई धर्मको मुख्य तथा आधारभूत सत्यतालाई भुलेर येशू एकमात्र मुक्तिदाता र प्रभु हुनुहुन्छ भन्ने सत्यतालाई अस्वीकार गरेका छन् ।

त्यतिमात्र होइन उदारवादी समूहका मानिसहरूले मुस्लिमहरूलाई पनि परमेश्वरका सन्तानका रूपमा स्वीकार्न थालेका छन् । तिनीहरूप्रति गरिएको घोषणामा रोमन क्याथोलिक मण्डलीले इस्लाम धर्मको अल्लाह र इसाई धर्मको परमेश्वरलाई एकै स्थानमा राखेका छन् । उक्त घोषणापत्रमा यसो लेखिएको छ : "रोमन क्याथोलिक मण्डलीले मुस्लिमहरूलाई पनि आदर सम्मान गर्छ । इस्लाम धर्मालम्बीहरू र इसाईहरू अर्थात् रोमन क्याथोलिक मण्डलीबीच समानता छ । उनीहरूले उही एउटै परमेश्वरलाई आदर सम्मान गरी पुज्छन् । उहाँ जिउँदो, कृपालु अनि सर्वशक्तिमान् हुनुहुन्छ अनि उहाँ नै स्वर्ग र पृथ्वीका सृष्टिकर्ता र मालिक हुनुहुन्छ ।" रोमन क्याथोलिक मण्डली र अन्य उदारवादी सम्प्रदायहरू आत्मिकरूपमा अन्धो भएकोले गर्दा यसप्रकारका अबाइबलीय तथा इसाई विश्वास विरोधी कुराहरूलाई अहिले पनि निरन्तर अँगालिरहेका छन् ।

### ३. शान्तिको लागि विश्व प्रार्थना दिवस (World Day of Prayer for Peace)

भ्याटिकन दोस्रो परिषद्पछि इसाई जगत विशेषरूपमा परिवर्तन हुन थालेको छ। त्यस परिषद्पछि बहुधर्मवादको सिद्धान्तरूपी जीवाणुले पूरै इसाई समुदायलाई संक्रमण गर्न थाल्यो। विश्व शान्ति कायम गर्ने उद्देश्य लिएर अरू धर्महरूका अगुवाहरूसँग वार्तालाप र छलफल गर्नको लागि विश्व मण्डली परिषद्ले रोमन क्याथोलिक मण्डलीसँग हातेमालो गर्दै सक्रियरूपमा काम गरिरहेको छ।

त्यही अभियान अघि बढाउने क्रममा इ.सं.१९८६ अक्टोबर २७ तारिखमा इटालीको एसिसी सहरमा अवस्थित बासिलिका अफ सेन्ट मेरी अफ एन्जल्स (Basilica of St. Mary of Angels in Assisi, Italy) भन्ने गिर्जाघरमा पहिलो विश्व प्रार्थना दिवसको आयोजना गरियो (चित्र १२०)। त्यो सभामा तिब्बती बौद्ध धर्मका अगुवा दलाइ लामा, चर्च अफ इङ्गल्याण्ड तथा विश्वव्यापी एङ्लिकन समुदायका अगुवा क्याण्टरबरीका आर्कविशप, ग्रीक अर्थोडक्स मण्डलीका आर्कविशप र अरू अगुवाहरू सहभागी भएर विश्व शान्तिको लागि उपवाससहित प्रार्थना गरे। त्यस घटनाको प्रशंसा गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले अब विश्व शान्ति चाँडै नै कायम हुनेछ भन्ने खालका आशावादी समाचार र कार्यक्रमहरू प्रसारण गरे। त्यसले गर्दा अहिले बहुधर्मवादको अभियान बलियो हुँदैगएको छ।

उक्त पहिलो प्रार्थना दिवसको सोह्र वर्षपछि त्यही ठाउँमा अझ ठूलो अनि व्यवस्थितरूपमा शान्तिको लागि दोस्रो अन्तर्राष्ट्रिय प्रार्थना दिवस आयोजना गरियो। त्यस सभामा अर्थोडक्स मण्डलीहरूबाट आएका सत्र जना प्रतिनिधिहरू सहभागी भए (पूर्वेली अर्थोडक्स, ओरिएन्टल अर्थोडक्स, अस्सिरियन अर्थोडक्स, रुसी अर्थोडक्स, मिश्रको कप्टिक अर्थोडक्स, इथियोपियाली अर्थोडक्स आदि)। त्यसैगरी एङ्लिकन र प्रोटेस्टेन्ट मण्डलीहरूबाट चौध जना, इस्लाम धर्मबाट तीस जना, यहूदी धर्मबाट दश जना रब्बीहरूका साथै बौद्ध धर्म, टेन्रिक्यो धर्म, सिन्तो धर्म, बहाई धर्म, जैन धर्म, सिख धर्म, हिन्दु धर्म, जोरास्त्रो धर्म, कन्फ्युसियस धर्म र परम्परागत अफ्रिकी स्थानीय लोक धर्महरूका अगुवाहरू पनि त्यहाँ उपस्थित थिए।




**चित्र १२० – पहिलो विश्वशान्ति प्रार्थना दिवस**

(त्यसबेला १० धर्मका अगुवाहरू उपस्थित थिए)

विभिन्न भाषामा ‘शान्ति’ लेखिएको पर्खालको अगाडिपट्टि यी धार्मिक अगुवाहरू एकसाथ बसेका थिए । बायाँबाट हेर्दा पहिलो क्यान्टरबरीका आर्चबिशप रोबर्ट रुन्सी हुन् र तिनी एङ्लीकन मण्डलीका अगुवा हुन्; त्यसपछि दोस्रो बेलायतको थिआटीरा मण्डलीका आर्चबिशप इमिनेन्स मेथोडियोस फौइयास हुन् र तिनी ग्रीक अर्थोडक्स मण्डलीका अगुवा हुन्; तेस्रो रोमन क्याथोलिक मण्डलीका प्रमुख पोप जोन पावल-द्वितीय हुन् र चौथो व्यक्तिचाहिँ तिब्बती बौद्ध धर्मका अगुवा दलाइ लामा हुन् ।

Oct. 27, 1986, Assisi, Italy; REUTER, Lucian Mellace.

उक्त प्रार्थना सभापछि शान्ति कायम गर्नको लागि भनेर अरू धर्महरूसँग मिलेर विश्वव्यापी छलफल अनि प्रार्थना गर्ने कार्यक्रमहरू अझ बढी सक्रियताका साथ आयोजना गरिन थालियो । अक्टोबर २६, २०११ मा इटालीको एसिसी सहरमा पहिलो विश्व शान्ति प्रार्थना दिवसको पच्चिसौँ वार्षिकोत्सव भव्यरूपमा आयोजना गरियो । पोप बेनेडिक्ट सोह्रौँद्वारा (Pope Benedict-XVI) आयोजना गरिएको उक्त भेलामा विश्वको लगभग पचास वटा राष्ट्रहरूबाट आएका विभिन्न धर्मका उच्चस्तरका अगुवाहरूले उपवास बसी आफूले पुज्ने अनि सेवा गर्ने ईश्वर र आत्माहरूसँग शान्तिको लागि प्रार्थना गरे ।

त्यस भेलाका सहभागीहरू यसप्रकारका थिए, जस्तैः एङ्लिकन मण्डलीका आर्कविशप रोआन विलियम्स (Archbiship Rowan Williams of the Anglican Chruch), ग्रीक अर्थोडक्स मण्डलीका पेट्रिआर्क बार्थोलोमाइ- प्रथम (Ecuminical Patriarch Bartholomew-I of the Greek Orthodox Church), रसियन अर्थोडक्स मण्डलीका प्रतिनिधि र आठ जना स्थानीय पूजाहारीहरू, साइप्रस अर्थोडक्स मण्डलीका कार्डिनल, कप्टिक अर्थोडक्स मण्डलीका कार्डिनल, डेभिड रोजन भन्ने लुथरन मण्डलीबाट आएका प्रतिनिधि (David Rosen form the Lutheran Chruch); (तिनी इस्राएलको अन्तरधार्मिक विभागका रब्बीहरूका प्रमुख हुन्), विश्व मण्डली परिषद्का महासचिव ओलभ फिक्से भेइट (Olav Fykse Tveit), रसियन अर्थोडक्स मण्डलीका प्रतिनिधिहरू, इस्लामिक विद्यालयहरूको अन्तर्राष्ट्रिय सम्मेलनका मुख्य सचिव, सुधारिएका मण्डलीहरूको विश्व सङ्गठनका मुख्य सचिव सेत्री न्योमी (Setri Nyomi), हङकङको ताओवादी संस्थाका अध्यक्ष्य, दक्षिण कोरियाको कन्फ्युसियस संस्थाका अध्यक्ष्य, जापानका सिन्तो धर्मको दुई जना प्रतिनिधिहरू, अठ्चालीस जना मुस्लिम प्रतिनिधिहरू; त्यस्तैगरी अफ्रिका, अमेरिका अनि एसियाका स्थानीय लोक धर्मका प्रतिनिधिहरू, पाँच जना हिन्दु प्रतिनिधिहरू, तीन जना जैन धर्मका प्रतिनिधिहरू, पाँच जना सीख धर्मका प्रतिनिधिहरू, एक जना जोरास्त्रो धर्मको प्रतिनिधि, एक जना बहाई धर्मका प्रतिनिधि, एघार राष्ट्रहरूबाट आएका सतसट्ठी

जना बौद्ध धर्मको प्रतिनिधिहरू, र पाँच जना नास्तिकवादी व्यक्तिहरू आदि । भविष्यमा यस्तै प्रकारका प्रार्थना सभाहरू आयोजना गर्नु पर्छ भन्ने कुरामा ती सबै सहभागीहरू सहमत थिए ।

बाहिरबाट हेर्दा तिनीहरू सारा मानवजातिलाई प्रेम गर्ने अति प्रशंसनीय हृदय भएका असल मानिसहरूजस्ता देखिन्छन् । त्यसैकारणले गर्दा अहिले धेरै मानिसहरूले धर्मप्रति सहानुभूति प्रकट गरेर बहुधर्मवादको सिद्धान्तलाई सकारात्मक दृष्टिकोणले हेर्न थालेका छन् । अन्तको दिनहरूमा येशू ख्रीष्ट यहाँ हुनुहुन्छ अनि त्यहाँ पनि हुनुहुन्छ भनी परमेश्वरका सन्तानलाई भ्रममा पार्ने मानिसहरू हुनेछन् भनी स्वयम् येशूले भविष्यावाणी गर्नुभयो (मत्ती २४:२३-२७) । वास्तवमा यो कुरा अहिले हाम्रो समयमा पूरा भइरहेको छ ।

### ४. **अन्तरधार्मिक वार्तालाप** (Interfaith Dialogue)

जब भ्याटिकनमा भएको रोमन क्याथोलिक मण्डलीको मुख्य कार्यालयले संसारमा शान्ति फैलाउने अभियानको लागि विश्व प्रार्थना दिवसको आयोजना गर्न थाल्यो, तब त्यसले इस्लाम र यहूदी धर्मका अगुवाहरूसँग पनि भेटघाट र वार्ता गर्न थाल्यो । तिनीहरूका सम्बन्धमा पहिलेदेखि नै समस्या थियो र रोमन क्याथोलिक मण्डलीले तिनीहरूसँग पुनर्मिलाप गरी उक्त ससम्या समाधान गर्न चाहन्थ्यो । यहूदीहरूसँग सम्बन्ध नवीकरण गर्नको लागि इ.सं.१९८६ मा रोमन क्याथोलिक मण्डलीका पोप जोन पावल- द्वितीयले (Pope John Paul-II) इतिहासमै पहिलो पटक यहूदी सभाघरको भ्रमण गरी पुनर्मिलापको सन्देश दिए ।

त्यही अभियानको लाभ उठाउँदै इ.सं.२०००, मार्च महिनामा उक्त पोपले इस्राएलको पनि भ्रमण गरे । तिनले होलोकस्ट स्मारक (Holocaust Memorial) भ्रमण गरी रोमन क्याथोलिक मण्डलीले विगतमा लामो समयसम्म अपनाएको यहूदी विरोधी नीति (Anti-Semitism) त्यागेको कुरा औपचारिकरूपमा सार्वजनिक



**चित्र १२१ – बहाईहरूको आराधनास्थल**

उन्नाइसौँ शताब्दीको मध्यतिर पर्सियाको बहा उल्लाह (इ.सं.१९१७-१८९२) भन्ने व्यक्तिले बहाई धर्म सुरु गरेका हुन् । सबै धर्महरूले आधारभूतरूपमा एउटै ईश्वरको सेवा गर्छ भनी यसले सिकाउँछ । त्यसैले सबै धर्महरू उस्तै हो भनी तिनीहरू भन्छन् । अमेरिकाको इलिनोइसमा अवस्थित बहाई मन्दिरमा हेर्ने हो भने तिनीहरूले मन्दिरमाथि इसाई धर्मको क्रूस, यहूदी धर्मको दाऊदको तारा, बौद्ध र हिन्दु धर्मको स्वस्तिक चिन्ह (卐) लाई एकसाथ राखेको छन् ।

Wilmette, Illinois, U.S.A.. Licensor: Sean Benham – sp-ablab (CC BY 2.0).



गरे । त्यसपछि तिनले येरूशलेमको विलाप गर्ने पर्खालमा (Wailing Wall in Jerusalem) गई यसरी प्रार्थना गरे : "रोमन क्याथोलिक मण्डलीले विगतका पन्ध्र सय वर्षदेखि यहूदीहरूका विरुद्धमा गरेका पापहरू क्षमा होस् । विशेषगरी इ.सं.१०९६ देखि १२९१ सम्म भएको धर्मयुद्धमा यहूदीहरूका विरुद्धमा रोमन क्याथोलिक मण्डलीले गरेका पापहरू क्षमा होस् । हामी यहूदीहरूसँग साँचो भ्रातृत्वप्रेम स्थापित गर्न इच्छुक छौं ।"

त्यसैगरी पोप जोन पावल द्वितीयले इस्लामसँग पनि मेलमिलाप गर्न प्रयास गरे । इ.सं.१९९५ मा उनले उत्तर अफ्रिकाको इस्लामिक राष्ट्र मोरोक्को भ्रमण गर्दा त्यहाँको मुस्लिमहरूलाई यसो भने, "हामी दुवैले एउटै परमेश्वरमा विश्वास गर्ने भएकाले हामी एकै हौँ ।" इ.सं.२०००, मार्च महिनामा इस्राएलको होलोकस्ट स्मारकमा यहूदीहरूलाई सन्देश दिँदा तिनले इस्लामिक अगुवाहरूलाई पनि धर्मयुद्धको समयमा (इ.सं.१०९६-१२९१) गरिएका पापहरूलाई क्षमा गरिदिन अनुरोध गरे ।

इ.सं.२००१, एप्रिल महिनामा पोप जोन पावल- द्वितीयले सिरियाको दमस्कसमा रहेको पुरानो उम्मयाद मस्जिद (Ummayad Mosque) भ्रमण गरे । त्यहाँ तिनले ती दुवै धर्महरूले एउटै परमेश्वरमा विश्वास गर्छन् भन्ने कुरालाई जोड दिए अनि ती दुवै धर्ममा उल्लिखित अगमवक्ताहरू, येशू, मरियम, यरूशलेम र मृत्युपछिको जीवनप्रतिको विश्वास समान छ भनी बताए । यसकारण हामीहरू 'आत्मिकरूपमा साझेदारहरू' हौँ र हामीहरूले एक-अर्कालाई बुझ्नुपर्छ र विश्व शान्तिको लागि हातेमालो गर्दै एक भएर काम गर्नु पर्छ भने ।

भ्याटिकनको दोस्रो परिषद्मा घोषणा गरेअनुसार रोमन क्याथोलिक मण्डली बहुधर्मवादको सिद्धान्तमा आधारित भई विश्वका सबै धर्महरूलाई एकिकृत पार्न चाहन्छ । पृथ्वीमा सुन्दर अनि आदर्श-राज्य ल्याउने आशामा विश्व मण्डली परिषद्मा सदस्यस्यता लिएका मण्डलीहरूसँग सक्रियरूपमा सहकार्य गरी विश्व शान्ति कायम गर्न रोमन क्याथोलिक मण्डली निरन्तर लागिरहेको छ ।

विश्व शान्ति कायम गर्न रोमन क्याथोलिक मण्डलीका पोप जोन पावल द्वितीयले गरेको योगदानलाई समर्थन र कदर गर्दै इ.सं.२००९, एप्रिल महिनामा भएको तिनको मृत्यु संस्कार कार्यक्रममा विश्वका विभिन्न क्षेत्रका सर्वोच्च अगुवाहरू उपस्थित भए । उक्त समारोहमा नौ जना राजा तथा राजकुमारहरू, अठतीस जना राष्ट्रपतिहरू, तीन जना उप-राष्ट्रपतिहरू, सत्र जना प्रधानमन्त्रीहरू, दश जना विदेश मन्त्रीहरू, छ जना मन्त्रीहरू, अरब लिगका महासचिव, संयुक्त राष्ट्र संघका महासचिव, यहूदी धर्मका प्रमुख रब्बी, एङ्लिकन मण्डलीका कार्डिनल, ग्रीक अर्थोडक्स मण्डलीका प्याट्रिआर्क, रूसी अर्थोडक्स मण्डलीका प्याट्रिआर्क, इथियोपियाली अर्थोडक्स मण्डलीका प्याट्रिआर्क, हिन्दु धर्मका प्रतिनिधिहरू, बौद्ध धर्मका प्रतिनिधिहरू र इस्लाम धर्मका प्रतिनिधिहरू उपस्थित थिए । यो बहुधर्मवाद संसारमा कति धेरै प्रख्यात हुँदैछ भन्ने कुरालाई स्पष्ट पार्ने उदाहरण हो । अहिले त्यसको प्रख्यातिले विश्व राजनीति र अर्थनीतिलगायत मानवीय सँस्कृति, धर्म र जातीयतालाई उछिनिसकेको छ । यसप्रकार बहुधर्मवादले अहिले संसारका मानिसहरूलाई कति सजिलासँग धोका दिइरहेको छ भनेर बुझ्न सक्छौं ।

पोप जोन पावलका उत्तराधिकारी बेनेडिक्ट- सोह्रौंले (Benedict-XVI) आफ्ना अग्रजको उद्देश्यलाई जारी राखे । तिनले इ.सं.२००६, नोभेम्बर २० देखि ३० तारिखसम्म टर्कीको इस्तानबुलमा भएको मुस्लिमहरूको नीलो मस्जिद (Blue Mosque in Istanbul) भ्रमण गरे । त्यसबेला तिनले दुवै धर्महरू आत्मिक साझेदारी गर्दै अघि बढ्नु पर्छ भन्ने कुरामा जोड दिए ।

उदारवादी सम्प्रदायहरूका यस्ता गतिविधिहरू पूर्णरूपमा येशूको शिक्षाहरूको विरुद्धमा छन् । येशू मुक्तिको एकमात्र बाटो हुनुहुन्छ । येशूमा मात्र जीवन र साँचो आशा छ (यूहन्ना १४:६) । इसाईहरू सांसारिक शान्तिको पछि लाग्नुहुँदैन बरु परमेश्वरले पहिलेदेखि नै चुनिसक्नु भएकाहरूले मुक्तिलाई ग्रहण गरी परमेश्वरको राज्यमा अनन्तको जीवन पाओस् भन्ने हेतुले तिनीहरूलाई सहायता गर्न हामीले

प्रभु येशूको प्रचार गर्नु पर्छ । यही काम गर्नको निम्ति इसाईहरूलाई प्रभु येशूले महान् आज्ञा दिनुभएको छ (मत्ती २८:१९; प्रेरित १:८) ।

रोमन क्याथोलिक मण्डलीलगायत अन्य उदारवादी इसाई समूहहरूले प्रभु येशूको महान् आज्ञालाई उपेक्षा गरेका छन् र सांसारिक शान्तिको खोजीमा ख्रीष्ट विरोधी गतिविधिहरूमा सहभागी भएका छन् । तिनीहरूका तर्क र अभियानको विपरीत कुरा प्रभु येशूले भविष्यवाणी गर्नुभएको छ । अन्तिम दिनहरूमा शान्ति होइन बरु दुःख-कष्ट हुनेछ (मत्ती २४:६-१३) । उहाँको आगमनभन्दा अघि यस संसारमा शान्ति होइन तर लडाइँ-झगडा, अनिकाल, भूकम्पजस्ता सामाजिक र प्राकृतिक विपत्तिहरू आउनेछ । त्यसबेला संसारले इसाईहरूलाई विभिन्न प्रकारका दुःख-कष्ट दिई सतावटमा पार्नेछन् ।

भ्याटिकनले सुरु गरेको विश्व शान्ति अभियान आउने दिनहरूमा अझ प्रवलरूपमा अघि बढ्नेछ र संसारिक धर्महरूलाई एकै सूत्रमा ल्याउने काम लगातार भइरहेनेछ । तिनीहरूले झूटा तथा घृणित सन्देशहरू तीव्ररूपमा फैलाउनेछन् । तिनीहरूले वकालत गर्ने गरेको विश्व शान्ति अभियान मानवीय दृष्टिकोणले हेर्दा ठीकजस्तो लाग्छ तर वास्तवमा त्यो अनन्तको नाशतिर डोऱ्याउने बाटो हो भन्ने कुरा हामीले थाहा पाउनु अति आवश्यक छ । धर्मशास्त्रमा भविष्यवाणी भएअनुसार अहिले शक्तिशाली किल्लाजस्तो देखिने महान् बेबिलोन एकै क्षणमा नाश हुनेछ (प्रकाश १८:१०) । त्यसकारण धोकामा नपर्नको लागि इसाईहरू परमेश्वरको वचनद्वारा सुसज्जित भई यथोचितरूपमा चनाखो र बुद्धिमान् हुनुपर्छ ।

## घ. सुसमाचारवादी सम्प्रदायहरूको प्रतिक्रिया : सुसमाचारवादी विश्व सङ्गठन

**The Response of Evangelical Denominations: World Evangelical Alliance (WEA)**

उदारवादको प्रभावलाई रोक्नका लागि इतिहासमा विभाजित भएका सुसमाचारवादी इसाईहरू उन्नाइसौँ शताब्दीमा सङ्गठित हुन सुरु गरे । इ.सं.१८४६ मा सुसमाचारवादी मण्डलीका अगुवाहरू पहिलोपटक लण्डनमा भेला भए । दिन प्रतिदिन बलियो हुँदैगइरहेको उदारवादी प्रभावलाई विरोध गर्नको निम्ति तिनीहरूले सुसमाचारवादी सङ्गठन (EA, Evangelical Alliance) निर्माण गरे । त्यसपछि उनीहरू कसरी उदारवादीहरूको प्रतिकार गर्न सकिन्छ भन्ने उपायहरू पत्ता लगाउनको निम्ति भेटघाट र छलफल गर्न थाले र त्यो काम पूरा गर्नका लागि अरू राष्ट्रहरूमा पनि त्यस सङ्गठनको शाखा कार्यालयहरू स्थापना गरे । त्यही क्रममा इ.सं.१८४६ मा क्यानडामा, इ.सं.१८४७ मा स्वीडेन र जर्मनीमा, इ.सं.१८४९ मा भारतमा, इ.सं.१८५५ मा टर्कीमा, र इ.सं.१८६७ मा संयुक्त राज्य अमेरिकामा सुसमाचारवादी सङ्गठनको शाखा कार्यलायहरू खोलिए ।

उक्त सुसमाचारवादी सङ्गठनले प्रत्येक चारदेखि छ वर्षको बीचमा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गर्न थाल्यो; जस्तैः इ.सं.१८५१ मा लण्डनमा, इ.सं.१८५५ मा पेरिसमा, इ.सं.१८५७ मा बर्लिनमा, इ.सं.१८६१ मा जेनेभामा, इ.सं.१८६७ मा आम्स्टरडयाममा, इ.सं.१८७३ मा न्युयोर्कमा, इ.सं.१८७९ मा बसेलमा, इ.सं.१८८४ मा कोपन हेगनमा, इ.सं.१८९१ मा फ्लोरेन्समा, इ.सं.१८९६, १९०७ अनि १९१२ मा फेरि लण्डनमा सम्मेलन आयोजना गरियो । इ.सं.१९१२ को लण्डनमा भएको सम्मेलन नै अन्तिम बन्यो किनभने पहिलो विश्व युद्धको (१९१४-१९१७) कारणले सुसमारवादी सङ्गठनको अन्तर्राष्ट्रिय सम्मेलनको निरन्तरता रोकिन गयो । त्यसैगरी दोस्रो विश्व युद्धको (१९३७-१९४५) कारणले गर्दा सुसमाचारवादी

सङ्गठनले आफ्नो गतिविधि अगाडि बढाउन सकेन । त्यतिबेला व्याप्त आत्मिकी निराशा र अन्यौलताको वातावरणले गर्दा भविष्यमा के गर्ने भन्ने विषयमा त्यो सङ्गठन दिशाविहिन हुन पुग्यो ।

उदारवादी समूहहरूले इ.सं.१९४८ मा विश्व मण्डली परिषद्को स्थापना गरेपछि सुसमाचारवादीहरूका सामु ठूलो चुनौति खडा भयो । त्यसले गर्दा सुसमाचारवादी मण्डलीहरू एकिकृत भई उदारवादी अभियानको प्रतिकार गर्न अपरिहार्य भयो र सुसमाचारवादीहरूको भेटघाट तथा छलफल कार्यक्रमहरूलाई पुनर्जीवित पार्नुपर्ने अवस्था भयो । अन्तमा, एक्काइस राष्ट्रलाई प्रतिनिधित्व गर्ने एकानब्बे जना सुसमाचारवादी अगुवाहरू हल्याण्डमा भेला भई इ.सं.१९५१ मा विश्व सुसमाचारवादी सङ्गति (WEF, World Evangelical Fellowship) स्थापना गरे । त्यसमा बेलायतका अगुवाहरू (John R.W. Stott and Jack Dain), संयुक्त राज्य अमेरिकाको अगुवाहरू (Elwin Wright, Clyde Tayler and Waldron Scott) र क्यानडाका अगुवा Dennis Clark ले महत्वपूर्ण भूमिका निभाए । त्यसबेला बेलायतका जोन स्टोट र ज्याक डेनले तीन मुख्य उद्देश्यहरू बनाएर सबैको सामु पेश गरे- १) सुसमाचार प्रचारलाई अघि बढाउने (अर्थात् प्रभु येशूको महान् आज्ञाको पालन गर्ने), २) सुसमाचारको सुरक्षा र त्यसलाई निश्चित पार्ने (अर्थात् सुसमाचार भ्रष्ट हुनदेखि बचाउने) र ३) सुसमाचार प्रचारको खातिर सुसमाचारवादीहरू नियमित सङ्गति गर्ने ।

इ.सं.१९५१ मा विश्व सुसमाचारवादी सङ्गति स्थापना हुनुभन्दा नौ वर्षअघि संयुक्त राज्य अमेरिकामा भएको सुसमाचारवादी मण्डलीहरूले ठूलो उदारवादी लहरको सामना गर्नुपरेको थियो । त्यसैले गर्दा उनीहरूले इ.सं.१९४२ मा त्यहाँ राष्ट्रिय सुसमाचारवादी संस्था (NAE, National Association of Evangelicals) स्थापना गरे । त्यस संस्थाको महत्वपूर्ण भूमिका भनेको यूरोपबाट आउने उदारवादी नकारात्मक प्रभावलाई रोकेर सुसमाचारवादी समूहहरूलाई सङ्गतिद्वारा एकिकृत

गर्नु थियो । पछि गएर त्यही राष्ट्रिय सुसमाचारवादी संस्थाले १९५१ मा स्थापित भएको विश्व सुसमाचारवादी सङ्गति भन्ने सङ्गठनको धेरै अगुवाहरू उत्पन्न गऱ्यो । अहिले आएर संयुक्त राज्य अमेरिका विश्वव्यापीरूपमा सुसमाचारीय अभियान सञ्चालन गर्ने मुख्य शक्ति बनेको छ ।

तर वास्तवमा भन्नुपर्दा उदारवादी विश्व मण्डली परिषद्को तुलनामा विश्व सुसमाचारवादी सङ्गतिको प्रभाव त्यति ठूलो हुन सकेन । त्यसको कारण के थियो भने सुसमाचारवादी मण्डलीहरू आफ्ना सिद्धान्तहरूमा कट्टर थिए र तिनीहरूमा भिन्नता भएकोले गर्दा सबैलाई एकिकृत पार्न गाह्रो थियो । त्यसैले तिनीहरू उदारवादको लहरबाट मण्डलीहरूलाई बचाउन सक्षम भएनन् र विशेषगरी तिनीहरूले बेलायत र जर्मनका मण्डलीहरूलाई भ्रष्ट हुनदेखि रोक्न सकेनन् ।

इ.सं.१९८२ मा विश्व सुसमाचारवादी सङ्गतिको नाम परिवर्तन गरेर 'सुसमाचार-वादी विश्व सङ्गठन' (World Evangelical Alliance) राखियो । त्यहाँ डेभिड होवार्ड (David Howard) अनि गेरी एडमण्डस् (Gary Edmonds) जस्ता संयुक्त राज्य अमेरिकाका अगुवाहरूले अन्तर्राष्ट्रिय निर्देशकको पद सम्हाले । पछि फिलिपिन्सका जुन भेन्सर (Jun Vencer) भन्ने एसियाली नागरिक इ.सं.१९९२ देखि २००१ सम्म त्यसको अन्तर्राष्ट्रिय निर्देशक बने । इ.सं.२०१२ मा त्यसको अन्तर्राष्ट्रिय निर्देशक क्यानेडेली नागरिक जोफ टचुनिक्लिफ (Geoff Tunicliffe) थिए, जसले इ.सं.२००५ देखि नै त्यो पद सम्हालेका थिए । सुसमाचारवादी विश्व सङ्गठनको सदस्यहरू ४६ करोड छन् भन्ने अनुमान लगाइएको छ, र तिनीहरू विश्वका १२८ राष्ट्र तथा १०० वटा विभिन्न मण्डली, सम्प्रदाय, र मिसन संस्थाहरूमा आवद्ध छन् ।

विश्व मण्डली परिषद्को तुलनामा सुसमाचारवादी विश्व सङ्गठनको राजनैतिक तथा आर्थिक प्रभाव कमजोर देखिएको छ । यसको मुख्य कारण के हो भने प्रायः संसारको अग्रपङ्क्तिमा रहेका परम्परागत सम्प्रदायहरू विश्व मण्डली परिषद्को सदस्यहरू छन् (पूर्वेली अर्थोडक्स मण्डली, ओरियन्टल अर्थोडक्स मण्डली, लुथरन मण्डलीका धेरैजसो सम्प्रदायहरू, मेथोडिस्ट मण्डलीको धेरैजसो सम्प्रदायहरू, ब्याप्टिस्ट मण्डलीका धेरै जसो सम्प्रदायहरू) । त्यसैगरी विश्वको करिब ५२% इसाईहरूको प्रतिनिधित्व गर्ने रोमन क्याथोलिक मण्डली पनि त्यसमा सहभागी भएको छ । त्यो विश्व मण्डली परिषद्को पूर्ण सदस्य नभए पनि सह-सदस्यको रूपमा सहकार्य गर्छ ।

दिनदिनै बलियो अनि विकसित हुँदैगइरहेका उदारवादी सम्प्रदायहरू र बहुधर्मवादको सिद्धान्तको विरूद्धमा खडा भई तिनीहरूको प्रतिकार गर्ने सुसमाचारवादी इसाईहरूका लागि अहिले ठूलो चुनौति भएको छ । त्यसको सामना गर्नु अति महत्वपूर्ण छ । हामी इसाईहरूले बहुधर्मवादको साँचो स्वभाव र त्यसबाट हुन सक्ने खतराहरू राम्रोसँग बुझ्नुपर्छ अनि त्यसको साथमा परमेश्वरका वचनद्वारा सुसज्जित भई साँचो सुसमाचार प्रचार गर्न सकेसम्म प्रयास गर्नुपर्छ ।

# ४. बेबिलोनी धर्मको उत्थान र पतन
## THE RISE AND FALL OF THE BABYLONIAN RELIGION

उत्पत्ति ३:१५ मा परमेश्वरले उद्धारको महान् योजना स्थापना गर्नुभएपछि यो संसार दुई समूहहरूमा विभाजन भएको छ र त्यो विभाजनले अहिलेसम्म निरन्तरता पाइरहेको छ । यी दुई समूह भनेको परमेश्वरका सन्तान र शैतानका सन्तान हुन् (१ यूहन्ना ३:१०) । यी दुई समूहहरूका बीचमा यस युगको अन्तसम्म आत्मिक लडाइँ भइरहनेछ ।

बेबिलोनी धर्मबाट शैतानको धर्म सुरु भयो । यसले संसारमा धेरै धर्महरू उत्पादन गरी मानिसहरूलाई प्रभावित पारेको छ, र अहिले त्यसको अस्तित्व नयाँ युग अभियान र बहुधर्मवादमा यथावत् रहेको छ । येशूले करिब २००० वर्षअघि अगमवाणी गर्नु भएअनुसार यो बहुधर्मवाद अन्तिम बेबिलोनी धर्म हो (मत्ती २४:४-५,२४) । उहाँले भन्नुभयो, *"तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने* (ख्रीष्ट हिन्दु धर्ममा छन् वा बौद्ध धर्ममा छन्), *विश्वास नगर । किनकि झूटा ख्रीष्टहरू* (अरू धर्ममा भएका "ख्रीष्टहरू") *र झूटा अगमवक्ताहरू* (इसाई धर्म र अरू धर्महरू एउटै हुन् भनी बहुधर्मवाद सिकाउने धार्मिक अगुवाहरू) *खडा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्* (उनीहरूको प्रभाव अत्यन्तै ठूलो हुनेछ) ।" उहाँको दोस्रो आगमनको ठिक अघि बहुधर्मवाद देखिनेछ र हुनसके पहिले नै पूर्वनिर्धारण

गरिएका र चुनिएका केही विश्वासी जीवन जिउने इसाईहरू पनि परीक्षामा परेर भड्किनेछन् भनी येशूले हामीलाई भन्नु हुन्छ।

आफ्नो दोस्रो आगमनभन्दा अघि संसारमा बहुधर्मवादको अभियान देखा पर्नेछ भनी येशूले प्रेरित यूहन्नालाई दर्शनमा देखाउनुभयो । *"अनि मैले एउटा सेतो घोडा देखें, त्यसमाथि सवार हुनेसित एउटा धनु थियो, र त्यसलाई एउटा मुकुट दिइयो, अनि त्यो विजयी भएर विजय गर्न निस्क्यो"* (प्रकाश ६:२) । वास्तवमा सेतो घोडा भनेको राजाहरूका राजा प्रभु येशूले उहाँको आगमनमा चढेर आउनुहुने घोडा हो (प्रकाश १९:११) । शैतानले प्रभु येशूको भेष धारण गरी सेतो घोडामा सवार भई शक्तिशाली राजाको रूपमा आई धेरैलाई धोका दिनेछ भनी अगमवाणी गरिएको छ। त्यसले संसारमा बलियो प्रभाव जमाउनेछ र परमेश्वरका जनहरूलाई भड्काउन परीक्षामा पार्नेछ ।

यही अगमवाणीअनुसार प्रोटेस्टेन्ट सुधारवादपछि (इ.सं.१५१७) इसाई जगतमा ज्ञानवाद (Enlightenment) (१६औं र १७औं शताब्दी) र तर्कवादको सिद्धान्तबाट (Rationalism) (१८औं र १९औं शताब्दी) प्रभावित बहुधर्मवादको उदय हुन थाल्यो। इसाई धर्ममा बहुधर्मवाद प्रवेश गर्दा बाहिरबाट यसले इसाई स्वरूप धारण गरेको थियो तर वास्तवमा त्यो बेबिलोनी धर्मको आत्मालाई अँगाल्ने शैतानी धर्म थियो । यसले इसाई धर्मभित्र भएका प्रभु येशूको सुसमाचारलाई फिका पार्छ । बहुधर्मवाद अरू धर्महरूसँग मिसिएको छ र बाहिरबाट हेर्दा यो आकर्षक देखिन्छ तर त्यसभित्र विनाशकारी शक्ति छ । २००० वर्ष लामो इसाई इतिहासमा बहुधर्मवादले पारेको जस्तो विनाशकारी प्रभाव कहिल्यै देखिएको थिएन ।

प्रकाशको पुस्तक १७ र १८ अध्यायमा बहुधर्मवादलाई 'महा वेश्या' (the Great Harlot), 'महान् बेबिलोन' (Babylon the great) र 'वेश्याहरूकी आमा' (the Mother of Harlots) भनिएको छ। यस अभियानको प्रभाव बिस्तारै कमजोर हुँदैजानेछ र

येशू पृथ्वीमा आउनुभन्दा अघिको सात वर्षको महा सङ्कटकाल सकिन लाग्दा यो अचानक नष्ट हुनेछ (प्रकाश १८:१०) ।

अहिलेसम्म हेर्ने हो भने बेबिलोनी धर्मले अरू सबै सांसारिक धर्महरूलाई जन्माउने माताको भूमिका खेलेको छ । अन्तको समयमा सबै सांसारिक धर्महरू बहुधर्मवादको माध्यमद्वारा एउटै धर्ममा एकिकृत हुनेछन् र जब अन्त आउँछ, ती सबै झूटा धर्महरू नष्ट हुनेछन् । अब हामी यस विषयलाई बाइबलीय आधारमा चर्चा गर्दै जानेछौँ ।

## क. आदमको पतनदेखि बहुधर्मवादसम्म

**From The Fall of Adam to Religious Pluralism**

जब आदमको पतन भयो, परमप्रभु परमेश्वर अर्थात् यहोवा परमेश्वर येशूले शैतानलाई (अर्थात् सर्प र अजिङ्गरलाई) घोषणा गर्नु भयो, *"तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैँले त्यसको कुर्कुच्चो डस्नेछस्"* (उत्पत्ति ३:१५) । यहाँ 'स्त्रीको सन्तान' भनेको प्रभु येशू हुनुहुन्छ र 'तेरो सन्तान' भनेको शैतान हो ।

उत्पत्ति ३:१५ परमेश्वरको उद्धारको महान् योजनासँग सम्बन्धित छ । सर्पले स्त्रीको सन्तानको कुर्कुच्चो डस्नुले क्रूसको घटनालाई दर्साउँछ । स्त्रीको सन्तानले सर्पको शिर कुच्च्याउनुले येशूले आफ्नो अमूल्य अनि पवित्र रगत क्रूसमा बगाएर उद्धारको सेवकाइ पूरा गर्नु हुनेछ अनि त्यसपछि शैतान सदाका लागि हार्नेछ र त्यो नाश हुनेछ भन्ने कुरालाई देखाउँछ (प्रकाश २०:१०) । यसकारण उत्पत्ति ३:१५ मा भएको कुरा असल खराबको ज्ञान दिने रूखको फल खाएर मानवजातिलाई लागेको श्रापबाट (उत्पत्ति २:९,१७; ३:६) बचाउनका लागि त्रिएक परमेश्वरको उद्धारको महान्

योजना हो । अनि यो योजना मानवजातिप्रतिको परमेश्वरको प्रेमको प्रकटीकरण पनि हो । त्यसकारण यस पदले पूरै बाइबलको मेरुदण्डको रूपमा काम गर्छ ।

परमेश्वरको उद्धारको योजनासँग सम्बन्धित अर्को अति महत्वपूर्ण खण्ड अब्राहामको करार हो । यहोवा परमेश्वरले अब्राहामलाई (इ.पू.२१६६) विशेषरूपमा चुनेर बोलाउनुभयो र उहाँले अब्राहामसँग करार बाँध्नुभयो र भन्नुभयो, कि उनी आशिषको मूल हुनेछन् (उत्पत्ति १२:२-३; १८:१८; २२:१८; २६:४; २८:१४) । यहाँ करार भन्नाले त्यस्तो प्रतिज्ञा भन्ने बुझिन्छ, जुन परमेश्वरले एकतर्फीरूपमा सृष्टिसँग गर्नुहुन्छ, जोसँग प्रतिज्ञा गरेअनुसार सामर्थ्य र योग्यता हुँदैन । हिब्रूमा 'करार' शब्दको अर्थ कानुनीरूपमा बलियो गरी प्रतिज्ञा बाँध्नु भन्ने हुन्छ ।

परमप्रभु परमेश्वर अर्थात् यहोवा परमेश्वरले अब्राहामसँग यसरी करार बाँध्नुभएको थियो: *"तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशिषित हुनेछन् ।"* यहाँ 'सबै जातिहरू' शब्दका लागि हिब्रू शब्द 'गोइम' (Goim) प्रयोग गरिएको छ, जसको अर्थ यहूदीहरूबाहेकका जातिहरू हुन्छ । यसकारण यो येशू ख्रीष्ट अब्राहामका सन्तानका रूपमा यस संसारमा आउनुहुनेछ भन्ने करारको सङ्केत हो (गलाती ३:१६) । उहाँ 'अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति' हुनुहुनेछ (लूका २:३२, यशैया ९:२, ४२:६), र उहाँले सबै अन्यजातिहरूका लागि उद्धार ल्याउनुहुनेछ । मानव इतिहासमा परमेश्वरको सृष्टिको उद्देश्य प्रदर्शन गर्नको लागि अब्राहाम र उसका सन्तानहरू विशेष औजारको रूपमा चुनिएका थिए ।

बाइबलका यी दुई खण्डहरू (सृष्टिको उद्देश्य- यशैया ४३:७, २१ र अब्राहामको करार- उत्पत्ति १२:२-३) पूरै बाइबलको मेरुदण्ड हुन् । पुरानो करार र नयाँ करारका सबै घटनाहरू : पुत्र परमेश्वरले क्रूसमा अमूल्य रगत बगाउनुभएको र सबै मानिसहरूलाई सुसमाचार सुनाउनु पर्ने कुरामा केन्द्रित छन् । त्यसैले येशू ख्रीष्टको देहधारण (मानव चोला), क्रूसमा उहाँको परीक्षा, उहाँले आफ्नो पवित्र रगत बहाउनुभएको घटना, उहाँको पुनरुत्थान र स्वर्गारोहण, यी सबै कुराहरू सृष्टिको उद्देश्यअनुसार पूरा हुनु नै पर्ने थियो ।

आदम, नोआ र अब्राहाम हुँदै अघि बढेको वंशावलीलाई पछ्याउँदै येशू स्त्रीको सन्तानको रूपमा पृथ्वीमा देहधारी हुनुभयो (उत्पत्ति ५:१-३१, ११:१०-२६; मत्ती १:१७) । उहाँ मानव भई यस संसारमा आउनुभयो र क्रूसमा आफ्नो उद्धारको सेवकाइलाई पूरा गर्नु भयो (यूहन्ना १९:३०) । यो सत्यतामा विश्वास गर्नेहरूको सुरुदेखिको पाप क्षमा हुनेछ र तिनीहरू नयाँ अनि स्वर्गीय वैधानिक अवस्थामा प्रवेश गर्ने मौका पाएकोमा आनन्दित हुनेछन् । त्यसपछि तिनीहरू शैतानका सन्तानबाट परमेश्वरका सन्तानमा परिवर्तित हुन्छन् (यूहन्ना १:१२, ३:१६, ५:२४) र सृष्टिको उद्देश्यप्रति आज्ञाकारी हुने तालिममा सहभागी हुनेछन् । उक्त तालिमअवधिभर स्त्रीको सन्तान (येशू) र शैतानका सन्तानका बीचमा आत्मिक युद्ध जारी रहनेछ ।

यस संसारमा शैतानका सन्तान धेरै छन् (१ यूहन्ना ३:१०) र तिनीहरू 'यस संसारको देव' अर्थात् शैतानको सेवा गर्न बाध्य छन् (२ कोरिन्थी ४:४) । पृथ्वीमा व्यवस्थितरूपमा स्थापित भएको पहिलो शैतानिक धर्म बेबिलोनी धर्म हो, र यसलाई निम्रोदले सुरु गरेका थिए । सूर्य देवता निम्रोद, चन्द्र देवी सेमिरामिस अनि तारा देवता तम्मूज- यी तीन देवताहरू संसारभरि फैलिँदै गए र तिनीहरू विभिन्न प्रकारका नाम र स्वरूपहरूमा विकसित र विस्तार हुँदैगए ।

हामीले राम्रोसँग जानेको हिन्दु धर्म, ताओ धर्म, कन्फ्युसियस धर्म, बौद्ध धर्म, इस्लाम धर्म र सीख धर्मजस्ता सांसारिक धर्महरूका सिद्धान्तहरू व्यवस्थित भएकोले गर्दा यिनीहरू सङ्गठितरूपमा उच्च वर्गमा पर्दछन् । अर्कोतर्फ हेर्ने हो भने मन्त्र-तन्त्र, जोखना हेर्ने र भविष्यवाणी गर्ने, प्रेत-आत्मा खेलाउने काम र झारफूक गर्ने कामहरू सुरुदेखि नै प्रचलित थिए । त्यसको साथै मानिसहरूले प्रकृतिलाई पुज्दै ढुङ्गाको आत्मा, रूखको आत्मा, खोलाको आत्मा र यस्तै अन्य कुराहरूलाई आराधना गर्दैआएका छन् ।

बीसौँ शताब्दीमा ती धर्महरूको आत्मिक अनुभूतिमा नयाँ प्रकाश दिनको लागि एउटा अभियान सुरु भयो । उक्त अभियानमा विभिन्न प्रकारका अलौकिक कुराहरूद्वारा रहस्यात्मक अनुभव प्राप्त गर्नु, दुष्ट आत्माको वशमा पर्नु साथै प्रकाश र दर्शन पाई आत्मिक प्राणीसँग वार्तालाप गर्नुजस्ता अलौकिक प्रक्रियाहरूद्वारा मानिसलाई ईश्वरीय तहसम्म पुऱ्याउने प्रयास गरिन्छ । यो नयाँ युग अभियान अहिले सारा संसारभरि फैलिँदैछ । यो अभियानमा योग, ध्यान, सन्यास र उपवासजस्ता आत्मिक तालिमहरू अपनाएर मानिस ईश्वर बन्न सक्छ भन्ने विश्वास गरिन्छ । विभिन्न प्रकारका रहस्यमय अनुभवहरूद्वारा यसले मानिसलाई प्रलोभनमा पार्छ । साँच्चै भन्ने हो भने यो परम्परागत बेबिलोनी धर्मको आधुनिक संस्करण हो ।

यो संसार नयाँ युग अभियानद्वारा प्रेरित हुँदैजाने क्रममा इसाई धर्ममा बहुधर्मवाद प्रवेश गऱ्यो । अहिले बहुधर्मवाद बेबिलोनी धर्मको मुख्य धार भएको छ र सायद यो बेबिलोनी धर्मको अन्तिम स्वरूप हुनसक्छ । सबै सांसारिक धर्महरू र इसाई झूटा शिक्षाहरू सुदृढ हुँदै बहुधर्मवादको विशाल अभियानप्रति एककृत भइरहेका छन् । सबै धर्महरूमा फरक-फरक नाम र स्वरूपमा येशू (उद्धारकर्ता) हुने भएकोले गर्दा मानिसले जुनसुकै धर्म अपनाए तापनि अन्त्यमा सबै जना बचाइनेछ भनी बहुधर्मवादीहरूले दाबी गर्ने गर्छन् ।

उनीहरूमा त्यस्तो सोच-विचार भएकोले गर्दा इसाईहरूले सुसमाचार प्रचार र मिसनको काम गर्दा गैर-इसाईरूलाई (अन्यजातिहरूलाई) धर्म परिवर्तन गर्नको निम्ति जोड दिनुहुँदैन भन्छन् । बहुधर्मवादीहरूले येशू मुक्तिदाता र प्रभु हुनुहुन्छ भनी साक्षी दिनुको साटो सुसमाचारीय क्रियाकलापभन्दा बाहिरी विभिन्न क्रियापलापहरूमा ध्यान दिई येशूलाई अलग राख्ने गर्छन् । तिनीहरू समस्यामा परेकाहरूलाई उद्धार गर्ने, राहत सामग्रीहरू बाँड्ने, शान्ति अभियान सञ्चालन गर्ने, समाज सुधार गर्ने, गैर-सरकारी संस्था सञ्चालन गर्नेजस्ता क्रियाकलापहरूमा

सहभागी हुन्छन् । तिनीहरूले येशू मात्र प्रभु र मुक्तिदाता हुनुहुन्छ अनि उहाँबिना उद्धार पाउने अर्को बाटो छैन भन्ने ईश्वरशास्त्रीय सिद्धान्तप्रति आक्रमण गरेका छन् । इसाईहरूको त्रिएक परमेश्वरलाई तिनीहरूले हलुका तुल्याएका छन् । येशूको ईश्वरत्व (Divinity), उहाँको मानवता (Humanity), उहाँको शरीरिक पुनरुत्थान (Resurrection of His Body) र उहाँ नै आउनेवाला राजा हुनुहुन्छ (the Coming King) भन्ने कुराहरूलाई तिनीहरूले महत्व दिँदैनन् । त्यसो गरेर तिनीहरूले सुसमाचारको सारलाई फिका पार्ने, बङ्ग्याउने र दूषित पार्ने कोसिस गर्छन् ।

यी अन्तिम दिनहरूमा शैतानी शक्तिहरूले सृष्टिको उद्देश्य र मुक्तिको निम्ति परमेश्वरको महान् योजनामाथि नराम्रोसँग आक्रमण गरिरहेको छ । येशू ख्रीष्टको दोस्रो आगमनभन्दा अघि यस्ता अभियानहरू हुनु नै पर्नेछ (मत्ती २४:४-५, २३-२८; प्रकाश ६:१-२) । अहिले येशूको यी अगमवाणीका वचनहरू वास्तविक हुनआएका छन् । बहुधर्मवादको सिद्धान्तअनुसार तिब्बती बौद्ध धर्मका प्रमुख अगुवा दलाइ लामा र त्यसैगरी सांसारिक धर्महरूका अगुवाहरू परमेश्वरका सेवकको रूपमा परिचित हुँदैगएको कुरालाई यसको उदाहरण मान्न सकिन्छ । हाल रोमन क्याथोलिक मण्डलीले दलाइ लामालाई सन्तका रूपमा माथि उठाइरहेको छ र उदारवादी प्रोटेस्टेन्ट ईश्वरशास्त्रीहरू यो कुरामा सहमत भएका छन् ।

येशूले अगमवाणी गर्नु भयो कि झूटा अगमवक्ताहरू खडा हुनेछन् र हुनसके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन् । यसलाई अर्को शब्दमा भन्ने हो भने आमाको गर्भमा आउनुअघि नै परमेश्वरका सन्तान हुनको निम्ति नियुक्त भएका मानिसहरू (भजन १३९:१६; यर्मिया १:५; प्रेरित ९:१५; रोमी ८:२९; गलाती १:१५; १ पत्रुस १:२) भ्रममा पर्न सक्छन् र बहुर्धमवादको पासोमा फस्न सक्छन् । यसरी पतन भएका इसाईहरू

आत्मिकरूपमा मृत लाशहरू हुन् । यसैकारण येशूले यसो भन्नुभयो, “जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्” (मत्ती २४:२८) । तसर्थ, त्यस्ता मानिसहरू आत्मिकरूपमा मृत हुन् र तिनीहरू मण्डलीको सेवाहरूमा सहभागी भए तापनि भ्रष्ट भएका शैतानका सन्तान हुन् ।

येशूको आगमनअघिका अन्तिम दिनहरूमा बहुधर्मवाद विशाल अनि डरलाग्दो चिन्हको रूपमा प्रकट हुनेछ । तर हामीले बुझ्नुपर्ने कुरा के हो भने सांसारिक धर्महरू र शैतानी शक्तिहरू कहिल्यै सर्वशक्तिमान् हुन सक्दैनन् र सृष्टिकर्ता परमेश्वरको नजरबाट तिनीहरू लुक्न पनि सक्दैनन् । सर्वशक्तिमान् अनि अति सामर्थी परमेश्वरको अनुमतिबिना तिनीहरूले आफ्नै इच्छामा केही गर्न सक्दैनन् (अय्यूब १:६-१२; २:६) । वास्तवमा तिनीहरू परमेश्वरको अधिकार र उहाँका हातका मुनि नै छन् ।

## ख. महा वेश्या अर्थात् महान् बेबिलोनको पतन

**The Fall of The Great Harlot, Babylon The Great**

अन्तिम दिनहरूमा देखिने बहुधर्मवादको बारेमा यूहन्नाले प्रकाश पाएका थिए । सजायको निम्ति भविष्यमा एक दिन ‘महा वेश्या’को न्याय हुनेछ (प्रकाश १७:१) र महान् बेबिलोनको पतन हुनेछ (प्रकाश १८:२) । उक्त महा वेश्याको निधारमा ‘महान् बेबिलोन’ भन्ने नाउँ लेखिएको हुनेछ (प्रकाश १७:५) । हामीले बुझ्नुपर्ने कुराचाहिँ त्यो वेश्या र बेबिलोन भनेको वास्तवमा एकै हो । प्रकाश १३ देखि १८ अध्यायअनुसार त्यो महान् वेबिलोनका दुईवटा व्यवस्थाहरू हुनेछन् : एउटा धार्मिक व्यवस्था (प्रकाश १३:११-१८) र अर्कोचाहिँ राजनैतिक-आर्थिक व्यवस्था (प्रकाश १३:१-१०) हो ।

## १. **धार्मिक व्यवस्था** (Religious System)

महा वेश्याको 'धार्मिक व्यवस्था' भन्नाले बहुधर्मवादलाई सङ्केत गर्छ । प्राचीन सहर बेबिलोनमा विभिन्न प्रकारका सँस्कृतिद्वारा मूर्तिहरूलाई पूजा गर्ने गरिन्थ्यो । मूर्तिपूजाको निम्ति त्यो सहरमा १०८ वटा मन्दिरहरू थिए अनि स्वर्गका देवताहरू पुज्नको निम्ति ६०० वटा स्थाहरू छुट्टयाइएका थिए र मूर्तिहरूको आराधना गर्नको निम्ति ६६० वटा वेदीहरू थिए । त्यस प्रकारको वतावरण भएको हुनाले बिस्तारै बेबिलोनी धर्मले मिश्रित रूप लिन थाल्यो ।

बेबिलोनी धर्मको सबैभन्दा मुख्य ईश्वरचाहिँ देवी सेमिरामिस थिई । दया, मध्यस्थकर्ता, शान्ति, आशिष्, सन्तान लाभ र समृद्धिजस्ता कुराहरू दिने देवीको रूपमा आदर गर्न त्यसलाई सांसारिक धर्महरूमा विभिन्न नाउँहरूद्वारा पुकारिन थालियो। त्यसद्वारा नै सांसारिक शैक्षिकजगतमा ग्रीक दर्शनशास्त्र (Greek Philosophy) र मानववादको (Humanism) जन्म भयो । अहिलेको यी अन्तिम दिनहरूमा त्यो विश्व शान्ति (World Peace) र विश्व एकिकरणको (Ecumenicalism) मुख्य कारकतत्व भई छद्मवेशमा प्रकट भएकी छे । सांसारिक धर्महरूलाई एकिकृत गर्ने उद्देश्य बोकेर त्यो बहुधर्मवादको नाउँमा इसाईजगतमा प्रवेश गरिसकेकी छे ।

अन्तिम दिनहरूमा बेबिलोनी धर्मको उक्त मिश्रित रूपको माध्यमद्वारा संसारमा बहुधर्मवादको उदय हुनेछ भनी प्रकाश १७ र १८ अध्यायले भविष्यवाणी गर्छ । यद्यपि बहुधर्मवादीहरूले हामी परमेश्वरको सेवा गर्छौं भनी दाबी गरे तापनि वास्तवमा तिनीहरूले मूर्तिहरूको नै बढी सेवा गरिरहेका छन् । अझ चाखलाग्दो कुरा के हो भने सबै धर्महरूका ईश्वर उस्तै अनि एउटै हुन् भनी तिनीहरूले घोषणा गर्छन् । यस्तो कुरा गर्ने व्यक्तिलाई बाइबलले 'वेश्या' भन्ने नाउँ दिएको छ ।

बाइबलमा 'वेश्या' शब्दले त्यस्तो स्त्रीलाई जनाउँदछ, जसको पति भए तापनि अर्को मानिससँग बिहे गर्छे (रोमी ७:३) । बाइबलमा 'स्त्री'ले इसाईलाई अनि 'पति'ले येशूलाई सङ्केत गरिएको छ (मत्ती २५:१-१०; प्रकाश २१:९) । यसलाई हामी यसरी बुझ्नसक्छौं : 'वेश्या' भनेको कुनै गैरइसाई व्यक्ति होइन तर यस्तो इसाई हो, जसले येशूलाई दुलाहा अथवा पतिको रूपमा सेवा गर्छु भनी भन्छ तर वास्तवमा अर्कै देवतालाई बढी प्रेम गरी त्यसैको सेवा गर्ने गर्छ (याकूब ४:४) ।

त्यही कारणले गर्दा बहुधर्मवाद भनेको ख्रीष्टको दुलहीको छद्मवेश धारण गर्ने घृणित व्यवस्था हो । त्यसैले प्रेरित यूहन्नाले त्यस स्त्रीलाई (प्रकाश १७:३,६,७,९,१८) विभिन्न उपनामहरू दिएका छन्, जस्तैः 'वेश्या' (प्रकाश १७:१५-१६), 'महा वेश्या' (प्रकाश १७:१), 'पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा' (प्रकाश १७:५), 'महारानी' (प्रकाश १८:७) आदि ।

इसाई भएको हैसियतले बहुधर्मवादीहरूले येशू ख्रीष्ट प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी भन्ने गर्छन् तर अरू धर्महरूमा पनि मुक्ति छ भनी तिनीहरू दाबी गर्ने गर्छन् । त्यस्तो दुई जिब्रे व्यवहारद्वारा तिनीहरूले सुसमाचारलाई फिका पार्दैछन् । यद्यपि तिनीहरू इसाईहरूको समूहभित्र परे तापनि प्रभु येशू एकमात्र मुक्तिदाता अनि प्रभु हुनुहुन्छ भन्ने ईश्वरशास्त्रीय मुख्य सारलाई विकृत पार्छन् (यूहन्ना १४:६; प्रेरित ४:१२) । येशूले गर्नुभएको मुक्तिको सेवकाइको मुख्य तत्वलाई तिनीहरूले तिरस्कार गर्ने दुस्साहस गरी तिनीहरूले उहाँलाई धोका दिएका छन् । त्यसकारण तिनीहरू परमेश्वरका सन्तान होइनन् भनी हामी स्पष्ट अनि कडासँग भन्न सक्छौं ।

प्रभु येशूको बहुमूल्य रगतको प्रतिनिधित्व गर्ने दाखमद्य पिउँछौं भनी बहुधर्मवादीहरूले इसाई धर्मको नक्कल गर्ने गर्छन् तर वास्तवमा भन्ने हो भने परमेश्वरको दृष्टिकोणमा त्यो दाखमद्यले भरिएको कचौरा भनेको 'उहाँको क्रोधको भयानक मद्यले भरिएको कचौरा' हो (प्रकाश १६:१९) । किनभने येशू ख्रीष्टको रगतद्वारा मात्र पाइने

उद्धारको सन्देशमा तिनीहरूले अन्य सांसारिक धर्महरूका शिक्षाहरू मिसाएका छन् । महान् बेबिलोनले प्यालामा जे भरेकी थिई (मिसाएकी थिई), त्यसमाथि उहाँले विपत्ति ल्याउनुहुनेछ भनी येशूले स्पष्ट भविष्यवाणी गर्नुभएको छ (प्रकाश १८:६) । संसारको उत्पत्तिदेखि जीवनको पुस्तकमा नाउँ नलेखिएका मानिसहरूले त्यो स्त्रीले भरेकी मिसावटी प्याला प्राप्त गर्नेछन् (प्रकाश १७:८) ।

